# आर्थिक वर्ष २०७८/७९ को

# मन्त्रालयगत वार्षिक प्रगति विवरण



प्रदेश सरकार

लुम्बिनी प्रदेश

अर्थ तथा सहकारी मन्त्रालय

मुकाम  बुटवल, नेपाल

२०७९

# प्राक्कथन

लुम्बिनी प्रदेश सरकारले गरेका कामकारवाहीको बारेमा आम नागरिकलाई जानकारी दिने उद्देश्यले अर्थ तथा सहकारी मन्त्रालयले आर्थिक कार्यविधि ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम हरेक आर्थिक वर्षको बजेट र खर्चको यथार्थ विवरण समेटेर वार्षिक प्रगति प्रतिवेदन तयार गर्दै आएको छ। सोही बमोजिम आ.व. २०७८/०७९ को प्रगति प्रतिवेदन तयार गरेको छ।

आ.व. २०७८/७९ को लुम्बिनी प्रदेशको कूल विनियोजित बजेट ४० अर्ब ९५ करोड ९७ लाख मध्ये चालुतर्फ ७१.६५% र पूँजीगततर्फ ७०.१४% गरी जम्मा ७०.७७% वित्तीय प्रगति भएको छ। ढिलो गरी असोजको अन्तिममा बजेट ल्याउनु र आर्थिक वर्षको अन्तिममा विभिन्न कारणले कार्य सम्पन्न भएका योजनाहरुको भुक्तानी हुन नसकेको अवस्थामा पनि यस प्रकारको बजेटमा वित्तीय प्रगति हुनुलाई सकारात्मक मान्न सकिन्छ । मन्त्रालयको संख्या बढेको र चालु खर्च घटाएको अवस्थामा पनि चालु खर्च कम हुनुले आगामी वर्ष चालु खर्चमा अझै कटौती गरी पुँजीगत खर्च बढाउन सकिने देखिएको छ। जसले गर्दा विकास निर्माणको कार्यले गति लिनेछ । साथै विषय क्षेत्रगत मन्त्रालयमा रहेका आयोजना तथा कार्यक्रमहरुबाट सेवा प्रवाह जनमुखी, आधुनिक र प्रविधिमैत्री बन्दै गइरहेको अवस्था थाहा पाउन सकिन्छ ।

आ.व. २०७८/७९ को बजेट तथा खर्चको यथार्थ विवरण, आयोजना/कार्यक्रम सञ्चालनमा देखा परेका समस्यासहित समाधानका उपायसमेत समावेश गरी तयार गरेको यस प्रतिवेदनबाट लुम्बिनी प्रदेशको समग्र आर्थिक अवस्था र विकासको अवस्थाप्रति चासो राख्ने आम सरोकारवाला सूचित र लाभान्वित हुने आशा गरेको छु।

प्रतिवेदन तयार गर्ने कार्यको संयोजन गर्ने अर्थ तथा सहकारी मन्त्रालयका सचिव श्री नेत्र प्रसाद सुवेदी तथा संलग्न अन्य कर्मचारी साथै विषय क्षेत्रगत मन्त्रालय/निकायको यथार्थ विवरण उपलब्ध गराउने प्रदेश सरकारका सबै निकायका नेतृत्व लगायत कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद !

**भाद्र २०७९**

**मा. कृष्ण ध्वज खड्का**
**अर्थ तथा सहकारी मन्त्री**

# दुई शब्द

देशमा तीनतहको संघीय शासन व्यवस्थासँगै संघ र स्थानीयतहबीच विकास निर्माण र सेवा प्रवाहको सेतुको रुपमा रहेको प्रदेश सरकारले गरेका कामकारवाहीको बारेमा आम नागरिकलाई जानकारी दिने उद्देश्यले अर्थ तथा सहकारी मन्त्रालयले आर्थिक कार्यविधि ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम हरेक आर्थिक वर्षको बजेट र खर्चको यथार्थ विवरण झल्किने गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्दै आएको छ। सोही बमोजिम आ.व. २०७८/७९ को प्रगति प्रतिवेदन तयार गरेको छ ।

आ.व. २०७८/७९ को लुम्बिनी प्रदेशको कूल विनियोजित बजेट ४० अर्ब ९५ करोड ९७ लाख मध्ये चालुतर्फ ७१.६५ प्रतिशत र पूँजीगततर्फ ७०.१४ प्रतिशत गरी जम्मा ७०.७७ प्रतिशत वित्तीय प्रगति भएको छ । यसबाट विकास निर्माणको कार्यले गति लिएको अनुमान गर्न सकिन्छ । साथै विषय क्षेत्रगत मन्त्रालयमा रहेका आयोजना तथा कार्यक्रमहरुबाट सेवा प्रवाह जनमुखी, आधुनिक,रोजगारी मूलक र प्रविधिमैत्री बन्दै गइरहेको अवस्था थाहा पाउन सकिन्छ ।

आ.व. २०७८/७९ को बजेट तथा खर्चको यथार्थ विवरण, आयोजना/कार्यक्रम सञ्चालनमा देखा परेका समस्यासहित समाधानका उपाय र भएका उपलब्धीहरुसमेत समावेश गरी तयार गरेको यस प्रतिवेदनबाट लुम्बिनी प्रदेशको समग्र विकासको अवस्थाप्रति चासो राख्ने आम सरोकारवाला सूचित र लाभान्वित हुने आशा गरेको छु ।

प्रतिवेदन तयार गर्ने कार्यको संयोजन गर्ने अर्थ तथा सहकारी मन्त्रालयका सचिव श्री नेत्रप्रसाद सुवेदी तथा संलग्न अन्य कर्मचारी साथै विषय क्षेत्रगत मन्त्रालय/निकायको यथार्थ विवरण उपलब्ध गराउने प्रदेश सरकारका सबै निकायका नेतृत्व लगायत कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद**

**भाद्र २०७९**

**मा. सुष्मा यादव**

**राज्यमन्त्री**

**अर्थ तथा सहकारी मन्त्रालय**

# शुभेच्छा

आ. व. २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत छ । यो प्रतिवेदनलाई यथासंभव सूचनामूलक र यथार्थपरक बनाउने प्रयत्न भएको छ । सबै मन्त्रालय र केन्द्रीय निकायहरुको विवरण समेटिएको छ र विगत प्रतिवेदनहरुको तुलनामा केही सुदृढ र सिर्जनात्मक स्वरुपमा तयार पारिएको छ । यो प्रगति प्रतिवेदन तयार गरी प्रकाशन भएकोमा संलग्न टीमलाई हार्दिक वधाई ज्ञापन गर्दछु ।

वार्षिक प्रगति अन्तर्गत सम्वन्धित मन्त्रालय वा निकायले लिएको नीति तथा कार्यक्रम र बजेट र सो को कार्यान्वयनको पारिस्थितिक प्रणाली मात्र हैन कि व्यवस्थापकीय पक्ष तथा सिलसिलेवाररुपमा प्रस्तुत भएको विवरणात्मक पक्ष पनि समेटिन्छ । प्रगति प्रस्तुत गर्ने आगतदेखि निर्गतसम्मका र परिणाम हुँदै प्रभावसम्मका विषय पनि समेटिन सक्छन् । राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगले जारी गरेका आवधिक योजना तथा अन्य दस्तावेजहरुका साथै मन्त्रालय तथा निकायले अघि सारेका योजना, रणनीतिहरुको कार्यान्वयनको अवस्थालाई समेत चित्रण गरिन्छ ।

आगामी दिनमा पनि यस खाले प्रतिवेदनलाई थप परिमार्जित रुपमा निरन्तर सुधार गर्दै अगाडि लैजाने उद्देश्य रहेको हुँदा प्रयोगकर्ता र पाठकहरुले यसको स्वरुप र सारमा सुधार गर्ने उपायका सम्बन्धमा सुझाव उपलव्ध गराउनु भएमा मन्त्रालयले ग्रहण गर्ने प्रतिवद्धता पनि प्रकट गर्दछु । पुन एकपटक प्रगति प्रतिवेदन तयारीको पुनित कार्यमा मेहनतका साथ अग्रसर हुनुहुनै सबैमा हार्दिक धन्यवादका साथ यस प्रगति विवरण पुस्तिकाको पूर्ण सफलताको शुभेच्छा व्यक्त गर्दछु ।

**२०७९ भाद्र**
**नेत्र सुवेदी "प्रयास"**
**प्रदेश सचिव**

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २०७ तथा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० वमोजिम अर्थ तथा सहकारी मन्त्रालयले तयार गरेको आर्थिक वर्ष २०७८/०७९ को यस प्रदेशको बजेट तथा कार्यक्रमको प्रगतिको सारांशगत विवरण यस प्रकार रहेको छः

## १. बजेट र खर्चसँग सम्बन्धित विवरण

- आर्थिक वर्ष २०७८/०७९ को लागि प्रदेश सरकारको शुरुको बजेट रू. ४० अर्ब ९५ करोड ९७ लाखमध्ये सञ्चित कोषमाथि व्ययभार हुने रकम रु.९९ लाख ४० हजार र विनियोजन ऐन बमोजिम खर्च हुने रकम रू. ४० अर्ब ९४ करोड ९७ लाख ६० हजार रहेको थियो । पछि यस आर्थिक वर्ष २०७८/०७९ को अन्तसम्म सँघीय सरकारको थप बजेट सहीत कुल बजेट रु.४२ अर्ब ९४ करोड ११ लाख ९१ हजार विनियजत भएको थियो ।
- विनियोजित कुल रकममध्ये आ.व.२०७८/०७९ को असार मसान्तसम्म चालुतर्फ रू.१२ अर्ब ९८ करोड १९ लाख ४४ हजार र पुँजीगततर्फ रू. १७ अर्ब ४० करोड ८६ लाख ४३ हजार गरी जम्मा रू. ३० अर्ब ३९ करोड ०५ लाख ८७ हजार खर्च भएको छ । उक्त रकम विनियोजित बजेटको चालुतर्फ ७१.६५ प्रतिशत, पुँजीगततर्फ ७०.१४ प्रतिशत गरी जम्मा ७०.७७ प्रतिशत हुन आउँछ ।
- विनियोजित रकममध्ये गत आ.व.२०७७/०७८ को असार मसान्तसम्म चालुतर्फ रू. १३ अर्ब ६० करोड २२ लाख १२ हजार र पुँजीगततर्फ रू. १८ अर्ब ५० करोड ५६ लाख ३४ हजार गरी जम्मा रू. ३२ अर्ब १० करोड ७८ लाख ४६ हजार खर्च भएको थियो । उक्त रकम विनियोजित बजेटको चालुतर्फ ७६.७१ प्रतिशत, पुँजीगततर्फ ९९.३९ प्रतिशत गरी जम्मा ८८.३२ प्रतिशत हुन आउँछ ।
- आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्ममा मन्त्रालयगत विनियोजित बजेटमा सबैभन्दा बढी खर्च गर्ने मन्त्रालयको रुपमा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय रहेको छ जसले ७९.७८ प्रतिशत खर्च गरेको छ भने सबै भन्दा कम खर्च गर्ने मन्त्रालयको रुपमा कानुन, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय रहेको छ जसको खर्च विनियोजित बजेटको २७.७७ प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०७७।०७८ मा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान र समपुरक अनुदानमध्ये खर्च नभई बचत भएको सशर्ततर्फ रु.२अर्ब ७३ लाख ८५ हजार, विशेष अनुदानतर्फ रु.१७ करोड ९१ लाख ९६ हजार र समपूरक अनुदानतर्फ रु.१६ करोड ४० लाख ९५ हजार गरी जम्मा रकम रु.२ अर्व ३५ करोड ६ लाख ७७ हजार चालु आर्थिक वर्ष २०७८/०७९ मा संघीय सञ्चित कोषमा फिर्ता गरिएको छ ।

➢ आ.व.२०७६/०७७,२०७७/०७८ र २०७८/०७९ को खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)




## २. स्रोत परिचालन

➢ आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्ममा संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँट वापत रू.९ अर्ब १३ करोड ५६ हजार प्राप्त भएको छ । वित्तीय समानीकरण अनुदानवापत रू. ८ अर्ब २ करोड ५७ लाख, सशर्त अनुदानवापत रू. ८ अर्ब ३६ करोड ३३ लाख ७ हजार, विशेष अनुदानवापत रू. ६३ करोड ४९ लाख र समपुरक अनुदान वापत रू. ७२ करोड १६ लाख गरी जम्मा कुल अनुदान वापत रु.१७ अर्ब ७४ करोड ५५ लाख ७ हजार प्राप्त भएको छ ।

➢ प्रदेशको आन्तरिक आयतर्फ सवारी साधन करतर्फ रू.१ अर्ब ५४ करोड १२ लाख ५१ हजार, स्थानीय तहबाट अनुदान फिर्ता भएको रकम रु.९१ करोड ३४ लाख २२ हजार र प्रदेशको अन्य आन्तरिक राजस्व अन्तर्गत १ अर्ब ३५ करोड ३८ लाख रकम सहित आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्म रु. ३० अर्ब ८० करोड ८४ लाख ७३ हजार प्रदेश संचित कोषमा जम्मा भएको छ ।

➢ आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्म कृषि आयमा लाग्ने कर रु. ९७ हजार संकलन भएको छ । जुन वार्षिक लक्ष्यको ९७% प्रगति रहेको छ ।

➢ आर्थिक वर्ष २०७८/०७९ मा गत वर्षको मौज्दात रकम रु.४ अर्ब ४४ करोड ३१ लाख ८६ हजार रहेको छ ।

➢ आर्थिक वर्ष २०७७/०७८ को असार मसान्तसम्ममा संघीय सरकारबाट राजस्व बाँडफाँट अन्तर्गत रू.८ अर्ब ३९ करोड ६२ लाख ८९ हजार प्राप्त भएको छ। अनुदानतर्फ वित्तीय समानीकरण अनुदानवापत रू. ७ अर्ब ६३ करोड ७१ लाख, सशर्त अनुदानवापत रू. ९ अर्ब ४६ करोड १ लाख ६२ हजार, विशेष अनुदानतर्फ रू. २१करोड र समपुरक अनुदानतर्फ रू. ४८ करोड ३३ लाख गरी जम्मा रु.१७ अर्ब ३७ करोड ६५ लाख ६२ हजार रकम प्राप्त भएको ।

- आर्थिक वर्ष २०७७/०७८ मा गत वर्षको मौज्दात रकम रु.७ अर्ब ९४ करोड ५० लाख रहेको छ।
- आर्थिक वर्ष २०७७/०७८ मा स्थानीय तहवाट राजस्व वांडफांट अन्तर्गत रु.१ अर्ब २५ करोड ५२ लाख ६ हजार प्राप्त भएको छ भने प्रदेशको सवारी साधन कर वांडफांट वापत रकम रु.१ अर्ब ४४ करोड ५५ लाख ३१ हजार प्राप्त भएको ।
- आर्थिक वर्ष २०७८/०७९ मा स्थानीय तहबाट राजश्व वाडफांट अन्तर्गत रु.१ अर्ब ७३ करोड २७ लाख ४९ हजार प्राप्त भएको छ ।

## ३. वित्तीय संघीयता कार्यान्वयन

- चालु आर्थिक वर्ष २०७८/०७९ मा यस प्रदेशभित्रका स्थानीय तहको लागि वित्तीय समानीकरण अनुदान वापत रु. ७० करोड, सशर्त अनुदान वापत रु. १ अर्ब २८ करोड ७३ लाख ९६ हजार समपूरक अनुदान वापत रु. १ अर्ब ८५ करोड ५० लाख र विशेष अनुदानवापत रु. १ अर्ब गरी जम्मा रू. ४ अर्ब ८४ करोड २३ लाख ९६ हजार विनियोजन गरिएको छ।
- विनियोजित बजेटमध्ये समनिकरण अनुदान रु.७० करोड ,सशर्त  १ अर्ब २६ करोड ५८ लाख९० हजार,समपुरक अनुदानमा ८८ करोड र विशेष अनुदामा ८८ करोड ५० लाख ९३ हजार स्तान्तरणभएको थियो।
- चालु आर्थिक वर्षमा स्थानीय तहमा विनियोजित बजेटको सीमाभित्र रही स्थानीय तहहरुको प्रस्तावका आधारमा समपूरक अनुदानतर्फ १०९ वटा स्थानीय तहका ४५९ वटा आयोजना स्वीकृत भई स्थानीय तहहरु मार्फत् कार्यान्वयन रहेका थिए ।

## ४. अन्य नीतिगत ⁄कार्यक्रमगत प्रगतिको विवरण

- मध्यमकालीन खर्च संरचना प्रणाली (MTEF), समपूरक तथा विशेष अनुदान व्यवस्थापन सूचना प्रणाली (CS grants) यस मन्त्रालयले र प्रदेश परियोजना बैंक व्यवस्थापन सूचना प्रणाली (PPBMIS) प्रदेश योजना आयोगवाट संचालनको लागि स्वीकृत भै कार्यान्वयनको प्रक्रियामा रहेको,
- समपूरक अनुदान व्यवस्थापन कार्य विधि,२०७८ स्वीकृत भई एकीकृत विधुतीय प्रणालीमा आधारित वनाइएको,
- बन पैदावारको विक्री वितरण प्रदेश सन्चित कोषमा रू. ८ करोड जम्मा भएको ,
- १२ वटा पालिकामा १२० हेक्टर क्षेत्रमा लहरेपिपल, मसला र सिसौको १ लाख ९३ हजार विरुवा रोपण भएको,
- रूकुम-पूर्व, रोल्पा र प्युठानमा १७००० दाँते-ओखर रोपण कार्य सम्पन्न भईसकेको,
- सभा र समितिहरुको गतिविधि समेट्ने टिभी कार्यक्रम प्रदेश सभा सेरोफेरो कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको,
- E-polling mobile app software प्रणाली निर्माण तथा संचालन,

- प्रदेश निजामती सेवा अन्तरगत नेपाल वन सेवा जनरल फरेष्ट्रि समूह तह विहिन वन रक्षक पदको लागि लिखित परिक्षा समेतबाट अन्तर्वार्ताका लागि छनौट भएका १४९ जना उम्मेदवारहरुको अन्तर्वार्ता संचालन गरी १०६ जना उम्मेदवारहरुलाई स्थायी नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिश गरिएको,
- प्रदेश निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक स्तर पाचौ तह, सहायक पाचौं पदको लागि लिखित परिक्षाको नतिजा प्रकाशन गरी लिखित परिक्षाबाट अन्तरवार्ताका लागि छनौट भएका १४ जना उम्मेदवारहरुको कम्प्युटर सिप परिक्षण परिक्षा तथा अन्तरवार्ता संचालन गरी ६ जना उम्मेदवारहरुलाई स्थायी नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेशमा सिफारिश गरिएको,
- सहायक चौथो तहको विज्ञापन गरिएकोमा ४२८७ जनाको दरखास्त स्वीकृत भएकोमा पहिलो चरणको परीक्षामा २२५३ जना सहभागी भएकोमा ११ जना छनौट गरि सिफारिस गरिएको
- पर्यटन प्रवर्द्धनमार्फत् दक्ष तथा अदक्ष जनशक्तिहरुलाई सिर्जित रोजगारीको विवरण करिब ३५७४५३ दिनको रोजगारी सिर्जना भएको,
- नयाँ सडक ट्रयाक निर्माण कार्य १२१ कि.मी मा भएको, सडक विस्तार २७५ कि.मी भएको, सडक ग्राभेल गर्ने कार्य २६५ कि.मी मा भएको, सडक कालोपत्रे गर्ने कार्य २२२ कि.मी मा भएको, कल्भर्ट/कजबे ९९६ वटा निर्माण भएको, पक्की नाला निर्माण १४९ कि.मी लम्वाईमा भएको, ४० वटा सडक पूल निर्माण भएको, ११ वटा झोलुङ्गे पूल निर्माण भएको, ग्याविन वाल निर्माण १२२९० घ.मी.,स्टोन मेसिनरी निर्माण कार्य १२५३८८ घ.मी.
- निर्माण कार्यवाट २३७५०० श्रम दिन सिर्जना भएको।
- सडकको नियमित मर्मत गर्न सडक हेरालु राखी ७५० जनालाई प्रत्यक्ष रोजगारी दिइएको
- सिंचाई आयोजनावाट हालसम्म १२१०४ हे. जमिनमा थप सिंचाई सुविधा पुगेको, १७१४ हे. जमिनको सिंचाई संरचना सुदृढीकरण गरेको, ३७० हे. जमिन उकास भएको, तट्बन्धबाट ५२६४ घर तथा ११११ हे. खेतियोग्य जमिन सुरक्षित भएको,
- प्रदेश अन्तर्तग निकायहरुबाट यस अवधिमा लघु, घरेलु तथा साना उद्योग गरी जम्मा ९९६६ वटा उद्योग दर्ता भएका र सो बाट ३७७६६ जनामा रोजगारी सिर्जना भएको,
- यस अवधिमा अन्तरगत निकायहरुबाट ४४१६ वटा वाणिज्य फर्महरु दर्ता भएका,
- यातायात व्यवस्था सेवा कार्यालय नवलपरासी पश्चिम (ब.सु.प) र कपिलवस्तु कार्यालय स्थापना गरिएको,
- शिक्षाको प्रवर्द्धन र विकास आयोजनाहरुबाट १७१ जना स्वयमसेवकहरु रोजगार भएका, २० जना स्कुल नर्स, १२ जना खेलकूद प्रशिक्षकहरुले रोजगारी प्राप्त गरेका,

- सामाजिक विकास डिभिजन कार्यालयहरुको पुर्वाधारहरुको निर्माण गर्दा मोटामोटी रुपमा १०००० मानिसलाई वर्षभरको लागि रोजगारी दिइएको र प्राविधिक तथा व्यावसायिक तालिम परिषद मार्फत ८००० भन्दा बढीलाई तालिम दिई स्वरोजगार बन्न सहयोग ।
- सहायक चौथो तहको विज्ञापन गरिएकोमा ४२८७ जनाको दरखास्त स्वीकृत भएकोमा पहिलो चरणको परीक्षामा २२५३ जना सहभागी भएकोमा ११ जना छनौट गरि सिफारिस गरिएको ।
- कार्यालयको भण्डार शाखामा काम गर्ने भण्डार प्रमुख र लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी सम्पत्तिको जिम्मा सम्बन्धी कानूनी व्यवस्था तथा सो सम्पत्तिको जिम्मा, लगत, संरक्षण तथा PAMS मा प्रविष्टि गर्ने सम्बन्धी कार्यक्रम संचालन भएको,
- लुम्बिनी प्रदेशका विभिन्न सहकारीका महिला २१० र पुरुष १४८ गरि जम्मा ३५८ जनालाई सहकारी सम्बन्धी विभिन्न तालिमहरु दिइएको,
- पाल्पाको रैनादेवी छहरा, गुल्मीको मदाने, अर्घाखाँचीको शितगंगा, रुकुम पूर्वको सिस्ने, प्यूठानको झिमरुक र बर्दियाको गेरुवामा २६/२६ जनाका लागि विपद् प्रतिकार्य तालिम प्रदान गरिएको,
- पाल्पाको झ्याल्टुङ्ग, गुल्मीको छल्लीबगर, अर्घाखाँचीको भुमिकास्थान, रोल्पाको राङ्सी र रुकुमपूर्वको पुथा उत्तरगंगामा हेलिप्याड निर्माण गरिएको ।
- २० वर्ष भन्दा माथिका जनताको लागि मधुमेह र उच्च रक्तचापको स्क्रिनिङ तर्फ करिब ४० हजार जनताले सो सेवा प्राप्त गरेका ।

- वन विकास आयोजना तथा कार्यक्रमहरुवाट १४१०००० श्रमदिन रोजगारी सिर्जना भएको

- शिक्षा तथा खेलकुद क्षेत्रमा गरेको लगानीले तत्काल प्रदेश अर्थतन्त्रमा योगदान दिएको नदेखिने भए पनि यी क्षेत्रहरु लगानीका क्षेत्रहरु भएकोले भविष्यमा समृद्ध र आत्म निर्भर प्रदेश वनाउन सहयोग गर्दछन । मन्त्रालयवाट संचालित विकास आयोजनाहरुबाट श्रृजित रोजगारीमा १७१ जना स्वयमसेवकहरु, २० जना स्कुल नर्स, १२ जना खेलकूद प्रशिक्षकहरुले प्रत्यक्ष रोजगारीमा छन्। सामाजिक विकास डिभिजन कार्यालयहरुले शिक्षालयहरुका पुर्वाधारहरुको निर्माण गर्दा कामको समयमा प्रसस्त रोजगारहरु सिर्जना हुने गर्दछन । यी रोजगारीका अवसरहरु प्रदेशका दुरदराजका ठाउहरुमा सञ्चालन हुन्छ ।करिब डेढ अरव रुपैयाको विकास निर्माण हुदा कम्तिमा ३५ करोड देखि ४० करोड जनशक्तिमा खर्च हुने र यसबाट ३५ लाख दिन बराबरको रोजगारी सिर्जना हुने अनुमान गर्न सकिन्छ। यो मोटामोटी रुपमा १०००० मानिसलाई वर्षभर दिन सकिने रोजगारी हो । प्राविधिक तथा

व्यावसायिक तालिम परिषद मार्फत दिइने ८००० भन्दा बढीलाई तालिम प्राप्त गरी स्वरोजगार हुन सहयोग पुराएको छ ।

## ५. लुम्बिनी प्रदेशको अर्थतन्त्र

आर्थिक वर्ष २०७८/०७९ मा यस लुम्बिनी प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिब रु. ६ खर्ब ८५ अर्ब अनुमान गरिएको छ गत आर्थिक वर्षका संशोधित अनुमान करिब रु. ६ खर्ब ४ अर्ब रहेको देखिन्छ। गत आर्थिक वर्षमा राष्टिय तहमा कुल गार्हस्थ उत्पादनको १४.१ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा पनि सोही प्रतिशत नै योगदान पुर्याउने अनुमान गरिएको छ। यसै गरी गत आ.व.मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ४.१ प्रतिशत थियो भने यस वर्षमा सुधार आई ५.४ प्रतिशत हुने अनुमान गरिएको छ । कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान २९.४ प्रतिशतले कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.४ प्रतिशतले प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ ।

**विगत तीन आर्थिक वर्षको आर्थिक वृद्धि दर प्रदेश अनुसार** (प्रचलित मूल्यमा) (प्रतिशतमा)




(स्रोत केन्द्रीय तथ्यांक विभाग, २०७८)




(स्रोत केन्द्रीय तथ्यांक विभाग, २०७८)

**तालिका  आ.व. २०७८/०७९ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ उत्पादनमा आर्थिक क्रियाकलापहरुको औद्योगिक वर्गीकरण अनुसारको योगदान**

(प्रतिशतमा)

| औद्योगिक वर्गीकरण | २०७६/७७ | २०७७/०७८R | २०७८/०७९P |
|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ३०.७ | ३०.५ | २९.४ |
| खानी तथा उत्खनन् | ०.७ | ०.७ | ०.७ |
| उद्योग | ५.८ | ६.२ | ६.४ |
| विद्युत, ग्याँस, वाफ तथा एयरकन्डिसन आपुर्ति | ०.६ | ०.६ | ०.६ |
| पानी वितरण (ढल निकास,फोहर व्यवस्थापनतथा उपचार कृयाकलापहरु) | ०.८ | ०.७ | ०.७ |
| निर्माण | ७.७ | ७.३ | ७.६ |
| थोक तथा खुद्रा व्यापार, मोटर र मोटरसाइकल मर्मत | १०.७ | ११.४ | ११.७ |
| यातायात तथा भण्डारण | ५.५ | ५.७ | ६.३ |
| होटल तथा रेष्टुरेन्ट | १.२ | १.३ | १.४ |
| सूचना तथा संचार | २.५ | २.५ | २.३ |
| वित्तीयतथा बीमा कृयाकलापहरु | ५.३ | ५.४ | ५.३ |
| रियलस्टेट क्रियाकलापहरु | ४.९ | ४.७ | ४.६ |
| व्यवसायिक, वैज्ञानिक तथा प्राविधिककृयाकलापहरु | ०.६ | ०.६ | ०.६ |
| प्रशासनिक तथा सामाजिक कृयाकलापहरु | ०.४ | ०.४ | ०.४ |
| सार्वजनिक प्रशासन र रक्षा, अनिवार्य सामुदायिक सुरक्षा | ९.६ | ९.३ | ९.२ |
| शिक्षा | १०.५ | १०.१ | १०.१ |
| स्वास्थ्य र सामाजिक कार्य, अन्य सेवा सम्बन्धी कृयाकलापहरु | २.१ | २.१ | २.१ |
| कला, मनोरञ्जन र अन्य कृयाकलापहरु तथा घरायसी कामकाज, घरायसी प्रयोजनका लागि उत्पादित वस्तु | ०.५ | ०.५ | ०.५ |
| जम्मा | १००.० | १००.० | १००.० |

R= Revised / P= Preliminary (स्रोत केन्द्रीय तथ्यांक विभाग, २०७९)

## ६. प्रदेशको समष्टिगत आर्थिक अवस्था तथा विद्यमान समस्याहरु

यस प्रदेशको आर्थिक वृद्धिदर आ.व. २०७६/७७ मा नकारात्मक रही २०७७/०७८ मा उल्लेख्य सुधार भई ३.८ प्रतिशत रहकोमा २०७८/०७९ मा अझै सुधार भई ४.९ प्रतिशत रहने अनुमान गरिएको छ भने सो दर आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाले क्रमशः लक्ष्य गरेको ९.६ र ७ प्रतिशत भन्दा धेरै कम हो । प्रदेशस्तरको आर्थिक अवस्था समेटिएको केन्द्रीय तथ्यांक विभागको प्रकाशन अनुसार आ.व. २०७८/०७९ मा यस प्रदेशले राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा करिब १४.१ प्रतिशतको योगदान गर्ने अनुमान छ, जुन आवधिक योजनाले लक्ष्य गरे भन्दा ५ प्रतिशतले कम हो। प्रदेशको सन्चित कोषमा दाखिला हुने आयतर्फ २०७८/०७९ मा कुल अनुमानित बजेटको करिब ६४.०४ प्रतिशत संघबाट (अनुदान र राजश्व बाँडफाँट) र ७.६९ प्रतिशत स्थानीय तहको राजश्व बाँडफाँटबाट प्राप्त हुने अनुमान छ भने प्रदेशको आन्तरिक

राजश्वको यथार्थ अवस्था हेर्दा आ.व. २०७७/०७८ को बजेटमा छुट्टाइएको अनुमानको ५२.४० प्रतिशत मात्र प्राप्त भएकोमा आ.व. २०७८/०७९ मा लगभग ३१.९ प्रतिशत प्राप्त प्राप्त हुने अनुमान छ। यस तथ्याँकलाई हेर्दा २०७८/०७९ को बजेटमा उल्लेखित आन्तरिक राजस्वको लक्ष्य आवधिक योजनाले लक्ष्य गरेको रकमको ४० प्रतिशत मात्र हो । प्रदेशको खर्चतर्फ आ.व. २०७७/०७८ मा चालुतर्फ ८१ प्रतिशत र पुँजीगत तर्फ ८३ प्रतिशत (औषत कुल खर्च ८२ प्रतिशत) भएकोमा २०७८/०७९ मा चालुतर्फ ७५.७१ प्रतिशत र पुँजीगत तर्फ ६७ प्रतिशत (औषत कुल खर्च ७० प्रतिशत) पुग्ने अनुमान छ। यस प्रदेशमा वचत तथा लगानीलाई प्रवर्द्धन गर्ने गरी वित्तीय तथा बैंकिङ प्रणालीको व्यवस्थातर्फ हालसम्म कुनै ठोस कार्यक्रमहरु अगाडि नआएकोले पुँजी निर्माण तथा परिचालनमा खासै प्रगति भएको देखिदैन ।

प्रदेश सरकारको आर्थिक अधिकारहरु सीमित रहेको सन्दर्भमा प्रदेशको खर्च व्यवस्थापनको लागि संघीय सरकारसँगको निर्भरता अत्यधिक रहेको छ । यसका साथै प्रदेशको आर्थिक अधिकारको प्रयोगका लागि आवश्यक कतिपय कानुनहरु निर्माणको क्रममा छन् । त्यसैगरी प्रदेशमा सन्चालित कार्यक्रमहरुको कार्यान्वयनमा जनशक्ति तथा संस्थागत क्षमता मजवुत हुन सकेको छैन । घरजग्गा रजिस्ट्रेसनतर्फ भईरहेको कारोवार संघको लिखतमा उल्लेख हुने र सो रकम वास्तविक उठ्नुपर्ने राजश्व रकम भन्दा ज्यादै न्यून रहेको छ। सवारी साधन कर सवारी दर्ता भएको प्रदेशले पाउने वर्तमान व्यवस्था र यस प्रदेशका आधाभन्दा बढी सवारीहरू अन्य प्रदेश र खासगरी वागमती प्रदेशमा दर्ता हुने प्रवृत्तिले गर्दा प्रदेशले पाउनुपर्ने परिमाणमा कर पाउन सकेको छैन भने सवारी कर प्रणालीहरूमा यातायात व्यवस्था विभागको नियन्त्रण रहेको र ती प्रणालीहरूमा कार्यदक्षता तथा सेवाग्राहीमैत्री डिजिटल प्रविधिको अभावका कारण सेवाग्राहीले दिनभर लाईनमा बसेर पनि रकम तिर्न नपाइरहेको अवस्था छ। मनोरन्जन स्थलको निर्माण तथा स्तरोन्नति गरी मनोरन्जन करको दायरामा आउनुपर्ने गतिविधिहरु पनि आउन नसकेको र स्थानीय तहले संकलन गर्ने यो कर सो तहको प्राथमिकतामा परेको छैन। विज्ञापनमार्फत् प्राप्त हुनुपर्ने करको रकम पनि ज्यादै न्यून छ र स्थानीय तहबाट समेत सो करको दर तोक्ने तथा संकलन गर्ने कार्य अझै ओझेलमा परेको देखिन्छ । त्यसैगरी बुद्धभूमि, रुरुक्षेत्र तथा दर्जनौ पर्यटकीय स्थलहरूको प्रचार-प्रसार तथा प्रवर्द्धन गरी पर्यटनजन्य गतिविधिबाट समेत प्रदेशले उच्च आय प्राप्त गर्न सकेको छैन ।

प्रदेशको एकल अधिकारको रुपमा रहेको कृषि आयकर समेत ज्यादै न्यून छ। प्रदेशको ठूलो भू-भागको झन्डै आधा हिस्सा ओगटेको वन क्षेत्रमा प्रदेश सरकारको ठूलो लगानी परेको यथार्थ छ तर वनको आयमा भने सामुदायिक उपभोक्ता समुहको वर्चश्व एवम् एकाधिकार रहेकोमा प्रदेशले सिमित आयको स्रोत बनाएको पाइन्छ। प्रदेशलाई राम्रो आय प्राप्त हुनुपर्ने नदीजन्य पदार्थको व्यवस्थापन राम्रो हुन नसक्दा यसबाट हुने आय पनि प्राप्त हुन सकेको छैन। एकातर्फ स्थानीय सरकार संचालन ऐन र संघीय सरकारले जारी राखेको मापदण्ड एक आपसमा बाझिएकोले संकलित रकम बाँडफाँट गर्ने कार्यमा स्थानीय तहले व्यवधान खडा गरिरहेका छन्। यसले ठेक्का-पट्टा तथा व्यवस्थापनमा समेत मिलेमतो तथा सीमित व्यक्तिको एकाधिकार रहेको स्थितिको कारण राज्यले पाउनु पर्ने राजश्व प्राप्त हुन सकेको छैन ।

बजेट कार्यक्रम तथा विनियोजनतर्फ समेत थुप्रै समस्याहरु विद्यमान छन्। पूर्वाधार विकासतर्फ सडक, सिंचाई, खानेपानी तथा सहरी विकासका क्षेत्रमा प्रदेश सरकारको क्षमता भन्दा धेरै आयोजना शुरु गरिएकोले हाल यो क्षेत्रका योजनाहरु न्यून बजेटको समस्याबाट ग्रस्त देखिन्छन् भने संघीय सरकारले हस्तान्तरण गरेका आयोजना र त्यसका लागि आवश्यक रकमको तुलनामा ज्यादै न्यून बजेट रकम अनुदानको रुपमा प्राप्त हुने गरेकाले अधुरा आयोजनाको संख्या वृद्धि भईरहेको छ। अद्यावधिक वस्तुस्थिति र तथ्यांकको अभावका कारण आयोजना छनौट र प्राथमिकीकरणमा स्पस्ट र वस्तुनिष्ठ मापदण्ड अपनाउन सकिएको छैन। कृषि उत्पादनदेखि उपभोक्तासम्मको आपूर्ति शृंखला सिलसिलावद्ध तरिकाको नहुँदा कृषि क्षेत्रमा प्रदेश सरकारले गरेको लगानीबाट संचालित अधिकांश कार्यक्रमहरू प्रभावकारी तथा प्रतिफलमुखी देखिएका छैनन्। साथै बजेट तथा कार्यक्रमले समेटेका कृषकको संख्या ज्यादै न्यून छ। सामाजिक क्षेत्रका कार्यक्रमहरुमा समेत परिवर्तनकारी भूमिकामा रहने गरी उच्च प्रतिफल दिने खालका कार्यक्रमहरुले प्रतिस्थापन गर्नुपर्ने देखिन्छ। प्रदेशस्तरको स्वास्थ्य संरचना तथा स्वास्थ्य क्षेत्रको क्षमतामा हालको अवस्थाले सहजै स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच नभएको यथार्थ छ। स्वास्थ्यमा सर्वसाधारणको खर्च अत्यधिक रहेकोले गुणस्तरीय सुलभ स्वास्थ्य सेवा प्रति प्रदेशको ध्यान केन्द्रित हुनु आवश्यक छ। असिमित अर्थोपार्जनको सम्भावना बोकेको पर्यटन विकासको क्षेत्रमा स-साना कार्यक्रममा खर्च केन्द्रित गरिएको देखिन्छ। समग्रमा यस प्रदेश सरकारको जिम्मेवारीभित्र रही स्पष्ट प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम निर्धारण गर्ने र बजेट विनियोजन गर्ने कार्य हुन सकेको छैन ।

प्रदेशको यस किसिमका वर्तमान आर्थिक अवस्था तथा समस्याहरुको उचित व्यवस्थापनमा केन्द्रित हुँदै कोभिड्का कारण शिथिल वनेका आर्थिक क्षेत्रहरुको पुनरूत्थान हुने गरी, आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने गरी तथा तद अनुरूप मध्यमकालीन खर्च संरचना समेतका उद्देश्य तथा रणनीतिहरू समेतमा तादाम्यता कायम हुने गरी आगामी वर्षमा प्रदेश सरकारले संचालन तथा कार्यान्वयन गर्नैपर्ने उच्च प्रतिफलयुक्त कार्यक्रम तथा योजनाहरुको प्राथमिकता निर्धारण गर्दै दिगो विकासका रणनीति तथा कार्यनीति अवलम्बन गर्न कटिबद्ध रहेको छ ।

# विषयसूची


**परिच्छेद-१** ........ **१**

परिचय ........ १

**परिच्छेद-२** ........ **२**

**प्रदेश सभा सचिवालय** ........ **२**

२.१ पृष्ठभूमि ........ २

२.२ दीर्घकालीन सोच ........ ३

२.३ उद्देश्य ........ ४

२.४ रणनीतिहरु ........ ४

२.५ कार्यक्षेत्र ........ ४

२.६ कानूनी तथा नीतिगत व्यवस्थाहरु ........ ५

२.७ संगठन संरचना तथा जनशक्ति विवरण ........ ६

२.८ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण ........ ७

२.९ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण ........ ७

२.१० वार्षिक बजेट वक्तव्यको प्रगति विवरण ........ ७

२.११ आर्थिक वर्ष २०७८/०७९ को असार मसान्त सम्म मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण. ७

२.१२ बेरुजु फछ्यौटको विवरण ........ ८

२.१३ आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित बजेट तथा बित्तीय प्रगति ........ ८

२.१४ आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (रु.हजारमा) ........ ८

२.१५ आर्थिक वर्ष २०७८/०७९ को राजस्व संकलनको विवरण ........ ११

२.१६ विकास आयोजना तथा कार्यक्रमरुबाट सिर्जित रोजगारीको विवरण ........ ११

२.१७ समस्या/कठिनाई(यदि भए) ........ ११

२.१८ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नु पर्ने कदम (प्रस्तावित) ........ ११

२.१९ अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्ने उपयुक्त देखिएका अन्य कुनै विवरण) ........ ११

**परिच्छेद-३** ........ **१२**

**प्रदेश लोक सेवा आयोग** ........ **१२**

३.१ पृष्ठभूमि ........ १२

३.२ दीर्घकालीन सोच ........ १२

३.३ उद्देश्य ........ १२

३.४ रणनीतिहरु ....................................................................................१३

३.५ कार्यक्षेत्र........................................................................................१३

३.६ संगठन संरचना तथा जनशक्ति विवरण.....................................................१४

३.७ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण ...................................१५

३.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण.............................................१५

३.९ वार्षिक बजेट बक्तव्यको प्रगति विवरण ....................................................१६

३.१० बेरुजु फर्छ्यौटको विवरण....................................................................१६

३.११ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण ...................................................१६

३.१२ आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको वार्षिक प्रगतिको विस्तृत विवरण..........१६

३.१३ आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रदेश रावस्व संकलनको विवरण अनुमान................ १७

३.१४ आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु...............................१८

३.१५ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु.........................................१८

३.१६ समस्या समाधानका लागि चालिएका कदमहरु..................................................१९

३.१७ आगामी कार्य दिशा ..................................................................................१९

३.१८ निष्कर्ष ................................................................................................२०

**परिच्छेद-४ ......................................................................................... २१**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ................................................ २१**

४.१ पृष्ठभूमि.............................................................................................. २१

४.२ दीर्घकालीन सोच ................................................................................. २१

४.३ ध्येय.................................................................................................. २१

४.४ लक्ष्य................................................................................................. २१

४.५ उद्देश्य................................................................................................ २२

४.६ रणनीति .............................................................................................. २२

४.७ कार्यक्षेत्र............................................................................................. २३

४.८ संगठन संरचना तथा जनशक्ति विवरण.....................................................२४

४.९ तयार भएका नीति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सूची ......... २५

४.१० वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण........................................ २६

४.११ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण ................................................. २७

४.१२ आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको विवरणः ................................ २७

४.१३ बेरुजु फछ्र्यौटको विवरणः ........................................................................ २७

४.१४ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः.............................. २८

४.१५ आ.व. २०७८/०७९ स्वीकृत वार्षिक कार्क्रमको वार्षिक प्रगति विवरण........................... २८

४.१६ आर्थिक वर्ष २०७७/०७८ को राजस्व संकलनको विवरण......................................... ३०

४.१७ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण................................ ३१

४.१८ समस्या तथा चुनौतीहरु ........................................................................ ३१

४.१९ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरू........................................................ ३१

४.२० आगामी कार्यदिशा.............................................................................. ३२

४.२१ निष्कर्ष ........................................................................................ ३२

४.२२ केही तस्वीरहरु (प्रकाशन, गतिविधिहरु तथा छलफल र अनुगमन) ................................. ३३

**परिच्छेद-५ ........................................................................................ ३४**

**पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय........................................................... ३४**

५.१ पृष्ठभूमि............................................................................................ ३४

५.२ दीर्घकालीन सोच .................................................................................. ३४

५.३ उद्देश्य.............................................................................................. ३४

५.४ रणनीतिहरु ........................................................................................ ३४

५.५ कार्यक्षेत्र........................................................................................... ३५

५.६ सङ्गठन संरचना तथा जनशक्ति विवरण............................................................. ३५

५.७ तयार भएका नीति,ऐन,नियम गठन आदेश, कार्यविधि निर्देशिका र मापदण्डको सूची.................. ३६

५.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण.......................................................... ३७

५.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण ............................................................... ३८

५.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय तथा व्ययको विवरण ................................ ३९

५.११ बेरुजु फर्छौटको विवरण ........................................................................... ४०

५.१३ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण......................... ४०

५.१४ आ व २०७८/०७९ मा राजश्व संकलनको विवरण ................................................ ४२

५.१५ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण................................ ४२

५.१६ समस्या तथा चुनौतीहरु .......................................................................... ४२

५.१७ समस्या समाधानको लागि चाल्नुपर्ने कदमहरु........................................................ ४३

५.१८ आगामी कार्य दिशा ............................................................................... ४३

५.१९ निष्कर्ष ........ ४३
५.२० केही तस्वीरहरु (प्रकाशन, गतिविधिहरु तथा छलफल र अनुगमन)........ ४४
**परिच्छेद-६........ ४५**
**अर्थ तथा सहकारी मन्त्रालय........ ४५**
६.१ पृष्ठभूमि........ ४५
६.२ दीर्घकालीन सोच ........ ४५
६.३ उद्देश्य........ ४५
६.४ रणनीति ........ ४५
६.५ कार्यक्षेत्र........ ४६
६.६ दरबन्दी र पदपूर्तिको अवस्था........ ४७
६.७ तयार भएका नीति,ऐन, नियमावली, गठन आदेश,निर्देशिका/कार्यविधि, र मापदण्डको सूचि........ ४९
६.८ आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रमको प्रगति विवरण........ ५१
६.९ बेरुजु फछ्यौंटको विवरण........ ५१
६.१० आ.व.२०७८/०७९ को बजेट वक्तव्यको प्रगति विवरण ........ ५१
६.११ आ.व. २०७८/०७९ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ........ ५२
६.१२ आर्थिक वर्ष २०७७/०७८ को विनियोजित बजेट तथा वित्तीय प्रगति ........ ५८
६.१३ आर्थिक वर्ष २०७८/७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति ........ ५८
६.१४ आर्थिक वर्ष २०७८/०७९ को अनुदान तथा राजश्व संकलनको (प्रारम्भिक) विवरण........ ५८
६.१५ आ.व. २०७८/०७९ को महत्वपूर्ण उपलब्धीहरु........ ६०
६.१६ वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई........ ६२
६.१७ समस्या समाधानका लागि चाल्नुपर्ने कदम ........ ६३
६.१८ आगामी कार्यदिशा........ ६४
६.१९ निष्कर्ष ........ ६६
६.२० केही तस्बीरहरु ........ ६६
**परिच्छेद-७........ ६८**
**भौतिक पूर्वाधार विकास मन्त्रालय........ ६८**
७.१ पृष्ठभूमि........ ६८
७.२ दीर्घकालीन सोच ........ ६८
७.३ उद्देश्य........ ६८

७.४ रणनीतिहरु ........ ६८

७.५ कार्यक्षेत्र........ ६९

७.६ कानूनी तथा नीतिगत व्यवस्थाहरु........ ६९

७.७ संगठन संरचना तथा जनशक्ति विवरण........ ६९

७.८ तयार भएका नीति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि, र मापदण्डको सूचि........ ७०

७.९ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण ........ ७०

७.१० वार्षिक बजेट वक्तव्यको प्रगति विवरण ........ ७१

७.११ आर्थिक वर्ष २०७८/०७९को असार मसान्तसम्म मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण . ७२

७.१२ बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको) ........ ७२

७.१३ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति ........ ७३

७.१४ आ.व.२०७८/०७९ को स्वीकृत कार्यक्रमको प्रगति विवरण ........ ७३

७.१५ आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु........ ७४

७.१६ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण........ ७५

७.१७ समस्या तथा चुनौतीहरु ........ ७५

७.१८ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु........ ७५

७.१९ आगामी कार्य दिशा ........ ७६

७.२० निष्कर्ष........ ७६

७.२१ आयोजनासँग सम्बन्धित केही तस्विरहरु ........ ७६

**परिच्छेद-८........ ७७**

**आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय ........ ७८**

८.१ पृष्ठभूमि........ ७८

८.२ दीर्घकालीन सोँच ........ ७८

८.३ उद्देश्य........ ७८

८.४ रणनीति ........ ७८

८.५ कार्यक्षेत्र........ ७९

८.६ संगठन संरचना तथा जनशक्ति विवरण........ ८०

८.७ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण ........ ८१

८.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण........ ८१

८.९ बजेट वक्तव्यको प्रगति विवरण ........ ८३

८.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको विवरण ................................ ८४
८.११ बेरुजु फछ्र्यौटको विवरण........................................................................ ८४
८.१२ आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेट तथा वित्तीय प्रगति............................... ८४
८.१३ आ.व. २०७८/७९ स्वीकृत वार्षिक कायर्क्रमको प्रगति विवरण ...................................८५
८.१४ आर्थिक वर्ष २०७८/०७९ को राजस्व संकलनको विवरण .........................................८९
८.१५ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई (यदि भए) .........................८९
८.१६ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम (प्रस्तावित) ............................८९
८.१७ आगामी कार्यदिशा..............................................................................८९
८.१८ निष्कर्ष .........................................................................................९०
८.१९ केही तस्बिरहरु..................................................................................९०

**परिच्छेद-९ ........................................................................... ९१**

**स्वास्थ्य मन्त्रालय ...................................................................... ९२**

९.१ पृष्ठभूमि......................................................................................... ९२
९.२ दीर्घकालीन सोच ................................................................................ ९२
९.३ ध्येय.............................................................................................९२
९.४ लक्ष्य.............................................................................................९२
९.५ उद्देश्य............................................................................................ ९३
९.६ रणनीति ......................................................................................... ९३
९.७ कार्यक्षेत्र..........................................................................................९४
९.८ संगठन संरचना तथा जनशक्ति .....................................................................९५
९.९ आ.व. २०७८/०७९ असार मसान्त सम्मको जनशक्ती पदपुर्तिको अवस्था..........................९५
९.१० तयार भएका निति ऐन नियमावली गठन आदेश निर्देशिका तथा कार्यविधिको विवरण..............९८
९.११ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण.......................................................९९
९.१२ चालू आर्थिक वर्ष २०७८/०७९ असार मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य उपलब्धी/कार्यहरु९९
९.१३ आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्म मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण१०१
९.१४ आर्थिक वर्ष २०७८/०७९ को बेरुजुको विवरण ............................................... १०२
९.१५ आर्थिक वर्ष २०७८/०७९ मा विनयोजित बजेट तथा वित्तीय प्रगति............................. १०२
९.१६ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण......................१०३
९.१७ आ.व. २०७८/०७९ को बहुवर्षीय आयोजनाको खर्चको अवस्था................................१०४

९.१८ विशेष तथा समपुरक आयोजनाको स्थिति ........................................................ १०५

९.१९ लुम्बिनी प्रदेशको मुख्य स्वास्थ्य सूचकांकको अवस्था............................................. १०५

९.२० आ.व. २०७८/०७९ असार मसान्तसम्म कार्यालयहरूको भौतिक तथा वित्तीय प्रगति विवरण....१०६

९.२१ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई....................................१०८

९.२२ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम........................................१०८

९.२३ निष्कर्ष ...........................................................................................११०

**परिच्छेद-१० ....................................................................................१११**

**उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय....................................................................१११**

१०.१ पृष्ठभूमि..........................................................................................१११

१०.२ दीर्घकालीन सोच .................................................................................११२

१०.३ उद्देश्य.............................................................................................११३

१०.४ रणनिति...........................................................................................११३

१०.५ कार्यक्षेत्र...........................................................................................११३

१०.६ संगठन संरचना तथा जनशक्ति विवरण........................................................... ११४

१०.७ तयार भएका निति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/ कार्यविधि र मापदण्डको सुची.....११५

१०.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण.......................................................११५

१०.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण ...........................................................११७

१०.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र ब्ययको बिवरण ............................. ११८

१०.११ बेरुजु फछ्यौंट बिवरण......................................................................... ११८

१०.१२ आर्थिक वर्ष २०७८/७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति .......................... ११८

१०.१३ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति बिवरण ....................११९

१०.१४ राजश्व संकलनको विवरण...................................................................... १२०

१०.१५ विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण............................ १२०

१०.१६ समस्या तथा चुनौतीहरु.........................................................................१२१

१०.१७ समस्या समाधानका लागि चाल्नु पर्ने कदमहरु...................................................१२१

१०.१८ आगामी कार्य दिशा ............................................................................१२१

१०.१९ निष्कर्ष ...........................................................................................१२२

१०.२० केही तस्वीरहरु (प्रकासन, गतिबिधीहरु तथा छलफल र अनुगमन).............................१२२

**परिच्छेद-११ ........................................................................ १२५**

**वन तथा वातावरण मन्त्रालय ........................................................ १२५**

११.१ पृष्ठभूमि ........................................................................ १२५

११.२ दीर्घकालीन सोच ................................................................ १२५

११.३ लक्ष्य ............................................................................ १२५

११.४ रणनीति .......................................................................... १२५

११.५ उद्देश्यहरु ........................................................................ १२६

११.६ कार्यक्षेत्र .......................................................................... १२६

११.७ दरबन्दी र पदपूर्तिको अवस्था .................................................. १२७

११.८ तयार भएका नीति, ऐन, नियमावलि, गठन आदेश, निर्देशिका तथा कार्यबिधिहरुको विवरण...... १२८

११.९ नीति तथा कार्यक्रमको प्रगति .................................................. १२९

११.१० बजेट वक्तव्यको असार मसान्तसम्मको प्रगति ................................ १३२

११.११ आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रमको प्रगति ....................... १३३

११.१२ आ.व.२०७८/०७९ को बिनियोजित बजेट तथा प्रगति ............................ १३४

११.१३ राजश्व संकलनको विवरण ..................................................... १३४

११.१४ विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण ............. १३५

११.१५ समस्याहरु ...................................................................... १३५

११.१६ समस्या समधानका उपायहरु .................................................. १३६

११.१७ अन्य ............................................................................ १३७

११.१८ निष्कर्ष .......................................................................... १३८

११.१९ कार्यक्रम सम्बन्धी केही तस्वीरहरु .............................................. १३८

**परिच्छेद-१२ ........................................................................ १३९**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ............................................ १४०**

१२.१ पृष्ठभूमि ........................................................................ १४०

१२.२ दीर्घकालिन सोचः ................................................................ १४०

१२.३ उद्देश्य ............................................................................ १४०

१२.४ रणनीति .......................................................................... १४०

१२.५ कार्यक्षेत्र .......................................................................... १४१

१२.६ संगठन संरचना तथा जनशक्ति विवरण .......................................... १४२

१२.७ तयार भएका नीति, ऐन, नियमावली, गठन, आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सूचि.....१४४
१२.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण.....................................................१४५
१२.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण...........................................................१४६
१२.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको विवरण...............................१४७
१२.११ बेरुजु फछ्र्योटको विवरण.........................................................................१४७
१२.१२ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति..........................१४८
१२.१३ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण...................१४८
१२.१४ आर्थिक वर्ष २०७८/०७९ को राजश्व संकलनको विवरण.......................................१५६
१२.१५ विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण.............................१५६
१२.१६ समस्या तथा चुनौतीहरुः...........................................................................१५६
१२.१७ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरुः....................................................१५६
१२.१८ आगामी कार्य दिशाः...............................................................................१५७
१२.१९ निष्कर्षः..............................................................................................१५७
१२.२० केही तस्वीरहरु ( प्रकाशन, गतिविधिहरु तथा छलफल र अनुगमन )...........................१५७
**परिच्छेद-१३..................................................................................१५९**
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय..................................................१५९**
१३.१ पृष्ठभूमि...............................................................................................१५९
१३.२ दीर्घकालीन सोच.....................................................................................१५९
१३.३ उद्देश्य.................................................................................................१५९
१३.४ रणनीति...............................................................................................१६०
१३.५ कार्यक्षेत्र..............................................................................................१६०
१३.६ संगठन संरचना तथा जनशक्ति विवरण...........................................................१६१
१३.७ तयार भएका नीति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि र मापदण्डहरुको सूचिः..१६३
१३.८ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण.....................................................१६३
१३.९ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण...........................................................१६४
१३.१० आर्थिक वर्ष २०७८/०७९ को श्रोतगत आय र व्ययको विवरण...............................१६५
१३.११ बेरुजु फछ्र्यौटको विवरणः.........................................................................१६५
१३.१२ आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति...................१६५
१३.१३ आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण..........................१६५

१३.१४ आर्थिक वर्ष २०७८/०७९ को वार्षिक राजस्व संकलनको विवरण अनुमान....................१६६

१३.१५ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण.............................१६६

१३.१६ समस्या तथा चुनौतीहरु.................................................................................१६६

१३.१७ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नु पर्ने कदम (प्रस्तावित)........................१६७

१३.१८ आगामी कार्यदिशाः.........................................................................................१६७

१३.१९ निष्कर्षः...........................................................................................................१६७

१३.२० केही तस्बीरहरु.............................................................................................१६८

**परिच्छेद-१४.......................................................................................................१७०**

**कृषि तथा भूमि व्यवस्था मन्त्रालय...............................................................................१७०**

१४.१ पृष्ठभूमि.........................................................................................................१७०

१४.२ दीर्घकालीन सोच ...............................................................................................१७०

१४.३ उद्देश्य.............................................................................................................१७०

१४.४ रणनीति...........................................................................................................१७१

१४.५ कार्यक्षेत्र..........................................................................................................१७१

१४.६ संगठन संरचना तथा जनशक्ति विवरण...........................................................................१७२

१४.७ तयार भएका नीति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सूची.....१७४

१४.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति ..............................................................................१७८

१४.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण ...........................................................................१८१

१४.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको विवरण .............................१८२

१४.११ बेरुजु फछर्यौटको विवरण.......................................................................................१८३

१४.१२ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति..........................१८४

१४.१३ आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण..........................१८४

१४.१४ आ.व. २०७८/०७९ को राजश्व संकलनको विवरण..........................................१८५

१४.१५ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण...........................१८६

१४.१६ समस्या तथा चुनौतीहरु..................................................................................१८६

१४.१७ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु..................................................१८७

१४.१८ आगामी कार्यदिशा.........................................................................................१८७

**परिच्छेद-१५.......................................................................................................१८९**

**श्रम तथा यातायात ब्यवस्था मन्त्रालय........................................................................१८९**

१५.१ पृष्ठभूमि....................................................................................................१८९
१५.२ दीर्घकालीन सोच ..........................................................................................१८९
१५.३ लक्ष्य.............................................................................................................१८९
१५.४ उद्देश्य...........................................................................................................१८९
१५.५ कार्यक्षेत्र.........................................................................................................१८९
१५.६ संगठन संरचना तथा जनशक्ति विवरण.........................................................१९०
१५.७ तयार भएका निति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सुची.......१९१
१५.८ आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित बजेट तथा असार मसान्तसम्मको वित्तीय प्रगति......१९१
१५.९ बेरुजु फछ्यौंटको विवरण..................................................................................१९२
१५.१० आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति मातहत कार्यालयहरु समेत१९२
१५.११ आर्थिक वर्ष २०७८/०७९को असार मसान्तसम्म मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण१९२
१५.१२ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण..................................................१९३
१५.१३ बजेट वक्तव्यको असार मसान्तसम्मको प्रगति विवरण.........................................१९३
१५.१४ आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ......................... १९५
१५.१५ आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्म प्रदेशमा जम्मा भएको राजस्व संकलनको विवरण .................................................................................................... १९९
१५.१६ विकास आयोजना तथा कार्यक्रमहरु बाट सिर्जित रोजगारीको विवरण ......................... १९९
१५.१७ आर्थिक वर्ष २०७८/०७९ मा असार मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु ....... १९९
१५.१८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु ...................................... २००
१५.१९ निष्कर्ष ...................................................................................................... २०३
१५.२० केही तस्वीरहरुः.............................................................................................२०४
**परिच्छेद-१६ ............................................................................................ २०६**
**शिक्षा तथा खेलकुद मन्त्रालय ........................................................................ २०६**
१६.१ पृष्ठभूमि...................................................................................................... २०६
१६.२ दीर्घकालीन सोच .......................................................................................... २०६
१६.३ उद्देश्य.......................................................................................................... २०६
१६.४ रणनीतिहरु .................................................................................................. २०६
१६.५ कार्यक्षेत्र........................................................................................................ २०७
१६.६ संगठन संरचना तथा जनशक्ति विवरण..........................................................२०८
१६.७ तयार भएका नीति ऐन नियमावली गठन आदेश निर्देशिका/कार्यविधि मापदण्डको सूचि .......... २०९

१६.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण.................................................... २१०
१६.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण ........................................................ २११
१६.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र ब्ययको विवरण ............................... २१२
१६.११ बेरुजु फछ्र्यौटको विवरण.......................................................................... २१३
१६.१२ आर्थिक वर्ष २०७८/०७९ को बिनियोजित बजेट तथा वित्तीय प्रगति ......................... २१३
१६.१३ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण.................... २१३
१६.१४ आर्थिक वर्ष २०७८/०७९ को राजश्व संकलनको विवरण...................................... २१६
१६.१५ विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण............................ २१६
१६.१६ समस्या तथा चुनौतीहरु.............................................................................. २१६
१६.१७ समस्या समाधानका लागि चाल्नु पर्ने कदमहरु................................................... २१७
१६.१८ आगामी कार्य दिशा .................................................................................. २१७
१६.१९ निष्कर्ष ................................................................................................ २१८
१६.२० केही तस्बीरहरु ...................................................................................... २१९
**परिच्छेद-१७......................................................................................... २२०**
**मुख्य न्यायाधिवक्ताको कार्यालय ............................................................... २२०**
१७.१ पृष्ठभुमि................................................................................................. २२०
१७.२ दीर्घकालीन सोच ..................................................................................... २२०
१७.३ उद्देश्य.................................................................................................. २२०
१७.४ रणनितिहरु ............................................................................................ २२०
१७.५ कार्यक्षेत्र................................................................................................ २२१
१७.६ संगठन संरचना तथा जनशक्ती विवरण............................................................ २२१
१७.७ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति ............................ २२२
१७.८ आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (रु.हजारमा).............. २२२
१७.९ समस्या तथा चुनौतीहरु ............................................................................. २२२
१७.१० समस्या समाधानका लागि चल्नु पर्ने कदमहरु .................................................. २२३
१७.११ अगामी कार्य दिशा .................................................................................. २२३
१७.१२ निष्कर्ष ............................................................................................... २२३

**परिच्छेद-१८** ........ **२२४**
**प्रदेश योजना आयोग** ........ **२२४**
१८.१ पृष्ठभूमिः ........ २२४
१८.२ कार्यक्षेत्र ........ २२४
१८.३ संगठन संरचना तथा जनशक्ति विवरण ........ २२५
१८.४ तयार भएका नीति, ऐन,नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सूचि ........ २२६
१८.५ आ.ब २०७८/०७९ को वार्षिक बजेट तथा नीति तथा कार्यक्रममा उल्लेखित बुँदाहरुको प्रगति. २२६
१८.६ आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण ........ २२६
१८.७ बेरुजु फछ्र्यौटको विवरण ........ २२७
१८.८ आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेट तथा असार मसान्तसम्मको वित्तीय प्रगति ........ २२७
१८.९ आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण ........ २२७
१८.१० आ.व.२०७८/७९ सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ २२८
१८.११ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा कठिनाईहरु ........ २२९
१८.१२ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु ........ २२९
१८.१३ निष्कर्ष ........ २३०
१८.१४ अनुगमनका तस्वीरहरुः ........ २३०
**परिच्छेद-१९** ........ **२३२**
**निष्कर्ष** ........ **२३२**
१९.१ निष्कर्ष ........ २३२

# परिच्छेद-१

## परिचय

नेपालको संविधानको धारा २०७ तथा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम अर्थ तथा सहकारी मन्त्रालयले बजेट तथा कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ । उक्त ऐनमा यस मन्त्रालयले राजस्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको अनुदान रकम, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था लगायतका विषयमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

प्रस्तुत प्रगति विवरणमा प्रदेश मन्त्रालय/सचिवालय/आयोग/कार्यालयको लागि आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित बजेट तथा २०७९ असार मसान्तसम्मको खर्च र उपलब्धीहरुको विवरण र प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँट रकमका साथै प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त रकम एवम् स्थानीय तहबाट प्रदेश सरकारलाई प्राप्त राजस्व बाँडफाँटको रकमसमेत समावेश गरिएको छ। आर्थिक वर्ष २०७८/०७९ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटले निर्धारित गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई निकायगत छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुका साथै यस प्रदेश अन्तर्गतका मन्त्रालय तथा निकायहरुबाट प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

# परिच्छेद-२
# प्रदेश सभा सचिवालय

## २.१ पृष्ठभूमि

नेपालको संविधानले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी धारा ४ मा घोषणा गरेको छ । यसरी संघीयता लागु गरेको नेपालको संविधानको धारा ५६ ले राज्यको पुनर्संरचना गर्ने क्रममा नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तह बनाएको छ । सोही बमोजिम संविधानको अनुसूची ४ मा नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, पूर्वी रूकुम, रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया गरी १२ वटा जिल्लाको प्रदेश नं. ५ हाल लुम्बिनी प्रदेशको गठन भएको छ ।

लुम्बिनी प्रदेश नेपालका सबै विशेषता बोकेको र औसत तथ्याङ्क तथा सूचकाङ्कहरूका अनुसार सानो नेपाल बन्न पुगेको छ । भौगोलिक रुपमा तराई, पहाड, हिमाल रहेको यो प्रदेश सांस्कृतिक रुपले पनि निकै विविधतायुक्त छ । थारु, मगर, मधेशी, मुस्लिम र खस आर्य समुदायको सांस्कृतिक सम्मिश्रण र अन्तरघुलनबाट यो प्रदेश सप्तरङ्गी इन्द्रेणी जस्तै बन्न पुगेको छ ।

नेपालको मध्य भागमा हिमाल, पहाड र तराइको भूभाग समेटेर बनेको लुम्बिनी प्रदेश विश्वले शान्तिका अग्रदुतका रुपमा चिनेका भगवान गौतम बुद्ध जन्मेको लुम्बिनी (रुपन्देही), बुद्धले २९ वर्षको उमेर सम्म जीवन व्यतित गरेको तिलौराकोट (कपिलवस्तु), एशियाको सबैभन्दा ठूलो र सुन्दर उपत्यका दाङ्ग, मनमोहक रमणीय पहाडी क्षेत्रहरु पाल्पा, प्युठान, अर्घाखाँची र गुल्मी साथै सिस्ने र पुथा हिमाल रहेको रुकुम पूर्व र जलजला पहाड रहेको रोल्पा, नेपालको अन्न भण्डार भनेर चिनिएका नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, त्यस्तै कर्णाली प्रदेशको मूख्य भन्सार नाका नेपालगंज (बाँके) र गण्डकी तथा लुम्बिनी प्रदेशका मुख्य भन्सार नाका सुनौली (रुपन्देही) अनि औद्योगिक नगरको रुपमा स्थापना भैसकेको बुटवल र नेपालगंज जस्ता नेपालकै ठूला शहरहरु रहेको अति सुन्दर बनावट भएको सामाजिक, साँस्कृतिक, ऐतिहासिक तथा भौगोलिक र आर्थिक हिसावले अत्यन्त महत्वपूर्ण पर्यटकीय प्रदेशको रुपमा रहेको छ । यस प्रदेशको दक्षिण तर्फको लामो सिमाना भारतसँग जोडिएको छ भने पूर्वमा गण्डकी प्रदेश, पश्चिममा कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश तथा उत्तरमा गण्डकी र कर्णाली प्रदेश रहेका छन् । साविकका रुकुम र नवलपरासी जिल्ला टुक्राइएपछि बनेको नवलपरासी पश्चिम र रुकुम पूर्व गरी १२ जिल्ला यस प्रदेशमा समेटिएका छन् ।

नेपालको संविधानको भाग १४ मा सातै प्रदेशहरूका लागि एक सदनात्मक व्यवस्थापिकाको सिद्धान्त अनुसार प्रत्येक प्रदेशमा प्रदेश सभाको व्यवस्था गरिएको छ । यस प्रदेशमा पनि संविधानको धारा १७६ बमोजिम ६० प्रतिशत पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीबाट र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीवाट प्रदेश सभा सदस्यहरू निर्वाचित हुने व्यवस्था छ । सोही बमोजिम निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७३ को दफा १२ बमोजिम निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि मिति २०७४ भाद्र १५ गतेको नेपाल राजपत्रको भाग ३ खण्ड ६७ (अतिरिक्ताङ्क १५क) मा प्रकाशित

सूचना अनुसार यस प्रदेशका ५२ वटा प्रदेश सभा सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्रहरू निर्धारण भएको छ। लुम्बिनी प्रदेशमा संविधान बमोजिमको उक्त ५२ सिटलाई ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिशत सिटमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ३५ जना गरी जम्मा ८७ जना सदस्य रहेको प्रदेश सभा गठन भएको छ ।

प्रचलित संसदीय अभ्यास अनुरूप नै प्रदेश सभाले पनि प्रदेश स्तरमा प्रदेश सरकार गठन गर्ने, प्रदेश कानूनहरूको विधेयक पारित गर्ने, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गर्ने, सरकार तथा सरकारी निकायहरूको संसदीय निगरानी तथा नियन्त्रण जस्ता कार्यहरु गर्दछ । ती कार्यहरु मर्यादित रुपमा व्यवस्थापन गर्न संविधानले धारा १८२ मा सभामुख र उपसभामुखको व्यवस्था गरेको छ । त्यसैगरी प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कारवाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्नका लागि नेपालको संविधानको धारा १९४ बमोजिम प्रदेश सभाले प्रदेश सभा नियमावली, २०७४ बनाएको छ ।

उक्त प्रदेश सभा नियमावली, २०७४ मा विभिन्न विषयगत तथा विशेष समितिहरु, संसदिय दलहरु संरचनाहरुका साथै समितिका सभापतिहरू र विपक्षी तथा सत्तापक्षका नेता, उपनेता, प्रमुख सचेतक, सचेतक जस्ता पदाधिकारीहरूको व्यवस्था छ । यसका साथै उक्त नियमावलीमा सभा तथा समितिका बैठकहरूको कार्यविधि, प्रश्नोत्तर, विभिन्न प्रस्तावहरूको कार्यविधि, सरकार गठन विघटनका व्यवस्था जस्ता विषयवस्तु उल्लेखित छन् । लुम्बिनी प्रदेशको प्रदेश सभा नियमावलीको नियमा ६० मा मन्त्रिपरिषद, सरकारी वा गैरसरकारी निकायको निर्णयको कुनै कारणले सम्बन्धित प्रदेशभित्र बसोबास गर्ने नेपाली नागरिकलाई मर्का परेको विषय खुलाई कम्तीमा एक सय जना व्यक्तिको हस्ताक्षर सहित दिएको आवेदनपत्रलाई तीन जना सदस्यले प्रमाणित गरी प्रस्तावको रुपमा पेश गर्न सक्ने नयाँ र लोकतान्त्रिक व्यवस्था गरिएको छ ।

प्रदेश सभाका लागि आवश्यक सभा हल, विषयगत समितिहरू, संसदीय दलका कार्यालयहरू र पुस्तकालय जस्ता संरचनाहरूको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्न सचिवायलको आवश्यकता पर्ने हुनाले संविधानको धारा १९५ ले प्रदेश सभा सचिवालय र सचिवको व्यवस्था गरेको छ । सोही बमोजिम प्रदेश सभा सचिवायल सम्बन्धी ऐन, २०७५ बनी सचिवायलयको स्थापना तथा प्रदेश सभा सचिवको नियुक्ति भईसकेको छ । तत्कालीन अवस्थामा संघीय सरकारको सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी तेरिज बमोजिम यस सचिवालयमा सचिवको नेतृत्वमा ३६ जना कर्मचारीहरू रहने व्यवस्था छ । यस बाहेक सेवा करारका र माननीय पदाधिकारीहरू तथा सदस्यज्यूहरूका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरूबाट पनि सचिवालयमा सहयोग पुगिरहेको छ ।

## २.२ दीर्घकालीन सोच

जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश सभा ।

## २.३ उद्देश्य

प्रदेश सभालाई जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित बनाई कानून निर्माण तथा संसदीय निगरानी प्रकृयालाई प्रभावकारी बनाउने ।

## २.४ रणनीतिहरु

- प्रदेश सभामा प्रस्तुत विधेयकहरुलाई घनिभूत छलफल गरेर पास गर्ने ।
- संसदिय गतिविधिहरुलाई सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने ।
- संसदमा बाह्य पहूँचका लागि विभिन्न कार्यक्रमहरु गर्ने ।
- संसदीय अनुगमनलाई तिव्रता दिने ।
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुलाई क्षमता अभिवृद्धि तालिम तथा अध्ययन अनुसन्धान र भ्रमणको व्यवस्था मिलाउने ।
- प्रदेश सभा सचिवालयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- संसदिय गतिविधिलाई अनुशासित र मर्यादित बनाउन मर्यादापालन तथा सुरक्षाको व्यवस्था गर्ने ।

## २.५ कार्यक्षेत्र

- नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी आफ्नो कार्य सञ्चालन गर्ने,
- लुम्बिनी प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ बमोजिमको कार्यक्षेत्र,
- प्रदेश सभा नियमावली, २०७४ बमोजिमको कार्यक्षेत्र,
- संवैधानिक प्रावधान अनुसार प्रदेश सभालाई ऐन कानून तथा नीति कार्यक्रम सम्बन्धी निर्णय गर्न सहयोग गर्ने,
- जनताका सरोकारका विषयहरुमा छलफल गर्ने,
- प्रदेश सभाको बैठकको सुव्यवस्था कायम राख्न र अन्य कामकारवाही नियमित एवम् प्रभावकारी बनाउने ।
- प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी तथा प्रदेश सरकार र मातहतका निकायहरूको संसदीय निगरानी सम्बन्धी कार्यमा सहयोग गर्ने,
- प्रदेश सभाको काम कारवाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवस्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,

- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभामा परम्परागत तथा विद्युतीय दुबै प्रकारका पुस्तकालय र संवाद केन्द्रको संचालन गर्ने ।
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने,
- प्रदेश सभालाई मर्यादित बनाउन अन्य कार्य गर्ने ।

## २.६ कानूनी तथा नीतिगत व्यवस्थाहरु

- नेपालको संविधान को भाग ५ धारा ५६ उपधारा १ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूलसंरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको।
- नेपालको संविधान को भाग ५ धारा ५६को उपधारा ३ ले संविधानको अनुसूची ४ बमोजिमका १२ वटा जिल्ला रहने गरी प्रदेशको ५ नं प्रदेशको व्यवस्था गरेको ।
- नेपालको संविधान को भाग ५ धारा ५७ को उपधारा २,३ र ५ मा अनुसूची ६,७ र ९ बमोजिम प्रदेशको अधिकार सूची, संघ र प्रदेशको साझा अधिकार सूची र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था गरेको ।
- नेपालको संविधान को भाग १४ धारा १७५ मा एक सदनात्मक प्रदेश सभा र धारा १७६ मा प्रदेश सभा गठन सम्बन्धी व्यवस्था गरेको ।
- नेपालको संविधान को भाग १४ धारा १८२ प्रदेश सभा बैठक सञ्चालनका लागि सभामुख र उपसभामुखको व्यवस्था गरेको ।
- नेपालको संविधान को भाग १४ धारा १९३ माप्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभा निमावली बमोजिम आवश्यकता अनुसार समिति तथा विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेको ।
- नेपालको संविधान को भाग १४ धारा १९४ मा प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, समितिहरुको गठन, काम कारवाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्नका लागि नियमावली बनाउनु पर्ने व्यवस्था गरेको छ ।
- नेपालको संविधान को भाग १४ धारा १९५ मा प्रदेश सभा सचिवालय र प्रदेश सभा सचिवको नियुक्ती सम्बन्धी व्यवस्था गरेको ।
- नेपालको संविधान को भाग १५ धारा १९८ विधेयक प्रदेश सभामा पेश गर्नु पर्ने व्यवस्था रहेको र पारित गर्नुपर्ने व्यवस्था रहेको साथै धारा २०२ मा अध्यादेश प्रदेश सभामा पेश गर्ने र पारित गर्ने सम्बन्धी व्यवस्था रहेको ।
- प्रदेश सभाको काम, कारवाहीहरुलाई सुचारी रुपल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ रहेको ।

- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुलाई आवश्यक सेवा सुविधाहरु उपलब्ध गराउन प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७७ रहेको ।
- प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र प्रदेश सभाका पदाधिकारीहरुको व्यवस्था गरी प्रदेश सभाका काम कार्यहरुलाई नियमित गर्न नियमित गर्न प्रदेश सभा नियमावली, २०७४ कार्वान्वयनमा रहेको ।

## २.७ संगठन संरचना तथा जनशक्ति विवरण

तालिकानं.-१ दरबन्दी र पदपूर्तिको अवस्था (मातहत कार्यालय समेत)

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिवालय सचिव | संसद | | रा.प.प्र. | १ | १ | ० |
| २ | उपसचिव | प्रशासन | सामान्य प्रशासन | रा.प.द्वि. | २ | ० | २ |
| ३ | उपसचिव | न्याय | कानून | रा.प.द्वि. | १ | ० | १ |
| ४ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृ. | ४ | २ | २ |
| ५ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृ. | १ | १ | ० |
| ६ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृ. | १ | ० | १ |
| ७ | कम्प्युटर अधिकृत | विविध | | रा.प.तृ. | १ | ० | १ |
| ८ | प्रहरी निरिक्षक | नेपाल प्रहरी | - | - | १ | १ | ० |
| ८ | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अन.प्रथम. | ७ | ५ | २ |
| ९ | कम्प्युटर अपरेटर | विविध | | रा.प.अन.प्रथम. | १ | १ | ० |
| १० | ईलेक्ट्रिसियन | ईन्जिनियरिङ | ईलेक्ट्रिकल | रा.प.अन.प्रथम. | १ | १ | ० |
| ११ | माईक सञ्चालक | विविध | | रा.प.अन.प्रथम | २ | १ | १ |
| १२ | सहायक लेखापाल | प्रशासन | लेखा | रा.प.अन.द्वि | १ | १ | ० |
| १३ | मर्यादापालक | नेपाल प्रहरी | - | - | ६ | ६ | ० |
| १३ | ह.सा.चा. | - | - | श्रेणी विहिन | ३ | ३ | ० |
| १४ | का.सं. | - | - | श्रेणी विहिन | ३ | ३ | ० |
| जम्मा | | | | | ३६ | २६ | १० |

### २.८ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"
- "सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"
- "प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"
- "प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"
- वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
- आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

### २.९ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुदा न | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्थ |
|---|---|---|
| | नीति तथा कार्यक्रममा उल्लेख नभएको । | |

### २.१० वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब.ब.बुदा न | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| | बजेट बक्तव्यमा उल्लेख नभएको । | |

### २.११ आर्थिक वर्ष २०७८/०७९को असार मसान्त सम्म मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | - | - |
| ३ | नेपाल सरकार समपूरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | २७००४३ | १६७७६४.४२ |

## २.१२ बेरुजु फछ्यौटको विवरण

| क्र. सं. | बेरुजुको प्रकृति | बेरुजु रकम | आ.ब. २०७८/०७९ मा फछ्यौंट रकम | फछ्यौंट प्रतिशत | फछ्यौंट हुन बाकी भएको रकम |
|---|---|---|---|---|---|
| १ | नियमित गर्ने | १२०१४.४८३ | ० | ० | १२०१४.४८३ |
| २ | असुल गर्ने | ३३.२४ | २८.२४ | ८४.९५ | ५ |

## २.१३ आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित बजेट तथा बित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | असार सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १९६९८२ | १४७८३३.०३ | ७५.०५ |
| पुंजीगत | ७३०६१ | १९९३२.८ | २७.२८ |
| **जम्मा** | **२७००४३** | **१६७७६४.४२** | **६२.१३** |

## २.१४ आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगती | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सूचना प्रविधि (अडियो सिस्टम, एच डि स्टुडियो, कम्प्युटर नेटवर्किङ, भर्वेटिम सिस्टम आदि) सम्बन्धी न्यु भर्जन रिफ्रेसिङ तालिम | १ | २५० | १ | १३ | ३३ | १३ |
| २ | प्रदेश सभाका महत्वपूर्ण बैठकहरु टिभिमा प्रत्यक्ष प्रसारण गर्ने | ४ | २४० | ४ | १०० | २४० | १०० |
| ३ | सभा र समितिको गतिविधि समेट्ने रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण | ४५ | १९८० | ३३ | ३३ | १४५० | ७३.३२ |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगती | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ४ | सभा र समितिको गतिविधि समेट्ने टिभी कार्यक्रम उत्पादन तथा प्रसारण | ५२ | ३५१० | ५२ | १०० | ३५०० | १०० |
| ५ | प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम | १ | १००० | १ | १०० | ३३९ | ३३.९० |
| ६ | प्रदेश सभाका सभामुख र उपसभामुखको अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण | २ | ६०० | ०२ | १०० | ६०० | १०० |
| ७ | स्थापना दिवसको अवसरमा संसदीय मामिला पत्रकार समाज मार्फत अन्तरक्रिया | १ | १०० | ० | ० | ० | ० |
| ८ | प्रदेश सभाका पदाधिकारीहरुको पत्रकारहरुसंग अन्तरक्रिया कार्यक्रम | १ | ४०० | ० | ० | ० | ० |
| ९ | नयाँ वर्षको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम | १ | २०० | १ | ०५५ | १३२ | ०६६ |
| १० | संसदीय मामिला पत्रकार समाजलाई क्षमता अभिवृद्धि तालिम कार्यक्रम प्रदान | १ | ५०० | १ | १०० | ५०० | १०० |
| ११ | संवाद केन्द्रमा विज्ञहरुसंगको अन्तरक्रिया | ३ | ३६० | ० | ० | ० | ० |
| १२ | संसदीय मामिला पत्रकार समाज बुटवललाई अध्ययन प्रतिवेदन प्रकाशन गर्न चालु अनुदान | १ | ५०० | १ | ५०० | ५०० | १०० |
| १३ | Compounding Works Including Entry and Exit Gate With Guard House and Four Numbers of Sentry Post at New Assembly Hall | १ | ३८०० | ० | ० | ० | ० |
| १४ | Construction of Parking Shade | १ | १३०० | ० | ० | ० | ० |
| १५ | जेनेरेटर शेड निर्माण | १ | ५०० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगती | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १६ | Utility Water Supply System | १ | ३०० | ० | ० | ० | ० |
| १७ | Interior Decoration in New Assembly Hall | १ | २००० | ० | ० | ० | ० |
| १८ | Acoustic Treatment in New Assembly Hall | १ | ७५०० | ० | ० | ० | ० |
| १९ | Different Existing Structures Renovation for Secretariat, Parliamentary Parties Office, Parliamentary Committees and Library cum Dialog Center | १ | ८००० | ० | ० | ० | ० |
| २० | प्रदेश सभा र सचिवालयका अप्राविधिक कर्मचारीलाई क्षमता अभिवृद्धि ( लेखापालन, पुस्तकालय व्यवस्थापन, जिन्सी व्यवस्थापन, सार्वजनिक खरिद, विधेयक निर्माण चक्र, कार्यालय व्यवस्थापन आदि ) सम्बन्धी रिफ्रेसिङ तालिम | १ | ३७५ | ० | ० | ० | ० |
| २१ | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सूचना प्रविधि ( अडियो सिस्टम, एच डि स्टुडियो, कम्प्युटर नेटवर्किङ, भर्बेटिम सिस्टम आदि ) सम्बन्धी न्यु भर्जन रिफ्रेसिङ तालिम । | १ | १२५ | ० | ० | ० | ० |
| २२ | प्रदेश सभाले गरेको कार्यको चौमासिक समीक्षा प्रेस मिट | ३ | १५० | ० | ० | ० | ० |
| २३ | स्थानीय तहको मत संकलन प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १ | १०० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगती | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| २४ | संसदीय कार्यप्रक्रिया र कार्यपद्धतिको अन्तरप्रदेश संघीय अध्ययन अनुसन्धान र अवलोकन कार्यक्रम | २ | ८०० | २ | १०० | ७९२ | ९९ |
| २५ | Construction of Sachiwalaya Building | १ | १०००० | १ | १०० | ८८३०० | ८८.३३ |

## २.१५ आर्थिक वर्ष २०७८/०७९ को राजस्व संकलनको विवरण

*(रु. हजारमा)*

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १५१११ | | ९६ | ९६ |
| २ | १४२२९ | | ५.२ | ८ |
| जम्मा | | | १०१.२ | १०४ |

## २.१६ विकास आयोजना तथा कार्यक्रमरुबाट सिर्जित रोजगारीको विवरण

नभएको ।

## २.१७ समस्या/कठिनाई(यदि भए)

नभएको ।

## २.१८ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नु पर्ने कदम (प्रस्तावित)

नभएको ।

## २.१९ अन्य/विविध (अर्धवार्षिक प्रतिवेदनमा समेट्ने उपयुक्त देखिएका अन्य कुनै विवरण)

नभएको ।

# परिच्छेद-३
# प्रदेश लोक सेवा आयोग

## ३.१ पृष्ठभूमि

नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी संवैधानिक व्यवस्था रहेको छ । यसै संबैधानिक व्यवस्था अनुरुप लुम्बिनी प्रदेशले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ प्रदेश सभाबाट पारित गराई कार्यान्वयनमा ल्याइसकेको छ । उक्त ऐनको दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय लुम्बिनी प्रदेशको मुकाम बुटवलमा स्थापना भई सञ्चालनमा आएको छ । प्रदेश लोक सेवा आयोग प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सदृढ र सेवामुखी बनाउनका लागि गठन भएको हो । यसै गरी प्रदेश स्तरमा उल्लेखित सेवाका विभिन्न सेवा समूहका पदहरुमा उपयुक्त जनशक्तिलाई आकर्षित गर्ने, परीक्षा संचालन गरी सिफारिस गर्ने सम्मका कार्यमा निष्पक्षता, तटस्थता र योग्यता कायम गरि जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारलाई सहयोग गर्ने उद्देश्यले प्रदेश लोक सेवा आयोग क्रियाशिल रहेको छ ।

## ३.२ दीर्घकालीन सोच

प्रदेश सरकारको दिर्घकालीन सोच **"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"** अनुरुप लुम्बिनी प्रदेशमा गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने साथै प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग गर्ने ।

## ३.३ उद्देश्य

- प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरु सञ्चालन गर्ने ।
- परीक्षा पद्धतिमा सुधार गरी समसामयिक एवं वैज्ञानिक प्रणाली अवलम्बन गर्ने ।
- सेवा प्रवाहसँग सम्बन्धित समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनोट गर्ने ।
- लोक सेवाका मुलभूत मान्यता योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।
- प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्ने ।
- तोकिएका विषयमा सम्बन्धित निकायलाई परामर्श दिने ।

## ३.४ रणनीतिहरु

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६१ र ६२ मा व्यवस्था भए बमोजिम निर्माण गरिएका आयोगको नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाको कार्यान्वयन तथा अद्यावधिक गर्दै जाने ।
- आयोगको लागि आवश्यक हुने विभिन्न विषय क्षेत्रका विज्ञको रोस्टर सूची तयार तथा अद्यावधिक गर्दै जाने ।
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न तहका पदको पाठयक्रम निर्माण र अद्यावधिक गर्दै जाने ।
- आयोगको भौतिक पूर्वाधार, जनशक्ति र प्रविधिको विकास गर्दै आयोगको सक्षमता वृद्धि गर्ने ।
- लोक सेवा आयोगका मूलभूत मान्यता, योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।
- गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम, चरित्रवान र सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने जनशक्ति छनोट गर्ने।
- प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरुलाई सुशासन प्रवर्द्धनका लागि सहयोग गर्ने ।

## ३.५ कार्यक्षेत्र

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ मा उल्लेख भए बमोजिम यस आयोगको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन् ।

- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने ।
- संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने ।
- प्रदेश निजामती सेवाको शर्त सम्बन्धी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने ।

➢ कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने ।

➢ आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्नु पर्ने विषयमा र प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिने ।

## ३.६ संगठन संरचना तथा जनशक्ति विवरण




## आयोगको संगठन संरचना

तालिका नं.-१.१ दरबन्दी र पदपूर्तिको अवस्था (मातहत कार्यालय समेत)

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरबन्दी | पदपूर्ति संख्या | रिक्त दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | सा.प्रशासन | एघारौं | १ | १ | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | अधिकृत | प्रशासन | सा.प्रशासन | नवौं/दशौं | २ | १ | १ |
| ३ | अधिकृत | प्रशासन | सा.प्रशासन | सातौं/आठौं | ४ | १ | ३ |
| ४ | कम्प्युटर ईन्जिनियर | विविध | विविध | सातौ/आठौं | १ | - | १ |
| ५ | अधिकृत | न्याय | कानुन | सातौ/आठौं | १ | - | १ |
| ६ | अधिकृत | शिक्षा | शिक्षा प्रशासन | सातौ/आठौं | १ | - | १ |
| ७ | सहायक/अधिकृत | प्रशासन | सा.प्रशासन | पाचौं/छैठौं | ९ | ६ | ३ |
| ८ | सहायक/अधिकृत | विविध | विविध | पाचौं/छैठौं | २ | १ | १ |
| ९ | सहायक/अधिकृत | प्रशासन | लेखा | पाचौं/छैठौं | १ | १ | - |
| १० | ह.स.चा. | | | श्रेणी विहीन | ४ | ३ | १ |
| ११ | का.स. | | | श्रेणी विहीन | ४ | ४ | - |
| **जम्मा** | | | | | **३०** | **१८** | **१२** |

### ३.७ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६
- प्रदेश लोक सेवा आयोग (कार्य संचालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचारसंहिता, २०७६
- प्रदेश लोक सेवा आयोग बैंठक सञ्चालन कार्यविधि, २०७६
- परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु
- प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तह बिहिन, वन रक्षक पदको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षाको लागि आवश्यक जनशक्ति, कार्य चरण तथा खर्च व्यवस्थापन मापदण्ड, २०७८

### ३.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नि.का.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २३७ | प्रदेश तथा स्थानीय तहमा आवश्यक कानून तर्जुमा गरी प्रदेश लोक सेवा आयोगमार्फत जनशक्ति भर्ना प्रकृया शुरु गरिनेछ | लक्ष्य कार्यन्वयन भईरहेको । |

### ३.९ वार्षिक बजेट बक्तव्यको प्रगति विवरण

| ब.व. को बुँदा नं | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २३७ | प्रदेश तथा स्थानीय तहमा आवश्यक कानून तर्जुमा गरी प्रदेश लोक सेवा आयोगमार्फत जनशक्ति भर्ना प्रकृया शुरु गरिनेछ । | सहायकस्तर पाँचौं र चौथो तह तथा वन रक्षक पदको विज्ञापन प्रकाशन गरी जम्मा १२३ पदपूर्ति भएको । |

### ३.१० बेरुजु फर्छ्यौटको विवरण

| क्र. सं. | बेरुजुको प्रकृति | बेरुजु रकम | आ.व.२०७८/०७९ मा फर्छ्यौट बेरुजु | फर्छ्यौट प्रतिशत | फर्छ्यौट हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | ८६,६७०।- | - | - | ८६,६७०।- | धरौटी फिर्ता |
| २ | अनियमित देखिएको | ७९,८३०।- | - | - | ७९,८३०।- | प्रदेश सचिव सुविधा |
| ३ | अशुल उपर गर्नु पर्ने | १२,६१२।- | - | - | १२,६१२।- | |

### ३.११ बजेट वक्तव्यको वार्षिक प्रगति विवरण

**(रु. हजारमा)**

| बजेट शीर्षक | वार्षिक विनियोजित बजेट | वार्षिक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ४६२५३ | ४१७७९.५४ | ९०.३२% |
| पूँजीगत | ४७९५ | ४६६४.६६ | ९७.२८% |
| संचित कोष | ३७७९ | २९५५.४० | ७८.२०% |
| जम्मा | ५४८२७ | ४९३९९.६० | ९०.१०% |

### ३.१२ आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको वार्षिक प्रगतिको विस्तृत विवरण

**(रु. हजारमा)**

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च %मा |
| चालु तर्फ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालयको लागी आवश्यक पुस्तक खरिद गर्ने | १ | १०० | १ | १००% | ९९.९८ | ९९.९८% |
| २ | सिप विकास सम्बन्धी कार्यक्रम | १ | १३५ | १ | १००% | १३४.२० | ९९.४०% |
| ३ | नियम कानुन तर्जुमा तथा अद्यावधिक सम्बन्धी कार्यहरु | १ | १०० | १ | १००% | १०० | १००.००% |
| ४ | बुलेटिन तथा ब्रोसर तथा पुस्तक प्रकाशन | १ | ३०० | १ | १००% | २९९.८२ | ९९.९४% |
| ५ | पाठ्यक्रम निर्माण एवं परिमार्जनका कार्यहरु | ३ | ३०० | १ | ३३.३३ % | ९३.८० | ३१.२६% |
| ६ | संघीय तथा अन्तरप्रदेश लोक सेवा आयोगबीच अनुभव आदान प्रदान सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | १ | ४०० | १ | १००% | २८०.१८ | ७०.००% |
| ७ | प्रदेश लोक सेवा आयोगको स्थापना दिवश मनाउने | १ | १०० | १ | १००% | ६१.५५ | ६१.५५% |
| ८ | परीक्षा संचालन सम्बन्धी पारिश्रमिक दररेट २०७६ बमोजिमका खर्चहरु | १ | २८५०० | १ | १००% | २६७५०.७४ | ९३.८६% |

| पुँजिगत तर्फ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | मोटरसाइकल /स्कुटर खरिद | १ | २५० | १ | १००% | २४४.९० | ९७.९६% |
| २ | Digital Display Board with LCD TV खरिद | १ | ३०० | १ | १००% | २९४.५० | ९८.१६% |
| ३ | कार्यालयका लागी आवश्यक मेसिनरी औजार खरिद | १ | ८०० | १ | १००% | ७९६.७५ | ९९.५९% |
| ४ | क्यामेरा खरिद | १ | १०० | १ | १००% | ९८.०० | ९८.००% |
| ५ | कार्यालयको लागी OMR Machine खरिद | १ | २३४५ | १ | १००% | २२३१.१८ | ९५.१५% |
| ६ | कार्यालयको लागी आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | १ | १००० | १ | १००% | ९९९.३३ | ९९.९९% |

### ३.१३ आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रदेश रावस्व संकलनको विवरण अनुमान

**(रु. हजारमा)**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | परीक्षा दस्तुर | २४८८७ | २४८८७ | १०० | - |

## ३.१४ आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- ❖ आयोगको कार्य सम्पादन गर्न आवश्यक कानूनी आधार तयार गरेको ।
- ❖ आयोगले आफ्नो काम, कर्तव्य र अधिकार तथा कार्य प्रकृया एवं भावी कार्यदिशा र कर्मचारी व्यवस्थापन सम्बन्धी अन्तक्रियात्मक कार्यक्रम प्रदेशभित्रका १२ वटै जिल्लाहरुमा संचालन गरेको ।
- ❖ आयोगको दोस्रो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गरेको ।
- ❖ आयोगले आफ्नो कार्यसम्पादनको लागि विज्ञहरुको रोष्टर तयार र अध्याविक गरिरहेको ।
- ❖ आयोगले प्रदेश निजामती र स्थानीय सरकारी सेवामा कर्मचारी पदपूर्तिका लागि विभिन्न सेवा समूहका गरी ७१ वटा पाठ्यक्रम निर्माण गरिसकेको ।
- ❖ प्रदेश निजामती सेवातर्फ वन रक्षक पदको विज्ञापन प्रकाशित गरिएकोमा ६०८६० जनाको दरखास्त स्वीकृत भएकोमा पहिलो चरणको परीक्षामा २२८८० जना सहभागी भएकामा पहिलो चरणको परीक्षमा ११५४३ जना परीक्षामा सफल भएका दोस्रो चरणको परीक्षामा ९४०८ जना सहभागी भएका मध्ये १०६ जनाको छनौट गरी  सिफारिस गरीएको।
- ❖ सहायक पाँचौ तहको विज्ञापन प्रकाशित गरिएकोमा ३३०८ जनाको दरखास्त स्वीकृत भएकोमा पहिलो चरणको परीक्षामा १८३४ जना सहभगी भएकोमा ६ जना छनौट गरि सिफारिस गरिएको ।
- ❖ सहायक चौथो तहको विज्ञापन गरिएकोमा ४२८७ जनाको दरखास्त स्वीकृत भएकोमा पहिलो चरणको परीक्षामा २२५३ जना सहभागी भएकोमा ११ जना छनौट गरि सिफारिस गरिएको ।
- ❖ आयोगले संचालन गर्ने परीक्षाको विज्ञापन Online बाटै दरखास्त दिने प्रयोजन तथा आयोगका अभिलेखलाई व्यवस्थित गर्ने उद्देश्यले आयोगको वेवसाइट निर्माण गरिएको ।
- ❖ प्रविधि मैत्री परीक्षा प्रणाली अपनाउनको लागि OMR मेसिन खरिद गरिएको ।
- ❖ प्रयोगात्मक सीप परीक्षणको लागि ११ सिट सहितको कम्प्युटर  ल्याव स्थापना गरेको ।
- ❖ Digital Display Board निर्माण भएको, सभा हलमा प्रविधि मैत्री LCD TV जडान गरिएको ।
- ❖ वार्षिक बजेट र कार्यक्रम अनुसार नै आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने अभिमुखीकरण कार्यक्रम संचालन गरेको ।
- ❖ प्रदेश मन्त्रालयहरु, सचिवालय, आयोग तथा कार्यालयहरुसँग जनशक्तिको अवस्थाबारे छलफल गरिएको ।
- ❖ आयोगबाट संचालित हुने परीक्षाको प्रयोजनका लागि Digital Duplicator मेसिन खरिद गरिएको ।
- ❖ विभिन्न कार्यक्रम गरी आयोगको दोस्रो वार्षिक स्थापना दिवस-२०७८ मनाइएको ।

## ३.१५ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु

- ➢ संघीय तथा प्रदेश निजामती सेवा ऐन, नियमहरु निर्माण हुन बाँकि रहेकाले आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम पदपूर्तिको काम गर्न कठिनाई भईरहेको ।

- आयोगको भौतिक संरचना, सवारी साधन, मेसिनरी औजारको कमी ।
- दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति नभएको ।

### ३.१६ समस्या समाधानका लागि चालिएका कदमहरु

- प्रदेश निजामती कर्मचारी ऐन निर्माण कार्यमा तदारुकता गरिदिन सम्बन्धित निकायसँग अनुरोध गरिएको
- आयोगको संगठन संरचना स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गरिएको ।
- प्राप्त बजेट बमोजिमको सवारी साधन तथा मेसिनरी साधन समेतका पुर्वाधारको व्यवस्थाका लागि प्रदेश सरकारसँग माग भईरहेको
- प्रदेश सरकार र स्थानीय तहसंग अन्तरक्रिया गोष्ठीको माध्यमबाट प्रदेश तथा स्थानीय स्तरमा कर्मचारी व्यवस्थापन तथा आयोगको कार्य प्रकृया सम्बन्धमा जानकारी गराउने, छलफल गर्ने र सुझाव लिने दिने काम भईरहेको ।
- विभिन्न समस्याहरु र चुनौतिहरुलाई समाधन गर्न आयोगको जनशक्ति र स्रोत साधनको अत्युतम उपयोग गरिएको ।

### ३.१७ आगामी कार्य दिशा

- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका रिक्त पदहरुको पदपूर्ति, बढुवा र विभागीय कारवाही सम्बन्धी जिम्मेवारी लोक सेवा आयोगको मुल्य मन्यता कायम राख्दै आयोगको साख वृद्धि गर्ने ।
- आयोगलाई आवश्यक जनशक्ति र भौतिक साधन श्रोतको समुचित प्रबन्ध गर्ने ।
- सेवा समूहको पदमा काम गर्न सहयोग पुऱ्याउने समय सापेक्ष पाठ्यक्रम तर्जुमा गर्ने ।
- आयोगबाट लिइने परीक्षालाई प्रभावकारी बनाउन विज्ञ समूहको सूची (रोष्टर) अध्यावधिक गर्ने।
- आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम परीक्षा संचालन गर्ने ।
- बजारमा उपलब्ध दक्ष जनशक्तिलाई लोक सेवा आयोगको परीक्षामा आकर्षित गर्ने ।
- लोक सेवाका मुलभूत मान्यता योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।
- चुस्त, दुरुस्त, गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनौट गर्दा प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय सरकारलाई सुशासनका लागि सहयोग गर्दै **"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"**लाई साकार बनाउन निरन्तर प्रयत्नशील रहने ।

### ३.१८ निष्कर्ष

नेपालको संविधानमा उल्लेखित एवं ऐनमा भएको व्यवस्था बमोजिम लुम्बिनी प्रदेश र यस अन्तर्गतका स्थानीय तहमा आवश्यक जनशक्ति भर्ना गर्दा दक्ष जनशक्तिलाई आकर्षण गरि निष्पक्षता एवं योग्यता प्रणाली अनुरुप वैज्ञानिक रुपमा परीक्षा संचालन देखि सिफारिस सम्मका कार्यमा नविन सोच सहित आयोगका काम कारवाहीमा प्रभावकारीता ल्याउन आयोग सदैव प्रयत्नशिल रहेको छ । आगामी दिनमा प्रदेश सरकार सँगको सहकार्यमा आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम रिक्त दरबन्दी पदपूर्तिका कार्यमा आयोग केन्द्रित रहनेछ ।आयोगको ऐन, नियमावली, निर्देशिका, आचारसंहिता निर्माणको कार्य गरिसकेको छ । त्यसै गरी विज्ञहरुको रोष्टर तयार गरिसकिएको छ । प्रदेश सरकार र मन्त्रालयहरु र कार्यालयहरु एवं स्थानीय तहहरुसँग निरन्तर अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ । विभिन्न पदहरुलाई चाहिने शैक्षिक योग्यताको बारेमा छलफल भएको छ । वेवसाइट निर्माण गर्ने कार्य प्रकृया अगाडि बढेको छ । आयोगको बुलेटिन र ब्रोसर प्रकाशन गर्ने कार्य सम्पन्न गरिएको छ । विभिन्न पदका लागि चाहिने ७१ वटा पाठ्यक्रम निर्माण गर्ने काम सम्पन्न भै सकेको छ । माग बमोजिम पदपूर्तिका लागि परीक्षाहरु सञ्चालन गर्न पूर्वाधार तयार गर्ने काम आयोगले गरिसकेको छ । अत आयोग आगामी दिनमा कर्मचारी भर्ना प्रकृयाका लागि सम्बन्धित निकायसँगको परामर्शमा अगाडी बढ्ने नै छ । गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्नेछ । यसबाट प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग पुर्‍याई "**समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश**" को नारालाई सार्थक बनाउन आयोग सदैव प्रतिबद्ध रहेको छ ।

# परिच्छेद-४
# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

## ४.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ (१) ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधानको उक्त प्रावधान बमोजिम यस प्रदेशको गठन मिति २०७४।११।०३ गते भई प्रदेश सभा, प्रदेश मन्त्रिमण्डल र अन्य निकायहरूको गठन भएको छ । प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग र प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्न स्थापित प्रदेशको प्रमुख निकायको रुपमा यस कार्यालय रहेको छ । प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ को अनुसूची १ र २ मा हेरफेर बमोजिम यस प्रदेशमा यो कार्यालय समेत १३ वटा मन्त्रालयहरु रहेका छन् । उक्त कार्यविभाजन नियमावलीले निर्धारण गरेको प्रदेशमा रहने मन्त्रालयहरुको कार्यजिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य लगायतका जम्मा २९ वटा कार्यजिम्मेवारी तोकिएको छ ।

## ४.२ दीर्घकालीन सोच

संविधान बमोजिम प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग र प्रदेशको समृद्धि तथा प्रदेश वासीको खुसीका निमित्त अनुकूल वातावरण तयार गर्ने उत्कृष्ट निकाय ।

## ४.३ ध्येय

प्रदेशको सार्वजनिक नीति तर्जुमा तथा निर्णय प्रक्रियालाई तथ्यपरक तथा नतिजामूलक बनाउनु र माननीय मुख्यमन्त्रीलाई कर्तव्य र जिम्मेवारी समयमै, दक्षतापूर्ण एवम् प्रभावकारी हिसाबले बहन गर्न सहयोग गर्नु ।

## ४.४ लक्ष्य

- प्रदेश सरकार (मन्त्रिपरिषद्)का निर्णयहरुलाई तथ्यपरक एवम् कानूनसम्मत गराउन व्यवस्थित तरिकाले तथ्य तथा सूचनामा आधारित प्रस्तावहरु तयार गर्नु, गराउनु ।
- प्रदेश अन्तर्गतका निकायहरुको कार्यप्रक्रिया तथा सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गर्नु ।
- प्रदेशको समृद्धिका लागि विकास योजना, कार्यक्रम तथा आयोजनाको तर्जुमा तथा कार्यान्वयन हुने वातावरण सृजना गर्नु र विकास नतिजा हासिल गर्न समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नु ।

## ४.५ उद्देश्य

- प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरुलाई तथ्यपरक एवम् नतिजामूलक बनाउनु,
- प्रदेश सरकारका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, गराउनु,
- प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममूखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
- सदाचारिताको प्रवर्द्धन, प्रभावकारी कानूनी व्यवस्था एवम् शून्य सहनशीलतामार्फत भ्रष्टाचार नियन्त्रण गर्नु,
- प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,
- विकास निर्माण कार्यलाई समन्वयात्मक रुपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारीतामार्फत नतिजामूलक बनाउनु,

## ४.६ रणनीति

- प्रदेश सरकारका नीति, निर्णय प्रक्रियालाई आवश्यक सूचना तथा तथ्याङ्क व्यवस्थित रुपमा उपलब्ध गराइनेछ,
- नीति एवम् निर्णय प्रक्रियालाई विश्वसनीय बनाउन सहभागितामूलक पद्धति अवलम्बन गरिनेछ,
- विद्युतीय शासन प्रणालीको विकास एवम् बिस्तार गरिनेछ,
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी बनाउन संस्थागत सुदृढीकरण गरिनेछ,
- जनआकांक्षा र जनगुनासो व्यवस्थापन प्रणालीको विकास गरिनेछ,
- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याँकनलाई नतिजामूलक एवम् प्रभावकारी बनाइनेछ,
- मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन हुने वातावरण सिर्जना गरिनेछ,
- मन्त्रालयहरु, प्रमुख विकास आयोजनाहरु, सेवा प्रदायक निकायहरु र अन्य निकायहरुमा कार्यसम्पादन सूचकमा आधारित नतिजामूलक व्यवस्थापन पद्धति लागू गरिनेछ,
- भौतिक पूर्वाधार विकासमा प्रभावकारिता अभिवृद्धिका लागि सहकार्य, समन्वय र सहभागितामूलक विधि अवलम्बन गरिनेछ ।
- निर्णय निर्माण एवम् कार्यान्वयनमा सहजीकरण र एकरुपता कायम गर्न एकीकृत तथ्याङ्क पद्धतिको विकास गरिनेछ ।

### ४.७ कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ को अनुसूची १ र २ मा हेरफेर अनुसार यस कार्यालयको कार्यक्षेत्र निम्नानुसार रहेको छः-

| | |
|---|---|
| १. | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी |
| २. | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३. | प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सञ्चालन |
| ४. | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५. | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६. | प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन र मुल्याङ्कन |
| ७. | प्रदेश मन्त्रिपरिषद्का निर्णयको प्रमाणीकरण, कार्यान्वयन र अनुगमन |
| ८. | प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत नियम र आदेशको प्रमाणीकरण |
| ९. | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी, निर्देशन र समन्वय |
| १०. | मानव अधिकारको संरक्षण र प्रवर्द्धन |
| ११. | सुशासन, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार |
| १२. | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १३. | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४. | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १५. | अन्तरप्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध |
| १६. | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवं सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा, सुविधा सम्बन्धी |
| १७. | निर्वाचन कार्यमा सहयोग र समन्वय |

| | |
|---|---|
| १८. | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| १९. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| २०. | प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| २१. | प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २२. | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण |
| २३. | प्रदेश राजधानी व्यवस्थापन |
| २४. | प्रदेश योजना आयोग |
| २५. | प्रदेश पूर्वाधार विकास प्राधिकरण |
| २६. | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| २७. | अदालतको फैसला कार्यान्वयन |
| २८. | स्थानीय तहको पदाधिकारीको सेवा सुविधा, स्थानीय सेवा तथा कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी कानून तर्जुमा |
| २९. | प्रदेशको अधिकार क्षेत्रभित्र परी अन्य कुनै मन्त्रालयको कार्यविवरणमा नपरेको विषय |

## ४.८ संगठन संरचना तथा जनशक्ति विवरण

तालिका नं.१ दरबन्दी र पदपूर्तिको अवस्था

| क्र. स. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख सचिव | प्रशासन | | रा.प.विशिष्ट | १ | १ | ० |
| २ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | २ | १ | १ |
| ३ | प्रदेश सचिव | न्याय/कानून | | रा.प.प्रथम | १ | १ | ० |
| ४ | उप सचिव | प्रशासन | सा.प्र. | रा.प.द्वितीय/अधिकृत नवौं/दशौं | ७ | ३ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | उपसचिव | न्याय/कानून | | रा.प.द्वितिय | १ | ० | १ |
| ६ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | ८ | ५ | ३ |
| ७ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | १ | १ | ० |
| ८ | कम्प्युटर अधिकृत | विविध | | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | १ | ० | १ |
| ९ | स.पाचौं/अ.छैठौं | प्रशासन | सा.प्र. | रा.प.अनं.प्रथम/सहायक पाचौं/अधिकृत छैठौं | १० | ४ | ६ |
| १० | क.अपरेटर | विविध | | रा.प.अनं.प्रथम/सहायक पाचौं/अधिकृत छैठौं | ४ | ४ | ० |
| ११ | खरिदार | प्रशासन | सा.प्र. | रा.प.अनं.द्वितीय/स.चौथो/पाचौं | २ | २ | ० |
| १२ | स.ले.पा. | प्रशासन | लेखा | रा.प.अनं.द्वितीय/स.चौथो/पाचौं | १ | १ | ० |
| १३ | का.स. | | | श्रेणीविहिन | ७ | ७ | ० |
| १४ | ह.स.चा. | | | श्रेणीविहिन | ८ | ८ | ० |
| **जम्मा** | | | | | **५४** | **३८** | **१६** |

## ४.९ तयार भएका नीति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सूची

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| **ऐन** | | |
| १. | प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक | |
| **नियमावली** | | |
| १. | जग्गा एकिकरण सम्बन्धी नियमावली, २०७९ | |
| **कार्यविधि/निर्देशिका** | | |
| १. | आन्तरिक प्रर्यटन काज सम्बन्धी कार्यविधि, २०७८ | |
| २. | हेलो मुख्यमन्त्री कार्यक्रम सञ्चालन निर्देशिका, २०७८, | |
| ३. | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८, | |
| ४. | सेवाग्राही सन्तुष्टि सर्भेक्षण सम्बन्धी कार्यविधि, २०७८ | |
| ५. | लुम्बिनी प्रदेश वित्तीय सुशासन जोखिम मुल्यांकन कार्यविधि, २०७८ | |

## ४.१० वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८ | प्रदेशमा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने | प्रदेशको संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिम नयाँ स्थापित मन्त्रालय र कार्यालय सञ्चालनलाई मध्यनजर गर्दै उपलब्ध जनशक्तिको सरुवा र कामकाजको व्यवस्था गरिएको। संघीय सरकारबाट यस प्रदेशमा कामकाज गर्न इच्छुक जनशक्तिलाई सरुवा सहमति प्रदान गरी जनशक्ति उपलब्ध हुने व्यवस्था मिलाईएको।प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका सहायक पाँचौ, सहायक चौंथो र वनरक्षकहरुलाई विभिन्न मन्त्रालय तथा कार्यालयहरुमा पदस्थापन गरिएको । |
| १० | समन्वय, सहकार्य र सह अस्तित्वको संवैधानिक सिद्धान्तलाई आत्मसात गर्दै प्रदेश र स्थानीय तहहरु वीच समन्वयका लागि प्रदेश समन्वय परिषदको बैठक गरी स्थानीय तहसँगको समन्वय र सहकार्य थप सुदृढ गर्ने | प्रदेश समन्वय परिषदको पाँचौं बैठक सम्पन्न गरिएको। सो बैठकबाट भएका १४ वटा निर्णयहरु कार्यान्वयनमा ल्याइएको । |
| ६,६७ | प्रदेशको स्थायी राजधानी देउखुरी उपत्यका (राप्ती उपत्यका) मा राष्ट्रको गौरव र प्रदेशको पहिचान झल्कने गरी प्रदेश राजधानीको गुरू योजना तयार गरी प्रदेश राजधानी स्थल देउखुरी उपत्यकालाई नदी सभ्यतामा आधारित आधुनिक व्यवस्थित शहरको रूपमा विकास गर्ने | नदी सभ्यतामा आधारित आधुनिक राजधानी शहर निर्माणका लागि गुरुयोजना निर्माणका चरणमा विभिन्न सरोकारवालासँग प्रारम्भिक छलफल र पृष्ठपोषण लिने कार्य भैरहेको। प्रशासनिक संरचना निर्माणका लागि जग्गा प्राप्ति र ल्याण्ड पुलिङ्गका लागि समिति संरचना निर्माण गरी प्राप्त प्रतिवेदनका आधारमा जग्गा प्राप्तिका लागि नेपाल सरकारसँग समन्वय भैरहेको। नेपाल सरकारबाट रु. १ अर्ब बजेट प्राप्त गरिएको। प्रदेश स्थायी राजधानीमा भौतिक संरचना निर्माणको कार्य भैरहेको । |

### ४.११ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब.ब.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरी विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउने | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत गरी समन्वय इकाई गठन स्थापना गरिएको। १०९ वटै स्थानीय तहमा शैक्षिक सुधारका लागि कार्यक्रम सञ्चालन गरिएको। |

### ४.१२ आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको विवरणः

| क्र.सं. | श्रोत | प्राप्त रकम (समर्पण पछि) | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | १३३०१६०००/- | १०००९९८०४.५९ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ५५०४२०००/- | २७३४२३८४.५५ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | - | - |

### ४.१३ बेरुजु फछ्र्यौटको विवरणः

| क्र.सं. | बेरुजुको प्रकृति (लगति बेरुजु) | बेरुजु रकम | आ.व.२०७८/०७९ मा फछ्र्यौट भएको रकम | फछ्र्यौट प्रतिशत | फछ्र्यौट हुन बाँकी भएको रकम |
|---|---|---|---|---|---|
| १. | असुल गर्नुपर्ने | - | - | - | - |
| २. | नियमित गर्नुपर्ने | - | - | - | - |
| ३. | पेश्की बाँकी | - | - | - | - |

### ४.१४ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ५३१३८३ | ४३७४२४.१८ | ८२.३२ |
| पुँजीगत | २२८०० | २०८९२.४२ | ९१.६३ |
| जम्मा | ५५४१८३ | ४५८३१६.६० | ८२.७० |

### ४.१५ आ.व. २०७८/०७९ स्वीकृत वार्षिक कार्क्रमको वार्षिक प्रगति विवरण

**(रु. हजारमा)**

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | खर्च | खर्च % |
| १ | बैठक व्यवस्थापन र संचालन तथा मन्त्रिपरिषद्को निर्णयहरुको विद्युतीय अभिलेख व्यवस्थापन | | १५०० | | ९० | १२४२ | ८२.७९ |
| २ | कर्मचारी अध्ययन छात्रबृत्ति कार्यक्रम | | १००० | | | ० | ०.०० |
| ३ | प्रदेशस्तरका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण | | १४०० | | | ५१८ | ३७.०२ |
| ४ | प्रदेश सेवाका कर्मचारीहरुको अभिलेख व्यवस्थापन | | १५०० | ० | ० | ० | ०.०० |
| ५ | पुस्तकालय व्यवस्थापन र संचालन | | ५०० | | १०० | २६१ | ५२.१७ |
| ६ | दिवस समारोह तथा अन्य कार्यक्रम | | १५०० | | १०० | ९४७ | ६३.१५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | कर्मचारी तालिम तथा गोष्ठी (प्रमाणपत्र दिने/नदीने) | | २५०० | | २० | २८६ | ११.४५ |
| ८ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण | | १५०० | १ | २० | १६२ | १०.८ |
| ९ | प्रदेश समन्वय परिषद्को बैठक | | २००० | ० | ५० | ७२४ | ३६.२२ |
| १० | प्रदेश र स्थानीय तह बिच अन्तरक्रिया | | २१०० | | १०० | २०९५ | ९९.७५ |
| ११ | प्रदेश नतिजा सूचक तयारी | | १५०० | ० | १०० | ५७९ | ३८.५९ |
| १२ | स्थानीय तह, न्यायिक समिति र कानून निर्माण प्रक्रिया सहयोग कार्यक्रम | | २००० | ० | ७० | १३०५ | ६२.२५ |
| १३ | मानव अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्यक्रम | | १००० | ० | ३० | २२९ | २२.९ |
| १४ | गाउँसभा/नगरसभा सञ्चालन/कानून निर्माण र न्यायीक समितिको क्षमता विकास कार्यक्रम | | २००० | | ५० | ९२८ | ४६.४२ |
| १५ | प्रदेश सरकारका ऐन, नियम संग्रह अद्यावधिक गरी प्रकाशन | | १००० | | १०० | ९६३ | ९६.३४ |
| १६ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | | ५००० | | १०० | ५००० | १०० |
| १७ | कर्मचारीहरु तथा पदाधिकारीहरुको स्वास्थ्य बीमा कार्यक्रम | | ५०० | | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | प्रदेश सरकारबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन | | १५०० | | ० | ० | ० |
| १९ | प्रदेशको विकास व्यवस्थापन सम्बन्धमा विदेशी तथा स्वदेशी संघ संस्था, व्यक्ति र पदाधिकारी बीच अन्तर्क्रिया | | ३००० | | १०० | १६६३ | ५५.४५ |
| २० | व्यवस्थापन परीक्षण | | १००० | | ० | ० | ० |
| २१ | मुख्यमन्त्री संचार सबलीकरण कार्यक्रम | | २००० | ० | ६० | ९५३ | ४७.६५ |
| २२ | हेल्लो मुख्यमन्त्री कार्यक्रम | | २००० | ० | ० | ५६५ | २८.२६ |
| २३ | प्रदेश मन्त्रालय/कार्यालयमा कार्यरत कर्मचारीका लागि अध्ययन तथा असल अभ्यास/सिकाई सम्बन्धी अवलोकन भ्रमण | | २००० | | १०० | १९९९ | ९९.९९ |

*(स्रोतः आन्तरिक प्रशासन शाखा)*

### ४.१६ आर्थिक वर्ष २०७७/०७८ को राजस्व संकलनको विवरण

| क.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२९ | - | १७००० | - |
| २ | १४२२४ | - | ४४६०० | - |
| ३ | १५१११ | | ८४३६४ | |
| जम्मा | | - | १४५९६४ | - |

*(स्रोतः आन्तरिक प्रशासन शाखा )*

### ४.१७ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

| क्र.सं. | कार्यक्रम | लाभान्वित संख्या | रोजगारीको संख्या |
|---|---|---|---|
| १ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | २७२४ विद्यालय | १९ |
| २ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | | १५ |

*(स्रोतः मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वियन इकाई)*

### ४.१८ समस्या तथा चुनौतीहरु

क. प्रदेशबाट संगठन व्यवस्थापन सर्वेक्षण गरी पूर्नगठन र नयाँ स्थापना गरिएका संगठन संरचना र दरबन्दी राष्ट्रिय किताबखाना (निजामती) ले प्रविष्टि नगरिदिंदा अवकास हुने कर्मचारीहरुलाई समस्या पर्ने गरेको,

ख. संघीय निजामती सेवा ऐन आउन ढिलाई भएको कारण प्रदेश निजामती सेवा ऐन तर्जुमाका लागि स्पष्ट मापदण्ड उपलब्ध नभएको,

ग. महाशाखा प्रमुख लगायत स्वीकृत दरबन्दी अनुसारको जनशक्ति पूर्ति हुन नसक्नु,

घ. प्रदेशसँगको समन्वय विना संघबाट खटाइएका कर्मचारीको सरुवा हुने गरेको, जसको कारणले सेवा प्रवाहमा अवरोध हुने गरेको,

ङ. प्रदेश मन्त्रिपरिषद्का निर्णयहरुको कार्यान्वयन अवस्थाको अनुगमन गर्न नसकिएको,

च. अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीहरुको कारवाही प्रदेश मार्फत गर्ने गरी प्राप्त हुने गरेको तर कारवाही गर्ने स्पष्ट नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था नभएको,

छ. प्रदेश सुशासन ऐनले व्यवस्था गरे बमोजिम प्रदेश सुशासन उच्चस्तरिय निर्देशक समिति र अनुगमन तथा मूल्याङ्कन समितिलाई सक्रिय र प्रभावकारी बनाउन नसकिएको,

ज. प्रदेशबाट सम्पादन भएका आयोजना/योजनाहरुको खर्च प्रभावकारीता मापन गर्न आयोजना/योजनाहरुको नियमित रुपमा प्रभाव मूल्याङ्कन हुन नसकेको,

झ. शासकीय सुधार र सुशासन प्रवर्द्धनका लागि आन्तरिक नियन्त्रण प्रणाली, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन प्रणालीको प्रभावकारीता कायम हुन नसकेको।

### ४.१९ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरू

क. प्रदेशमा कामकाजमा आउने प्रदेश सचिव लगायत सम्पूर्ण कर्मचारीहरु कम्तीमा दुई वर्ष प्रदेशमा रही कामकाज गर्ने गरी पठाउन नेपाल सरकारलाई अनुरोध गर्ने,

ख. राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गरी प्रदेश सरकार अन्तर्गतका संगठन संरचना तथा  कार्यरत कर्मचारीहरुको विवरण प्रविष्टिका लागि PIS Software सञ्चालनमा ल्याउने,

ग. प्रदेश निजामती सेवा ऐन, नियमावली र स्थानीय सेवा सञ्चालन ऐन तथा नियमावली यथाशीघ्र जारी गर्ने,

घ. प्रदेश अन्तर्गतका मन्त्रालयहरुले आयोजना छनौट गर्दा दश लाख भन्दा कमका आयोजनाहरु छनौट नगर्ने व्यवस्था गर्ने,

ङ. विभिन्न मन्त्रालय/निकायहरुमा रहेका एकै प्रकृतिका तालिम, गोष्ठी लगायतका कार्यक्रम कार्यान्वयन गर्दा ति मन्त्रालय/निकायहरुको समन्वयमा कुनै एक मन्त्रालय/निकायले मात्र कार्यान्वयन गर्ने,

च. सेवा प्रवाहलाई चुस्त र मितव्ययी बनाउनको लागि प्रदेशका निकायहरु बीच सूचना आदान प्रदान तथा पत्राचार (गोप्य किसिमका पत्रहरु बाहेक) इमेल मार्फत मात्रै गर्ने, मन्त्रालय एवं निकायहरुको आधिकारीक इमेल ठेगाना वेवसाइटमा अध्यावधिक गर्ने,

छ. प्रदेश अन्तर्गतका कुनै पनि मन्त्रालय तथा निकायहरुबाट माग भएको विवरण तोकिएकै समयमा उपलब्ध गराउने व्यवस्था सबै मन्त्रालय/निकायहरुले गर्ने।

## ४.२० आगामी कार्यदिशा

प्रदेश सरकार समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश निर्माण गर्ने अभियानका साथ अगाडि बढिरहेको छ । त्यसका लागि प्रदेशले निर्माण गरेको प्रथम आवधिक योजना अनुसार आफ्ना कार्यसम्पादन गरिरहेको छ । आगामी दिनमा प्रदेश सरकारले लिएका नीति तथा कार्यक्रम र सो अनुसार तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्ने/गराउने दिशामा यस कार्यालय निर्देश हुनेछ ।संघ र स्थानीय तहसँगको समन्वयात्मक भूमका निर्वाह गर्दै यस प्रदेशका विभिन्न मन्त्रालयहरुलाई कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्दै प्रदेशबासीलाई सुशासनको अनुभुति हुने गरी कार्य गर्ने यस कार्यालयको आगामी कार्यदिशा रहेको छ ।

## ४.२१ निष्कर्ष

नयाँ सरकारको गठन भएसँगै वार्षिक बजेट स्वीकृतिमा केही ढिलाई भएतापनि बजेट कार्यान्वयनमा यस कार्यालयले उल्लेख्य प्रगति हासिल गरेको छ । केही कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियामा अस्पष्टता रहेको र कुनै कार्यक्रम अन्य मन्त्रालयहरुसँग दोहोरो पर्ने देखिएकोले कार्यक्रम कार्यान्वयन हुन नसकेको अवस्था छ । यस वर्षको कार्यसम्पादनका लागि आवश्यक जनशक्ति पदपूर्ति नहुँदाको अवस्थामा पनि उल्लेख्य रुपमा प्रगति हासिल भएको अवस्थालाई हेर्दा आगामी आर्थिक वर्षमा समेत कार्यक्रम

कार्यान्वयनमा सफलता हासिल हुने देखिन्छ त्यसको लागि संघ तथा स्थानीय तहहरुसँग नियमित समन्वयकारी भूमिका खेल्दै प्रदेशका मन्त्रालयहरुलाई सहजीकरण गर्दे कार्यसम्पादनमा जुट्नु पर्ने हुन्छ ।

## ४.२२ केही तस्वीरहरु (प्रकाशन, गतिविधिहरु तथा छलफल र अनुगमन)



संचारिका समूह, नेपाल लुम्बिनी प्रदेशसंगको अन्तरक्रिया




प्रदेश समन्वय परिषद्को पाँचौं बैठक







नवनिर्वाचित जनप्रतिनिधिहरुलाई बधाइ तथा शुभकामना प्रमाण पत्र वितरण

# परिच्छेद-५
# पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय

## ५.१ पृष्ठभूमि

नेपालमा लामो समयदेखि कायम रहेको एकात्मक राज्य व्यवस्थालाई विस्थापित गर्दै नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्दतिको अवलम्बनसँगै तीन तहको सरकारः संघ, प्रदेश र स्थानीय तहको व्यवस्था रहेको छ । नेपालको संविधानले तीनै तहका सरकारको अधिकार सहितको कार्यविभाजन अनुसूचीमा व्यवस्था गरेको छ भने लुम्बिनी प्रदेश, प्रदेश सरकारको कार्यविस्तृतीकरण अनुसार यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने प्रदेशभित्रका खानेपानी, आवास, भवन, शहरी विकास र पर्यटन पूर्वाधारजस्ता आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने उद्देश्यले मिति २०७८।०१।०६ मा ग्रामीण तथा शहरी विकास मन्त्रालयको स्थापना भएको हो।

## ५.२ दीर्घकालीन सोच

गरिबी निवारण र दिगो शान्ति स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार विकासको माध्यमबाट आर्थिक तथा सामाजिक समृद्धि हासिल गरी प्रदेशको **"समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश"** को लक्ष्यमा टेवा पुऱ्याउनु नै यस मन्त्रालयको दीर्घकालीन सोच रहेको छ।

## ५.३ उद्देश्य

प्रदेशभित्रका खानेपानी, आवास, भवन, शहरी विकास तथा पर्यटन पूर्वाधार जस्ता आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन अनुसन्धान तथा नियमन सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने उद्देश्यले लुम्बिनी प्रदेश सरकारको मिति २०७८।०१।०६ को निर्णय अनुसार ग्रामीण तथा शहरी विकास मन्त्रालय स्थापना भई क्रियाशील रहेकोमा प्रदेश सरकारकै मिति २०७८।०५।१३ को निर्णय अनुसार पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय नाम कायम भई उपरोक्त उद्देश्य प्राप्तिमा मन्त्रालय क्रियाशील रहेको छ।

## ५.४ रणनीति

पूर्वाधार विकासका लागि अवलम्बन गरिएका रणनीतिहरु

- ❖ भौतिक पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्ने माध्यमको रुपमा प्रयोग गर्ने।
- ❖ भौतिक पूर्वाधारको विकासलाई नागरिक एवम् वातावरणमैत्री बनाउने।
- ❖ विपन्न र सीमान्तकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास बनाउने ।
- ❖ सबै प्रकारका विपद् जोखिम न्यूनीकरण हुनेगरी पूर्वाधारहरुको विकास र विस्तार गर्ने।

- ❖ शहर गाउँ अन्तर-सम्बन्धलाई सुदृढीकरण गर्ने गरी पूर्वाधारहरुको विकास र विस्तार गर्ने ।
- ❖ स्थानीय श्रम, सिप, श्रोत, साधन र प्रविधिको उपयोगलाई प्राथमिकता दिई जनसहभागिता र जनस्वामित्त्वमा पूर्वाधारहरुको विकास गर्ने।
- ❖ लोपोन्मुख, सिमान्तकृत र विपन्न घर परिवारको परम्परागत पेशा, व्यवसायको पुनरुत्थान तथा प्रवर्द्धन गरी रोजगारमूलक बनाउने।

## ५.५ कार्यक्षेत्र

१. सरकारी भवन, आवास तथा सहरी विकास
२. खानेपानी, सरसफाइ तथा स्वच्छता
३. पर्यटन विकास तथा प्रवर्द्धन
४. ग्रामीण विकास

## ५.६ सङ्गठन संरचना तथा जनशक्ति विवरण

तालिका नं १ दरबन्दी र पदपूर्तिको अवस्था (मातहतका कार्यलय समेत)

| क्र.सं. | पद | सेवा | समुह | उप-समूह | तह/श्रेणी | जम्मा दरबन्दी संख्या | पदपूर्ति | | रिक्त दरबन्दी (करार बाहेक) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्याथी | करार | |
| १ | सचिव | ईन्जिनियरिङ | सिभिल | | रा.प.प्रथम | १ | १ | | |
| २ | सि.डि.ई. | ईन्जिनियरिङ | सिभिल | स्यानिटरी | नवौं/दशौं | ७ | ३ | | ४ |
| ३ | सि.डि.ई. | ईन्जिनियरिङ | सिभिल | वि.आ. | नवौं/दशौं | ६ | १ | | ५ |
| ४ | अधिकृत | नेपाल प्र. | सा.प्र. | | नवौं/दशौं | ४ | १ | | ३ |
| ५ | अधिकृत | नेपाल प्र. | सा.प्र. | | सातौं/आठौं | ५ | ३ | | २ |
| ६ | अधिकृत | नेपाल प्र. | लेखा | | सातौं/आठौं | १ | १ | | |
| ७ | कानून अधिकृत | न्याय | कानून | | रा.प.तृतीय | १ | | | १ |
| ८ | ईन्जिनियर | ईन्जिनियरिङ | सिभिल | स्यानिटरी | सातौं/आठौं | २२ | १४ | ४ | ४ |
| ९ | ईन्जिनियर | ईन्जिनियरिङ | सिभिल | वि.आ. | सातौं/आठौं | १६ | ३ | | १३ |
| १० | ईन्जिनियर | ईन्जिनियरिङ | सिभिल | जनरल | सातौं/आठौं | ७ | | | ७ |
| ११ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | | पाँचौं/छैटौं | २० | १५ | | ५ |
| १२ | सहायक/अधिकृत लेखा | प्रशासन | लेखा | | पाँचौं/छैटौं | १५ | १२ | | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | कम्प्युटर अ./अधिकृत | विविध | | | पाँचौं/छैटौं | ९ | ७ | | २ |
| १४ | सब-ईन्जिनियर/अधिकृत | ईन्जिनियरिङ | सिभिल | स्यानिटरी | पाँचौं/छैटौं | २७ | २० | | ७ |
| १५ | सब-ईन्जिनियर/अधिकृत | ईन्जिनियरिङ | सिभिल | वि.आ. | पाँचौं/छैटौं | १६ | ५ | | ११ |
| १६ | सब-ईन्जिनियर/अधिकृत | ईन्जिनियरिङ | सिभिल | जनरल | पाँचौं/छैटौं | ७ | ३ | २ | २ |
| १७ | खा.पा.स.टे./अधिकृत | ईन्जिनियरिङ | सभिल | स्यानिटरी | पाँचौं/छैटौं | २४ | १५ | ५ | ४ |
| १८ | महिला कार्यकर्ता/अधिकृत | विविध | | | पाँचौं/छैटौं | ६ | ४ | २ | |
| १९ | सहायक | प्रशासन | सा.प्र. | | चौंथो/पाँचौं | ८ | ६ | | २ |
| २० | सहायक/लेखा | प्रशासन | लेखा | | चौंथो/पाँचौं | ४ | ४ | | |
| २१ | खा.पा.स.टे. द्वितीय | ईन्जिनियरिङ | सिभिल | स्यानिटरी | चौंथो/पाँचौं | १२ | ८ | ४ | |
| २२ | ह.स.चा. | ईन्जिनियरिङ | | | | २१ | २ | १९ | |
| २३ | का.स. | | | | | ३२ | ४ | २८ | |
| जम्मा | | | | | | २७१ | १३२ | ६४ | ७५ |

## ५.७ तयार भएका नीति,ऐन,नियम गठन आदेश, कार्यविधि निर्देशिका र मापदण्डको सूची

| क्र. सं. | नाम | कैफियत |
|---|---|---|
| १ | प्रदेश भवन ऐन २०७५ | |
| २ | प्रदेश भवन नियमावली, २०७६ | |
| ३ | प्रदेश नं ५ जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि प्रथम संशोधन २०७५ | |
| ४ | खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ | |
| ५ | विपद् प्रभावित क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि, २०७६ | |
| ६ | प्रदेश पर्यटन ऐन, २०७६ | |
| ७ | वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ | |
| ८ | पर्यटन विकास परिषद नियमावली २०७८ | |
| ९ | सामुदायिक हेन्ड-पम्प जडान मार्गदर्शन, २०७८ | |
| १० | मनसुनजन्य विपद प्रभावित आवास निर्माण कार्यविधिको मस्यौदा तयार | |

## ५.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| बुँदा नं ६७ | प्रदेश सभाबाट निर्णय भए बमोजिम राजधानी व्यवस्थापन सम्बन्धी कार्य सङ्घीय सरकार तथा स्थानीय तहसँग समन्वय गरी राष्ट्रको गौरव र प्रदेशको पहिचान झल्कने गरी निर्माण गर्ने कार्यलाई चालु आर्थिक वर्षमा तीब्रतासाथ अगाडि बढाउने ब्यवस्था मिलाएको छु। | प्रदेश सरकारका लागि भौतिक संरचना निर्माणको ठेक्का प्रक्रिया अघि बढेको। |
| बुँदा नं १४३, १४४ | लुम्बिनी तथा स्वर्गद्वारी क्षेत्रमा स्थानीय समुदायको सहकारी वा सामूहिक कम्पनी मार्फत स्थानीय हस्तकलामा आधारित चिनो (सोभिनियर) उद्योग स्थापना गर्न सहयोग गरिनेछ। लुम्बिनी क्षेत्र र स्वर्गद्वारी जस्ता पवित्र स्थलको माटो वा पानी प्रयोग गरी चिनोको रुपमा विभिन्न कलात्मक सामग्रीहरु निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ। | लुम्बिनी क्षेत्रमा माटो पानी प्रयोग गरी चिनो उत्पादनका लागि तालिम प्रदान गरिएको। |
| | गण्डक नदीको त्रिवेणी-देवघाट खण्ड, राप्ती नदीको भालुवाङ-अगैया खण्ड र भालुवाङ-खुङ्ग्रीमा सार्वजनिक-निजी साझेदारीमा र्‍याफ्टिङ सञ्चालन गरिनेछ। | यस प्रदेशको विभिन्न ५ स्थानमा (दाङ जिल्ला, रासि खोलाको बडडाँडा-भालुवाँग र कुसुम-अगैयामा, बबई खोलाको पुरन्धारा झारना पूर्वमा, रोल्पा- प्यूठान जिल्ला माडी खोलाको खुङग्री-बडडाँडामा र रूकुम पूर्वको सानो भेरी)मा सम्भाव्यता अध्ययनको सम्पन्न गरिएको। उपरोक्त स्थलका युवाहरुलाई दिने र्‍याफ्टिङ तालिम प्रदान गरिएको। |
| बुँदा नं १३९, १४१ | सबै जिल्लाको विशेष ठाउँ पहिचान गरी खस/आर्य, अवध, मगर, थारु, मुस्लिम समुदायको स्थानीय साँस्कृतिक परम्परागत खाना, भेषभुषा, नाचगानको संरक्षण गर्न समुदायमा आधारित साँस्कृतिक ग्राम, होमस्टे निर्माण गरी ग्रामीण पर्यटनको प्रवर्द्धन गरिनेछ। | प्रदेशका विभिन्न १२ स्थानमा साँस्कृतिक ग्राम निर्माणको अवधारणा पश्चात अध्ययन सम्पन्न भएको। |
| बुँदा नं १४० | लुम्बिनी प्रदेशमा रहेको प्राकृतिक सौन्दर्यतालाई पर्यटन विकास र ग्रामीण आयआर्जनसँग जोड्ने हेतुले रुपन्देही, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुमपूर्व, रोल्पा, दाङ र प्यूठान मा सम्भाव्यता अध्ययन गरी हिल-स्टेशनको विकास गरिनेछ। | अवधारणा र कार्यक्षेत्रगत शर्तहरु तयार भएको। |

| | | |
|---|---|---|
| बुँदा नं ७० | १२ जिल्लामा नयाँ शहर र एकीकृत बस्ती विकासको सम्भाव्यता अध्ययन गरिनेछ। | कार्यगत शर्तहरु तयार भई अध्ययनको कार्य प्रराम्भ हुने चरणमा रहेको। |
| बुँदा नं ६२ | स्थानीय तहसंगको समन्वयमा पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ। प्रदेश सरकारको एक घर एक धारा को संकल्पलाई पुरा गर्न सबै स्थानीय तहहरुको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वाश प्लान) सम्पन्न गरी सोहि योजनाको आधारमा खानेपानी आयोजाहरुको कार्यान्वयन गरिनेछ। | प्रदेशको सबै १०९ पालिकामै वास सम्बन्धी तथ्यांक संकलन कार्य एकै साथ सुरु भएकोमा सबै पालिकामा तथ्यांक संकलनको कार्य सम्पन्न भई प्रत्यक जिल्लामा १/१ वटा वाश प्लानको अन्तिम मस्यौदा तयार भईसकेको । |

## ५.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब व को बुँदा नं | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| बुँदा नं ९ | प्रदेश सभाबाट निर्णय भए बमोजिम राजधानी व्यवस्थापन सम्बन्धी कार्य सङ्घीय सरकार तथा स्थानीय तहसँग समन्वय गरी राष्ट्रको गौरव र प्रदेशको पहिचान झल्कनेगरी निर्माण गर्ने कार्यलाई चालु आर्थिक वर्षमा तीब्रतासाथ अगाडि बढाउने ब्यवस्था मिलाएको छु। | प्रदेश सरकारका लागि भौतिक संरचना निर्माणको ठेक्का प्रक्रियाको सुरु गरिएको। |
| बुँदा नं ३५ | लुम्बिनी तथा स्वर्गद्वारी क्षेत्रमा स्थानीय समुदायको सहकारी वा सामूहिक कम्पनी मार्फत स्थानीय हस्तकलामा आधारित चिनो (सोभिनियर) उद्योग स्थापना गर्न सहयोग गरिनेछ। लुम्बिनी क्षेत्र र स्वर्गद्वारी जस्ता पवित्र स्थलको माटो वा पानी प्रयोग गरी चिनोको रुपमा विभिन्न कलात्मक सामग्रीहरु निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ। | लुम्बिनी क्षेत्रमा माटो पानी प्रयोग गरी चिनो उत्पादनका लागि तालिम प्रदान गरिएको। |
| बुँदा नं ३८ | गण्डक नदीको त्रिवेणी-देवघाट खण्ड, राप्ती नदीको भालुवाङ-अगैया खण्ड र भालुवाङ-खुङ्ग्रीमा सार्वजनिक-निजी साझेदारीमा र्‍याफ्टिङ सञ्चालन गरिनेछ। | यस प्रदेशको विभिन्न ५ स्थानमा (दाङ जिल्ला, राप्ति खोलाको बडडाँडा-भालुवाँग र कुसुम-अगैयामा, बबई खोलाको पुरन्धारा झारना पूर्वमा, रोल्पा- प्यूठान जिल्ला माडी खोलाको खुङग्री-बडडाँडामा र रूकुम पूर्वको सानो भेरी) सम्भाव्यता अध्ययनको |

| | | |
|---|---|---|
| | | सम्पन्न गरिएको। उपरोक्त स्थलका युवाहरुलाई दिने न्याफ्टिङ तालिम प्रदान गरिएको। |
| बुँदा नं ४२ | सबै जिल्लाको विशेष ठाउँ पहिचान गरी खस/आर्य, अवध, मगर, थारु, मुस्लिम समुदायको स्थानीय साँस्कृतिक परम्परागत खाना, भेषभुषा, नाचगानको संरक्षण गर्न समुदायमा आधारित साँस्कृतिक ग्राम, होमस्टे निर्माण गरी ग्रामीण पर्यटनको प्रवर्द्धन गरिनेछ। | प्रदेशका विभिन्न १२ स्थानमा साँस्कृतिक ग्राम निर्माणको अवधारणा पश्चात अध्ययन सम्पन्न भएको। |
| बुँदा नं ४३ | लुम्बिनी प्रदेशमा रहेको प्राकृतिक सौन्दर्यतालाई पर्यटन विकास र ग्रामीण आयआर्जनसँग जोड्ने हेतुले रुपन्देही, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुमपूर्व, रोल्पा, दाङ र प्यूठान मा सम्भाव्यता अध्ययन गरी हिल-स्टेशनको विकास गरिनेछ। | अवधारणा र कार्यक्षेत्रगत शर्तहरु तयार भएको। |
| बुँदा नं ४४ | १२ जिल्लामा नयाँ शहर र एकीकृत बस्ती विकासको सम्भाव्यता अध्ययन गरिनेछ। | कार्यगत शर्तहरु तयार भई अध्ययनको कार्य प्रराम्भ हुने चरणमा रहेको। |
| | स्थानीय तहसंगको समन्वयमा पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।प्रदेश सरकारको एक घर एक धारा को संकल्पलाई पुरा गर्न सबै स्थानीय तहहरुको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वाश प्लान) सम्पन्न गरी सोहि योजनाको आधारमा खानेपानी आयोजाहरुको कार्यान्वयन गरिनेछ। | प्रदेशको सबै १०९ पालिकामै वास सम्बन्धी तथ्यांक संकलन कार्य एकै साथ सुरु भएकोमा सबै पालिकामा तथ्यांक संकलनको कार्य सम्पन्न भई प्रत्यक जिल्लामा १/१ वटा वाश प्लानको अन्तिम मस्यौदा तयार भईसकेको । |

## ५.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय तथा व्ययको विवरण

| क्र.सं. | श्रोत | प्राप्त रकम (रु हजारमा) | खर्च रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | १,४७,८८,४४ | १,०५,९४,८३ |
| २ | नेपाल सरकार सशर्त अनुदान | १,८३,९६,९१ | १,४९,२९,३७ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ७,५९,०० | ४,२८,२२ |
| ४ | नेपाल सरकार विशेष अनुदान | ७,१०,०० | ३,३७,९४ |
| ५ | प्रदेश सरकार (राजश्व बांडफांड समेत) | २,९९,२१,२७ | २,०५,९४,८३ |
| | जम्मा | ६,४५,७५,६२ | ४,७२,१६,१५ |

## ५.११ बेरुजु फछ्र्यौटको विवरण

| क्र स | बेरुजुको प्रकृति | बेरुजु रकम (रु हजारमा) | आ व २०७८/०७९ मा फछ्र्यौट भएको रकम (रु हजारमा) | फछ्र्यौट प्रतिशत | फछ्र्यौट हुन बाँकी भएको रकम |
|---|---|---|---|---|---|
| १ | असुल उपर गर्नु पर्ने | २२९४३ | १२२५४ | ५३.४१ | १०६८९ |
| २ | नियमित गर्नु पर्ने | ८४०२९५ | १३४९७८ | १६.०६ | ७०५३१७ |
| ३ | पेश्की | १४७५०७ | ६५७८३ | ४४.६० | ८१७२४ |
| | जम्मा | १०१०७४५ | २१३०१५ | २१.०८ | ७९७७३० |

## ५.१२ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रकम रु हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ३०२८८५ | १७४९१४ | ५७.७५% |
| पूँजीगत | ६१५४६७७ | ४५४६७०१ | ७३.८७% |
| जम्मा | ६४५७५६२ | ४७२१६१५ | ७३.१२% |

## ५.१३ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रकम रु हजारमा)

| क्र स | कार्यक्रम /क्रियाकलाप | | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | परिमाण % | खर्च | खर्च % |
| | क)मन्त्रालय | | | | | | | |
| १ | ३४७०००११३ | पर्यटन ग्रामिण तथा शहरी विकास मन्त्रलय | | ९४२१७ | | | ३१३४३ | ३३.२६ |
| २ | ३४७०००११४ | पर्यटन ग्रामिण तथा शहरी विकास मन्त्रलय | २२ | ५१८७१ | २० | ९०.१० | ४२०३० | ८१.०३ |
| | ख) भवन | | | | | | | |
| १ | ३४७०१०११३ | भवन तथा शहरी विकास कार्यालयहरु | | ६२१६७ | | | ३८६७७ | ६२.२१ |
| २ | ३४७०१०११४ | भवन तथा शहरी विकास कार्यालयहरु | | ५३०० | | | ५२९४ | ९९.८९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ३४७०१०१२४ | आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम | १८९ | ४८४६५० | १६९ | ८९.४ | २६१८६२ | ५४.०३ |
| ४ | ३४७०१०१३४ | भवन तथा सभाहल निर्माण कार्यक्रम | १०९ | ३७३०९९ | १०२ | ९३.५ | १८९१३१ | ५०.६९ |
| ५ | ३४७०१०१४४ | शहरी पूर्वाधार विकास कार्यक्रम | ९८ | ४५२५५० | ८७ | ८८.७ | २१३७८२ | ४७.२४ |
| ६ | ३४७०१०१५४ | आवास, भवन मर्मत सुधार | १३६ | ११७६८० | १३१ | ९६.३ | ७६९६२ | ६५.४ |
| ७ | ३४७९११२६४ | आवास व्यवस्था कार्यक्रम(संघ सशर्त अनुदान) | १४२७ | ५००००० | ११८० | ८२.६९ | ३४९९६६ | ६९.९९ |
| | **ग) खानेपानी** | | | | | | | |
| १ | ३४७०२०११३ | खानेपानी कार्यालयहरु | | १०८६८६ | | | ८०५५८ | ७४.१२ |
| २ | ३४७०२०११४ | खानेपानी कार्यालयहरु | | १५७०० | | | १५६८८ | ९९.९२ |
| ३ | ३४७०२०१२४ | सघन खानेपानी विकास आयोजना | १४४६ | १८१६९५८ | १२१७ | ८४.२ | १५९०९१५ | ८७.५६ |
| ४ | ३४७०२०१३४ | सरसफाई तथा ढल व्यवस्थापन कार्यक्रम | ३५ | ६६८०१ | ३० | ८५.७ | ३२३७१ | ४८.४६ |
| ५ | ३४७०२०१४४ | खानेपानी आयोजना गुणस्तर अभिवृद्धि तथा श्रोत संरक्षण कार्यक्रम | २२ | २७४०१ | १४ | ६३.६ | ११०३३ | ४०.२६ |
| ६ | ३४७०२०१५४ | खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | १९१ | १६३९२६ | १६९ | ८८.५ | ११२११८ | ६८.४० |
| ७ | ३४७९११२१४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम(संघ सशर्त अनुदान) | १ | २००० | १ | १०० | १९८३ | ९९.१५ |
| ८ | ३४७९११२२४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना(संघ सशर्त अनुदान) | ३४६ | ९२४३०० | ३२८ | ९४.८ | ८०९२१६ | ८७.५५ |
| ९ | ३४७९११२३४ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम(संघ सशर्त अनुदान) | १ | २००० | ० | ० | ० | ०.०० |
| १० | ३४७९११२४४ | डीप ट्युवेल आयोजना (मर्मत सुधार)(संघ सशर्त अनुदान) | १ | ४४०० | १ | १०० | १३३२ | ३०.२७ |
| ११ | ३४७९११२५४ | तराई-मधेश खानेपानी सुधार कार्यक्रम (संघ सशर्त अनुदान) | १४१ | ३६७००० | १२९ | ९१.५ | ३२१६९६ | ८७.६६ |
| | **घ)पर्यटन** | | | | | | | |
| १ | ३४७०३०११३ | पर्यटन कार्यालयहरु | | १८३६५ | | | १२२७१ | ६६.८२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ३४७०३०११४ | पर्यटन कार्यालयहरु | | ९००० | | | ८९९५ | ९९.९४ |
| ३ | ३४७०३०१२३ | पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम | | १९४५० | | | १२०६५ | ६२.०३ |
| ४ | ३४७०३०१२४ | पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम | ३७६ | ७३००५० | ३१७ | ८४.२ | ४९७५४३ | ६८.१५ |
| | **ङ ) सहलगानी** | | | | | | | |
| १ | ३४७९११२०४ | पर्यटकीय स्थल जलाशय पूर्वाधार विकास | १ | १०००० | ० | ० | ० | ० |
| २ | ३४७९११२०४ | प्रदेश स्तरको वाश प्लान निर्माण | १ | १९९९१ | १ | १०० | ८७८४ | ४३.९४ |
| ३ | ३४७९११२०४ | प्रादेशिक बसपार्क निर्माण | १ | १०००० | ० | ० | ० | ० |
| | | **जम्मा** | **४५४३** | **६४५७५६२** | **३८९४** | **८५.७** | **४७२१६१५** | **७३.१२** |

## ५.१४ आ व २०७८/०७९ मा राजश्व संकलनको विवरण

| **क्र स** | **राजश्व शिर्षक** | **प्राप्त रकम (रु हजारमा)** |
|---|---|---|
| १ | टेन्डर डकुमेन्ट बिक्रीबाट | १५ |

## ५.१५ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

| **क्र स** | **विवरण** | **लाभान्वित सङ्ख्या** | **रोजगारी सङ्ख्या (श्रमदिन)** |
|---|---|---|---|
| १ | रोजगार सिर्जना (१०० श्रमदिन=१ रोजगार) | | ३५७४५३ |

## ५.१६ समस्या तथा चुनौतीहरु

| | |
|---|---|
| १ | नयाँ कार्यालय स्थापना, कार्यालय प्रमुखको खटनपटन र कर्मचारी व्यवस्थापन मा ढिलाई भएको। |
| २ | न्यून बजेट विनियोजनका कारण सशर्त तर्फको खा. पा. आ. हरु लामो समयदेखि सम्पन्न हुन नसकेको। |
| ३ | समानीकरण तर्फ अत्याधिक योजना संख्याका कारण कम बजेट विनियोजन हुँदा अधिकांश योजना प्रभावकारी रुपमा कार्यान्वयनमा लान नसकिएको। |
| ४ | आयोजनास्थलको जग्गा व्यवस्थापन । (जस्तै रिफ्रेस सेन्टर, लमही;सवदाह गृह, घोराही-१३, दाङ)। |
| ५ | जेष्ठ महिनासम्म नयाँ आयोजना छनोट तथा रकम विनियोजन भएकोले स्थलगत अनुगमन तथा सुधारको अन्य पाटाहरुमा समय दिन नसकिएको । |
| ६ | मन्त्रालयमा कर्मचारीहरुको लागि कार्यकक्षको अभाव। |
| ७ | दरबन्दीअनुसारको जनशक्ति अत्यन्तै न्यून रहेको र भएको जनशक्तिलाई उत्प्रेरित गर्न नसकिएकाले समय अगावै सरुवा भै जाने प्रवृत्ति रहेको। |

## ५.१७ समस्या समाधानको लागि चाल्नुपर्ने कदमहरु

| | |
|---|---|
| १ | मन्त्रालयबाट नयाँ कार्यालयहरुको दरबन्दी संरचना तयार र प्रस्ताव पेश / कार्यालय प्रमुखको खटनपटन तथा कर्मचारी कामकाजमा पठाउने कार्य आर्थिक वर्षको सुरुमै गर्नुपर्ने। |
| २ | समयमै थप बजेट निकासा हुनु पर्ने। |
| ३ | प्रदेश सरकारको योजन तर्जुमा पद्दती बसाउनु पर्ने। |
| ४ | स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला वन कार्यालयसँग समन्वय गरिएको, सहजीकरण गरिदिनुपर्ने। |
| ५ | आर्थिक वर्षको बिचमा नयाँ कार्यक्रम छनोट गर्न नहुने। |
| ६ | घर भाडामा लिई अथवा अस्थाई संरचना निर्माण गरेर भएपनि मन्त्रालयमा कार्यकक्षको व्यवस्था गर्नुपर्ने। |
| ७ | दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्ने र भएका कर्मचारीहरुलाई काम गर्ने वातावरणको उचित व्यवस्था हुनुपर्ने। |

## ५.१८ आगामी कार्य दिशा

- हरेक जिल्लामा १/१ वटा नमुना बस्ती विकास गर्ने।
- पहाडमा २ र तराइमा २ वटा शहर उन्मुख बजारको पूर्वाधार विकास गरी वरपरका वासिन्दालाई आकर्षित गर्न सक्ने गरी समुन्नत शहरको विकास गर्ने।
- यस आ.व. भित्रै WASH PLAN निर्माण सम्पन्न गर्ने।
- जमिनको पानीको सतह बढाउन ठाउँ ठाउँ मा Recharge Pond निर्माण गर्ने।
- पर्यटन प्रवर्द्धन कार्यक्रमहरु जस्तै Cultural Village, Hill Station, Rafting हरुको विस्तृत अध्ययन गरि निर्माण चरणमा लैजाने।

## ५.१९ निष्कर्ष

आ.व. २०७८/०७९ मा विनियोजित कुल बजेट रु. ६,४५,७५,६२ मध्य रु ४,७२,१६,१५ अर्थात् ७३.१२% खर्च भएको छ । ढिलो गरि बजेट आएको र केहि नयाँ कार्यालयहरु ढिलो गरि स्थापना भएको र मन्त्रालय लगायत मातहतका कार्यालयहरुमा जनशक्तिको अभाव भएकाले वित्तीय प्रगति केहि कम हुन गएको छ । त्यस्तै पर्याप्त कार्यकक्षको अभावले गर्दा मन्त्रालयको दैनिक प्रशासनिक कार्य सम्पादन गर्न कठिनाई भएको छ । यी विविद समस्याका बावजुद केहि नविनतम योजनाहरु जस्तै र्‍याफ्टिङ्ग, साँस्कृतिक ग्राम निर्माणका काम थालनी गरिएको छ।

## ५.२० केही तस्वीरहरु (प्रकाशन, गतिविधिहरु तथा छलफल र अनुगमन)



तस्विर १ Portable Toilet, रुपन्देही




तस्विर २ WATER ATM, कपिलवस्तु



तस्विर ३ राफ्टिंग तालिम संचालन, राप्ति नदी



तस्विर ४ थारु संग्रहालय चखौरा, दाङ

# परिच्छेद-६
# अर्थ तथा सहकारी मन्त्रालय

## ६.१ पृष्ठभूमि

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको रूपमा यो मन्त्रालय मिति २०७४ साल फाल्गुन ३ गते गठन भएको हो । प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७८ भाद्र १३ गतेको निर्णय अनुसार प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ बमोजिम साविकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको नाम हेरफेर भई आर्थिक मामिला तथा सहकारी मन्त्रालय कायम भएको थियो । त्यस्तै प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७९ असार ३१ को निर्णय अनुसार प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ मा संशोधन भई मन्त्रालयको नाम हाल अर्थ तथा सहकारी मन्त्रालय कायम भएको छ । प्रदेश सरकारको कार्यविभाजन नियमावली बमोजिम यस मन्त्रालयको कार्यजिम्मेवारी अन्तर्गत प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, सहकारी विकास तथा व्यवस्थापन, नीति तथा मापदण्डको तर्जुमा कार्यान्वयन, सञ्चालन, अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन तथा परिचालन लगायतका कार्यक्षेत्रहरू रहेका छन्।

## ६.२ दीर्घकालीन सोच

लुम्बिनी प्रदेशलाई **"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"** को मूल नाराका साथ द्रुत विकास गर्दै सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र प्रदेशस्तरीय अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने ,साथै सहकारी क्षेत्रलाई परिचालन गरी प्रदेशको अर्थतन्त्रमा सुधार तथा सहकारी क्षेत्रको विकास र जनस्तरमा सुधार ल्याउने रहेको छ।

## ६.३ उद्देश्य

नेपलको संविधान प्रदत्त अधिकारको अधिकतम उपयोग गर्दै उपलब्ध स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने एवम सहकारीको सिद्धान्त र मूल्यहरुको प्रवर्द्धन गर्दै सहकारीमा आधारित उत्पादन, उद्यम, सेवा व्यवसाय, विकास र विस्तार गरी प्रदेशको दीगो र समतामूलक आर्थिक, सामजिक विकासमा योगदान पुऱ्याउने रहेको छ।

## ६.४ रणनीति

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने,

- कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार विकास जस्ता सामाजिक आर्थिक पूर्वाधार र बढी मात्रमा गरिबी निवारणोन्मुख क्षेत्रमा अनुकूल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने,
- बढी भन्दा बढी राजस्व वृद्धिका उपाय अवलम्बन गर्ने,
- स्थानीय सरकारहरुवीचको साझेदारीमा सम्पन्न गर्न सकिने आयोजनाहरुलाई प्राथमिकता दिने,
- विभिन्न मन्त्रालय र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- माग तथा सामाजिक न्यायमा आधारित आयोजना कार्यान्वयनमा जोड दिने।

## ६.५ कार्यक्षेत्र

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा,कार्यान्वयन र नियमन,
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी भए रकमको लगत तथा असुल उपर,
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- राष्ट्रिय तथा अन्तर -प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- संघीय नीति अनुरुप सहवित्तीयकरण,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- प्रदेश संचित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

- संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन,नियमन र हस्तान्तरण,
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा,कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य,
- सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन संचालन अनुमति नियमन, तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन
- सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ, संस्थासंग समन्वय र सहकार्य
- सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन ।

## ६.६ दरबन्दी र पदपूर्तिको अवस्था

**तालिका नं. १ अर्थ तथा सहकारी मन्त्रालय**

| क्र.सं. | पदनाम | सेवा | समूह | कूल दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | |
| १ | प्रदेश सचिव (रा.प.प्रथम) | प्रशासन | सा.प्र. | १ | १ | | ० |
| २ | अधिकृत नवौं/दशौं | प्रशासन | सा.प्र. | २ | २ | | ० |
| ३ | अधिकृत नवौं/दशौं | प्रशासन | लेखा | १ | ० | | १ |
| ४ | अधिकृत नवौं/दशौं | प्रशासन | राजश्व | २ | २ | | ० |
| ५ | अधिकृत सातौं/आठौं | प्रशासन | सा.प्र. | ७ | ६ | | १ |
| ६ | अधिकृत सातौं/आठौं | प्रशासन | लेखा | १ | १ | | ० |
| ७ | अधिकृत सातौं/आठौं | प्रशासन | राजश्व | ३ | ० | | ३ |
| ८ | तथ्याङ्क अधिकृत सातौं/आठौं | आ.यो. तथा तथ्याङ्क | | १ | १ | | ० |
| ९ | कम्प्युटर अधिकृत सातौं/आठौं | विविध | | १ | १ | | ० |
| १० | अर्थशास्त्री | विविध | | १ | ० | | १ |

| क्र.सं. | पदनाम | सेवा | समूह | कूल दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | |
| ११ | अधिकृत सातौं/आठौं | न्याय | कानून | १ | १ | | ० |
| १२ | सहायक/अधिकृत, पाँचौ/छैठौं | प्रशासन | सा.प्र. | ७ | ३ | | ४ |
| १३ | सहायक/अधिकृत, पाँचौ/छैठौं | प्रशासन | राजश्व | ३ | ० | | ३ |
| १४ | सहायक/अधिकृत, पाँचौ/छैठौं | विविध (कम्प्युटर) | | ४ | ३ | १ | ० |
| १५ | सहायक चौथो/पाँचौ | प्रशासन | सा.प्र. | १ | ० | | १ |
| १६ | सहलेखापाल | प्रशासन | लेखा | १ | १ | | ० |
| १७ | ह.स.चा. (तहविहिन) | | | ५ | १ | ४ | ० |
| १८ | का.स. (तहविहिन) | | | ६ | १ | ५ | ० |
| | **जम्मा** | | | **४८** | **२४** | **१०** | **१४** |

*नोटः प्रदेश सरकारबाट चालु आ.व. ०७८/७९ का लागि स्वीकृत भएको दरबन्दी ।*

## तालिका नं. २ प्रदेश लेखा नियन्त्रक कार्यालय

| क्र.सं. | पदनाम | सेवा | समूह | कूल दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | |
| १ | अधिकृत नवौं/दशौं | प्रशासन | लेखा | १ | १ | | ० |
| २ | अधिकृत सातौं/आठौं | प्रशासन | लेखा | ४ | ४ | | ० |
| ३ | सहायक/अधिकृत, पाँचौ/छैठौं | प्रशासन | लेखा | ४ | ३ | | १ |
| ४ | सहायक/अधिकृत, पाँचौ/छैठौं | विविध | | १ | ० | | १ |
| ५ | सहलेखापाल | प्रशासन | लेखा | ४ | ३ | | १ |
| ६ | ह.स.चा. (तहविहिन) | | | २ | ० | १ | १ |
| ७ | का.स. (तहविहिन) | | | ४ | ० | ४ | ० |
| | **जम्मा** | | | **२०** | **११** | **५** | **४** |

## तालिका नं. ३ सहकारी प्रशिक्षालय

| क्र.सं. | पदनाम | सेवा | समूह | कूल दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | |
| १ | अधिकृत नवौं/दशौं | प्रशासन | सा.प्र. | १ | ० | | १ |
| २ | अधिकृत सातौं/आठौं | प्रशासन | सा.प्र. | ३ | ३ | | ० |
| ३ | सहायक/अधिकृत, पाँचौ/छैठौं | प्रशासन | सा.प्र. | ३ | १ | | २ |

| क्र.सं. | पदनाम | सेवा | समूह | कूल दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | |
| ४ | सहायक/अधिकृत, पाँचौ/छैठौं | प्रशासन | लेखा | १ | १ | | ० |
| ५ | सहायक/अधिकृत, पाँचौ/छैठौं | विविध (कम्प्युटर) | | १ | १ | | ० |
| ६ | ह.स.चा. (तहविहिन) | | | १ | ० | १ | ० |
| ७ | का.स. (तहविहिन) | | | ३ | ० | ३ | ० |
| | **जम्मा** | | | **१३** | **६** | **४** | **३** |

**तालिका नं. ४ सहकारी दर्ता अधिकारीको कार्यालय**

| क्र.सं. | पदनाम | सेवा | समूह | उपसमूह | कूल दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत नवौं/दशौं | प्रशासन | सा.प्र. | | १ | ० | १ | |
| २ | अधिकृत सातौं/आठौं | प्रशासन | सा.प्र. | | २ | १ | १ | |
| ३ | सहायक/अधिकृत, पाँचौ/छैठौं | प्रशासन | सा.प्र. | | ३ | ० | ३ | |
| ४ | सहायक/अधिकृत, पाँचौ/छैठौं | प्रशासन | लेखा | | १ | ० | १ | |
| ५ | सहायक/अधिकृत, पाँचौ/छैठौं | विविध (कम्प्युटर) | | | १ | १ | ० | करार |
| ६ | सहायक/अधिकृत, पाँचौ/छैठौं | आ.यो. तथा तथ्याङ्क | | | १ | | १ | |
| ७ | सहायक चौथो/पाँचौ | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| ८ | ह.स.चा. (तहविहिन) | | | | १ | १ | ० | करार |
| ९ | का.स. (तहविहिन) | | | | २ | २ | ० | करार |
| | **जम्मा** | | | | १३ | ६ | ७ | |

## ६.७ तयार भएका नीति,ऐन, नियमावली, गठन आदेश,निर्देशिका/कार्यविधि, र मापदण्डको सूचि

| क्र.सं. | नाम |
|---|---|
| १- ऐन | • प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, |
| | • प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५, |
| | • प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५, |
| | • प्रदेश आकस्मिक कोष संचालन ऐन, २०७५ |
| | • प्रदेश तथ्याङ्क ऐन, २०७५ |

| | |
|---|---|
| | • प्रदेश सहकारी ऐन, २०७६ |
| २- नियमावली | • मनोरञ्जन कर नियमावली, २०७६,<br>• सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६,<br>• विज्ञापन कर नियमावली, २०७६,<br>• प्रदेश तथ्याङ्क नियमावली,२०७८,<br>• प्रदेश सहकारी नियमावली,२०७६, |
| ३- गठन आदेश | • प्रदेश घरजग्गा न्यूनतम मुल्य निर्धारण समिति(गठन तथा कार्यसञ्चालन) आदेश, २०७६, |
| ४-निर्देशिका | • कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७८, |
| ५-कार्यविधि | • संचित कोष संचालन कार्यविधि, २०७४,<br>• प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८,<br>• सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५,<br>• विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७६,<br>• प्रदेश सहकारी एकीकरण कार्यविधि,२०७७,<br>• सहकारी विकास कोष परिचालन कार्यविधि,२०७७<br>• एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सँचालन कार्यविधि,२०७८<br>• सहकारी बजार स्थापना तथा संचालन कार्यविधि,२०७८,<br>• सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि,२०७८<br>• सहकारीका माध्यमवाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८<br>• सहकारीमा आधारित नमुना गाँउ स्थापना तथा व्यवस्थापन कार्यविधि,२०७८,<br>• सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यविधि२०७८,<br>• लक्षित समुह/समुदायमा रहेका गरिब नागरिकहरुका लागि सीप विकास तालिम तथा अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि,२०७८ |
| ६- दिग्दर्शन | • प्रदेश सहकारी संस्था दर्ता दिग्दर्शन,२०७७ |

*(श्रोतः अर्थ तथा सहकारी मन्त्रालय)*

## ६.८ आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२२ | लगानी सम्मेलन | सम्पन्न हुन नसकेको। |
| १२३ | पूजी बजार प्रवर्द्धन | सम्भाव्यता अध्ययन भएको। |
| १२४ | वित्तीय संस्थाको स्थापनाका लागि सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन भएको। |

## ६.९ बेरुजु फछ्र्यौटको विवरण

| क्र.सं. | बेरुजुको प्रकृति | बेरुजु रकम | आ.व. २०७८/०७९ मा फछ्र्यौट भएको रकम | फछ्र्यौट प्रतिशत | फछ्र्यौट हुन बाँकी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सैद्धान्तिक | ११८६०००/- | ० | ० | ११८६०००/- | बेरूजु फछ्र्यौटको लागि प्रमाण पेश भएको। |

*स्रोतः (अर्थ तथा सहकारी मन्त्रालय)*

## ६.१० आ.व.२०७८/०७९ को बजेट वक्तव्यको प्रगति विवरण

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ५९ | लगानी सम्मेलन | सम्पन्न हुन नसकेको। |
| ६० | लुम्बिनी प्रदेश बैंक स्थापना | बैंक स्थापना हुन नसकेको। |
| ६१ | पूँजी वजार विकास र बीमा व्यवसायको पहुँच विस्तारका लागि सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन भएको। |

*(स्रोतः. आर्थिक मामिला तथा सहकारी मन्त्रालय)*

## ६.११ आ.व. २०७८/०७९ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(क) अर्थ तथा सहकारी मन्त्रालय तर्फ

(रु.हजारमा)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च % | |
| १ | प्रदेशमा अवस्थित सरकारी सम्पत्तिको एकीकृत अभिलेखीकरण | १ पटक | ५०० | ० | ० | ० | ० | |
| २ | लगानी सम्मेलन | १ पटक | १९३५ | ० | ० | १६९ | ९ | |
| ३ | प्रदेश स्तरका बैंक तथा वित्तीय संस्थाहरुको अध्ययन अनुसन्धान | १ पटक | ५०० | ० | ० | ० | ० | |
| ४ | प्रदेशस्तरका करका स्रोतहरुको अध्ययन अनुसन्धान | १ पटक | १५०० | ० | ० | ० | ० | |
| ५ | लुम्बिनी प्रदेशमा पूँजीवजारको विकास र विस्तारको लागि सम्भाव्यता अध्ययन गरी आवश्यक संरचना निर्माणको कार्य अघि वढाउने | १ पटक | ५०० | ० | ० | ० | ० | |
| ६ | लुम्बिनी प्रदेशमा वीमा व्यवसायको पहुँच विस्तारको लागि सम्भाव्यता अध्ययन गर्ने | १ पटक | ५०० | ० | ० | ० | ० | |
| ७ | लुम्बिनी प्रदेश बैंक स्थापना गर्ने | १ पटक | १०००० | ० | ० | ७९७ | ८ | प्रारम्भिक कार्य भएको |
| ८ | अन्तर प्रदेश अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान | १ पटक | ७०० | ० | ० | ० | ० | |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च % | |
| ९ | बजेट सम्बन्धी अन्तरक्रिया | १ पटक | २००० | १ | १०० | १८८७ | ९४ | |
| १० | कर्मचारी क्षमता विकास कार्यक्रम | १ पटक | ९०० | १ | १०० | ११९ | १३ | |
| ११ | योजना/ राजस्व र अनुदानको अनुगमन | १२ पटक | १००० | १२ | १०० | ७८७ | ७९ | |
| १२ | बजेट, राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम स्थानीय तहहरुसँगको | १ पटक | २१०० | १ | १०० | १३०० | ६२ | |
| १३ | बजेट तर्जुमा/MTEF तर्जुमा / PLMBIS तालिम | १ पटक | १५०० | १ | १०० | ११५८ | ७७ | |
| १४ | लक्षित समूह/समुदायमा (मुक्तकमैया, हलिया, कम्लरी, दलित, भूमिहिन, विपन्न आदि) रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालिम (दाङ, बाँके र बर्दिया) | १ पटक | ५००० | ० | ० | ४०.३८ | ०.८१ | सूचना प्रकाशन बापतको खर्च |
| १५ | गाँउ गाँउमा सहकारी घर घरमा रोजगारी(उद्यमशीलता, रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | १ पटक | २४०० | ० | ० | ० | ० | |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च % | |
| १६ | सहकारी विकास बोर्ड विकास तथा क्षमता अभिवृद्धि तालिम | १ पटक | १००० | १ | १०० | ३५८ | ३६ | |
| १७ | गरिबी निवारणका लागि स्थानीय तहसँगको सहकार्यमा व्यावसायिक कृषि, वन तथा प्राकृतिक श्रोतजन्य व्यवसाय तथा उद्योग सञ्चालनको लागि मागमा आधारित एक पालिका एक सामुदायिक कम्पनी | २० पटक | ३०००० | ५ | २० | १३१ | ०.४३ | |
| १८ | सहकारी संस्थालाई प्रविधि र पूर्वाधार निर्माणमा सहयोग | २० पटक | १०००० | १२ | ६० | २३१० | २३.१ | |
| १९ | सहकारी Expo | २ पटक | २००० | १ | ५० | १०० | ५ | |
| २० | सहकारीहरुलाई आवश्यकताको आधारमा IT उपकरण सहयोग | १ पटक | १००० | ० | ० | ० | ० | |
| २१ | एक जिल्लामा एक पालिका छनौट गरी सहकारीको सहयोगमा विपन्न घर परिवारलाई सस्तो मूल्यमा अत्यावश्यक खाद्यवस्तु (चामल, दाल, नून, चिनी, गँहु र तेल) उपलब्ध गराउन सार्वजनिक सुलभ पसल सञ्चालन गर्ने | ८ पटक | १०००० | १ | १२.५ | ३३७८ | ३३.७८ | |
| २२ | सहकारी मार्फत जडिबुटी संकलन प्रशोधन कार्यक्रम | १ पटक | २००० | ० | ० | ० | ० | |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च % | |
| २३ | सहकारी मार्फत एकिकृत सहकारी नमुना गाउँ स्थापना तथा संचालन | ४ पटक | १२००० | ० | ० | १६२ | १.३५ | सूचना प्रकाशन,सम्झौता तथा अनुगमन भएको तर सम्झौता बमोजिमको काम नभएकोले भुक्तानी कम भएको |
| २४ | सहकारी बाजार स्थापना तथा संचालन | ७ पटक | २०००० | १ | १४.३ | ६१४ | ३.०७ | |
| २५ | सहकारी मार्फत नविनतम सोच सहितको उत्पादन र रोजगार कार्यक्रम | १० पटक | १०००० | २ | २० | १५६६ | १५.६६ | |
| २६ | सहकारी बुलेटिन प्रकाशन | १ पटक | २०० | ० | ० | ० | ० | |
| २७ | चार्टड एकाउन्टेन्ट/लेखा परिक्षक मार्फत सहकारीहरुको Re-Audit गर्ने | १ पटक | ५०० | ० | ० | ० | ० | |
| २८ | सहकारी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सहकारी संस्थाका अध्यक्ष तथा व्यवस्थापकहरुसँग अन्तरक्रिया | १ पटक | ५०० | १ | १०० | २५८ | ५२ | |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च % | |
| २९ | लक्षित समूह/समुदायमा (मुक्तकमैया, हलिया, कम्लरी, दलित, भूमिहिन, विपन्न आदि) रहेका गरिब नागरिकहरुका लागि सीप विकास तालिमका सहभागीहरुलाई अनुदान सहयोग कार्यक्रम (दाङ, बाँके र बर्दिया) | १ पटक | ५००० | ० | ० | ० | ० | |
| ३० | सहकारी विकास कोष स्थापना,सञ्चालन तथा प्रशासनिक खर्च (महिला उद्यमशीलता प्राथमिकता) | १ पटक | १०००० | ० | ० | ० | ० | |
| ३१ | दिव्यज्योति महिला बहुउद्देश्य सहकारी संस्था, बाणगंगा ५, कपिलवस्तु | १ पटक | ५०० | १ | १०० | ५०० | १०० | |
| ३२ | नवज्योति महिला बहुउद्देश्य सहकारी संस्था हथौसा, बाणगंगा ११, कपिलवस्तु | १ पटक | ५०० | १ | १०० | ५०० | १०० | |
| ३३ | सहकारीसंगको समन्वयमा प्रादेशिक रुपमा दुधको UHT उद्योग स्थापनामा अनुदान सहयोग - रुपन्देही | १ पटक | २०,००० | ० | ० | ० | ० | |

(ख) प्रदेश लेखा नियन्त्रक कार्यालय

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | वार्षिक प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च % | |
| १ | अन्तर प्रदेश अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान | २ पटक | ४०० | १ | ५० | १०४.४ | ० | |
| २ | कर्मचारी क्षमता विकास कार्यक्रम | १ पटक | २०० | १ | १०० | १३ | ६.५ | |
| ३ | आर्थिक प्रशासन सम्बन्धी अन्तरक्रिया/तालिम/ गोष्ठी | ४ पटक | १६००० | २ | ५० | ७६६ | ४८ | |

(ग) सहकारी प्रशिक्षालय

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | वार्षिक प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च % | |
| १ | सहकारी दिवस, समारोह, अन्तरक्रिया तथा छलफल कार्यक्रम | १ पटक | ३०० | १ | १०० | ३०० | १०० | |
| २ | तालिम हलमाथी तला थप गर्ने | १ तला | २००० | १ | १०० | ४४२ | २२ | |
| ३ | COPOMIS Lab स्थापना | १पटक | २००० | १ | १०० | २००० | १०० | |
| ४ | गोष्ठी तथा कार्यशाला(PEARLS,COPOMIS)लगायतका तालिमसमेत) | ५०पटक | ५००० | ४३ | ८६ | ५००० | १०० | |

### ६.१२ आर्थिक वर्ष २०७७/०७८ को विनियोजित बजेट तथा वित्तीय प्रगति

( रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १११०९७ | ६१३५१ | ५५.२२ |
| पूँजीगत | १५९०० | ११९४७ | ७०.११ |
| **जम्मा** | **१२६९९७** | **७२४९८** | **५७.०९** |

### ६.१३ आर्थिक वर्ष २०७८/७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति

(रु. हजारमा )

| बजेट शीर्षक | विनियोजित बजेट | वित्तीय प्रगति | प्रतिशत |
|---|---|---|---|
| चालु | ३००४३८ | १०६९११ | ३५.५८ |
| पुँजीगत | २५००० | २०८७३ | ८३.४९ |
| **जम्मा** | **३२५४३८** | **१२७७८४** | **३९.२७** |

### ६.१४ आर्थिक वर्ष २०७८/०७९ को अनुदान तथा राजश्व संकलनको (प्रारम्भिक) विवरण

| क्र.सं. | राजस्व शिर्षक | वार्षिक लक्ष्य रु. | प्रासी रु. | प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| **संघबाट प्राप्त हुने अनुदान** | | | | | |
| 13311 | वित्तीय समानीकरण अनुदान | 8,025,700,000 | 8,025,700,000 | 100.00 | |
| 13312 | सशर्त अनुदान | 6,339,398,000 | 8,363,306,840 | 131.93 | |
| 13314 | विशेष अनुदान | 634,900,000 | 634,900,000 | 100.00 | |
| 13317 | समपूरक अनुदान | 721,600,000 | 721,600,000 | 100.00 | |
| | **जम्मा** | **15,721,598,000** | **17,745,506,840** | 112.87 | |
| **संघबाट प्राप्त हुने राजश्व बाँडफाँड** | | | | | |
| 11411 | मूल्य अभिवृद्धि कर | 6,720,700,000 | 6,858,586,461.4 | 102.05 | |
| 11421 | अन्त शुल्क | 2,813,800,000 | 2,271,469,755.9 | 80.73 | |
| **जम्मा** | | **9,534,500,000** | **9,130,056,217.2** | 95.76 | |
| **संघबाट प्राप्त हुनेरोयल्टी** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४१५३ | वन सम्बन्धी रोयल्टी | 100,000,000 | 33,814,984 | 33.81 | |
| 14154 | खानी तथा खनिज रोयल्टी | 175,000,000 | 148,025,893 | 84.59 | |
| 14156 | विद्युत सम्बन्धी रोयल्टी | 125,000,000 | 79,208,954 | 63.37 | |
| 14158 | पर्वतारोहण वापतको रोयल्टी | 150,000 | - | - | |
| **जम्मा** | | **400,150,000** | **261,049,830.59** | 65.24 | |
| **प्रदेशको आन्तरिक राजश्व** | | | | | |
| ११११४ | कृषि आयमा लाग्ने कर | 100,000 | 97,045 | 97.05 | |
| 14151 | सरकारी सम्पतीको वहालबाट प्राप्त | 3,000,000 | 3,347,010 | 111.57 | |
| 14211 | कृषि उत्पादनको बिक्रीबाट प्राप्त | 15,000,000 | 14,473,906 | 96.49 | |
| 14212 | सरकारी सम्पतीको विक्रिबाट प्राप्त | 1,000,000 | 944,044 | 94.40 | |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | 100,000 | 8,100 | 8.10 | |
| १४२१७ | नहर तथा कुलो उपयोग वापतको शुल्क | 100,000 | 35,000 | 35.00 | |
| 14219 | अन्य सेवाशुल्क तथा विक्री | 25,000,000 | 1,133,598 | 4.53 | |
| 14223 | शिक्षा क्षेत्रको आम्दानी | 500,000 | 790,180 | 158.04 | |
| 14224 | परीक्षाशुल्क | 7,700,000 | 28,716,279 | 372.94 | |
| 14225 | यातायात क्षेत्रको आम्दानी | 150,000,000 | 78,469,261 | 52.31 | |
| 14229 | अन्य प्रशासनिक सेवा शुल्क | 60,000,000 | 45,806,140 | 76.34 | |
| 14253 | व्यावसाय रजिष्ट्रेशन दस्तुर | 200,000,000 | 74,147,474 | 37.07 | |
| १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | 1,000,000 | | - | |
| 14256 | चालकअनुमति पत्र र सवारी | 450,000,000 | 646,932,959 | 143.76 | |
| 14264 | वनक्षेत्रको आय | 1,500,000,000 | 99,336,545 | 6.62 | |
| १४३११ | न्यायिकदण्ड,जरिवाना र जफत | 100,000 | 188,206 | 188.21 | |
| 14312 | प्रशासनिकदण्ड जरिवाना र जफत | 60,000,000 | 25,542,971 | 42.57 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 14313 | धरौटीसदरस्याहा | 5,500,000 | 6,518,667 | 118.52 | |
| १४५२९ | अन्यराजस्व | 1,002,000,000 | 3,294,421 | 0.33 | |
| 15111 | बेरुजु | 65,750,000 | 56,251,723 | 85.55 | |
| 15112 | निकासा फिर्ता | 48,814,000 | 264,346,634 | 541.54 | |
| 15113 | अनुदान फिर्ता | 1,500,000,000 | 913,422,781 | 60.89 | |
| | **जम्मा** | 5,095,664,000 | 2,263,802,943 | 44.43 | |
| 33142 | आन्तरिक ऋण | 2,070,000,000 | - | - | |
| | **जम्मा** | **7,165,664,000** | **2,263,802,943** | 31.59 | |
| **प्रदेश र स्थानीयतहविच बाँडफाँड हुने राजश्व** (प्रदेशले संकलन गर्ने) | | | | | |
| 11456 | सवारी साधन कर | 2,200,000,000 | 1,541,251,591 | 70.06 | |
| **प्रदेश र स्थानीयतहविच बाँडफाँड हुने राजश्व** (स्थानीय तहले संकलन गर्ने) | | | | | |
| 11315 | घरजग्गा रजिष्ट्रशन दस्तुर | 1,420,000,000 | 1,480,589,014 | 104.27 | |
| 11471 | मनोरञ्जन कर | 7,500,000 | 875,644 | 11.68 | |
| 11472 | विज्ञापन कर | 10,000,000 | 1,768,260 | 17.68 | |
| 14157 | दहत्तर बहत्तरको विक्रि आय | 600,000,000 | 249,516,709 | 41.59 | |
| **जम्मा** | | **2,037,500,000** | **1,732,749,627** | 85.04 | |
| 32121 | गत वर्षको मौज्दात | 3,900,288,000 | 4,443,186,236.2 | 113.92 | |
| | **कुलजम्मा** | **40,959,700,000** | **37,117,603,286** | 90.62 | |

*(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)*

## ६.१५ आ.व. २०७८/०७९ को महत्वपूर्ण उपलब्धीहरु

- प्रदेश मन्त्रालयहरुले मस्यौदा गरेको कार्यविधि, निर्देशिका, विधेयक, नियमावलीको मस्यौदा उपर राय/परामर्श उपलब्ध गराइएको,
- प्रदेश सरकारको निकायका लागि आवश्यक जनशक्ति व्यवस्थापनको लागि संगठन संरचना तथा दरबन्दी सम्बन्धमा राय/सहमति उपलब्ध गराइएको,
- विभिन्न मन्त्रालय तथा निकायबाट माग भई आएबमोजिम रकमान्तर, कार्यक्रम संशोधन एवम् बजेट बाँटफाँट तथा स्वीकृत गरी बजेट कार्यान्वयनका लागि सहजीकरण गरिएको,

- विषयगत मन्त्रालयहरुबाट माग भई प्रदेश योजना आयोग मार्फत् सिफारिस भएका आयोजनाहरुमा स्रोत सुनिश्चितता प्रदान गरिएको,
- सहकारी दर्ता अधिकारीको कार्यालयको अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत भईदाङ भालुवाङ्गमा स्थापना पश्चात् सञ्चालनमा आएको ।
- मध्यमकालीन खर्च संरचना प्रणाली (MTEF), समपूरक तथा विशेष अनुदान व्यवस्थापन सूचना प्रणाली (CS grants) यस मन्त्रालयले र प्रदेश परियोजना बैंक व्यवस्थापन सूचना प्रणाली (PPBMIS) प्रदेश योजना आयोगवाट संचालनको लागि स्वीकृत भै कार्यान्वयनमा रहेको,
- यस प्रदेशको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक परिमार्जन गरी प्रदेश सभामा पेश गरिएको,
- प्रदेश सहकारी नियमावली, २०७६ मा समसामयिक बनाउन दोस्रो संशोधन गरिएको,
- सहकारी विकास तथा गरिवी निवारणसँग सम्बन्धित वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गरिएको,
- प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ निर्माण गरी विद्युतीय सूचना प्रणालीमा आवद्ध गरिएको।
- वार्षिक कार्यक्रम कार्यान्वयन र अनुदान सम्बन्धी कार्यविधिहरु निर्माण भएको
- प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय स्थापना भई सेवा सुचारु भएको
- २३८ सहकारी संस्थालाई COPOMIS Password वितरण गरी २२८ वटा संस्थालाई Log in गराइएको।
- कार्यालयको भण्डार शाखामा काम गर्ने भण्डार प्रमुख र लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी सम्पत्तिको जिम्मा सम्बन्धी कानूनी व्यवस्था तथा सो सम्पत्तिको जिम्मा, लगत, संरक्षण तथा PAMS मा प्रविष्टि गर्ने सम्बन्धी कार्यक्रम संचालन भएको,
- प्रदेश लेखा नियन्त्रक कार्यालयबाट अनुभव आदान प्रदान र एकै प्रकृतिका समस्याको पहिचान गरी समाधान गर्ने उद्देश्यले मधेस प्रदेश र बाग्मती प्रदेशको भ्रमण ।
- सहकारी प्रशिक्षालय बाँकेमा COPOMIS तालिम संचालन गर्नका लागि Computer Lab संचालनमा आएको,
- सहकारी प्रशिक्षालय बाँके अन्तर्गत वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका सम्पूर्ण तालिमहरु सम्पन्न भएको,
- सहकारी प्रशिक्षालय बाँकेमा रहेकोपुरानो तालिम हल मर्मत गरी संचालनमा आएको,

- लुम्बिनी प्रदेशका विभिन्न सहकारीका महिला २१० र पुरुष १४८ गरि जम्मा ३५८ जनालाई सहकारी सम्बन्धी विभिन्न तालिमहरु दिइएको,
- लाईब्रेरी सुधार तथा सहकारी सम्बन्धी अध्ययन अनुसन्धानको काम गरिएको,
- सहकारीको पाठ्यक्रमको मस्यौदा तयार पारिएको,
- तालिमको आवश्यकता पहिचान सम्बन्धी काम गरिएको,
- अनलाईन मार्फत सहभागी छनोट तथा सूचनाहरु वेवसाइटमा प्रकाशित गर्ने कार्य गरिएको,
- अन्तर प्रदेश सहकारी अध्ययन अवलोकन भ्रमण गरि विभिन्न नमुना सहकारीहरुले गरेको कामहरु अवलोकन गरिएको।

### ६.१६ वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- प्रदेश सरकारको आयको दायरा साँघुरो रहेको,
- एकल अधिकारको सूचीमा पर्ने कर (कृषि आयमा लाग्ने कर) कार्यान्वयनमा आउन नसकेको,
- स्थानीय तहसँग बाँडफाँड हुने करहरु समेत प्रभावकारी हुन नसकेको,
  - नदीजन्य पदार्थबाट प्राप्त हुने आयमा समस्या रहेको,
  - विज्ञापन करको दायरा बढ्न नसकेको,
  - मनोरञ्जन करको दायरा बढ्न नसकेको,
  - सवारी साधन करमा समस्या रहेको (अन्य प्रदेशमा दर्ता हुने, कर अन्यत्र बुझाउने प्रयोग यस प्रदेशमा गर्ने)
  - घर जग्गा रजिष्ट्रेशन शुल्कको वास्तविक कारोवारसँग तादम्यता मिलाउन नसकेको,
  - अन्य संभावित आयमा स्रोत पहिल्याउने र आय वृद्धि गर्ने कार्य हुन नसकेको,
- प्रदेशको बजेट तथा कार्यक्रममा स्पष्ट मापदण्ड र प्राथमिकताको अभाव देखिएको । केही मापदण्ड तथा नीतिगत व्यवस्था भएको भए तापनि कार्यान्वयनमा समस्या देखिएको,
- प्रदेश स्तरीय योजना/कार्यक्रममा स्वदेशी तथा विदेशी लगानी कर्ताहरु आकर्षित हुन नसकेको,
- अधुरा आयोजनाको संख्या बढ्दै गइरहेको,
- मन्त्रालयले अधिकांश समय विषयगत मन्त्रालयहरुको कानुनहरुको राय/सहमति तथा कार्यक्रम संशोधनमा केन्द्रित गर्नुपर्ने भएको,
- स्थानीय तहले सँकलन गरेको साझा करको अध्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भई नसकेको साथै साझा करबाट सँकलित रकम कतिपय स्थानीय तहहरुले समयमै दाखिला नगरेको,
- प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र तयार हुन नसकेको।

- प्रदेशको आय वृद्धिका लागि चाल्नुपर्ने कदमहरु (कानुन निर्माण, अध्ययन अनुसन्धान) अपेक्षित मात्रामा गर्न नसकिएको
- अन्य निकायको बजेट कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने कार्यमा मन्त्रालयको अधिकांश समय खर्च हुँदा मन्त्रालयको संस्थागत सुदृढीकरणमा पुग्नुपर्ने जति ध्यान दिन नसकिएको
- प्रदेशस्तरीय योजना/कार्यक्रममा स्वदेशी तथा विदेशी लगानी कर्ताहरु आकर्षित हुन नसकेको,
- अधुरा आयोजनाको संख्या बढ्दै गइरहेको,
- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिएबमोजिम प्राप्त नहुन नसकेको,
- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास हुन नसकेको,
- PLMBIS System मा समस्या आउँदा समय समयमा कार्यसम्पादनमा कठिनाई आउने गरेको,
- प्रदेशको खर्चको आवश्यकता र क्षमताको अनुपातमा प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँड र समानीकरण अनुदान कम प्राप्त हुने गरेको,
- प्रदेशको आन्तरिक आय सीमित हुनु,
- राजस्व असुल गर्ने निकायहरु बीच सूचना आदानप्रदान र समन्वयको अवस्था कमजोर रहेको
- राजस्व परिचालनका कतिपय विषयमा संघ, प्रदेश र स्थानीय तहमा कानूनी अस्पष्टता (नदीजन्य पदार्थ, दहत्तर बहत्तर तथा वन पैदावार आदि)
- आवश्यकता र तथ्याङ्कको आधारमा योजनाहरु तयार नभई रकमान्तर र सोधभर्नामा समस्या,
- सहकारी दर्ता नियमन र वार्षिक कार्यक्रम कार्न्यान्वयन गर्दा कार्यवोझ अधिक रहेको,
- अनुदान सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयनका लागि एकीकृत कार्यविधि नभएकोले कार्यसम्पादनमा कठिनाई भएको ।
- कार्यविधि निर्माणमा ढिलाई हुँदा वार्षिक कार्यक्रममा अपेक्षित उपलब्धी हासिल गर्न नसकिएको,
- सहकारी दर्ता नियमन र वार्षिक कार्यक्रम कार्यान्वयन गर्दा कार्यबोझ अत्यधिक रहेको,
- अनुदान ग्राही संस्थाको काम/उपलब्धीको Post Evaluation हुने नगरेको।

### ६.१७ समस्या समाधानका लागि चाल्नुपर्ने कदम

- कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- राजस्व वृद्धिको लागि स्थानीयतहलाई प्रभावकारी परिचालन गरी चुनढुंङ्गा खानी, गिटी बालुवा, विज्ञापन कर तथा मनोरञ्जन कर मार्फत कर वृद्धि गर्नुपर्ने,
- राजस्व, खर्च तथा अनुदान व्यवस्थापन सम्बन्धी एकीकृत प्रणाली विकास गर्नुपर्ने,
- प्रदेशमा आन्तरिक तथा वाह्य लगानी आकर्षित गर्न नीतिगत कानूनी एवं संस्थागत प्रवन्ध गर्दै लुम्बिनी प्रदेशलाई लगानीकर्ताको आकर्षणको केन्द्रको रुपमा अगाडि बढाउनुपर्ने,

- अधुरा आयोजना तथा कार्यक्रमको लागि आवश्यक स्रोत साधनको प्रवन्ध गरी त्यस्ता आयोजनाको संख्यालाई यथासम्भव न्यूनतम सीमा कायम गर्नुपर्ने,
- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिए बमोजिम प्राप्त गर्न केन्द्रसँग पहल गर्नुपर्ने,
- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास गर्नुपर्ने,
- PLMBIS System को सर्भर तथा Backup System लाई Upgrade गर्नुपर्ने,
- स्थानीय तहले संङ्कलन गरेको साझा करबाट सङ्कलित रकम समयमै दाखिला गराउन पहल गर्नुपर्ने,
- प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ मा संसोधन गर्नुपर्ने ,
- स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को पुनरावलोकन गर्नु पर्ने ।
- सहकारी दर्ता र नियमन सम्बन्धी एकीकृत मापदण्ड बन्नुपर्ने, विशेष गरी शहरी क्षेत्रमा बहुउद्देश्यीय र बचत ऋण सहकारी दर्तामा कडाई गर्नुपर्ने,
- अनुदानका कार्यक्रममा मन्त्रालयगत दोहोरोपना हटाउनुपर्ने,
- अनुदान सम्बन्धी एकीकृत कार्यवधि बन्नुपर्ने,
- अनुदानग्राही संस्थाको उपलब्धीको Post Evaluation गरी अनुदान सम्बन्धी नीति तर्जुमा गरिनुपर्ने ।

### ६.१८ आगामी कार्यदिशा

- प्रदेशलाई प्राप्त हुनुपर्ने राजस्व बाँडफाँड, संघबाट अनुदान बढाउन पहल गर्नुपर्ने,
- प्रदेशको आन्तरिक आय वृद्धि गर्न कानुनी तथा संस्थागत सुधार गर्ने,
- स्थानीय तहबाट संकलन भई प्रदेशलाई प्राप्त हुनुपर्ने रकमलाई प्रभावकारी बनाउने,
- राजस्व चुहावट नियन्त्रण र करदाता शिक्षा, वित्तीय अनुशासन कायम गर्न कानुनी व्यवस्था मिलाउने,
- कानुन निर्माणः प्रदेश सरकारका आय वृद्धि, सरकारी सम्पत्ति व्यवस्थापन, राजस्व, सार्वजनिक खर्च, बैंक तथा वित्तीय संस्था स्थापना तथा नियमन,
- योजना तथा कार्यक्रम तर्जुमा, बजेट विनियोजन, अनुगमन मुल्याङ्कन लगायतका विषयमा Objective Criteria एवम् मापदण्ड तथा पद्धति निर्माण एवम् कार्यान्वयन,
- लगानी सम्मेलन एवम् लगानीमैत्री वातावरण सिर्जना,
- अन्तरमन्त्रालय तथा स्थानीय तहहरुबीच समन्वय एवम् सम्बन्ध सुधार,
- मन्त्रालयको व्यवस्थापकीय क्षमता वृद्धि तालिम,

- मन्त्रालयको O & M एवम् संगठानात्मक सुधार,
- प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँड, अनुदान बढाउन पहल गर्नुपर्ने,
- प्रदेशको आन्तरिक आय वृद्धिको लागि कानुनी तथा संस्थागत सुधार गर्ने,
- स्थानीय तहबाट संकलन भई प्रदेशमा प्राप्त हुनुपर्ने राजस्व समयमै प्राप्त गर्न संस्थागत संयन्त्रको व्यवस्था गर्नुपर्ने,
- सवारी साधन कर संकलनलाई करदाता मैत्री बनाउने,
- घरजग्गा रजिष्ट्रेशनलाई वास्तविक कारोबारमा आधारित बनाउने,
- दीर्घकालिन सोच, दिगो विकासका लक्ष्य, मध्यमकालिन संरचनालाई बजेटसँग अन्तरसम्बन्ध कायम गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका आयोजना/कार्यक्रम वर्गिकरण गरी सम्बन्धित तहले बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,
- मध्यमकालिन खर्च संरचनालाई यथार्थ परक र संस्थागत बनाई बजेट विनियोजन गर्ने,
- विस्तृत परियोजना प्रतिवेदन तयार नभएका र कार्यान्वयनको पूर्व तयारी पूरा नभएका आयोजनामा रकम विनियोजन नगर्ने,
- प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानुन यथाशिघ्र ल्याउनु पर्ने,
- सरकारी खर्च मितव्ययिता कायम गर्ने निर्देशिका समसामयिक बनाई पालन गर्ने,
- आ.व.को अन्त्यमा भुक्तानी गर्ने प्रचलनलाई निरुत्साहित गरी काम सम्पन्न भएपछि प्राप्त बिलको समयमा नै भुक्तानी दिने,
- थप आर्थिक दायित्व सृजना हुने विषयमा यस मन्त्रालयको सहमति अनिवार्य रुपमा लिने, सहमति नलिएमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कारवाही गर्ने,
- सवारी साधन, सरकारी भवन, कार्यालय सामाग्री तथा उपकरणमा खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने,
- बहुवर्षीय आयोजनालाई प्रयाप्त बजेट प्रस्ताव गर्ने र आ.व.को बीचमा थप बजेट रकमान्तर गर्नु नपर्ने व्यवस्था मिलाउने,
- आयोजनाको पुनरालोकन गरी संख्या घटाउने, नयाँ आयोजनाको लागि बजेटको निश्चित सिमा तोक्नुपर्ने,
- आयोजना बैंक स्थापना गरी सो मा समावेश भएका प्राथमिकता प्राप्त आयोजनामा बजेट विनियोजन गर्ने,
- आयोजना सम्बद्ध जनशक्तिलाई प्राविधिक क्षमता बढाउन तालिम प्रशिक्षणको व्यवस्था गर्ने,

- निर्माण सम्पन्न भएको आयोजनाहरुको गुणस्तरमा सुधार ल्याउन सम्पन्न भएको ५ वर्षसम्मको मर्मतमा जिम्मेवार सम्बन्धित ठेकेदारलाई बनाउने,

### ६.१९ निष्कर्ष

राजस्व वृद्धिको लागि प्रदेशका अधिकारहरुको प्रभावकारी परिचालन तथा बाँडफाँट भई प्राप्त हुने राजश्वको सन्दर्भमा स्थानीय तहलाई प्रभावकारी रुपमा परिचालन गरी आन्तरिक आयमा बढोत्तरी गर्दै जानुपर्ने देखिन्छ। साथै प्रदेश सरकारको तर्फबाट स्थानीय तहलाई उपलब्ध गराउने अनुदानहरु मागमा आधारित बनाउनुपर्ने देखिन्छ । प्रदेश सरकारको योगदान तथा भूमिका स्पष्ट पहिचान हुने गरी प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु समयानुकुल परिमार्जन गर्दै स्रोत साधन व्यवस्थापन गरी प्रदेशका आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत् प्रदेशको समग्र विकासको लागि विषयगत मन्त्रालयहरुको पूँजीगत खर्चमा बढोत्तरीका माध्यमबाट **"समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश"** को दीर्घकालीन लक्ष्य हासिल गर्न सकिने अपेक्षा गर्न सकिन्छ।

### ६.२० केही तस्वीरहरु






## आर्थिक नीति विश्लेषण, योजना तथा बजेट तर्जुमा र अन्तर-सरकारी सूचना आदान-प्रदान विषयक अन्तरक्रिया






## सहकारी व्यवस्थापन र क्षमता अभिवृद्धि सम्बन्धी अन्तरक्रिया, बुटवल






## स्थानीय तहसँग बजेट, राजस्व तथा अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम, पाल्पा





# परिच्छेद-७
# भौतिक पूर्वाधार विकास मन्त्रालय

## ७.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको अवलम्बनसँगै प्रदेश भित्रका सडक, पुल, सिंचाई, खानेपानी, उर्जा, आवास, भवन, शहरी विकास जस्ता पूर्वाधार आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन तथा यातायात सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने उद्देश्यले मिति २०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो।

प्रदेश सरकारको मिति २०७८/०१/०६ को निर्णयानुसार स्वीकृत प्रदेश सरकार कार्यविभाजन नियमावली २०७८ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ भाद्र १८ गते प्रदेश राजपत्रमा प्रकाशित भए वमोजिम यस मन्त्रालयको कार्यक्षेत्र सडक, पूललगायतको यातायात पूर्वाधारहरुको अध्ययन, निर्माण, संचालन, मर्मत कायम गरिएको छ । हाल यस मन्त्रालय अन्तर्गत एउटा यातायात पूर्वाधार निर्देशनालय र ११ वटा सडक पूर्वाधार विकास कार्यालयहरु क्रियाशील रही प्रदेशका १२ वटै जिल्लामा सेवा प्रदान गर्दै आएका छन्।

## ७.२ दीर्घकालीन सोच

गरिबी निवारण र दिगो शान्ति स्थापनाका लागि आवश्यक यातायात पूर्वाधार विकासको माध्यमबाट आर्थिक तथा सामाजिक समृद्धि हासिल गरी **"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"**को लक्ष्यमा टेवा पुऱ्याउनु यस मन्त्रालयको दीर्घकालीन सोच रहेको छ ।

## ७.३ उद्देश्य

प्रदेशभर सडक, सडक-पूल, झोलुङ्गे पुलजस्ता भौतिक पूर्वाधारहरुको विकास गर्नु यस मन्त्रालयको मुलभूत उद्देश्य हो ।

## ७.४ रणनीतिहरु

- ❖ प्रदेशका स्थानीय तहहरुको पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी यातायात पूर्वाधारहरुको विकास, विस्तार र सुदृढीकरण गर्ने ।
- ❖ सडक पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्ने माध्यमको रुपमा प्रयोग गर्ने ।
- ❖ भौतिक पूर्वाधारको विकासलाई नागरिक एवं वातावरण मैत्री बनाउने।
- ❖ जलउत्पन्न प्रकोप तथा विपद जोखिम न्यूनीकरण हुने गरी पूर्वाधारहरुको विकास र विस्तार गर्ने
- ❖ शहर गाउँ अन्तर सम्वन्धलाई सुदृढीकरण गर्ने गरी सडक पूर्वाधारको विकास र विस्तार गर्ने ।
- ❖ स्थानीय श्रम, सीप, स्रोत, साधन र प्रविधिको उपयोगलाई प्राथमिकता दिई जनसहभागिता र जनस्वामित्वमा पूर्वाधारहरुको विकास गर्ने ।

## ७.५ कार्यक्षेत्र

### (क) सडक तथा यातायात

- ❖ प्रदेश स्तरका लोकमार्गहरु
- ❖ साविकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट सञ्चालित प्रदेश स्तरका सम्पूर्ण कार्यहरु (संरचना समेत)
- ❖ दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरु (ग्रामीण र कृषि सडक समेत)
- ❖ झोलुङ्गे पुल
- ❖ सडक पुल
- ❖ सडक सुरक्षा सुदृढीकरण

## ७.६ कानूनी तथा नीतिगत व्यवस्थाहरु

- ❖ प्रदेश मन्त्रिपरिषद कार्यविभाजन नियमावली, २०७८
- ❖ विनियोजन ऐन, २०७८
- ❖ पन्ध्रौं योजना
- ❖ प्रदेशको आवधिक योजना
- ❖ प्रदेश सरकारको निति तथा कार्यक्रम २०७८

## ७.७ संगठन संरचना तथा जनशक्ति विवरण

तालिकानं.-१ दरबन्दी र पदपूर्तिको अवस्था(मन्त्रालय, निर्देशनालय र ११ वटा कार्यालयहरुको समेत)

| क्र.सं. | पद | श्रेणी वा तह | कूल स्वीकृत दरबन्दी | हाल कार्यरत दरबन्दी | | कूल रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | | |
| १. | सचिव | ने ई रा प प्रथम | १ | १ | | ० | |
| २. | निर्देशक | अधिकृतस्तर एघारौं | १ | १ | | ० | नि.निर्देशक |
| ३. | उपसचिव (प्रा) | अधिकृतस्तर नवौ।दसौं | १२ | ६ | | ६ | |
| ४. | उपसचिव (प्र) | अधिकृतस्तर नवौ।दसौं | १ | १ | | ० | |
| ५. | अधिकृतस्तर (प्रा) | अधिकृत सातौ/आठौं | ३८ | १४ | | २४ | |
| ६. | अधिकृतस्तर (प्र) | अधिकृत सातौ/आठौं | १० | १० | | ० | |
| ७. | सहायक स्तर/अधिकृत (प्रा) | सहायक स्तर छैठौं/पाँचौ/चौथो | ७४ | २९ | | ४५ | |
| ८. | सहायक स्तर/अधिकृत (प्र) | सहायक स्तर छैठौं/पाँचौ/चौथो | २५ | १८ | | ७ | |
| ९. | ह स चा | श्रेणी विहीन | १६ | २ | १४ | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | कार्यालय सहयोगी | श्रेणी विहीन | २९ | २ | २७ | ० | |
| | **जम्मा** | | २०७ | ८४ | ४१ | ८२ | |

## ७.८ तयार भएका नीति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि, र मापदण्डको सूचि

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| १ | प्रदेश सडक ऐन, २०७७ | |
| २ | सडक तथा फुटपाथ निर्माण सम्बन्धी निर्देशिका, २०७७ | |
| ३ | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७८ (पहिलो संशोधन २०७९ समेत) | |

## ७.९ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ५६ | • प्रदेश यातायात गुरुयोजना सम्पन्न गरिने<br>• प्रदेश गौरव तथा प्रदेशस्तरका सडक आयोजनाहरु, कृषि सडक, पर्यटनस्थल पहुँचमार्ग सिमा क्षेत्र सडक, उद्योगस्थल पहुँचमार्ग लगायतका सडक संजालको विकास र व्यवस्थापन गर्ने ।<br>• स्थानीय तह पहुँचमार्गलाई शीघ्र सम्पन्न गरिने। | • SDC मार्फत परामर्शदाता छनौट गरी तथ्याङ्क संकलन कार्य सुचारु गरिएको। ७ जिल्लाको प्रारम्भिक तथ्याङ्क संकलन कार्य सम्पन्न ।<br>• प्रदेश गौरवको आयोजना १, कृषि सडक ८, पर्यटनस्थल पहुँचमार्ग १६, सीमा क्षेत्र सडक कार्यक्रम १८ लगायतका सडक आयोजनाहरु कार्यान्वयन गरिएको ।<br>• २१ वटा स्थानीय तह पहुँच मार्ग योजना कार्यान्वयन गरिएको । |
| ५७ | धागो कारखाना चरङ्गे झुम्सा सडकमा आवश्यक पर्ने सडक पुलहरुको निर्माण कार्य सम्पन्न गरी नियमित यातायात संचालन हुने व्यवस्था मिलाईने। | यस सडकमा पर्ने ४ वटा पुलहरुमध्ये ३ वटा पुल सम्पन्न गरिएको । सुख्खायाममा यातायात संचालन गर्न सकिने अवस्था सृजना गरिएको । |
| ५८ | • सशर्त तथा समानीकरण तर्फका निर्माणाधीन मध्ये १०१ वटा सडक पुल निर्माण सम्पन्न गरिने ।<br>• ५४ वटा सडक पुलको विस्तृत अध्ययन कार्य सम्पन्न गरिने र निर्माण सुरु गरिने । | • ४० वटा सडक पुलहरुको निर्माणकार्य सम्पन्न गरिएको ।<br>• ५४ वटा सडक पुलको विस्तृत अध्ययनको कार्य आंशिक रुपमा सम्पन्न भएको ।<br>• बजेट अभावका कारण नयाँ सडक पुलहरुको निर्माण थालनी हुन नसकेको । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| ५९ | सडक सुरक्षालाई प्राथमिकतामा राखि सडक पूर्वाधारहरुको निर्माण, मर्मत संभार एवं स्तरोन्नती गर्नुका साथै सडक सुरक्षा सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिने । | प्रत्येक सडक पूर्वाधार विकास कार्यालय अन्तर्गत सडक सुरक्षा कार्यक्रमका लागि बजेट विनियोजन भई कार्य संचालन गरिएको । |
| ६० | भौगोलिक रुपमा विकट बस्तीका समुदाय लाभान्वित हुने गरि प्राथमिकताको आधारमा मुख्यमार्गमा पर्ने झोलुङ्गे पुलहरुको निर्माण एवं मर्मत संभार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । | ११ झोलुङ्गे पुलहरुको निर्माण कार्य सम्पन्न गरिएको । १२ वटा झोलुङ्गे पुलहरुको मर्मत कार्य अगाडी वढाइएको । |
| ६१ | प्रदेशस्तरमा सुविधा सम्पन्न प्रयोगशाला निर्माण गरिनेछ। | कपिलवस्तु जिल्लाको शिवपुरमा सुविधा सम्पन्न निर्माण सामग्री परिक्षण प्रयोगशाला निर्माण कार्य भईरहेको । |

*(श्रोतः मन्त्रालय)*

## ७.१० वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| ४६ | प्रदेश सरकारको प्राथमिकतामा रहेको सिद्धार्थ राजमार्ग अन्तर्गतको सिद्धबाबा क्षेत्रको वैकल्पिक मार्गको रुपमा रहेको निर्माणाधिन चरङ्गे-झुम्सा सडकमा आगामी आ.व मा यातायात संचालन गर्ने गरी खण्डाश्मित गरिनेछ। | करिब २१ कि.मी. सडक मध्ये हालसम्म ४ कि.मी. कालोपत्रे, २८५ मि. RCC ढलान, करिब ८ कि.मी सडक ग्राभेल गरिएको । बाँकी ८.६ कि.मी. कच्ची ट्र्याक निर्माण भएको । |
| ४७ | रामपुर कपुरकोट सडक निर्माणका लागि प्राथमिकतामा राखि आवश्यक बजेटको व्यवस्था गरिएको । | कुल १४ करोड ५० लाख रकम विनियोजन भई पाल्पा (३.३ कि.मी. कालोपत्रे सम्पन्न), अर्घाखाँची (३ कि.मी. कालोपत्रे सम्पन्न) र प्यूठान (५.५ कि.मी. बहुवर्षीय आयोजना कार्यान्वयनमा) जिल्ला भित्र पर्ने सडक खण्डमा स्तरोन्नतीको कार्य गरिएको । |
| ४८ | नियमित सवारी चल्ने ११४ वटा सडकमा नियमित मर्मत संभार गरी सडकको दिगोपन अभिवृद्धि गरिने। | सडक मर्मत संभारकर्ताबाट नियमित मर्मत संभारको कार्य गरिएको । करिब ७५० जना विपन्न परिवारका कामदारहरुले प्रत्यक्ष रोजगार प्राप्त गरेको । करिब १७५० कि.मी सडकको नियमित |

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| | | मर्मत संभार गरिएको । |
| ४९ | सडक दुर्घटनालाई न्यूनीकरण गर्न सडक सुरक्षा कार्यक्रमलाई महत्त्व दिइने। | चुनौतिपूर्ण स्थानहरुको पहिचान गरी सडक सुरक्षा कार्यक्रमको कार्यान्वयन गर्न प्रत्येक सडक पूर्वाधार विकास कार्यालयहरुमा बजेट विनियोजन गरिएको। |
| ५० | प्रदेशस्तरीय यातायात गुरुयोजना तयार गर्ने | (PTMP) प्रदेशस्तरीय यातायात गुरुयोजना तर्जुमा कार्य अन्तर्गत ७ जिल्लाको प्रारम्भिक तथ्याङ्क संकलन कार्य सम्पन्न भई थप काम भईरहेको । |

## ७.११ आर्थिक वर्ष २०७८/०७९को असार मसान्तसम्म मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ६९७२६०० | ५०८६५४१.४ |
| २ | नेपाल सरकार सशर्त अनुदान | १३९१९०० | ९७१५१४.८ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | ११२५४०० | ५९४६११.५ |
| ४ | नेपाल सरकार विशेष अनुदान | ५०००० | ३०१८५.३ |

## ७.१२ बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको)

(रु. हजारमा)

| क्र.सं. | बेरूजु किसिम | बेरूजु रकम (आ.ब.२०७७/७८सम्म) | हाल सम्म फछ्यौंट रकम | फछ्यौंट % | कैफियत |
|---|---|---|---|---|---|
| १ | असुल उपर गर्नु पर्ने | ३३६८९.२६ | ११६१८.१७ | ३४.४९ | |
| २ | नियमित गर्नु पर्ने | १६९९५०.१५ | ६६३८४.८४ | ३९.०६ | |
| ३ | पेश्की | १७८१७२.२५ | ९४८३८.०० | ५३.२३ | |
| | कूल जम्मा | ३८१८११.६५ | १७२८४१.०० | ४५.२७ | |

## ७.१३ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति

(रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १६०३८२ | १२४६९५ | ७७.७५% |
| २ | पुँजीगत | ९५३९९०० | ६६८२८५३ | ७०.०५% |
| | जम्मा | ९७००२८२ | ६८०७५४८ | ७०.१८% |

(स्रोतः मन्त्रालय)

## ७.१४ आ.व.२०७८/०७९ को स्वीकृत कार्यक्रमको प्रगति विवरण

(रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| **समानीकरणतर्फ** | | | | | | |
| १ | प्रदेशस्तरका प्रमुख राजमार्ग एवं प्रदेश गौरवका आयोजनाहरु | २३ | ७०५७५४ | ४९३२२६ | ६९.९ | ७५.७ |
| २ | प्रदेश क्षेत्र स्तरीय सडक | ५२३ | ८६४८१२ | ५४६४१६ | ६३.२ | ६५.४ |
| ३ | प्रदेश स्तरीय सडक | ४४४ | ६७३१०४ | ४७२४६९ | ७०.२ | ७२.६ |
| ४ | स्थानीय तह पहुँच मार्ग | २१ | ६८६६६३ | ५८७००७ | ८५.५ | ८७.५ |
| ५ | पर्यटन स्थल पहुँच मार्ग | १६ | १५१९४० | १००६५५ | ६६.३ | ७०.५ |
| ६ | सीमा क्षेत्र सडक कार्यक्रम | १८ | २८१५४५ | २१०४०२ | ७४.५ | ७७.२ |
| ७ | कृषि सडक | ८ | ६८४७३ | ५९१३४ | ८७.२ | ८८.८ |
| ८ | उद्योगस्थल पहुँचमार्ग | २ | १२२२५ | ५५३९ | ४५.३ | ५०.४ |
| ९ | अन्य पहुँच मार्ग (जलाशय, उर्जा, निर्माण सामाग्री श्रोत स्थल, अन्य सरकारी निकाय आदी) | ४ | ६३६१५ | ५६१५३ | ८८.३ | ९२.३ |
| १० | अधुरा आयोजनाहरु | ८ | १८३३३५ | १२७४५७ | ६९.५ | ७५.६ |
| ११ | सडक पुल निर्माण (क्रमागत) | ८४ | १७७९७११ | १५०५३९७ | ८४.६ | ८७.५ |
| १२ | झोलुङ्गे पुल निर्माण (क्रमागत) | १३ | १२४८०० | ९६४५२ | ७७.३ | ८२.२ |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १३ | झोलुङ्गे पुल निर्माण (नयाँ) | ७ | २८७०० | ५९३७ | २०.७ | २५.४ |
| १४ | सडक पुल निर्माण (नयाँ) | ३१ | १३५६६४ | ११६३७१ | ८५.८ | ९०.१ |
| १५ | प्राथमिकिकरणको आधारमा निर्माण हुने सडक पुल | ८१ | ४०२०० | ३३२६९ | ८२.८ | ८५.३ |
| १६ | समपुरक आयोजना | ११ | ११२५४०० | ५९४६११ | ५२.८ | ६२.३ |
| १७ | सडक संजालको नियमित मर्मत | १२१ | २२१५४९ | १६६९६१ | ७५.४ | ८०.८ |
| १८ | झोलुङ्गे पुलको वृहत मर्मत | १२ | ११०१२ | ३३७३ | ३०.६ | ३५.२ |
| १९ | सडक संजालको मर्मत संभार | २३९ | ३७२७५२ | २३१००४ | ६१.९ | ६५.३ |
| २० | आकस्मिक मर्मत | ११ | ८५०० | ४४८१ | ५२.७ | ५५.७ |
| २१ | सडक सुरक्षा कार्यक्रम | ११ | १०५०० | २७४२ | २६.१ | ३०.७ |
| २२ | पूँजीगत अनुसन्धान तथा परामर्श | १८ | ४५५०० | ३५३७५ | ७७.८ | ८०.४ |
| २३ | अन्य योजनाहरु | २३० | २७२६८८ | १९३२५७ | ७०.९ | ७५.२ |
| **सशर्त तर्फ** | | | | | | |
| १ | झो.पु प्राविधिक सहयोग | १ | ५००० | १९७३ | २९.५ | ५५.३ |
| २ | बृहत लुम्बिनी चक्रपथ | २ | १००० | ०.०० | ०.०० | ०.०० |
| ३ | सम्भावित रणनैतिक सडक | १७ | ३५१८७० | २४३१०३ | ६९.१ | ७५.५ |
| ४ | सम्भावित प्रादेशिक सडक | २८ | ६८१५८० | ४८०९०० | ७०.६ | ७५.१ |
| ५ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | १ | २०००० | २०००० | १००.० | १००.० |
| ६ | स्थानीय सडक पुल निर्माण | २५ | ३३२४५० | २२७५१२ | ६८.४ | ७०.६ |

### ७.१५ आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- नयाँ सडक ट्र्याक निर्माण कार्य १२१.३७ कि.मी. मा भएको।
- सडक विस्तार २७५.४० कि.मी. भएको।
- सडक ग्राभेल गर्ने कार्य २६५.२६ कि.मी. मा भएको।
- सडक कालोपत्रे (ढलान समेत) गर्ने कार्य २२२.२५ कि.मी. मा भएको।
- कल्भर्ट/कजबे ९९६ वटा निर्माण भएको।
- पक्की नाला निर्माण १४९.०८ कि.मी. लम्वाइमा भएको।

- ४० वटा सडक पूल निर्माण भएको।
- ११ वटा झोलुङ्गे पूल निर्माण भएको।
- ग्यावियन वाल निर्माण १२२९०२ घ.मी. निर्माण भएको।
- स्टोन मेसोनरी निर्माण कार्य १२५३५८ घ.मी. निर्माण भएको।

### ७.१६ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

| क्र.सं. | कार्यक्रम | लाभान्वित संख्या | रोजगारी संख्या |
|---|---|---|---|
| १ | नियमित मर्मत संभारतर्फ | १७५० कि.मी सडकका आसपासको जनसंख्या | ७५० जना वर्ष भरी |
| २ | अन्य निर्माणबाट | १२ वटै जिल्लाका करिब ५०% जनसंख्यालाई प्रत्यक्ष परोक्ष लाभ मिलेको | २३७५००० श्रम दिन |

(स्रोतः मन्त्रालय)

### ७.१७ समस्या तथा चुनौतीहरु

- प्रादेशिक लोकमार्गको पहिचान नभएका कारण प्रदेश सरकारबाट स्थानीय स्तरका सडकमा समेत बजेट विनियोजन हुने र संघीय सरकारबाट प्रदेशस्तर तथा स्थानीयस्तरका सडकमा बजेट विनियोजन हुँदा योजना संचालनमा **दोहोरोपना** हुने गरेको
- दरबन्दी अनुसारको पदपूर्ति नहुनु
- संघीय सरकारबाट साना र टुक्रे आयोजनाहरु सशर्त अनुदानको रुपमा प्राप्त हुने गरेको
- दिगो सडक मर्मत संभारको कोषको अभाव रहेको
- सशर्त तर्फ हस्तान्तरित रुग्ण सडक आयोजनाहरुमा न्यून बजेट तथा निर्माण सम्पन्न गर्न छोटो समयावधि
- बहुवर्षीय आयोजनाको लागि कम बजेट विनियोजन
- निर्माण सामग्रीको अत्यधिक मूल्य वृद्धि

### ७.१८ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- संघ प्रदेश र स्थानीय तहबाट आ-आफ्ना क्षेत्राधिकार अनुसारका आयोजना तथा कार्यक्रम मात्र कार्यान्वयमा हुनुपर्ने
- रिक्त दरबन्दीमा पदपुर्तिको व्यवस्था
- संघीय सरकारबाट सशर्त अनुदान भन्दा समानीकरण अनुदान वृद्धि हुनुपर्ने
- सडक मर्मतको लागि सडक बोर्डवाट बजेट व्यवस्था हुनु पर्ने
- अपुग बजेट संघीय सरकारसँग माग गर्न सहजीकरण
- कार्यक्रम संशोधनमा सहजीकरण

## ७.१९ आगामी कार्य दिशा

- प्रदेश यातायात गुरुयोजना सम्पन्न गरी गुरुयोजनाका प्राथमिकता प्राप्त सडक, सडक पुल तथा झोलुङ्गे पुल सम्बन्धी आयोजना कार्यान्वयन गर्न उपयुक्त हुने ।

## ७.२० निष्कर्ष

आ.व. ०७८।७९ मा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत करिब १२१ कि.मी. नयाँ सडक ट्र्याक निर्माण गरिएको, २६५ कि.मी सडकमा ग्राभेल गरिएको, ढलान समेत गरी २२२ कि.मी. सडक कालोपत्रे गरिएको, ९९६ वटा कल्भर्ट/कजवेहरु निर्माण गरिएको, ४० वटा सडक पुलहरु सम्पन्न गरिएको तथा ११ वटा झोलुङ्गे पुलहरु निर्माण सम्पन्न भएको छ । नियमित सवारी साधन चल्ने करिब १७५० कि.मी सडकको नियमित मर्मत संभारको कार्य गरिएको छ । ३०० कि.मी सडकमा आवधिक मर्मत कार्य सम्पन्न गरिएको छ । सडक सुरक्षालाई प्राथमिकतामा राखि सडकको निर्माण, मर्मत तथा स्तरोन्नती गर्ने कार्य गरिएको छ । कृषि सडक, पर्यटनस्थल पहुँचमार्ग, उद्योगस्थल पहुँचमार्ग, सीमाक्षेत्र सडक कार्यक्रम, प्रदेश गौरवको सडक तथा प्रदेशका प्रमुख राजमार्गहरुको निर्माण एवं स्तरोन्नतीबाट कृषि उत्पादन र बजारीकरणमा टेवा पुगेको छ । सडक तर्फ विभिन्न ७५ वटा र पुलतर्फ विभिन्न ९२ वटा आयोजनाहरु निरन्तर रुपमा बहुवर्षीय कार्यान्वयनमा छन् । यसरी गत आ.व. ०७८।०७९ मा कोभिडजन्य समस्या, (बहुवर्षीय) आयोजनाहरुको लागि पर्याप्त बजेटको अभाव, सीमित जनशक्तिका बावजुत सडक, सडक पुल तथा झोलुङ्गे पुल क्षेत्रमा भौतिक पूर्वाधार विकास मन्त्रालयले उल्लेखनिय उपलब्धि हाँसिल गरेको छ ।

## ७.२१ आयोजनासँग सम्बन्धित केही तस्विरहरु



• मन्त्रालयबाट आयोजनाको अनुगमनको क्रममा(वेलवास वेथरी सडक)



सैनामैना चक्रपथ रुपन्देही



रुरुक्षेत्र गापा पहुँचमार्ग गुल्मी



मझरा झोलुङ्गे पुल बर्दिया



सिस्ने खोला पुल, घोराही-१७, दाङ्ग

# परिच्छेद-८
# आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय

## ८.१ पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, नतिजामूलक र सुशासनयुक्त बनाउने पहिलो दायित्व सरकारको हो । सरकारका नीति तथा कार्यक्रमलाई उपयुक्त तवरले यथा समयमै कार्यान्वयन गरी नागरिक आवश्यकता परिपूर्ति गर्नुका साथै सरकार र नागरिक वीचको सम्वन्धलाई सुमधुर बनाई प्रदेश सरकारको समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेशको दीर्घकालिन सोँचलाई व्यवहारमा उतार्न आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय प्रतिवद्ध रहँदै आएको छ । मन्त्रालयले आफ्नो कार्य जिम्मेबारी बमोजिम साँगठनिक लक्ष्य तथा उद्देश्य हाँसिल गर्ने सन्दर्भमा शान्ति सुरक्षा, विपद् व्यवस्थापन र सूचना तथा संचार क्षेत्रको कार्यलाई कार्यान्वयन योग्य तवरले बजेट तथा कार्यक्रमका माध्यमबाट कार्यान्वयनमा जोड दिएको छ ।

## ८.२ दीर्घकालीन सोँच

- शान्त, संयमित, हिंसारहित सुरक्षित र न्यायपूर्ण समाज निर्माण गर्ने,
- सूचना र संचार प्रविधिको सहज पहुँच र भरपुर उपभोग मार्फत आर्थिक र सामाजिक समुन्नती हासिल गर्ने,
- विपद्को घटना र यसको असर एवम् प्रभाव न्यूनीकरण भएको हुने,
- सवै प्रदेशबासीहरुमा आम संचारको सहज पहुँच र यसको माध्यमबाट समाजको सकारात्मक रुपान्तरण गर्ने,

## ८.३ उद्देश्य

- प्रदेशमा प्रभावकारी शान्ति सुरक्षा तथा अमनचयन व्यवस्था कायम गर्ने,
- सूचना प्रविधिको विस्तार एवम् व्यवस्थित प्रयोग गरी सरकारी कामकाज र सेवा प्रवाहमा सुधार, उत्पादन तथा उत्पादकत्व वृद्धि र आर्थिक समृद्धिमा सहयोग पुर्याउने,
- विपद् जोखिम न्यूनिकरण, पूर्वानुमान तथा व्यवस्थापन गरी विपद्ले बढाउने गरिबी र संकट न्युन गर्ने,
- विपद्को प्रभाव न्यूनीकरण गरी तदारुकताका साथ उद्धार, राहत, प्रतिकार्य र यथाशीघ्र पुनरुत्थान गर्ने,
- जलवायू परिवर्तन अनुकूलित हुनेगरी आर्थिक गतिविधि संचालन गर्ने,
- आम संचारको पहुँच विस्तार र क्षमता तथा व्यवसायिकताको विकास गर्ने,
- आम संचार माध्यमको योगदान समेतबाट प्रादेशिक समृद्धिको लक्ष्य हासिल गर्ने ।

## ८.४ रणनीति

- शान्ति सुरक्षा कायम राख्न प्रादेशिक संस्थागत क्षमता बनाउने,
- दक्षता, क्षमता अभिवृद्धि गर्न नियमित तालिम प्रदान गर्नुका साथै आधुनिक प्रविधिको प्रयोग बढाउने,

- अपराधिक गतिविधि कम गर्न सुरक्षा सम्बन्धी सामाजिक चेतना अभिवृद्धि गर्ने,
- शान्तिसुरक्षा कायम गर्न नेपाल सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गर्ने
- सूचना प्रविधिको विकास तथा व्यवस्थित प्रयोग गर्न कानूनी एवम् संस्थागत व्यवस्था गर्ने,
- सूचना प्रविधिको पहुँच विस्तार तथा आर्थिक, सामाजिक विकासका क्षेत्रमा व्यापक प्रयोग गर्ने,
- प्रदेशिक सूचना प्रविधि पार्क संचालन गर्ने,
- आम संचार माध्यमको पहुँच, व्यवसायिकता र संस्थागत क्षमता बढाउने,
- सकारात्मक, खोजमूलक र विकासमुखी संचारको प्रवर्द्धन गर्ने,
- प्रदेश सरकारका गतिविधिहरुलाई जनसमक्ष पुऱ्याउन सम्प्रेषणको व्यवस्था गर्ने

## ८.५ कार्यक्षेत्र

नेपालको संविधान बमोजिम प्रदेश सरकार गठन भई प्रदेश सरकार (कार्य विभाजन) नियमावलीले मन्त्रालयलाई मूलत प्रदेश भित्र शान्ति सुरक्षा, कानून तर्जुमा, विपद् व्यवस्थापन, र सूचना तथा संचार क्षेत्रको जिम्मेवारी सुम्पिएको छ । प्रदेश सरकार (कार्य विभाजन) नियमावलीले यस मन्त्रालयलाई विभिन्न ४३ वटा कार्यक्षेत्र तोकिएकोमा मन्त्रालयले मूलतः उल्लेखित चारवटा क्षेत्रमा आधारित भई वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गरिंदै आईएको छ । प्रदेश सुशासन सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्धन गर्न मन्त्रालय प्रतिवद्ध छ । प्रहरी कर्मचारीको समायोजन भई प्रदेश मातहत आउने अपेक्षा सहित मन्त्रालयले प्रदेश भित्रको शान्ति सुरक्षा कायम गर्न टेवा पुग्ने गरी सुरक्षा निकायको मनोवल उच्च राख्ने गरी बजेट विनियोजन गर्दै आएको छ । विपद् व्यवस्थापन कोषमा रकम सुनिश्चित गरी विपदबाट प्रभावितहरुलाई राहत उपलब्ध गराउँदै आएको छ । यसै गरी कानून निर्माणको कार्यलाई उच्च प्राथमिकतामा राखी मन्त्रालयलाई आवश्यक पर्ने कानूनहरु तर्जुमा गर्नुका साथै अन्य मन्त्रालयहरुबाट तर्जुमा भएका कानूनमा राय तथा परामर्शका साथै सहमति प्रदान गर्दै आईएको छ । प्रदेश सरकारबाट सम्पादन भएका कार्यहरुका बारे नागरिकलाई सुसूचित हुने वातावरण सृजना गर्नुका साथै संचारकर्मीहरुको क्षमता अभिवृद्धि गर्दै सत्य, तथ्य र विश्वसनीय समाचार संप्रेषणमा जोड दिँदै आएको छ ।

## ८.६ संगठन संरचना तथा जनशक्ति विवरण

### मन्त्रालयको संगठन संरचना




### तालिका नं. १ दरबन्दी र पदपूर्तीको अवस्थाः

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरबन्दी | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | सा.प्र. | रा.प.प्रथम | १ | १ | ० |
| २ | अधिकृत | प्रशासन | सा.प्र. | नवौं/दशौं | २ | १ | १ |
| ३ | उपसचिव | न्याय | कानून | रा.प.द्वितीय | १ | १ | ० |
| ४ | अधिकृत/सूचना निर्देशक | इन्जिनियरिङ | IT | नवौं/दशौं | १ | ० | १ |
| ५ | अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | ६ | ४ | २ |
| ६ | IT ईन्जिनियर | इन्जिनियरिङ | IT | सातौं/आठौं | १ | ० | १ |
| ७ | लेखा अधिकृत | प्रशासन | लेखा | सातौं/आठौ | १ | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | २ | २ | ० |
| ९ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | पाचौं/छैटौ | ७ | ३ | ४ |
| १० | कम्प्यूटर अपरेटर | विविध | | पाचौं/छैटौ | ५ | ४ | १ |
| ११ | सहायक | प्रशासन | सा.प्र. | चौथो/पाचौं | १ | १ | ० |
| १२ | लेखा सहायक | प्रशासन | लेखा | चौथो/पाचौं | १ | १ | ० |
| १३ | हलुका सवारी चालक | | | श्रेणीविहिन | ५ | ४ | १ |
| १४ | कार्यालय सहयोगी | | | श्रेणीविहिन | ६ | ६ | ० |
| | **जम्मा** | | | | ४० | २८ | १२ |

## ८.७ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| १ | प्रदेश पदक (पहिलो संशोधन) ऐन, २०७८ | |
| २ | सञ्चार माध्यमलाई अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८ | |
| ३ | सार्वजनिक सन्देशमुलक रेडियो सामग्री उत्पादन तथा प्रशारण कार्यविधि, २०७८ | |
| ४ | द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ | |
| ५ | प्रदेश विपद् व्यवस्थापन कार्यसञ्चालन निर्देशिका, २०७६ को दोस्रो संशोधन | |

## ८.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०१ | प्रदेश प्रहरी इकाई भवन निर्माण | अघिल्लो आर्थिक वर्षहरुमा प्रस्ताव गरिएका प्रदेश प्रहरी इकाई भवन निर्माण कार्यलाई निरन्तरता दिदैं यो वर्ष नवलपरासीको बेलटार, रुपन्देहीको हाटिबनगाई, कपिलवस्तुको पकडी, बर्दियाको जयनगर र भुरीगाँउ, बाँकेको धनौली, पाल्पाको बल्ढेङगढी, प्यूठानको मरन्ठा, रोल्पाको नुवागाँउ र रुकुमपूर्वको काँक्रमीमा भवन निर्माणका लागि रकम वण्डा गरी रुकुमपूर्वको कात्री बाहेक अन्य सवैको बहुवर्षीय आयोजना |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | स्वीकृत गराई ठेक्का आव्हान गरिएको । |
| १०२ | प्रदेश प्रहरी अस्पतालको स्तरोन्नती | प्रहरी अस्पतालको अपरेशन थियटर निर्माणको लागि बहुवर्षीय आयोजना स्वीकृत गरि ठेक्का आव्हान गरिएको । |
| | प्रदेश प्रहरी तालिम केन्द्रको स्तरोन्नती | तालिम केन्द्रको कम्पाउण्ड वाल र डिउटी कक्ष निर्माण सम्पन्न गरिनुका साथै प्रदेश प्रहरी तालिम केन्द्र प्रशिक्षार्थी व्यारेक निर्माणका लागि बहुवर्षीय आयोजना स्वीकृत गरी ठेक्का आव्हान गरिएको । |
| १०३ | प्रदेश प्रहरीको क्षमता अभिवृद्धि | प्रहरी कार्यालयको कार्यसम्पादन उच्च बनाउनका लागि १६ वटा ब्रेथलाईजर मेशिन र १६ वटा मोटरसाईकल खरिद गरिएको । |
| १०४ | ट्राफिक व्यवस्थापन र सि.सि.टि.भि. जडान | दाङको भालुवाङ देखि लमहिसम्म भि.एम.एस. प्रविधिमा आधारित सि.सि.टि.भि. जडान कार्य सम्पन्न गरिएको तथा रुपन्देहीको सैनामैना देखि सालझण्डी सम्म भि.एम.एस. प्रविधिमा आधारित सि.सि.टि.भि. जडान कार्य भैरहेको । |
| १०५ | लागूपदार्थ विरुद्ध जनचेतनामुलक कार्यक्रम | पाल्पाको तानसेन बहुमुखी क्याम्पस, गुल्मीको रुझ्गा मा.वि. र रुकुमपूर्वको रुक्मिणी मा.वि.मा आधारभुत रुपमा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको । |
| १०६ | कारागार सुधार | कपिलवस्तु, बर्दिया, रोल्पा, गुल्मी र पाल्पा जिल्लामा कारागारको आवश्यक भौतिक सुधार कार्य सम्पन्न गरिएको । |
| १०७ | आत्महत्या न्यूनिकरण कार्यक्रम | तनाव तथा द्वन्द्व व्यवस्थापन गरी आत्महत्या न्यूनिकरणका लागि कार्यक्रम सञ्चालन गरिएको । |
| १०८ | विपद् जोखिम क्षेत्रको पहिचान | |
| | हेलिप्याड निर्माण | पाल्पाको झ्याल्टुङ्ग, गुल्मीको छल्लीबगर, अर्घाखाँचीको भुमिकास्थान, रोल्पाको राङ्सी र रुकुमपूर्वको पुथा उत्तरगंगामा हेलिप्याड निर्माण गरिएको । |
| १०९ | द्वन्द्वका क्रममा घाईते भएका व्यक्तिहरुको उपचार | द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार व्यवस्था मिलाईएको । |
| | जनआन्दोलन र जनयुद्धका घाईते र पूर्व लडाकुहरुको स्वास्थ बीमा | |
| | संचार माध्यम, पत्रकार एवं संचारकर्मीको क्षमता अभिवृद्धि | बाँकेको नेपालगंज, बर्दियाको गुलरिया, रुपन्देहीको बुटवल र दाङ्गको भालुवाङ्गमा ४/४ दिने ३ वटा तालिम कार्यक्रम सञ्चालन गरिएको । |
| | संचार माध्यमसँग सहकार्य | ७८ वटा एफ.एम. रेडियोहरु, १२ वटा टेलिभिजन तथा २८ वटा |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ११५ | | छापा सञ्चार माध्यमहरुबाट प्रदेश सरकारका विभिन्न गतिविधिहरु समेटिएका कार्यक्रमहरु प्रशारण गरिएको । |

*(स्रोत:...............)*

## ८.९ बजेट वक्तव्यको प्रगति विवरण

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २७१ | प्रदेश प्रहरीको संस्थागत सुदृढीकरण | अघिल्लो आर्थिक वर्षमा प्रस्ताव गरिएका प्रदेश प्रहरी इकाई भवन निर्माण कार्यलाई निरन्तरता दिदैं यो वर्ष १० वटा नया प्रहरी ईकाई भवन निर्माणका लागि बजेट वण्डा गरी ९ वटा प्रहरी ईकाइहरु निर्माणको लागि बहुवर्षीय आयोजना स्वीकृत गरिएको । आवश्यकता अनुसार विभिन्न प्रदेशस्तरका प्रहरी कार्यालयहरु, जिल्ला प्रहरी कार्यालयहरु तथा इलाका स्तरका प्रहरी कार्यालयहरुको मर्मत सुधार गरिएको । |
| २७२ | सुरक्षा संवेदनशील क्षेत्रमा सि.सि.टि.भि जडान | दाङ्गको भालुवाङ्ग देखि लमहीसम्म भि.एम.एस. प्रविधिमा आधारित सि.सि.टि.भि. प्रणालीको कार्य सम्पन्न गरिएको तथा रुपन्देहीको सैनामैना देखि सालझण्डी सम्म उक्त प्रणाली जडानको कार्य भैरहेको |
| २७३ | लागूपदार्थ विरुद्ध जनचेतनामुलक कार्यक्रम | पाल्पा, गुल्मी र रुकुमपुर्वमा ११ र १२ मा अध्ययनरत विद्यार्थिको लागि जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको । |
| २७४ | द्वन्द्वका क्रममा घाईते भएका व्यक्तिहरुको उपचार | द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार व्यवस्था मिलाईएको । |
| | कारागार सुधार | दाङ्गमा महिला कारागार निर्माणको कार्य अघि बढाईएको तथा कपिलवस्तु बर्दिया, रोल्पा, पाल्पा र गुल्मीमा कारागारमा आवश्यक भौतिक सुधारका कार्यहरु सम्पन्न गरिएको । |
| २७७ | विपद् जोखिम क्षेत्रको पहिचान र विपद् प्रतिकार्य तालिम | पाल्पाको रैनादेवी छहरा, गुल्मीको मदाने, अर्घाखाँचीको शितगंगा, रुकुम पूर्वको सिस्ने, प्यूठानको झिमरुक र बर्दियाको गेरुवामा २६/२६ जनाका लागि विपद् प्रतिकार्य तालिम प्रदान गरिएको । |
| २७८ | हेलिप्याड निर्माण | पाल्पाको झ्याल्टुङ्ग, गुल्मीको छल्लीबगर, अर्घाखाँचीको भुमिकास्थान, रोल्पाको राङ्सी र रुकुमपूर्वको पुथा उत्तरगंगामा हेलिप्याड निर्माण गरिएको । |

### ८.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | - | - |
| ३ | नेपाल सरकार समपूरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | ६८७७८३ | ३५९९१४ |

### ८.११ बेरुजु फछ्र्योटको विवरण

(रु. हजारमा)

| क्र.स. | बेरुजुको प्रकृति | बेरुजु रकम | आ.व.२०७८/०७९ सम्ममा फछ्र्योट भएको रकम | फछ्र्योट प्रतिशत | फछ्र्योट हुन बाँकी भएको रकम |
|---|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | ६२,६२,६१४ | ३४,०९,११५ | ५४.४४ | २८५३४९९ |
| २ | असुली | ९,३२,२३६ | ३,१९,४०७ | ३४.२६ | ६१२८२९ |
| ३ | पेश्की | - | - | - | - |
| जम्मा | | ७१,९४,८५० | ३७,२८,५२२ | ५१.८२ | ३४६६३२८ |

### ८.१२ आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेट तथा वित्तीय प्रगति

(रु.हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २८४६३३ | १४५७८३ | ५०.९० |
| पुँजीगत | ४०१३५० | २१४१३२ | ५३.३५ |
| जम्मा | ६८७७८३ | ३५९९१४ | ५२.३३ |

## ८.१३ आ.व. २०७८/७९ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिणाम | बजेट | परिणाम | परिणाम % | बजेट | बजेट % |
| १ | पत्रकारिता विकास कार्यक्रम | २ | २००० | ३ | १०० | १९५० | ९८ |
| २ | समावेशी पत्रकारिता विकास कार्यक्रम | २ | २००० | ३ | १०० | १९०० | ९५ |
| ३ | विपद्को उच्च जोखिममा रहेका स्थानीय तहलाई विपद् प्रतिकार्य तालिम संचालन | १ | ४००० | १ | ७५ | १९२० | ४८ |
| ४ | विपद् पूर्वतयारी सम्बन्धी गोष्ठी | २ | ६०० | १ | ५० | १८० | ३० |
| ५ | प्रदेशका विभिन्न कार्यक्रमहरुको लाईभ प्रशारण | १ | १५०० | १ | ८० | ९७५ | ६५ |
| ६ | पत्रकारहरुको दुर्घटना बीमा | १ | १००० | १ | १०० | ९७० | ९७ |
| ७ | आन्तरिक पर्यटन विकासमा संचार क्षेत्रको भूमिका सम्बन्धी कार्यक्रम | १ | ५०० | १ | १०० | ४९५ | ९९ |
| ८ | सञ्चारकर्मी सम्मान कार्यक्रम | १ | ५०० | १ | १०० | ४५० | ९० |
| ९ | समृद्ध लुम्बिनी प्रदेश सम्बन्धी टेलिभिजन कार्यक्रम | १ | ५००० | १ | १०० | ५००० | १०० |
| १० | प्रदेश सरकारका गतिविधि सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | ४ | १००० | ३ | ८० | ७७० | ७७ |
| ११ | मुस्लिम तथा कुमाल जातिको बृत्तचित्र निर्माण | २ | ४००० | २ | १०० | ४००० | १०० |
| १२ | एफ.एम.रेडियो कार्यक्रम उत्पादन सहकार्य अनुदान | १ | ५०० | १ | १०० | २४० | ४८ |
| १३ | एफ.एम.रेडियो कार्यक्रम प्रशारण सहकार्य अनुदान | १ | १०००० | १ | १०० | ९७०० | ९७ |
| १४ | प्रदेशमा सूचीकृत र आवद्ध टेलिभिजन कार्यक्रम संचालन सहकार्य अनुदान | १ | ५००० | १ | १०० | ४८५० | ९७ |
| १५ | प्रदेशमा सूचीकृत र आवद्ध छापा तथा अनलाईन संचार माध्यमसँग सहकार्य अनुदान | १ | ५००० | १ | ५० | २४५० | ४९ |
| १६ | सुशासन र विकास सम्बन्धी खोजमूलक आलेख लेखन र व्यवस्थापन कार्यक्रम | १ | २००० | १ | ० | | ० |
| १७ | सामुदायिक रेडियो प्रशारक संघ (अकोराब) र ब्रोकास्टिङ एशोसियसन अफ नेपाल (वान) लाई उपकरण खरिद अनुदान | १ | १००० | | ० | | ० |
| १८ | रेडियो मालश्री रोल्पा टावर भवन निर्माण | १ | १००० | १ | १०० | १००० | १०० |
| १९ | रेडियो जलजलाको भवनको तला थप कार्यक्रम, रोल्पा | १ | ३५०० | १ | ६० | २१०० | ६० |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिणाम | बजेट | परिणाम | परिणाम % | बजेट | बजेट % |
| २० | प्रदेश पत्रकार महासंघ भवन निर्माण अनुदान | १ | ५००० | १ | ४० | १६०० | ३२ |
| २१ | मगर थिएटर रोल्पा र थारु थिएटर दाङ्गको संरचना निर्माण | १ | ४००० | १ | १०० | ३८४० | ९६ |
| २२ | पत्रकार महासंघ कपिलवस्तु, पाल्पा, अर्घाखाँची र रुपन्देही कार्यालय मर्मत सुधार अनुदान | १ | २००० | १ | १०० | १९६० | ९८ |
| २३ | कारागार कार्यालयहरुको परिसरमा संरचना निर्माण | १ | ६००० | ५ | १०० | ५४०० | ९० |
| २४ | विपद् व्यवस्थापन भण्डारण केन्द्र जितगढी कम्पाउण्ड वाल निर्माण | १ | २००० | | ० | | ० |
| २५ | महिला मात्रले संचालन गरेको एफ.एम. रेडियोलाई उपकरण खरिद अनुदान | १ | ५०० | १ | १०० | ५०० | १०० |
| २६ | विपद् व्यवस्थापन सामग्री खरिद (दायित्व समेत) | १ | १२७०० | १ | ३० | ३६८३ | २९ |
| २७ | कोभिड-१९ भाईरस रोकथाम तथा अन्य प्रकोपजन्य/महामारी नियन्त्रणका लागि सुरक्षा परिचालन खर्च | १ | ७५०० | १२ | १०० | ३४५० | ४६ |
| २८ | जिल्ला स्तरीय सूरक्षा व्यवस्थापन तथा अपराध नियन्त्रण सम्बन्धी अन्तरक्रिया तथा छलफल गोष्ठी | १२ | १५०० | ६ | ५० | ६०० | ४० |
| २९ | द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम | १ | ५००० | ४ | १०० | ४४५० | ८९ |
| ३० | लागू औषध दुर्व्यसनी न्यूनीकरणका लागि सचेतना कार्यक्रम | ७ | १००० | ३ | ४० | ३५० | ३५ |
| ३१ | कारागारका कैदी बन्दीको सकारात्मक सोंच विकास कार्यक्रम | ६ | १२०० | ६ | १०० | ९३६ | ७८ |
| ३२ | कैदिबन्दी आमाहरुसँग रहेका बालबालिकाको शैक्षिक विकास कार्यक्रम | १ | ५०० | १ | १०० | २५० | ५० |
| ३३ | प्रादेशिक ट्राफिक चेतना प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ८ | २००० | ६ | ७५ | १२०० | ६० |
| ३४ | सशस्त्र द्वन्द्वका क्रममा घाईते तथा अपाङ्ग भएकाहरुको उपचार | १ | ५००० | ८३ | १०० | ३७५० | ७५ |
| ३५ | भि.एम.एस.प्रविधिमा आधारित सि.सि.टि.भि. जडान (लमही देखी भालुवाङ्ग, दाङ्ग) दायित्व | १ | १५००० | १ | १०० | १४२५० | ९५ |
| ३६ | सैनामैना देखी सालझण्डी सम्म भि.एम.एस.प्रविधिमा आधारित सि.सि.टि.भि. | १ | १५००० | | ५० | १५० | १ |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिणाम | बजेट | परिणाम | परिणाम % | बजेट | बजेट % |
| | जडान | | | | | | |
| ३७ | सार्वजनिक स्थलमा फ्रि वाईफाई कार्यक्रम | १ | १००० | | ० | | ० |
| ३८ | मोटरसाईकल खरिद | १ | ५००० | १६ | १०० | ४५५० | ९१ |
| ३९ | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रको कार्यालय बुटवलको मेन गेट तथा डिउटी कक्ष निर्माण | १ | ६६५० | १ | १०० | ५९८५ | ९० |
| ४० | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र परिसरमा सि.सि.टि.भि जडान | १ | १००० | १ | १०० | १००० | १०० |
| ४१ | ट्राफिक उपकरण(ब्रेथलाईजर) खरिद | १ | २००० | १ | १०० | १९८० | ९९ |
| ४२ | लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालय मर्मत सुधार | १ | १००० | १ | १०० | ९६० | ९६ |
| ४३ | लुम्बिनी प्रदेश सशस्त्र प्रहरी गण कोहलपुर बाँकेको कम्पाउण्ड घेराबार | १ | १००० | १ | १०० | ८९० | ८९ |
| ४४ | दंगा नियन्त्रण प्रहरी गण सुनवल नवलपरासीमा तटबन्धन | १ | १००० | १ | १०० | ९९० | ९९ |
| ४५ | ट्राफिक प्रहरी सुरक्षा चेकजाँच पोष्ट निर्माण | १ | ४००० | १ | १०० | ३९२० | ९८ |
| ४६ | इ.प्र.का. बुटवल परिसरमा कम्पाउण्ड वाल निर्माण | १ | १००० | १ | १०० | ९६० | ९६ |
| ४७ | प्रहरी चौकी रुद्रपुर भवन मर्मत | १ | १००० | १ | १०० | १००० | १०० |
| ४८ | ईलाका प्रहरी कार्यालय बर्दघाटको कम्पाउण्ड वाल निर्माण | १ | २५०० | १ | १०० | २४७५ | ९९ |
| ४९ | ईलाका प्रहरी सेमरी र बर्दघाट भवन मर्मत | १ | १००० | १ | १०० | ९९० | ९९ |
| ५० | प्रहरी चौकी प्रभास पाल्पाको कम्पाउण्ड वाल निर्माण | १ | २००० | १ | १०० | १९८० | ९९ |
| ५१ | ईलाका प्रहरी कार्यालय रिडी, गुल्मीको वाल निर्माण | १ | २५०० | १ | १०० | २४५० | ९८ |
| ५२ | ईलाका प्रहरी कार्यालय चन्द्रकोट गुल्मीको पेरिमिटर वाल निर्माण | १ | २००० | १ | १०० | २००० | १०० |
| ५३ | हेलिप्याड निर्माण | ५ | ५००० | १ | १०० | ४८०० | ९६ |
| ५४ | ट्राफिक उपकरण खरिद, बाँके | १ | १००० | १ | १०० | १००० | १०० |
| ५५ | जिल्ला प्रहरी कार्यालय परिसरमा कम्पाउण्ड वाल निर्माण | १ | ३००० | १ | १०० | २४०० | ८० |
| ५६ | ईलाका प्रहरी कार्यालय मैनापोखर बर्दियामा बहुउद्देश्यीय हल निर्माण | १ | २००० | १ | १०० | २००० | १०० |
| ५७ | जिल्ला प्रहरी कार्यालय प्युठानमा शौचालय र | १ | १००० | १ | १०० | १००० | १०० |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिणाम | बजेट | परिणाम | परिणाम % | बजेट | बजेट % |
| | स्नान गृह निर्माण | | | | | | |
| ५८ | जिल्ला प्रहरी कार्यालय रोल्पाको महिला सेल र प्र.चौ. कोटगाँउको वाल निर्माण | १ | ३००० | १ | १०० | ३००० | १०० |
| ५९ | जिल्ला प्रहरी कार्यालय रोल्पाको मुल गेट तथा प्रतिक्षालय निर्माण | १ | १३०० | १ | १०० | १२७४ | ९८ |
| ६० | प्रदेश प्रहरी ईकाई भवन निर्माण कोटगाँउ र खुङ्ग्री रोल्पा | १ | ३१५०० | १ | ८० | १७९५५ | ५७ |
| ६१ | प्रदेश प्रहरी ईकाई भवन निर्माण पुरनधारा, दाङ | १ | १५००० | १ | ५० | ७५०० | ५० |
| ६२ | प्रदेश प्रहरी ईकाई भवन निर्माण भगवानपुर, बाँके | १ | २०००० | १ | ९५ | १५७५० | ७८ |
| ६३ | प्रदेश प्रहरी ईकाई भवन निर्माण गणेशपुर, कपिलवस्तु | १ | २०००० | १ | १०० | १८००० | ९० |
| ६४ | प्रदेश प्रहरी ईकाई भवन निर्माण पिपलडाँडा, पाल्पा | १ | २०००० | १ | ७५ | १२००० | ६० |
| ६५ | प्रदेश प्रहरी ईकाई भवन निर्माण शान्तिपुर, गुल्मी | १ | ६००० | १ | १०० | ६००० | १०० |
| ६६ | प्रदेश प्रहरी ईकाई भवन निर्माण धारापानी, अर्घाखाँची | १ | ८१०० | १ | १०० | ६३९९ | ७९ |
| ६७ | प्रदेश प्रहरी ईकाई भवन निर्माण बुटवल, रुपन्देही | १ | २०००० | १ | ९० | १९२०० | ९६ |
| ६८ | प्रदेश प्रहरी ईकाई भवन निर्माण जाङ, रुकुम पूर्व | १ | १५००० | १ | ९० | ७५०० | ५० |
| ६९ | प्रदेश प्रहरी ईकाई भवन निर्माण चुजाठाँटी, प्यूठान | १ | १७६०० | १ | ९० | १०२०० | ५८ |
| ७० | प्रदेश प्रहरी ईकाई भवन निर्माण | १ | ७५००० | | ० | | ० |
| ७१ | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र प्रशिक्षार्थी ब्यारेक निर्माण | १ | १०००० | | ० | | ० |
| ७२ | मध्यपश्चिम क्षेत्रीय प्रहरी अस्पताल बाँकेको अपरेशन थिएटर निर्माण | १ | १०००० | | ० | | ० |
| ७३ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ्गको शौचालय निर्माण | १ | २००० | १ | १०० | १९०० | ९५ |

## ८.१४ आर्थिक वर्ष २०७८/०७९ को राजस्व संकलनको विवरण

(रु. हजारमा)

| क.सं. | शीर्षक | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १ | अन्य प्रशासनिक सेवा शुल्क | ८२०००/- | |
| २ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १४३८८७/- | |
| ३ | बेरुजु | ६८७५९/- | |
| | जम्मा | २९४६४६/- | |

*(स्रोतः.................)*

## ८.१५ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई (यदि भए)

- ❖ मन्त्रालय मातहत प्रादेशिक इकाई तथा कार्यालयहरू नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको
- ❖ कार्यक्रम संशोधन तथा बजेट अख्तियारी दिने वर्तमान प्रावधान/प्रक्रिया लामो रहेको
- ❖ प्रहरीको समायोजन भई प्रदेश मातहतमा नआएकोले बजेट तथा कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको
- ❖ बहुवर्षीय आयोजना स्वीकृतीमा ढिलाई
- ❖ नीति निर्माण र कार्यसञ्चलनमा संलग्न रहने जनशक्तिको अभाव
- ❖ संघीय इकाइलाई अख्तियारी दिने प्रक्रिया घुमाउरो भएको हुँदा अख्तियारी ढिला प्रदान हुने जसले गर्दा कार्यक्रम कार्यान्वयनमा समस्या परेको

## ८.१६ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम (प्रस्तावित)

- ❖ प्रदेश मामिला सूचना केन्द्रमा जनशक्ति व्यवस्थाका लागि मन्त्रालयस्तरीय O&M समितिको बैठकबाट सिफारिस गरी पठाईएको
- ❖ अन्य समस्या समाधानका लागि प्रदेश स्तरीय विकास समाधान समितिको बैठकमा समस्या प्रस्तुत गर्ने गरिएको

## ८.१७ आगामी कार्यदिशा

प्रदेश भित्र शान्ति सुरक्षा सुव्यवस्था कायम गर्ने, विपद् व्यवस्थापनलाई प्रभावकारी बनाई विपद् बाट प्रभावितहरुलाई यथासमयमै थप राहत उपलब्ध गराउने, कानून तर्जुमा गर्नुका साथै आम सञ्चार माध्यमहरुबाट जनउत्तरदायी रूपमा सूचना सम्प्रेषण गराई प्रदेश सरकारले सम्पादन गरेका कार्यहरु र गर्नुपर्ने कार्यहरुका सम्बन्धमा जनतालाई सुसूचित गराउदै प्रदेश भित्र सुशासन कायम गर्ने सन्दर्भमा

आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयका कार्यक्रमहरु निर्देशित छन् । उल्लेखित कार्यहरु सम्पादन गर्दा जनतामा सुशासनको अनुभूति हुने कुरामा मन्त्रालय विश्वस्त रहँदै विगतका कार्यक्रमहरुको समिक्षाका आधारमा भावि कार्यक्रमहरुको कार्यान्वयन कार्यायोजना तयार गरीएको छ । समग्रमा प्रदेश भित्र सुशासन कायम गर्न यस मन्त्रालयका कार्यक्रमहरु मात्र पर्याप्त नहुने कुरालाई मध्यनजर गरी समय समयमा प्रदेश विकास समस्या समाधान समितिको बैठकमा मन्त्रालयको तर्फबाट विभिन्न विषयबस्तु उठान गर्दै आइएको छ । प्रदेशमा प्रहरी समायोजनको कार्य सम्पन्न नभएसम्म प्रदेशभित्रको शान्ति सुरक्षा व्यवस्थापनमा जटिलता रहने हुँदा समग्र सुशासनका लागि संघीय सरकारबाट प्रहरी समायोजनलाई निर्णयमा पुऱ्याउनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

### ८.१८ निष्कर्ष

प्रदेश सरकार स्थापनाको करिब ५ वर्ष पुरा भैसकेको अवस्थामा जनता सामु प्रदेश सरकार देखिने र अनुभूत गर्ने वातावरणको निर्माणमा आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयको भूमिका तुलना गर्न योग्य बनेको छ । प्रदेशको समग्र शान्ति सुरक्षा र अमनचैन कायम गर्दै विकासका अवसरहरु सिर्जना गर्न मन्त्रालय तदारुकताका साथ लागिरहेको छ ।

### ८.१९ केही तस्बिरहरु













# परिच्छेद-९
# स्वास्थ्य मन्त्रालय

## ९.१ पृष्ठभूमि

नेपालको संविधानमा निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । संघीयताको कार्यान्वयन संगै प्रदेशको मातहतका स्वास्थ्य क्षेत्रका संरचना तथा सेवा प्रणालीले पनि गुणस्तरीय तथा सुलभ स्वास्थ्य सेवाको प्रदान गर्नका लागि उचित रणनीतिहरु तय गरी कार्यान्वयनमा रहेको छ । गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच पुऱ्याउनु प्रदेशको समेत दायित्व रहेको छ। जस अनुरूप प्रदेशबासीहरुमा सरल, गुणस्तरीय तथा सुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्न प्रदेश स्वास्थ्य नीति, २०७६ तयार गरिएको छ । संविधान बमोजिम विभिन्न तहले सम्पादन गर्ने कार्यहरुको अधिकार सूची, संघीय नीति तथा कार्यक्रमहरु, दिगो विकास लक्ष्य, नेपालले विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु एवम् प्रदेशमा स्वास्थ्य क्षेत्र भित्रका समस्या तथा चुनौतीहरु, प्रदेश नीति, प्रदेशमा उपलब्ध साधन र स्रोत, तथ्य तथा प्रमाणहरुलाई समेत विश्लेषण गरी प्रदेशको स्वास्थ्य क्षेत्रमा प्राथमिकता तय गरिएको छ ।

संघीयता कार्यान्वयनसँगै २०७४ सालमा स्थापना भएको प्रदेश सरकारको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, समाजकल्याण, महिला बालबालिका तथा जेष्ठ नागरीक, श्रम तथा रोजगार, भाषा, कला, संस्कृति, युवा तथा खेलकुद र सरसफाई जस्ता क्षेत्रहरुमा काम गर्नको लागि सामाजिक विकास मन्त्रालयको गठन भएकोमा २०७८ साल बैशाख ६ गते संशोधित कार्य विभाजन नियमावली अनुसार साविकको सामाजिक विकास मन्त्रालयबाट प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार मन्त्रालयको नाम स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय कायम भएकोमा २०७९ साउन १ गते प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार मन्त्रालयको नाम स्वास्थ्य मन्त्रालय रहेको छ ।

## ९.२ दीर्घकालीन सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ्य र सबल नागरिकको विकास ।

## ९.३ ध्येय

प्रदेशबासिको स्वास्थ्य रहन पाउने मौलिक हकको सुनिश्चितता गर्ने ।

## ९.४ लक्ष्य

सबै नागरिकहरुलाई गुणस्तरिय स्वास्थ्य सेवाहरु सर्वसुलभ रुपमा उपलब्ध गराउने ।

### ९.५ उद्देश्य

- आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहूँच सुनिश्चित गराउनु।
- गुणस्तरीय प्रवर्द्धनात्मक, निरोधात्मक एवं उपचारात्मक सेवामा जनताको सहज पहूँच  बनाउनु।
- स्वस्थ जीवन शैली प्रबर्द्धन, व्यवहार परिवर्तन र जनस्वास्थ्यमा प्रतिकुल असर गर्ने कारक तत्वहरुलाई निरुत्साहित गर्नका लागि अनुकुल वातावरण सृजना गर्नु।
- विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवामा सबैको पहुँच पु¥याउनु।
- आपतकालीन र विपद्को अवस्थामा स्वास्थ्य सेवा प्रवाह प्रभावकारी रुपमा अविच्छिन्न उपलव्ध गर्नु।
- स्वास्थ्य सेवा व्यवस्थापनमा अन्तर सरकारी, सामुदायिक तथा बहुपक्षीय समन्वय, साझेदारी र सहकार्य गर्ने साथै आवश्यकता अनुरुप निजी र गैरसरकारी क्षेत्रसँग समेत सहकार्य गर्नु।
- प्रदेशवासीको स्वास्थ्योपचारमा हुने खर्चलाई कम गर्दै स्वास्थ्य सेवालाई सुलभ बनाउनु।

### ९.६ रणनीति

- प्रदेशभित्रका सबै तहका स्वास्थ्य संस्थाबाट निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको सुनिश्चित गर्ने।
- गुणस्तरीय विशेषज्ञ तथा विशिष्टिकृत स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै समतामूलक पहुँच वृद्धि गरी सामाजिक, आर्थिक, भौगोलिक, लैंगिक, धार्मिक र सांस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपयोग वृद्धि गर्ने।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास, औषधि, औषधिजन्य सामग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गर्ने।
- न्यूनतम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्डका आधारमा प्रादेशिक मापदण्ड तयार गरी स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा स्वास्थ्य सेवा प्रवाह गर्ने।
- आयुर्वेद तथा प्रदेशमा प्रचलित अन्य परम्परागत, प्राकृतिक चिकित्सा, योग लगायत वैकल्पिक चिकित्सा पद्धतिहरुको आधारभूत, विशेषज्ञ तथा विशिष्टिकृत स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गर्ने।
- स्वास्थ्यवर्द्धक खाद्य पदार्थको उत्पादन, उपलब्धता र उपभोग बढाई पोषण स्थितिमा सुधार गर्ने ।
- जीवनपथमा आधारित स्वास्थ्य  सेवा प्रवाह गर्ने अवधारणा अनुरुप किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्ने र विशेषगरी जेष्ठ नागरीक असहाय अपाङ्गहरुलाई  घरघरमै स्वास्थ्य सेवा पुर्याउने।
- नसर्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा प्रवाह गर्ने।

- स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि स्वस्थ सकारात्मक व्यवहार परिवर्तन, स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गर्ने।
- बढ्दो शहरीकरणबाट उत्पन्न हुने स्वास्थ्य समस्याहरुको व्यवस्थापनको लागि शहरी स्वास्थ्य प्रवर्द्धन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
- विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरु तथा महामारी न्यूनीकरण एवम् प्रतिकार्यको लागि वहुपक्षीय सहकार्य गर्ने।
- वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गर्ने।
- विभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गर्ने।

**९.७ कार्यक्षेत्र**

अस्पताल सुदृढीकरण र एकिकृत स्वास्थ्य तथा सरसफाई गरि मुख्य दुई क्षेत्रहरु समेट्ने यस मन्त्रालयका निम्न लिखित विस्तृत कार्यक्षेत्रहरु रहेका छन्

- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन ।
- स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन।
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन ।
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन।
- राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन ।
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन।
- प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन ।
- औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण ।
- खोप र परिवार नियोजन ।

- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन ।
- प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह।
- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी व्यवस्थापन।
- सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन।
- स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन,आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन।
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम।
- राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन ।
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन ।
- जनसंख्या, बसाइँ सराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय।

## ९.८ संगठन संरचना तथा जनशक्ति

प्रदेश सरकार (मन्त्रिपरिषद्) मिति २०७८ बैशाख ६ गतेको निर्णयानुसार प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ खारेज गरी २०७८ जारी गरेको छ । प्रदेश सरकार कार्यविभाजन नियमावली २०७८ अनुसार यस प्रदेशमा स्वास्थ्य क्षेत्र हेर्ने स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय नयाँ स्थापना भएको छ। यस मन्त्रालयको संगठन संरचना तथा जनशक्ति संरचना अस्थायी स्वीकृत भै कर्मचारीहरु कार्यरत छन्।

## ९.९ आ.व. २०७८/०७९ असार मसान्त सम्मको जनशक्ती पदपुर्तिको अवस्था

**तालिका नं. १**

| सि.नं. | नेपाल सरकारबाट स्वीकृत दरबन्दी | प्रदेश सरकार स्वीकृत अस्थायी दरबन्दी | जम्मा स्वीकृत दरबन्दी (स्थायी+अस्थायी) |
|---|---|---|---|
| १ | १२३१ | २४० | १४७१ |

**तालिकानं.२ आ.व.२०७८/०७९ असार मसान्तसम्म मातहतका निकायहरुको दरबन्दी र पदपुर्तिको अवस्था:**

| सि. नं. | नाम | दरबन्दी | | पदपूर्ति | | | | रिक्त | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ने.स. स्वीकृत स्थाई | प्र.स.स्वीकृत अस्थाई | स्थाई | कामकाज संघबाट | करार | छात्रवृति करार | | |
| १ | स्वास्थ्य मन्त्रालय, रुपन्देही | ७ | ३० | ७ | ४ | ६ | १ | १९ | ३० |
| २ | स्वास्थ्य निर्देशनालय, बुटवल, रुपन्देही | ३२ | ० | १६ | ० | ५ | ० | ११ | १६ |
| ३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बुटवल, रुपन्देही | १४ | ० | ३ | ० | ६ | ० | ५ | ११ |
| ४ | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापनकेन्द्र, बुटवल, रुपन्देही | १७ | ० | ९ | १ | ४ | ० | ३ | ८ |
| ५ | स्वास्थ्य तालिम केन्द्र, बुटवल, रुपन्देही | १३ | ० | ६ | ० | २ | ० | ५ | ६ |
| ६ | अर्घाखाँची अस्पताल, सन्धिखर्क, अर्घाखाँची | ३२ | २८ | १३ | २ | ३२ | १ | १३ | ४७ |
| ७ | कपिलवस्तु अस्पताल, तौलिहवा, कपिलवस्तु | ३३ | ३८ | १६ | १ | ३७ | ४ | १७ | ५५ |
| ८ | गुल्मी अस्पताल, तम्घास, गुल्मी | ५९ | ० | १९ | १ | १९ | ६ | २० | ४० |
| ९ | पाल्पा अस्पताल, तानसेन, पाल्पा | २१ | ३९ | २१ | ० | २३ | ३ | १६ | ३९ |
| १० | रामपुर अस्पताल, पाल्पा | ५९ | ० | ९ | १ | ३३ | १ | १६ | ५० |
| ११ | पृथ्वी चन्द्र अस्पताल, नवलपरासी | ५९ | ० | ११ | ० | ३६ | १ | १२ | ४८ |
| १२ | प्युठान अस्पताल, बिजुवार, प्यूठान | ५४ | ० | १८ | २ | १७ | ८ | १७ | ३६ |
| १३ | बर्दिया अस्पताल, गुलरिया, वर्दिया | ५९ | ० | ३२ | १ | १६ | ३ | १० | २७ |
| १४ | भीम अस्पताल, भैरहवा, रुपन्देही | ४२ | २९ | २२ | २ | २८ | ११ | १९ | ४९ |
| १५ | राप्ती प्रादेशिक अस्पताल, तुल्सीपुर, दाङ | ६३ | ० | ३३ | १४ | १० | १४ | ६ | ३० |
| १६ | रुकुम पूर्व अस्पताल, रुकुम पूर्व | ३१ | २९ | ८ | ० | २५ | १ | २७ | ५२ |
| १७ | रोल्पा अस्पताल, रेउघा, रोल्पा | २७ | ३३ | १८ | १ | २१ | २ | २० | ४२ |
| १८ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रुपन्देही | ३४२ | ० | १५६ | २ | १२४ | २५ | ६० | १८६ |
| १९ | अर्घाखाँची आयुर्वेद स्वास्थ्य केन्द्र, सन्धिखर्क, अर्घाखाँची | ७ | ० | ५ | ० | १ | ० | १ | २ |
| २० | कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र, तौलिहवा, कपिलवस्तु | ७ | ० | ५ | ० | १ | ० | १ | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | गुल्मी आयुर्वेद स्वास्थ्य केन्द्र, तम्घास, गुल्मी | ७ | ० | ३ | ० | १ | ० | ३ | ४ |
| २२ | पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, तानसेन, पाल्पा | ७ | ० | ४ | ० | २ | ० | १ | ३ |
| २३ | प्यूठान आयुर्वेद स्वास्थ्य केन्द्र, खलंगा, प्यूठान | ७ | ० | ५ | ० | २ | ० | ० | २ |
| २४ | प्रादेशिक आयुर्वेद चिकित्सालय, बिजौरी, दाङ | ३५ | ० | १८ | २ | ३ | १ | १२ | १७ |
| २५ | बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र, गुलरिया, वर्दिया | ७ | ० | ५ | ० | १ | ० | २ | ३ |
| २६ | बाँके आयुर्वेद स्वास्थ्य केन्द्र, नेपालगञ्ज, बाँके | ७ | ० | ५ | ० | १ | ० | १ | २ |
| २७ | राप्ती आयुर्वेद चिकित्सालय, तुल्सीपुर, दाङ | ६ | ० | ४ | ० | १ | ० | १ | २ |
| २८ | रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, लिवाङ, रोल्पा | ७ | ० | ५ | ० | १ | ० | १ | २ |
| २९ | लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवल, रुपन्देही | ६ | ० | ५ | ० | १ | ० | ० | १ |
| ३० | स्वास्थ्य कार्यालय, अर्घाखाँची | १२ | ० | १० | ० | २ | ० | ० | २ |
| ३१ | स्वास्थ्य कार्यालय, कपिलवस्तु | १५ | ० | ११ | १ | १ | ० | २ | ४ |
| ३२ | स्वास्थ्य कार्यालय, गुल्मी | १४ | ० | ७ | ० | २ | ० | ५ | ७ |
| ३३ | स्वास्थ्य कार्यालय, दाङ | १५ | ० | १३ | ० | ० | ० | २ | २ |
| ३४ | स्वास्थ्य कार्यालय, नवलपरासी | १२ | ० | ७ | ० | १ | ० | ४ | ५ |
| ३५ | स्वास्थ्य कार्यालय, पाल्पा | १५ | ० | १३ | ० | १ | ० | १ | २ |
| ३६ | स्वास्थ्य कार्यालय, प्यूठान | १२ | ० | ९ | ० | २ | ० | १ | ३ |
| ३७ | स्वास्थ्य कार्यालय, बर्दिया | १५ | ० | ११ | ० | १ | ० | ३ | ४ |
| ३८ | स्वास्थ्य कार्यालय, बाँके | १५ | ० | १५ | ० | ० | ० | ० | ० |
| ३९ | स्वास्थ्य कार्यालय, रुकुम पूर्व | १२ | ० | ७ | ० | ३ | ० | २ | ५ |
| ४० | स्वास्थ्य कार्यालय, रुपन्देही | १५ | ० | १२ | ० | १ | ० | २ | ३ |
| ४१ | स्वास्थ्य कार्यालय, रोल्पा | १२ | ० | ६ | ० | ३ | ० | ३ | ६ |
| ४२ | आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुमपूर्व | ० | ७ | ० | ० | ० | ० | ७ | ७ |
| ४३ | आयुर्वेद स्वास्थ्य केन्द्र, नवलपरासी बर्दघाट सुस्ता पश्चिम | ० | ७ | ० | ० | ० | ० | ७ | ७ |
| | जम्मा | १२३१ | २४० | ६०२ | ३५ | ४७६ | ८२ | ३५८ | ८६९ |

| | |
|---|---|
| | **नोट;** खुद रिक्त कायम गर्दा कुल दरबन्दीमा स्थाई सङ्ख्या घटाई कायम गरिएको तर रिक्त पद सङ्ख्या कायम गर्दा कुल दरबन्दीमा स्थाई र करार सङ्ख्या घटाई कायम गरिएको छात्रवृती करारको दरबन्दीसंग कुनै सरोकार नरहेको हुनाले यो सङ्ख्या रिक्त र खुद रिक्तमा जोड घटाउ नगरिएको केवल जानकारिका लागी मात्र प्रस्तुत गरिएको । |

## ९.१० तयार भएका निति ऐन नियमावली गठन आदेश निर्देशिका तथा कार्यविधिको विवरण

यस मन्त्रालयद्धारा हालसम्म तयार गरिएका ऐन नियमावली तथा कार्यविधिको विवरण देहाय बमोजिम रहेको छः-

- प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन २०७५ र सोको नियमावली, २०७७
- प्रदेश स्वास्थ्य नीति, २०७७
- आईसोलेसन सेन्टर स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
- आयुर्वेद तथा वैकल्पिक चिकित्साका माध्यामद्वारा कोरोना भाईरस महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७
- प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८
- स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८
- स्वास्थ्य क्षेत्रमा सामुदायिक संस्थालाई पूँजिगत अनुदान वितरण निर्देशिका, २०७६
- विपन्न नागरिकहरुका लागि दम तथा ब्रोङ्काईटिस रोग उपचार आर्थिक सहुलियत निर्देशिका, २०७६
- प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७
- ८४ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुका लागि घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका २०७६ र सोको संशोधन, २०७८
- Ayurveda Drug Manual for Health care workers in response to covid 19, 2077
- मनसून प्रतिकार्य योजना (स्वास्थ्य क्षेत्र)
- मधुमेह तथा उच्च रक्तचापको स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन निर्देशिका, २०७८
- कोभिड १९ महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रतिकार्य योजना, २०७७
- प्रदेश निःशुल्क रक्तसञ्चार कार्यविधि,२०७८
- प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा (पहिलो संशोधन) निर्देशिका, २०७८
- प्रदेश स्वास्थ्य साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७८
- सिकल सेल तथ थालेसिमिया रोग रोकथाम तथा उपचार सम्बन्धी कार्यक्रम सञ्चालन निर्देशिका २०७८
- एन्टिजेन विधिद्वारा समुदायस्तरमा कोभिड १९ परीक्षण गर्ने कार्यविधी, २०७८

### ९.११ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रगतिको बिधमान अवस्था |
|---|---|---|
| ७ | कोभिड १९ रोकथाम,नियन्त्रण, निदान तथा उपचारको लागी आवश्यक पर्ने औजार उपकरण, औषधी र अन्य आवश्यक स्वास्थ्य सामाग्रिको खरिदको लागि प्रदेश कोभिड कोष मार्फत खर्च गर्ने गरी आवश्यक बजेटको व्यावस्था । | कार्यान्वयन भैराखेको |
| १० | दुर्गम तथा पहुँच भन्दा टाढा रहेका स्थानहरुमा **घरदैलोमा डाक्टर कार्यक्रम** संचालनको लागि बजेटको व्यावस्था । | कार्यान्वयन भैरहेको (दुर्गम क्षेत्रमा ३ मोबाइल शिविर सञ्चालन भएको) |
| ११ | निशुल्क रक्त  संचार सेवा | कार्यविधि निर्माण भई सम्झौता गर्ने चरणमा रहेको |
| १३ | लुम्विनि प्रादेशिक अस्पतालमा क्याथ ल्याव संचालन | खरिद भै जडान तथा सञ्चालन हुने क्रममा रहेको |
| ११ | प्रदेश विपन्न नागरिक स्वास्थ्य उपचार सहुलियत कार्यक्रम | प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका २०७८ स्विकृत भई लागू भैरहेको (२७८ जनाले सेवा प्राप्त गरेका) |
| १४ | लुम्विनि प्रादेशिक अस्पताललाई MRI मेशिन किन्न रकम विनियोजन | खरिदको प्रक्रिया अन्तिम चरणमा रहेको |
| १५ | जेष्ठ नागरिक सँग स्वास्थ्यकर्मी | जेष्ठ नागरिक सँग स्वास्थ्यकर्मि कार्यक्रम संचालन निर्देशिका २०७८ तयार गरि प्रकाशित भै कार्यन्वयनमा रहेको (करिब १३,००० जना ७० वर्ष पुगेका नागरिकहरुलाई उक्त सेवा प्रदान गरिएको) |

### ९.१२ चालू आर्थिक वर्ष २०७८/०७९ असार मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य उपलब्धी/कार्यहरु

- अस्पताल सेवा विस्तार
  - लुम्बिनी प्रादेशिक अस्पतालमा वर्न वार्ड संचालन, क्याथ ल्याब तथा एम आर इ मेसिनको खरिद प्रकृया अन्तिम चरणमा रहेको ।

- भिम अस्पतालमा सिटी स्क्यान मेसिन खरिद भईसकेको तर खाता वन्दिको कारण भूक्तानी हुन नसकेको ।
- प्युठान अस्पतालमा इन्डेस्कोपी शुरु
- डाइलासिस सेवा ३ वटा अस्पालबाट संचालन भैरहेको

- हब अस्पतालहरूबाट स्याटेलाईट अस्पतालहरूमा विशेषज्ञ चिकित्सकहरुको परिचालन कार्यविधि तयार गरी कार्यान्वयन गर्ने आधार तय भएको
- नवलपरासी र रुकुम पूर्वमा आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना
- प्रादेशिक आयुर्वेद चिकित्सालयमा सर्जिकल सेवाको विस्तार
- संघीय सरकारको आर्थिक सहयोगमा कपिलवस्तुको चन्द्रौटामा सरुवा रोग अस्पताल स्थापनाका लागि भवन निर्माणका लागि खरिद सम्झौता भई कार्य अगाडी बढिरहेको।
- तामनगर रुपन्देहीमा सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा BSL-II प्रयोगशाला निर्माण जसको- ८५% सम्पन्न र हस्तान्तरणको अनुमानित मिति असोज २०७९ भएकाले सो समय सिमा भित्र संचालनमा ल्याईने।
- "घरमा डाक्टर" कार्यक्रम - दुर्गम क्षेत्रमा ३ मोबाइल शिविर सञ्चालन जसबाट ११०३ जनाले सेवा पाएका ।
- लुम्बिनी आयुर्वेद चिकित्सालयलाई १५ शैयाको आयुर्वेद अस्पतालमा स्तरोन्नति
- गरिब र विपन्न गर्भवती महिलाहरूको लागि निशुल्क USG सेवा- शुरु गत आ ब २०७६/७७ मापदण्ड अनुसार चारै पटक गर्भ जाँच गर्ने ६१ प्रतिशत भएकोमा यस आ ब २०७८/०७९ मा सो प्रगति ७४ प्रतिशत पुगेको छ ।
- ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा करिब १३,००० जना ७० वर्ष पुगेका नागरिकहरुले सो सेवा प्राप्त गरे
- २० वर्ष भन्दा माथिका जनताको लागि मधुमेह र उच्च रक्तचापको स्क्रिनिङ करिब ४० हजार जनताले सो सेवा प्राप्त गरेका ।
- प्रदेश सरकारको लगानीमा लमही स्थित अस्पालको क्षेत्र भित्र ट्रमा सेन्टर स्थापनाका लागि भवन निर्माण भईरहेको ।
- राप्ती प्रादेशिक अस्पतालको बाल चिकित्सा भवन करिब सम्पन्न, यस आ बको दशैंअघि नै सेवा सुरु हुने र चालु आ.व. मा व्यवस्थापकीय कार्य समेत संचालन हुनेछ ।
- बाँके, बर्दिया, दाङ, कपिलवस्तु, रुपन्देही र नवलपरासी पश्चिमका स्वास्थ्य कार्यालयहरूमार्फत थारु समुदायमा सिकलसेल तथा थालेसेमिया परीक्षण तथा जनचेतना अभियान सञ्चालन भईरहेको छ ।

- त्यसैगरी तराईका ६ जिल्लाका ८ वटा सरकारी अस्पतालबाट सिकलसेल र थालेसेमिया रोगको निदान र उपचारका लागि सिकलसेल परामर्श केन्द्र स्थापना गरिएको छ ।
- सबै अस्पतालहरूमा प्रयोगशाला, रेडियोलोजी र फार्मेसीको २४ सै घण्टा संचालन भैरहेको ।
- निशुल्क रक्तसञ्चार सेवाको बजेट, कार्यक्रम र कार्यविधि स्वीकृत भएसँगै निशुल्क रक्तसञ्चार सेवा सुरु यही श्रावण १ गते बाट सम्झौता भई कार्य अगाडी बढिरहेको ।
- यस प्रदेशका १२ वटै जिल्ला पूर्ण खोपयुक्त घोषित भई प्रदेशमा पूर्ण खोपको काम अन्तिम चरणमा पुगेको ।
- प्रदेशका १३ अस्पतालमध्ये ११ अस्पतालले सीई ओ एन सी प्रसूति सेवा सञ्चालन गर्दै आएका छन् भने थप २ अस्पताल पाल्पा अस्पताल र रुकुमपूर्व अस्पताललाई आगामी वर्षहरूमा विस्तार गरिने ।
- प्रदेशका सबै अस्पतालहरुबाट आँखा, दाँत, कान, नाक, घाँटीको उपचार सेवा, फिजियोथेरापी सेवा, २४ सै घण्टा प्रयोगशाला तथा फार्मेसी, नियमित भिडियो एक्सरे, रक्त परीक्षण, नियमित खोप तथा पोषण सेवासहित ५० शैय्यामा स्तरोन्नति गरिएको
- प्रदेशका विपन्न नागरिकका लागि स्वास्थ्य उपचार आर्थिक सहजीकरण कार्यक्रम मार्फत मुटुको भल्भ प्रतिस्थापन, मिर्गौला प्रत्यारोपण र क्यान्सर उपचार सञ्चालन गरिएको २७८ जनाले सेवा प्राप्त गरेका ।
- सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन ग्रामिण अल्ट्रासाउन्ड मेसिन थान ३४ तालिम प्राप्त स्वास्थ्यकर्मीबाट संचालन हुने गरी हस्तान्तरण गरिएको ।
- पोर्टेवल एक्स्रे थान ३४, प्यासेन्ट मनिटर ३४, ई.सी.जी मेसिन ३३ समेत स्वास्थ्य संस्थाहरुमा प्रदेश आपुर्ति केन्द्र मार्फत खरिद भई वितरण गरिएको ।
- लुम्बिनी प्रादेशिक अस्पतालको आ.ई.सि.यु ६ बेड बाट २० बेडमा, मेडिकल वार्ड १९ बाट ४५ मा, इमर्जेन्सी २२ बाट ३५ मा, डाइलाईसिस ५ बेडबाट १३ मा, न्यूरो सर्जरी वार्ड ४ एज.डि.यु बेड संचालन, ग्रेड ए को एम्बुलेन्स सेवा संचालन, पेईङ्ग बेड २२ बेडमा सेवा संचालन भई सेवामा सुधार भएको छ ।

### ९.१३ आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्म मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश सरकार | २,६२५,७२८ | १,७८९,४९३ | |
| २ | वित्तीय समानीकरण (संघ) | २३७,५०० | १६५,६०० | |
| ३ | शशर्त अनूदान (संघ) | १३४,१४९ | ९९,९५९ | |
| ४ | समपूरक अनूदान (संघ) | १,८०४,१२३ | १,५२५,२०० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | विशेष अनूदान (संघ) | ४१,५०० | २०,८२५ | |
| ६ | अनूदान (नगद तथा ऋण (संघ)) | २७३,९०० | ११८,५६६ | |
| | **जम्मा रकम** | **५,११६,९००** | **३,७१९,६४३** | |

स्रोत PLMBIS Lumbini Province (Budget & expenditure data)

## ९.१४ आर्थिक वर्ष २०७८/०७९ को बेरुजुको विवरण

| **क्र.स** | **वेरुजुको विवरण** | **रकम (रु.)** | **असुलिको अवस्था** |
|---|---|---|---|
| १ | साविकको सामाजिक विकास मन्त्रालयबाट हस्तान्तरण भएको वेरुजु | १२६२८३१६०।- | लगत बाँध्ने काम भएको कागजातहरु संकलन गरी असुलिको लागि पत्राचार, ताकेता गरिएको । उल्लेखित रकम मध्ये धरै अंश अस्पतालको समिति तर्फको भएकोले सो रकम असुलिको लागि सम्बन्धित अस्पताललाई समेत ताकेता गरिएको |
| २ | स्वास्थ्य मन्त्रालय स्थापना भए पश्चात आ.व २०७८/०७९ को वेरुजु | ७२९३६९।- | सम्बन्धी फर्म तथा व्यक्तिहरुलाई पत्राचार गरी रकम असुल्न ताकेता गरिएको । |

(स्रोत: महालेखा परिक्षकको प्रतिवेदनको आधारमा)

## ९.१५ आर्थिक वर्ष २०७८/०७९ मा विनोयोजित बजेट तथा वित्तीय प्रगति

(रु हजारमा)

| **बजेट शीर्षक** | **शुरु विनियोजित बजेट** | **२०७९ असार मसान्त सम्मको खर्च** | **प्रतिशत** | **अन्तिम बजेट (थपघट सहित मसान्त सम्मको)** | **२०७९ असार मसान्त सम्मको खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| चालु | २९८९१०१ | **२६७८०४४** | ८९.५९ | ३४७६६९६ | **२६७८०४४** | ७७.०२ |
| पुँजिगत | ११०९३२८ | **१०४१५९९** | ९३.८९ | १६४०२०४ | **१०४१५९९** | ६३.५० |
| **जम्मा** | ४०९८४२९ | **३७१९६४३** | **९०.७५** | **५११६९००** | **३७१९६४३** | **७२.६९** |

स्रोत PLMBIS Lumbini Province  (Budget & Expenditure data)

## ९.१६ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु हजारमा)

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | वार्षिक लक्ष्य | | असार मसान्त २०७९ सम्मको प्रगति | | | | संचालन हुन नसकेका कृयाकलापहरु सं |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% | |
| १ | एकिकृत स्वास्थ्य तथा सरसफाइ | ३०३ | ५६३२५२ | २५७ | ८४.८१ | ३१४५२१ | ५५.८४ | ४६ |
| २ | प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम | २७८ | १४९१४२१ | २४० | ८६.३३ | ८३८६६२ | ५६.२३ | ३८ |
| ३ | आयुर्वेद सेवा कार्यक्रम (संघ शशर्त अनुदान) | १७४ | ८९६०० | १७४ | १०० | ८५९८९ | ९५.९७ | |
| ४ | उपचारात्मक सेवा कार्यक्रम (संघ शशर्त अनुदान) | ३५ | ५८१०० | २७ | ७७.१४ | ४२०२५ | ७२.३३ | ८ |
| ५ | एकिकृत महिला स्वास्थ्य तथा प्रजनन् स्वास्थ्य कार्यक्रम(संघ शशर्त अनुदान) | ३१९ | ७६१७८२ | १५८ | ८७.१४ | ५७६६५७ | ७५.७० | ४१ |
| ६ | एड्स तथा यौन रोग नियन्त्रण (संघ शशर्त अनुदान) | ३१ | २९८०० | २५ | ८०.६४ | २०७६१ | ६९.६७ | ६ |
| ७ | क्षयरोग नियन्त्रण | ६८ | ४६४०० | ५९ | ८६.७६ | २००७१ | ४३.२६ | ९ |
| ८ | नर्सिङ्ग तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम (संघ शशर्त अनुदान) | २७ | १०३५०० | २५ | ९२.५९ | ७७६४१ | ७५.०२ | २ |

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | वार्षिक लक्ष्य | | असार मसान्त २०७९ सम्मको प्रगति | | | | संचालन हुन नसकेका कृयाकलापहरु सं |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेट खर्च% | |
| ९ | महामारी तथा रोग नियन्त्रण कार्यक्रम (संघ शशर्त अनुदान) | १११ | ७७३६६४ | ९८ | ८८.२८ | ७४४१३५ | ९६.१८ | १३ |
| १० | राष्ट्रिय तालिम कार्यक्रम (संघ शशर्त अनुदान) | १२ | ५७०० | २ | १६.६६ | १३७४ | २४.११ | १० |
| ११ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्र (संघ शशर्त अनुदान) | ७ | ७५०० | ५ | ७१.४२ | २९६४ | ३९.५२ | २ |
| १२ | स्वास्थ्य व्यावस्थापन कार्यक्रम (संघ शशर्त अनुदान) | ४९ | ३४००० | ४८ | ९७.९५ | २७९८५ | ८२.३१ | १ |

स्रोत PLMBIS Lumbini Province (Budget & Expenditure data)

## ९.१७ आ.व. २०७८/०७९ को बहुवर्षीय आयोजनाको खर्चको अवस्था

| क्र.सं | कृयाकलाप | अनुदान | लागत अनुमान(रु.) | बजेट(रु.) | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माण | नगद/प्रदेश सरकार | १८९०००००० | २८५००००० | ७२.१० |
| २ | पृथ्वीचन्द् अस्पतालको भवन निर्माण निरन्तरता | विशेष अनुदान | २५२१३०००० | ६६४००००० | ८१.८७ |
| ३ | ट्रमा सेण्टर भवन निर्माण निरन्तरता | नगद/प्रदेश सरकार | ४०४३४२००० | ४००००००० | ९८.४८ |
| ४ | रुकुम पूर्व अस्पतालको भवन निर्माण निरन्तरता | नगद/प्रदेश सरकार | २८४०००००० | ४१५००००० | ०.९८ |
| ५ | रुकुम पूर्व अस्पतालको भवन निर्माण निरन्तरता | समपुरक अनुदान | | ४१५००००० | ९९.३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | बाँकि आयुर्वेद स्वास्थ्य केन्द्रको ओ.पि.डि. र पंचकर्म भँन निर्माण निरन्तरता | नगद/प्रदेश सरकार | ६९५५२००० | १०५००००० | ३९.९५ |
| ७ | बर्दिया अस्पताल भवन निर्माण निरन्तरता | नगद/प्रदेश सरकार | ४६४००००० | २६४००००० | ४३.३३ |

## ९.१८ विशेष तथा समपुरक आयोजनाको स्थिति

| विशेष | कुल बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| सिकेलसेल तथा थालसेमिया रोगको सचेतना, स्क्रिनिङ्ग निदान, उपचार तथा सहयोग कार्यक्रम | ४ करोड १५ लाख | ३ करोड ४२ लाख | ८२.५०% |
| भीम अस्पतालको भवन निर्माण | ८ करोड ३० लाख | २ करोड ७४ लाख | ३३% |
| पृथ्वी चन्द्र अस्पतालको भवन निर्माण निरन्तरता | ६ करोड ६४ लाख | ५ करोड ४३ लाख | ८२% |
| एकिकृत, आयुर्वेद तथा वैकल्पिक चिकित्सा शिक्षण अस्पताल, वेलझुण्डी | ८ करोड ३० लाख | २४ लाख ७६ हजार | ३ % |
| **समपुरक** | **कुल बजेट** | **कुल खर्च** | **खर्च प्रतिशत** |
| रुकूम पूर्व अस्पतालको भवन निर्माण निरन्तरता | ४ करोड १५ लाख | ४ करोड १२ लाख | ९९.३९% |

## ९.१९ लुम्बिनी प्रदेशको मुख्य स्वास्थ्य सूचकांकको अवस्था

| क्र. सं. | मुख्य सचकहरु | प्राप्त लक्ष्य | | |
|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८/०७९ |
| १ | संस्थागत सुत्केरी प्रतिशत | ८१.४ | ७९.७ | ९१.५ |
| २ | पूर्ण खोप पाएका एक वर्ष मुनिका बच्चाको प्रतिशत | ७१ | ८३.१ | १०१ |
| ३ | मापदण्ड अनुसार चार पटक गर्भ जाँच गर्ने प्रतिशत | ६०.५ | ६०.७ | ७९.५ |
| ४ | क्षयरोग निको दर | ३८.४ | ८४.८ | ८४.६ |
| ५ | परिवार नियोजन साधन नँया प्रयोग दर | १३ | १४.९ | १२.३ |

(स्रोत: DHIS/HMIS Data)

## ९.२० आ.व. २०७८/०७९ असार मसान्तसम्म कार्यालयहरूको भौतिक तथा वित्तीय प्रगति विवरण

| कार्यालयको नाम | एकीकृत स्वास्थ्य तथा सरसफाई | | प्रादेशीक अस्पताल सुध्दृढिकरण | | प्रदेश तर्फ जम्मा खर्च % | संघीय सशर्त | | कुल जम्मा खर्च % |
|---|---|---|---|---|---|---|---|---|
| | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | भौतिक | वित्तीय | |
| स्वास्थ्य मन्त्रालय | १० | ७.२६ | ५ | १.४९ | ४.३ | ५ | २.५९ | ४.१३ |
| स्वास्थ्य निर्देशनालय | ५१ | ३७ .९५ | ७२ | ६४. ९५ | ५० | ७१ | ५८.२४ | ५४ |
| स्वास्थ्य तालिम केन्द्र | ३२ | १९.०३ | २७ | १७.० | १८ | २८ | १६.०१ | १७ |
| प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ९५ | ७७.७७ | १०० | १०० | ८८ | ९५ | ८१.२२ | ८५ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ९० | ८३.१२ | - | - | ८३.१२ | ९९ | ९८.४५ | ९० |
| स्वास्थ्य कार्यालय गुल्मी | ९५ | ८२.२ | - | - | - | ९१ | ७९.०४ | - |
| स्वास्थ्य कार्यालय अर्घाखाँची | ९६ | ८९.०८ | - | - | - | ९८ | ८८.२९ | - |
| स्वास्थ्य कार्यालय रोल्पा | १०० | ९०.६८ | - | - | - | १०० | ८४.१८ | - |
| स्वास्थ्य कार्यालय दाङ | ९५ | ७७.३३ | ९५ | ६६.१८ | - | ७७ | ७४.३५ | - |
| स्वास्थ्य कार्यालय बाँके | १०० | ९१.५ | १०० | ९८.९३ | - | ९४ | ८०.७३ | - |
| स्वास्थ्य कार्यालय बर्दिया | ८० | ५२.७८ | ८० | ७१.८ | - | ९१ | ६७.५१ | - |
| स्वास्थ्य कार्यालय प्युठान | ९४ | ९२.८ | - | - | - | ९३ | ८४.०४ | - |
| स्वास्थ्य कार्यालय रुकुम पूर्व | १०० | ७५.९८ | - | - | - | ९१ | ८२.० | - |
| लुम्बिनी प्रादेशिक अस्पताल | - | - | ९९ | ९८.७१ | - | ९९ | ९७.७७ | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| राप्ती प्रादेशिक अस्पताल | - | - | ७५ | ५२. ६९ | - | १०० | ९७.२७ | - |
| भिम अस्पताल | - | - | ६६ | ५६. ८८ | - | १०० | ९८.५५ | - |
| पृथ्वी चन्द्र अस्पताल | - | - | १०० | ९७.७८ | - | १०० | ९५.७८ | - |
| कपिलवस्तु अस्पताल | - | - | १०० | ९९.९७ | - | १०० | ९५.१ | - |
| पाल्पा अस्पताल | - | - | ८७ | ८०.४ | - | ९८ | ८५.६३ | - |
| रामपुर अस्पताल | - | - | ७५ | ७२.६२ | - | १०० | ८३.४६ | - |
| अर्घाखाँची अस्पताल | - | - | ९९ | ९६.२७ | - | ८७ | ७९.५९ | - |
| गुल्मी अस्पताल | - | - | ९० | ८९ .६ | - | ९५ | ७९.८४ | - |
| रोल्पा अस्पताल | - | - | १०० | ९१.१५ | - | ९६ | ८९.५९ | - |
| प्युठान अस्पताल | - | - | ९२ | ८६.७१ | - | ९९ | ९४.१३ | - |
| रुकुम पूर्व अस्पताल | - | - | ९७ | ९०.१४ | - | ८७ | ७४.३१ | - |
| बर्दिया अस्पताल | - | - | १०० | ९९.८८ | - | १०० | ९६.१ | - |
| भेरी अस्पताल | - | - | ९१ | ८९.४८ | - | - | - | - |
| प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी | १०० | ९८.०४ | - | - | - | ९८ | ९४.५१ | - |
| लुम्बिनी आयुर्वेद चिकित्सालय | ९० | ८४ | - | - | - | १०० | ९९.०६ | - |
| कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र | १०० | १०० | - | - | - | १०० | १०० | - |
| पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र | १०० | ९९.७ | - | - | - | ९९ | ९०.४१ | - |
| अर्घाखाँची आयुर्वेद स्वास्थ्य केन्द्र | १०० | ९९ | - | - | - | १०० | ९९.९८ | - |
| गुल्मी आयुर्वेद स्वास्थ्य केन्द्र | १०० | ९९ | - | - | - | ९९ | ९४.७८ | - |
| रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्र | ४० | ३१ | - | - | - | ९९ | ९२.०७ | - |
| प्युठान आयुर्वेद स्वास्थ्य केन्द्र | १०० | ९९ | - | - | - | ९९ | ९२.४३ | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बाँके आयुर्वेद स्वास्थ्य केन्द्र | १०० | १०० | - | - | - | ९९ | ९८.२५ | - |
| बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र | १०० | १०० | - | - | - | १०० | ९९.९९ | - |
| रासी आयुर्वेद चिकित्सालय | १०० | १०० | - | - | - | १०० | ९८.०९ | - |
| शहरी तथा भवन कार्यालय, रुपन्देही | ४० | ५७ | ७९ | ४८ | - | - | - | - |
| शहरी तथा भवन कार्यालय, दाङ | ५६ | ६१ | ८८ | ७१ | - | - | - | - |
| शहरी तथा भवन कार्यालय, बाँके | ५० | ४० | ५१ | ५१ | - | - | ० | - |
| प्रदेश पूर्वाधार विकास प्राधिकरण | - | - | | १.९६ | - | - | - | - |
| कृष्णनगर नगरपालिका | - | - | १० | २०.८७ | - | - | - | - |

स्रोत PLMBIS Lumbini Province & health entities filled google sheet(Budget & Expenditure data)

## ९.२१ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाई

- लोकसेवाबाट भएको जनशक्ति पदपुर्तिको विज्ञापनको मुद्दा
- आयोजनाहरुको जग्गा प्राप्तीको कार्य
- नयाँ भवन बनाउन पुरानो संरचना सार्ने समस्या
- स्वास्थ्यका कार्यक्रमहरुको कार्यान्वयन गर्न आवश्यक सवारी साधनको अभाव
- सशर्त कार्यक्रमहरुमा सोधभर्ना र नगद अनुदानको स्रोत फुकुवा
- प्रादेशिक स्वास्थ्य संस्थाहरुको O& M सर्वे र दरबन्दी संरचना संशोधन
- होल्डिङ सेण्टर व्यवस्थापनमा चुनौती
- लेखा प्रणाली संचालनमा एकीकृत सफ्टवेयर।

## ९.२२ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदम

**समस्या समाधानका लागि चालिएका प्रयास तथा आगामी कदम:**

| क्र.सं. | समस्या | समस्या समाधानका प्रयास | आगामी कदम |
|---|---|---|---|
| १ | प्रादेशिक निकायमा जनशक्तिको अभाव | दुर्गम र अपायक क्षेत्रमा विशेषज्ञ सेवा उपलब्ध गराउन विशेष | विशेष गरी नवौं तहको विशेषज्ञ चिकित्सकको स्थायी पदपूर्ति |

| | | | |
|---|---|---|---|
| | | प्रोत्साहन प्याकेजको व्यवस्था। | नहुन्जेलसम्मका लागि करारबाट नियुक्ति हुन सहमति प्रदान गर्नुपर्ने |
| २ | लोकसेवाबाट भएको जनशक्ति पदपुर्तिको विज्ञापनको मुद्दा | रिक्त पदपूर्तिका लागि तालुक निकायमा माग/ सिफारिश गरिएको | सेवा प्रवाहलाई अविछिन्न गर्न यथाशिघ्र प्रशासनिक र कानूनी समन्वय गरी समस्याको हल गर्नुपर्ने |
| ३ | आयोजनाहरुको जग्गा प्राप्तीको कार्य | बहुसरोकारवालाहरुबीच समन्वय | अस्पतालहरुको निर्माणका सन्दर्भमा सहज जग्गा प्राप्ति कानून निर्माण |
| ४ | नयाँ भवन बनाउन पुरानो संरचना सार्ने समस्या | स्वास्थ्य संस्थाहरुको बहुजोखिम सुरक्षामा ध्यान दिदै भवन पूर्वाधारहरुको अधिकतम प्रयोग गरिएको | स्वास्थ्य संस्थाको गुरुयोजना अनुरुप अगाडी बढ्नुपर्ने उदाहरणका लागी लुम्बिनी प्रादेशिक अस्पताल |
| ५ | स्वास्थ्यका कार्यक्रमहरुको कार्यान्वयन गर्न आवश्यक सवारी साधनको अभाव | पुराना गाडीहरुको मर्मत संभार गरी सञ्चालनमा ल्याईएको | सवारी खरिदका लागि बजेट तथा कार्यक्रममा समावेश गरिनुपर्ने |
| ६ | प्रादेशिक स्वास्थ्य संस्थाहरुको O& M सर्वे र दरबन्दी संरचना संशोधन | केही अस्पतालहरुको थालनी गरिएको | सेवाग्राहीहरुको चाप र सेवाको विशिष्टिकृतता बढेको हुनाले यथाशिघ्र सबै कार्यालयको दरबन्दी पुनरावलोकन गर्न बजेट तथा कार्यक्रममा समावेश |
| ७ | होल्डिङ सेण्टर व्यवस्थापनमा चुनौती | जग्गा व्यवस्थापनका लागि बहुसरोकारवालाहरु बीच समन्वय गरिएको | सीमा नाकाहरुमा दरबन्दी सहितको छुट्टै संरचना खडा गर्न संघीय सरकार समक्ष अनुरोध गर्ने बनिसकेका हरुको व्यवस्थापनमा समस्या |
| ८ | अस्पतालहरुबाट प्रदान हुने सेवाको एकिकृत प्रतिवेदन प्रणाली डिजिटलाईजेशन हुन नसक्नु | विद्यमानमा प्रयोगमा आएको प्रतिवेदन प्रणालीलाई कार्यालयगतमा मात्र प्रभावकारी भएकोले समन्वय भैराखेको | एकिकृत प्रतिवेदन तयार हुने सफ्टवेयरको व्यवस्था हुनुपर्ने |

## ९.२३ निष्कर्ष

प्रदेशमा स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको स्थापना भएपछि संघीय नेपालको संविधानले परिकल्पना गरे अनुसार अरु प्रदेशहरुमा समेत स्वास्थ्य सम्बन्धी मन्त्रालयहरुको गठन भैरहेको छ। नेपालको संविधान र सोको कार्य विस्तृतिकरणमा प्रदेश सरकारको कार्यक्षेत्रमा तोकिएको स्वास्थ्य विषय र केहि साझा कार्यक्षेत्रका विषयलाई सम्बोधन गर्न यस मन्त्रालय प्रयासरत रहेको छ ।

स्वास्थ्यमा सबैको सर्वव्यापी पहुँचलाई स्थापित गर्न, प्रदेशमा विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य सेवाको प्रवाहलाई सुदृढीकरण गर्न मन्त्रालयले आवश्यक नीति रणनीति वार्षिक कार्यक्रमहरुको व्यवस्था गरेको छ । प्रदेशको समग्र स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउन प्रदेशको स्वास्थ्य नीति जारी गरिएको छ र नीति अनुरुप थप कार्यान्वयनको लागि नीतिको रणनैतिक कार्ययोजना तयार भैरहेको छ । साथै वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न निःशुल्क रक्तसञ्चार निर्देशिका, स्वास्थ्य साझेदारी निर्देशिका लगायत विभिन्न कार्यविधिहरुको निर्माण गरिएको छ ।

नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित अस्पतालहरुको सुदृढीकरण गरी यस प्रदेशका ६ वटा अस्पतालहरुलाई समेत ५० शैय्यामा स्तरोन्नति गरी सञ्चालनमा ल्याईएको छ र यस प्रदेश मातहतका सबै अस्पतालहरुमा प्रसूतिको आकस्मिक शल्यक्रिया हुने वातावरण तयार भैरहकेको छ । यस प्रदेशमा स्वास्थ्य पूर्वाधारहरु निर्माणको दशकका रुपमा अभियानमूलक हिसाबले विभिन्न स्वास्थ्यहरुको अत्याधुनिक भवन पूर्वाधार निर्माण भैरहेको छ। प्रदेशमा विशिष्टिकृत स्वास्थ्य सेवा प्रवाह गर्न लुम्बिनी प्रादेशिक अस्पतालमा मुटुरोगको जटिल उपचार प्रबन्ध मिलाउन क्याथ ल्याब सेवा, न्यूरो सर्जरी सेवा, आई सि यू सेवा थप, एच आ ई भि र हेपाटाईटिस संक्रमितहरुको लागि समेत अत्याधुनिक सेवा सुविधा सहितको डाईलाईसिस सेवा सञ्चालन भएको छ । अत्याधुनिक निदान सेवाका लागि एम आर आई सेवा सञ्चालनको तयारी रहेको छ। सामाजिक, आर्थिक, धार्मिक र भौगोलिक हिसाबले पछाडी परेका लक्षित वर्गहरुको स्वास्थ्य सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न घर दैलोमा डाक्टर कार्यक्रम ल्याई प्रभावकारी कार्यान्वयन भैरहेको छ । स्वास्थ्य सेवा प्रणालीलाई उत्थानशील, सुदृढ र मजबुत गराउन स्थानीय तहसँग समेत सहकार्य गर्न स्वास्थ्य साझेदारी कार्यक्रमको थालनी गरिएको छ ।

# परिच्छेद-१०
# उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

## १०.१ पृष्ठभूमि

प्रदेश सरकारको "समृद्ध लुम्बिनी, आत्मनिर्भर" प्रदेश भन्ने सोचका साथ संविधानको अनुसूची-४ बमोजिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, पूर्वी रूकुम, रोल्पा, प्यूठान, दाङ, बाँके, बर्दिया गरी बाह्र जिल्लाहरुको प्रतिनिधित्व गर्दै लुम्बिनी प्रदेशको स्थापना भएको छ । प्रदेश सरकारको एक अंग यस उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको मूल उद्देश्य भनेको यस प्रदेशमा बसोवास गर्ने नागरिकहरुको आधारभुत आवश्यकतालाई समयानुकूल पुरा गर्दै जनतालाई सरकार जनताको साथ छ भन्ने अनुभूति दिलाउनु हो । यसै सन्दर्भमा लुम्बिनी प्रदेशको उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले चालु आ.ब. २०७८/०७९ बाट विद्युत (नविकरणीय ऊर्जा समेत) उत्पादन र वितरण प्रणालीलाई सुदृढिकरण तथा विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखी ऊर्जा दक्षता कायम गरी भईरहेका संरचनाको Rehabilitation तथा "उज्यालो प्रदेशः लुम्बिनी प्रदेश" कार्यक्रम अनुरुप आगामी ५ वर्ष भित्रमा प्रदेशलाई विद्युतमा पूर्ण आत्मनिर्भर प्रदेश बनाउने अवधारणा तयार पारेको छ ।

लुम्बिनी प्रदेशका १२ जिल्लाहरुमध्ये भौगोलिक जटिलताका कारण तराई क्षेत्रको तुलनामा पहाडी क्षेत्रका जिल्लाहरुमा विद्युतीकरण कम भएको पाईन्छ । नेपाल विद्युत प्राधिकरणको तथ्यांकका आधारमा रोल्पा तथा पूर्वी रुकुममा सबैभन्दा कम विद्युतीकरण भएको देखिन्छ । हाल यस प्रदेशमा जलविद्युतबाट ३६.४५ मेघावाट, सौर्यविद्युतबाट ९.६ मेघावाट रहाईब्रिड प्रविधिबाट ०.०२५ मेघावाट विद्युत उत्पादन भईरहेको छ।

यस प्रदेशमा रहेका निर्माणाधिन विद्युत आयोजनाहरुमध्ये निकट भविष्यमै जलविद्युत आयोजनावाट १५.९९ मेघावाट र सौर्य विद्युत आयोजनावाट १६.९० मेघावाट गरी जम्मा ३२.८९ मेघावाट थप विद्युत उत्पादन हुने देखिन्छ । साथै यस प्रदेशमा नेपाल सरकारको बास्केटमा रहेका साना जलविद्युत आयोजनाहरुबाट करिब ८४.४२ मेघावाट र सम्भावित ठूला जलविद्युत आयोजनाहरुबाट करिब ३००० मेघावाट विद्युत उत्पादन हुनुका साथै जलाशययुक्त आयोजनाबाट सिंचाई प्रणाली विस्तार तथा पर्यटन प्रर्वद्धन समेत गर्न सकिने सम्भावना समेत रहेको छ ।

विद्युतको पहुँच नपुगेका बस्ती तथा समुदायहरुको पहिचान गरी नेपाल विद्युत प्राधिकरणको सहकार्यमा आवश्यक्तानुसार विद्युत लाईन विस्तार तथा भौगोलिक कठिनाई वा अन्य कारणवाट तत्काल विद्युत लाईन विस्तार गर्न सम्भव नभएका स्थानहरुको ऊर्जा संकटलाई समाधान गर्न वैकल्पिक ऊर्जाको माध्यमवाट दूरदराजका बस्तीहरुको घरघरमा उज्यालो पुऱ्याउने लक्ष्य सहित "उज्यालो प्रदेशः लुम्बिनी प्रदेश" भन्ने

नाराका साथ जलविद्युत, लघु तथा साना जलविद्युत, सौर्य विद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाउने लक्ष्यका साथ प्रदेश सरकार अघि बढिरहेको छ ।

यस प्रदेश अन्तर्गत रहेको करिब ६ लाख ५५ हजार हेक्टर सिंचाईयोग्य जमिनमध्ये सरदर ५७ प्रतिशत भू-भागमा मात्र सिंचाई सुविधा उपलब्ध छ भने २० प्रतिशत भू-भागमा मात्र बाह्रै महिना सिचाईं सेवा उपभोग गर्न सकिने अवस्था रहेको छ ।प्रदेशको आर्थिक, सामाजिक तथा वातावरणीय प्रभावलाई समेत अनुकूलित गर्दै पानीको अधिकतम उपाभोग मार्फत कृषिको उत्पादकत्व वृद्धि गरी समग्र आर्थिक वृद्धिमा टेवा पुऱ्याउने तथा जलउत्पन्न प्रकोपको व्यवस्थापन तथा न्यूनीकरण गरी बातावरणीय दिगोपना कायम गर्ने प्रदेश सरकारको सोंचलाई मूर्त रुप दिनको लागि उर्जा, जलश्रोत र सिंचाई मात्र हेर्ने गरी छुट्टै मन्त्रालयको स्थापना गरी " कृषिको आधारः सिंचाईमासुधार" भन्ने मूल नाराका साथ आफ्ना कामकारबाहीहरु अगाडी बढाईरहेको अवस्था छ ।

प्रदेश सरकार स्थापना भएपश्चात १२ वटै जिल्लामा सिंचाई सम्बन्धी विषयगत डिभिजन कार्यालयहरु स्थापना गरी उक्त कार्यालयहरु मार्फत २६६ वटा सिंचाई मुहान/बाँध निर्माण सम्पन्न भईसकेका छन । तराईका ३ जिल्लामा भूमिगत सिंचाई कार्यालयहरु मार्फत १७४ वटा डिप ट्युवेल सिंचाई प्रणालीको विकास समेत भईसकेको अवस्था छ । प्रदेशस्तरबाट सञ्चालित उक्त सिंचाई आयोजनाहरुबाट हालसम्म १२१०४ हेक्टर थप जमिनमा सिंचाई सेवा विस्तार भएको छ ।बर्षायाममा हुनसक्ने बाढी तथा खेतीयोग्य जमिनको कटान नियन्त्रण गर्नको लागि करिब १२२ कि.मि. नदी नियन्त्रण कार्य सम्पन्न भई त्यसबाट करिब २११५ हेक्टर जमिन उकास भएको छ भने १४६०० अति जोखिमयुक्त घरबस्ती संरक्षण हुनका साथै ९७२२ हे खेतियोग्य जमिनको समेत संरक्षण भएको छ।

कृषिको प्रमुख आधारको रुपमा रहेको सिंचाईको लागि सतह सिंचाई योजनाका अतिरित्त लिफ्ट, नयाँ प्रविधिमा आधारित सिंचाई, भूमिगत सिंचाई, जलासय निर्माण तथा पोखरी संरक्षण गरी जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने तथा सौर्य र वायो ग्यास जस्ता वैकल्पिक उर्जाको उत्पादन गर्दै उर्जाको न्यूनतम पहुँच सुनिश्चित गरी उज्यालो प्रदेश को रुपमा स्थापित गराउने उद्देश्य रहेको छ ।

### १०.२ दीर्घकालीन सोच

- लुम्बिनी प्रदेश भित्र विद्युतको पहुँच पुर्याउने ।
- प्रदेशलाई उर्जामा आत्मनिर्भर बनाउनका लागि उर्जा उत्पादन व्यवस्थापन तथा सदुपयोगको नीति बनाउने।
- कृषियोग्य जमिनलाई सिंचाई सुविधा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्ने।

## १०.३ उद्देश्य

कृषिको प्रमुख आधारको रुपमा रहेको सिंचाईको लागि सतह सिंचाई योजनाका अतिरिक्त लिप्ट, नयाँ प्रबिधिमा आधारित सिंचाई, भूमिगत सिंचाई, जलासय निर्माण र पोखरी संरक्षण गरि जलबायु परिवर्तनको असरलाई न्युनीकरण गर्ने तथा सौर्य र बायो ग्यास जस्ता वैकल्पिक उर्जाको उत्पादन गर्दै उर्जाको न्यूनतम पहुच सुनिश्चित गरि उज्यालो प्रदेशको रुपमा स्थापित गराउने उद्देश्य रहेको छ।

## १०.४ रणनिति

- "कृषिको आधार:सिंचाईमा सुधार" भन्ने मुल नाराका साथ प्रदेशभित्र सिंचाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।
- "उज्यालो प्रदेश:लुम्बिनी प्रदेश" मुल अवधारणका साथ उर्जा विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।

## १०.५ कार्यक्षेत्र

यस लुम्बिनी प्रदेश भित्र रहेका १२ बटै जिल्लाका सबै स्थानीय निकायहरुका क्षेत्रहरु, सिमान्तकृत, दलित जनजाति गरिब तथा राज्यको सेवा सुविधाबाट बिमुख रहेको वर्ग समुदाय बसोबास गर्ने क्षेत्रहरु साथै न्युन घरधुरी भएका कारण विद्युत विस्तार नभएका दुरदराजका बस्तिहरु उर्जा सम्बन्धी कार्य गर्नको लागि मन्त्रालय मातहतमा रहेको उर्जा महाशाखा मार्फत सम्पुर्ण कार्यक्रम सञ्चालन गर्ने र मन्त्रालय र मातहतका ११ वटा जलश्रोत तथा सिंचाई डिभिजन कार्यालयहरु, १ वटा जलश्रोत सिंचाई विकास सव डिभिजन कार्यालय ३ वटा भूमिगत जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय २ वटा व्यवस्थापन कार्यालय र १ वटा आयोजना मार्फत प्रदेश भित्रको कृषिको प्रमुख आधारको रुपमा रहेको सिंचाई सेवाको लागि सबै संभाब्य क्षेत्रहरुमा सतह सिंचाई योजना, लिफ्ट प्रविधिमा आधारित सिंचाई योजना भूमिगत सिंचाई तथा जलासय तथा पोखरी संरक्षण जस्ता र मझौला प्रकृतिका योजनाहरु तराई मधेशमा २००-५००० हे. सम्म, पहाडमा ५०-१०० हे.सम्मका आयोजनाहरुको अध्ययन, अनुसन्धान, गुरुयोजना निर्माण तथा व्यवस्थापन, एकभन्दा बढि स्थानीय तहसँग सम्बन्धित सिंचाई आयोजनाहरुको निर्माण तथा समन्वय, नयाँ प्रबिधिमा आधारित एकिकृत नदी तथा जलाधार सम्बन्धी आयोजनाहरुको व्यवस्थापन तथा भूमिगत जल सिंचाई अन्तरगत मेशिन ड्रिल ट्युववेल तथा डिप ट्युववेल सिंचाई योजनाहरु तथा ट्युववेल योजनाको मर्मत तथा व्यवस्थापन रहेका छन । मझौला प्रकृतिका नदीहरु नियन्त्रण तथा व्यवस्थापन, १००-२००मि. लम्बाइ,फेदको चौडाई ५०-१००मिटर तथा कुल क्षेत्र ५०००-२०००० बर्ग मिटर सम्मको पहिरो नियन्त्रण तथा व्यवस्थापन जस्ता कार्यक्षेत्रहरु रहेका छन । साथै उर्जा क्षेत्रमा ३ देखि २० मेगावाट सम्मका विद्युत आयोजनाहरुको निर्माण सञ्चालन तथा नियमन, ११ देखि ३३ के.भि सम्मका साना प्रसारण लाईन निर्माण र व्यवस्थापन, ग्रामीण तथा सामुदायिक विद्युतीकरण र विद्युत वितरण र गुणस्तर नियमन जस्ता कार्यक्षेत्रहरु रहेका छन ।

## १०.६ संगठन संरचना तथा जनशक्ति विवरण

तालिका नं.-१ दरबन्दी र पदपूर्तिको अवस्था(मातहत कार्यालय समेत)

| क्र. सं | पद | सेवा | समूह | उप-समूह | तह/श्रेणी | कुल स्वीकृत दरबन्दी | कुल पदपुर्ती संख्या | कुल रिक्त संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव(प्रा.) | इन्जि. | समूहकृतनहुने | | रा.प.प्रथम | १ | १ | ० |
| २ | अधिकृत | प्रशासन | सा.प्र. | | अधिकृतनवौं/दशौं | १ | १ | ० |
| ३ | सि.डि.ई. | इन्जि. | सिभिल | ईरिगेशन | अधिकृतनवौं/दशौं | १३ | ९ | ४ |
| ४ | सि.डि.ई. | इन्जि. | जियोलोजी | हा.जि. | अधिकृतनवौं/दशौं | ४ | ३ | १ |
| ५ | सि.डि.ई.एगृ | इन्जि. | एग्रीइरिगेशन | | अधिकृतनवौं/दशौं | २ | २ | ० |
| ६ | अधिकृत | प्रशासन | सा.प्र. | | अधिकृतसातौं/आठौं | २ | ० | २ |
| ७ | लेखाअधिकृत | प्रशासन | लेखा | | अधिकृतसातौं/आठौं | १ | १ | ० |
| ८ | कानूनअधिकृत | न्याय | कानून | | अधिकृतसातौं/आठौं | १ | ० | १ |
| ९ | इन्जिनियर | इन्जि. | सिभिल | इरिगेशन | अधिकृतसातौं/आठौं | ३९ | २८ | ११ |
| १० | इन्जिनियर | इन्जि. | सिभिल | हा.पा | अधिकृतसातौं/आठौं | १ | ० | १ |
| ११ | इन्जिनियर | इन्जि. | सिभिल | एगृ | अधिकृतसातौं/आठौं | ५ | ५ | ० |
| १२ | इन्जिनियर | इन्जि. | सिभिल | मेका | अधिकृतसातौं/आठौं | १ | ० | १ |
| १३ | इलेक्ट्रिकलइन्जिनियर | इन्जि. | मेकानिकल | ज.ई. | अधिकृतसातौं/आठौं | १ | १ | ० |
| १४ | हाइड्रोजियोलोजिष्ट | इन्जि. | जियोलोजी | हा.जि. | अधिकृतसातौं/आठौं | ७ | ५ | २ |
| १५ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | | स.पाचौं/अ.छैटौं | २० | १५ | ५ |
| १६ | सहायक/अधिकृत | प्रशासन | लेखा | | स.पाचौं/अ.छैटौं | १८ | १६ | २ |
| १७ | कम्प्युटरअपरेटर | विविध | | | स.पाचौं/अ.छैटौं | ९ | ४ | ५ |
| १८ | सहायक कम्प्यूटर अपरेटर | विविध | | | चौथो/पाचौं | ३ | १ | २ |
| १९ | सब-इन्जिनियर | इन्जि. | सिभिल | इरिगेशन | स.पाचौं/अ.छैटौं | ६१ | ४८ | १३ |
| २० | सब-इन्जिनियर | इन्जि. | सिभिल | हा पा | स.पाचौं/अ.छैटौं | १ | ० | १ |
| २१ | मे.सब-इन्जिनियर | इन्जि. | मे.का | नि.उ.स | स.पाचौं/अ.छैटौं | १ | ० | १ |
| २२ | सब-इन्जिनियर | इन्जि. | इ.ले | जन.इले | स.पाचौं/अ.छैटौं | १ | ० | १ |
| २३ | सि.ए.ओ. | इन्जि. | एगृइरिगेशन | | स.पाचौं/अ.छैटौं | ८ | ४ | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | जु.ए.ओ. | इन्जि | एगृ इरिगेशन | | चौथो/पाचौं | ६ | ५ | १ |
| २५ | असिस्टेन्टग्राउन्ड वाटर हा.जि. | इन्जि. | जियोलोजी | हा.जि. | स.पाचौं/अ.छैटौं | ३ | १ | २ |
| २६ | सिनियरमेकानिक्स | इन्जि. | मेकानिकल | नि.उ.सं. | स.पाचौं/अ.छैटौं | ३ | ३ | ० |
| २७ | इलेक्ट्रिकलओभर सियर | इन्जि. | इले. | जन.इले. | स.पाचौं/अ.छैटौं | ३ | ३ | ० |
| २८ | सहायक | प्रशासन | सा.प्र. | | स.चौथौ/पाचौं | १ | १ | ० |
| २९ | सह लेखापाल | प्रशासन | लेखा | | स.चौथौ/पाचौं | १ | ० | १ |
| ३० | ह.स.चा. | | | | | २१ | २१ | ० |
| ३१ | का.स. | | | | | ३८ | ३८ | ० |
| | | | | | **कुल जम्मा** | **२७७** | **२१६** | **६१** |

## १०.७ तयार भएका निति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/ कार्यविधि र मापदण्डको सुची

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| १ | सिंचाई ऐन २०७९ मस्यौदा तयार गरिएको | |
| २ | विद्युत ऐन २०७९ तयार भएको | |
| ३ | विद्युतीय चुलो र जल उत्पन्न कोष व्यवस्थापन कार्यविधि २०७९ तयार भई स्विकृतिको प्रकृयामा रहेको | |

## १०.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| ७१, ७२ सिंचाई | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघन सिंचाई कार्यक्रम | कुल ३३९ योजनाहरुमध्ये ४ वटा खरिद प्रकृयामा रहेका, ७६ वटा कार्यान्वयन भईरहेका, २२३ वटा सम्पन्न भईसकेका र ३६ वटा कार्यान्वयन हुन नसकेका। |
| | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | कुल ३०५ वटा कुल योजनाहरुमध्ये ३०५ वटा खरिद प्रकृयामा रहेका, १५ वटा कार्यान्वयन भईरहेका, २७५ वटा सम्पन्न भएका र १५ वटा योजना कार्यान्वयन हुन नसकेका |
| | जल उत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | कुल २३६ वटा कुल योजनाहरुमध्ये १३ वटा कार्यान्वयन भईरहेका तथा २१७ वटा योजनाहरु सम्पन्न भईसकेकार ६ वटा योजना कार्यान्वयन हुन नसकेका |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाई आयोजना | कुल १९१ योजनाहरुमध्ये २ वटा खरिद प्रकृयामा रहेका, ५४ वटा कार्यान्वयन भईरहेका, १०३ वटा सम्पन्न भएका र ३२ वटा कार्यान्वयन हुन नसकेका |
| | जलाशय तथा पोखरी संरक्षण कार्य | कुल ६ वटा योजनाहरु मध्ये १ वटा कार्यान्वयन भईरहेको तथा ५ वटा सम्पन्न भएका |
| | संघ सशर्त अनुदान तर्फका सिंचाई योजनाहरु | २६० वटा योजनाहरुमध्ये २ वटा खरिद प्रकृयामा रहेका,२८ वटा कार्यान्वयन भईरहेका, २०२ वटा सम्पन्न भएका र २८ वटा कार्यान्वयन हुन नसकेका। |
| ७३,७४ उर्जा | ग्रामिण, सामुदायिक एवं कृषि उद्योग-औद्योगिक विद्युतीकरण तथा काठको पोल विस्तापन, वितरण प्रणाली सुधार | पोल खरिद तथा विद्युतीकरण कार्यको टेण्डर आवहान भएको तर रितपुर्वक बोलपत्र दाताबाट बोलपत्र पेश नभएको |
| | ट्रान्सफर्मर खरिद २५-२०० के.भि.ए. सम्म | ठेक्का प्रक्रियाबाट २६ थान ट्रान्सफर्मर खरिदभई विभिन्न जिल्लाहरुमा वितरण भएको । |
| | घरेलु सौर्य ऊर्जा प्रणाली जडान कार्य | कार्यक्रम कार्यान्वयनका लागि कार्यविधिमा समस्या |
| | सुधारिएको चुलो तथा Induction चुलो प्रविधि जडान | ६ जिल्लामा ८३१ थान सुधारिएको चुलो जडान तथा स्थानीय ४८ जनालाई सुधारिएको चुल्हो जडानतालिम कार्यक्रम सम्पन्न भएको र इन्डक्सन चुल्हो कार्यान्वयन कार्यविधिमा समस्या रहेको । |
| | सौर्य ऊर्जा प्रविधि (ग्रिडमा आबद्ध नेटमिटरिङ्ग तथा अफग्रिड सोलार ब्याकअप) प्रणाली जडान | विभिन्न जिल्लाहरुमा ४ थान अफ ग्रिड सोलार ब्याकअप प्रणाली जडान तथा ३ स्थानमा ग्रिडमा आवद्ध नेटमिटरिङ्ग प्रणाली जडान कार्यक्रम सम्पन्न भएको |
| | वायोग्यास प्रणाली निर्माण तथा जडान | कार्यक्रम कार्यान्वयनका लागि कार्यविधिमा समस्या |
| | लघु तथा साना जलविद्युत मर्मत सम्भार तथा संचालन | निस्दी गा.पा. पाल्पामा रहेको लघु जलविद्युत मर्मत सम्भार कार्यसुरु भईसकेको। |
| | नवीकरणीय ऊर्जा प्रविधि जडान (वायोग्यास/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा/वायु ऊर्जा/मिनी ग्रिड साना जलविद्युत) अन्य सार्वजनिक निर्माण | सौर्य ऊर्जा प्रविधि जडानः<br>विभिन्न जिल्लाका १२ स्थान तोकिएकोमा सोलार ब्याक अप सिस्टम जडान भएको । |

## १०.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ५१ | गुइठा बिस्थापन गर्न साथै विद्युतको उपयोग बढाउन सहुलियत दरमा बिद्युतिय चुलो उपलब्ध गराउनको लागि बजेट विनियोजन गरेको। | कार्यबिधीको अभावका कारण कार्यान्वयनमा समस्या भएको हुँदा कार्यबिधि निर्माणको क्रममा रहेको। |
| ५२ | प्रदेशका नागरिकहरुलाई उर्जाको न्युनतम पहुँच सुनिष्चित गर्दै "उज्यालो प्रदेशको "संकल्प प्रश्ताव कार्यान्वयन गर्न जल विद्युत सौर्य उर्जा, वैकल्पिक उर्जाको विकास सम्बन्धी कार्याक्रम लाई निरन्तरता दिइएको। | शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा विद्युतका पहुच नभएका कुल १९ स्थानमा सौर्य उर्जा प्रबिधि जडान तथा विद्युत प्रणाली सुधारका कार्यक्रमलाई निरन्तरता दिइएको छ। |
| ५३ | प्रदेशमा सन्चालित सिंचाई प्रणालीको मर्मत संभार गर्ने कार्यलाई निरन्तरता दिइने छ। परम्परागत रुपमा कृषकद्वारा निर्मित तथा कृषककै व्यवस्थापनमा सन्चालित सिंचाई प्रणालीको मर्मत सम्भारका लागि माग र प्राथमिकताका आधारमा मर्मत संभार बजेटको ब्यवस्था मिलाउने। | ४४२ वटा सिंचाई योजनाहरुको मर्मत संभार गरि नियमित कुलो/नहर सञ्चालनको सुनिस्चितता भएको। |
| ५४ | पुर्ब पश्चिम राजमार्गमा पर्ने सुरइ नाका, धानखोला र रिहारमा जलासय निर्मण गर्न आबश्यक बजेटको ब्यवस्थाको साथै पहाडि एबं चुरे क्षेत्रमा रहेका खोंचहरुमा बर्षे पानि भण्डार गरि सिंचाई तथा खानेपानी आपुर्ति गर्नुका साथै जैबिक बिविधता प्रबर्द्वन गर्नेकार्य अगाडि बढाउने। | रिहारमा जलासय निर्माण गरिएको।<br>(अन्य निकाय बाट ) |
| ५५ | जल उत्पन्न प्रकोपलाई नियन्त्रण गर्ने कार्य गर्दा बस्ती तथा सदरमुकामको संरक्षणलाई प्राथमिकता दिई बिगत आर्थिक वर्षदेखि सन्चालित नदी नियन्त्रण, पहिरो व्यवस्थापन जस्ता प्रकोप न्यूनीकरणको कार्यलाई माग र प्राथमिकताको आधारमा चालु आर्थिक वर्षमा समेत निरन्तरता दिइने र यस कार्यक्रमका लागि रु.५३ करोड १० लाख विनियोजन भएको। | जल उत्पन्न प्रकोप तथा नदी नियन्त्रण सम्बन्धी कार्यक्रमबाट ३७० हे.जमिन उकास भएको, ५१६४ घर तथा ११११ हे.खेतियोग्य जमिन सुरक्षित गरिएको । साथै सार्वजनिक सम्पतिहरु विद्यालय, बाटो पुल, मन्दिर आदिको संरक्षण गरिएको। |
| ५६ | श्रोत सुनिश्चित भई कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजना एवम् अन्य महत्वपुर्ण आयोजनालाई निरन्तरता दिएको छु। | श्रोत सुनिस्चितता प्राप्त बहुवर्षीय आयोजनाहरुको कार्यान्वयन गरिएको। |

## १०.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको बिवरण

(रु हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | २७८८३०८ | २२८३०२५ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ११९१७७५ | ८९४४०९ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | - | - |

## १०.११ बेरुजु फछ्यौंट बिवरण

(रु. हजारमा)

| क्र.सं. | बेरुजुको प्रकृति | हालसम्म बेरुजु रकम | आ.ब. ०७८/०७९ सम्ममा फछ्यौंट भएको रकम | फछ्यौंट प्रतिशत | फछ्यौंट हुन बाँकि रहेको रकम |
|---|---|---|---|---|---|
| १ | असुलउपर गर्नुपर्ने | २३५०० | ९५९३ | ४०।८२ | १३९०७ |
| २ | नियमित गर्नु पर्ने | २८६०५६ | १७११२५ | ५९।८२ | ११४९३१ |
| ३ | पेश्की | १९१९८० | १४११८६ | ७३।५४ | ५०७९४ |
|  | कुल जम्मा | ५०१६१६ | ३२१९०४ | ६४।१७ | १७९७१२ |

## १०.१२ आर्थिक वर्ष २०७८/७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट रु हजारमा | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २३४०१८ | १८१५८४ | ७७.५९ |
| पूँजीगत | ३७४६०६५ | २९९५८५० | ७९.९७ |
| **जम्मा** | **३९८००८३** | **३१७७४३४** | **७९.८३** |

## १०.१३ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति बिवरण

| क्र सं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिणाम | बजेट | परिणाम | परिणाम % | खर्च | खर्च % | |
| **क.समानीकरण** | | | | | | | | |
| | १ मझौला तथा तथा वैकल्पिक प्रविधिमा आधारित सिं.यो.। | ३३९ | १०६४९०९ | ३०३ | ८५ | ८७५८५४ | ८२.२५ | |
| | २.सिंचाई आयोजना मर्मत सुधार विस्तार। | ३०५ | ४०४७०२ | २९० | ९५ | ३६६२३३ | ९०.४९ | |
| | ३.जल उत्पन्न प्रकोप न्युनिकरण तथा व्यवस्थापन। | २३६ | ५८०४९० | २३० | ९० | ५२०७१७ | ८९.७० | |
| | ४.भूमिगत स्यालो तथा तथा डिप ट्युववेल सिंचाई। | १९१ | ३७५०८९ | १५९ | ७५ | २७३६२३ | ७२.९५ | |
| | ५.जलासय निर्माण तथा पोखरी संरक्षण। | ६ | १५५०० | ६ | ७५ | ११४७८ | ७४.७५ | |
| **समानीकरण जम्मा** | | **१०७७** | **२४४०६९०** | **९८८** | **८५** | **२०४७९०५** | **८३.९१** | |
| **ख.सशर्त अनुदान** | | | | | | | | |
| | १.मझौला सिंचाई आयोजना। | ५० | ४३२८०० | ४८ | ७० | २९९७४६ | ६९.२६ | |
| | २.समृद्ध तराइ मधेस सिंचाई बिषेश कार्याक्रम। | ३ | ४७३०० | ३ | ९५ | ४२९७५ | ९०.८६ | |
| | ३.भूमिगत जलश्रोत तथा डिप ट्युववेल सिंचाई आयोजना। | ४४ | ७४६७५ | २८ | ५० | ३५१०८ | ४७.०१ | |
| | ४. नदी नियन्त्रण। | २६ | १८४००० | २४ | ७० | १२६५२९ | ६८.७७ | |
| | ५.मर्मत संभार आयोजनाहरु | १३७ | ४४५००० | १२९ | ९० | ३८३५२९ | ८६.१९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सशर्त जम्मा** | **२६०** | **११८३७७५** | **२३२** | **८०** | **८८७८८७** | **७५.००** | |
| **ग.उर्जा तर्फ**<br>१.समानीकरण /राजश्व अनुदान<br>२.सशर्त अनुदान | १४<br>१२ | २६०००<br>८००० | १४<br>१२ | १००<br>१०० | २०२३८.३<br>६५२२.१ | ७७.८४<br>८१.५३ | |
| **उर्जा तर्फ जम्मा** | **२६** | **३४०००** | **२६** | **१००** | **२६७६०.४** | **७८.७१** | |
| **कुल जम्मा (क)+(ख)+(ग)** | **१३७१** | **३६५८४६५** | **१२५४** | | **२९६२५५२** | **८०.९८** | |

## १०.१४ राजश्व संकलनको विवरण

### आर्थिक वर्ष २०७८/०७९ को राजश्व संकलन

रु हजारमा

| शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको अनुमान |
|---|---|---|---|---|
| १४२२९ | १०३ | १०३ | १०० % | १०३ |

## १०.१५ विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण

| क्र सं | कार्यक्रम | लाभान्वित जनसंख्या | रोजगारि संख्या (प्रति दिन) |
|---|---|---|---|
| | १ मझौला तथा तथा वैकल्पिक प्रविधिमा आधारित सिं.यो.। | ८५००० | ४५०००० |
| | २.सिंचाई आयोजना मर्मत सुधार विस्तार। | १२२०० | १९०००० |
| | ३.जल उत्पन्न प्रकोप न्युनिकरण तथा व्यवस्थापन। | ३३२५० | २७०००० |
| | ४.भूमिगत स्यालो तथा तथा डिप ट्युववेल सिंचाई। | २३८७५ | १४०००० |
| | ५.जलासय निर्माण तथा पोखरी संरक्षण। | ५०० | ५००० |
| | १.मझौला सिंचाई आयोजना। | १२५०० | १५०००० |
| | २.समृद्ध तराइ मधेस सिंचाई विशेष कार्यक्रम। | ३००० | २१००० |
| | ३.भूमिगत जलश्रोत तथा डिप ट्युववेल सिंचाई आयोजना। | ५५०० | १७००० |

| | | | |
|---|---|---|---|
| | ४. नदी नियन्त्रण। | ३२५० | ६३००० |
| | ५.मर्मत संभार आयोजनाहरु | ८५०० | १९१००० |
| | उर्जा तर्फ | १०००० | ३०० |

## १०.१६ समस्या तथा चुनौतीहरु

- संघीय सरकारबाट हस्तान्तरित कार्यान्वयनमा रहेका केहि योजनाहरु वार्षिक कार्यक्रममा छुट भएको।
- संघीय सरकारबाट हस्तान्तरित योजनाहरुमा न्यून बजेट व्यवस्थापन भएको।
- क्रमागत प्रदेश समानीकरण अनुदान तर्फका योजनाहरुमा न्यून बजेट विनियोजन भएको हुँदा अपेक्षिकृत प्रगति हुन सकेको छैन।
- बाढि,पहिरो, डुवानका कारण सिंचाईका संरचनाहरुमा क्षति पुग्नुको साथै बस्ती र भौतिक संरचना जोखिममा रहेका ।
- जिल्लागत कार्यालयहरुमा मौजुदा सवारी साधनहरु निकै पुराना र जिर्ण भएको ।

## १०.१७ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- छुट योजनाहरुलाई सम्भव भएसम्म यसै वर्ष नभएमा आगामी आ.व. मा समावेश गर्न विवरण तयार भईरहेको।
- संघ सशर्त अनुदान तर्फका ठेक्का दायित्व भुक्तानीको लागी आवश्यक रकम माग गरी पठाउन बिवरण तयार भईरहेको ।
- प्रदेश समानीकरण अनुदान तर्फका क्रमागत योजनाहरुमा आवश्यक थप बजेटको लागी अर्थ तथा सहकारी मन्त्रालय, मुकाम बुटवलसँग समन्वय भईरहेको।
- नदी तथा पहिरो नियन्त्रण योजनाहरुलाई प्राथमिकीकरण गरी अघि बढाइएको।
- जिल्लास्थित कार्यालयहरुलाई सवारी साधन खरिदको लागी मन्त्रालयबाट मोटरसाइकल खरिद गर्न बजेट व्यवस्थापन गरिएको।

## १०.१८ आगामी कार्य दिशा

- "कृषिको आधार सिंचाईमा सुधार" अभियानलाई सार्थक तुल्याउन प्रदेश भित्रको समग्र जलश्रोतको अध्ययनका साथै सतह सिंचाई योजनाहरु, भूमीगत सिंचाई योजनाहरु, लिफ्ट तथा नयाँ प्रविधिमा आधारित सिंचाई योजनाहरु एवं जलाशय निर्माण तथा पोखरी संरक्षण कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लगिनेछ।
- जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै वातावरण संरक्षणलाई प्राथमिकतामा राखी सौर्य तथा वैकल्पिक उर्जाको प्रयोग तथा पहुँचलाई सुनिश्चित गर्ने गरि कार्यक्रम अघि बढाइनेछ।

- "उज्यालो प्रदेश  लुम्बिनी प्रदेश" अवधारणालाई कार्यान्वयनमा लैजाने गरी विद्युत संरचनाहरुको स्तरउन्नतीका साथै लघुविद्युत तथा साना जलविद्युत, सौर्य विद्युत आयोजनाहरुको निर्माण कार्यलाई अघि बढाइनेछ।
- जल उत्पन्न प्रकोपको न्यूनीकरण र व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ । हरेक वर्ष आउने बाढी तथा पहिरोजन्य प्रकोपको न्यूनीकरणका लागी कार्ययोजना बनाइ वातावरणमैत्री नियन्त्रणका उपायहरु अवलम्बन गरिनेछ।

### १०.१९ निष्कर्ष

यस आ.ब.मा २६५८ हे. जमिनमा थप सिंचाई सुबिधा पुगेको, ७९९७ हे.जमिनको सिंचाई संरचना सुदृढ भएको, ३७० हे. जमिन उकास भएको, ५१६४ घर तथा ११११ हे.खेतियोग्य जमिन सुरक्षित भएको सार्वजनिक सम्पत्तिहरुको संरक्षण भएको, प्रदेश उर्जा र सिंचाई विधेयक प्रदेश सभा सचिवालयमा पेश भएको, सिमान्तिकृत समुदायमा चुल्हो वितरण भएको, सार्बजनिक संस्थाहरुमा सौर्य उर्जा जडान भएको र विद्युतीय प्रणालीमा सुधार गरिएको जस्ता मुख्य मुख्य उपलब्धी सहित आ.ब. ०७८/०७९ मा मन्त्रालयको पूँजिगत खर्च ७९.९७ प्रतिशत र वित्तीय प्रगति ८०.९८ प्रतिशत भई समग्र प्रतिशतमा प्रदेशको दोश्रो मन्त्रालय बन्न सफल भएको छ।

### १०.२० केही तस्वीरहरु (प्रकाशन, गतिविधिहरु तथा छलफल र अनुगमन)



देविदमार सिंचाइ योजना, देवदह-४ रुपन्देही



अरेवा लिफ्ट सिंचाई योजना मुसिकोट-१



उखुवारी मुलापाटा सि यो, झिमरुक गा पा १ प्यूठान



झागरखोला सिंचाइ योजना त्रिवेणी ५ रोल्पा



पावर ड्रिल स्यालो ट्युबवेल निर्माण कार्य
जलजला गढवा दाङ





स्यालो ट्युबवेल निर्माण पश्चात डेभलपमेन्ट कार्य हुदै शिवराज
कपिलवस्तु

## पाल्पा जिल्लाको तानसेन खानेपानी (भुल्के) मा निर्मित नेट मिटरिंग सिस्टम





## सुधारिएको चुल्हो निर्माण तालिमका फोटोहरु







# परिच्छेद-११
# वन तथा वातावरण मन्त्रालय

## ११.१ पृष्ठभूमि

नेपालको संविधानले लुम्बिनी प्रदेशमा वन वन्यजन्तु जैविक विविधता तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी रहेको यस मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ । प्रदेश भित्रको वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनसम्बन्धी नियमन र व्यवस्थापन, वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ ।

## ११.२ दीर्घकालीन सोच

वातावरणीय सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुनेगरी वनको दिगो व्यवस्थापन गर्दै जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन तथा प्रशोधन मार्फत अर्थतन्त्रमा योगदान ।

## ११.३ लक्ष्य

वनपैदावारहरूको समूचित प्रयोग, जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यबस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गर्दै रोजगारी र आयआर्जनमा वृद्धि गर्ने ।

जडिबुटी तथा तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन तथा प्रवर्द्धन गर्नुका साथै आय र रोजगारी बढाउने ।

## ११.४ रणनीति

१. वन सम्बन्धी प्रादेशिक नीति, कानून र उपयुक्त संरचना बनाउने।
२. विद्यमान वनक्षेत्र कायम राखी उत्पादकत्व वृद्धिका लागि वनको सहभागितामूलक, दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने।
३. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनस्थापना तथा पुननिर्माण गर्ने।
४. जलवायु परिवर्तनका असर तथा वायू प्रदुषणलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने।
५. निजी तथा कृषि वन विकास तथा विस्तार गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्नुका साथै कृषकको आम्दानी तथा रोजगारीमा वृद्धि गर्ने ।
६. भौगोलिक विशेषता अनुरूप जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने।
७. जडीबुटी तथा गैह्रकाष्ठ वनपैदावारको लागि आन्तरिक र बाह्य बजार प्रवर्द्धन गर्ने।

## ११.५ उद्देश्यहरु

- दिगो एवम् वैज्ञानिक वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
- जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
- जडिबुटीहरूको तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक खेती गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि सहित रोजगारी सिर्जना गर्नु।
- जडिबुटी तथा तथा गैह्रकाष्ठ वनपैदावारमा आधारित उद्योगहरूको स्थापना, मूल्य अभिवृद्धि तथा निर्यात प्रवर्द्धन गर्नु।
- दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।
- वनजन्य वस्तुको उत्पादन विस्तार र यसमा आधारित उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्नु।
- भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्नु।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकिकृत संरक्षण र व्यवस्थापन गर्नु ।
- हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायू परिवर्तन अनुकूलित गराउनु ।
- बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु ।

## ११.६ कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका कार्य मुख्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् ।

- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
- जैविक विविधता पार्क, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन
- जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन
- वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग

- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
- प्रदेशभित्र भूस्खलन नियन्त्रण
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
- प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षरोपण व्यवस्थापन
- वृक्षरोपणको लागि दिगो तथा गुणस्तरीय बिउ उत्पादन, बिउबगैंचा स्थापना र व्यवस्थापन
- प्रदेशभित्र वृक्षरोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
- वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन आदी ।

### ११.७ दरबन्दी र पदपूर्तिको अवस्था

| सि.नं. | मन्त्रालय/कार्यालयकोनाम/ठेगाना | स्वीकृत दरबन्दीसंख्या | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | वन वातावरण तथा भूसंरक्षण मन्त्रालय,लुम्बिनी प्रदेश | ४३ | २८ | १५ |
| २ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बुटवल | १० | ८ | २ |

| | | | | |
|---|---|---|---|---|
| ३ | वन निर्देशनालय भैरहवा | २८ | २२ | ६ |
| ४ | भू तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पा | १७ | १६ | १ |
| ५ | भूतथा जलाधार व्य.का.दाङ्ग | १७ | १४ | ३ |
| ६ | डिभिजन वन कार्यालय वाँके | ९४ | ९१ | ३ |
| ७ | डिभिजन वन कार्यालय वर्दिया | ७८ | ७४ | ४ |
| ८ | डिभिजन वन कार्यालय दाङ्ग(दाङ्ग) | ११० | ७० | ४० |
| ९ | डिभिजन वन कार्यालय रुकुम पूर्व | ३४ | १९ | १५ |
| १० | डिभिजन वन कार्यालय रोल्पा | ५५ | ४१ | १४ |
| ११ | डिभिजन वन कार्यालय प्यूठान | ४५ | ३७ | ८ |
| १२ | डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) | ९५ | ९५ | ० |
| १३ | डिभिजन वन कार्यालय रुपन्देही | ९५ | ८५ | १० |
| १४ | डिभिजन वन कार्यालय परासी | ७८ | ६४ | १४ |
| १५ | डिभिजन वन कार्यालय गुल्मी | ४५ | ४१ | ४ |
| १६ | डिभिजन वन कार्यालय अर्घाखाँची | ५० | ४५ | ५ |
| १७ | डिभिजन वन कार्यालय पाल्पा | ६० | ५४ | ६ |
| १८ | डिभिजन वन कार्यालयदाङ्ग देउखुरी | ११० | ७१ | ३९ |
| १९ | डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) | ९४ | ८९ | ५ |
| जम्मा | | ११५८ | ९६४ | १९४ |

## ११.८ तयार भएका नीति, ऐन, नियमावलि, गठन आदेश, निर्देशिका तथा कार्यविधिहरुको विवरण

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| १ | वातावरण संरक्षण ऐन २०७७ | |
| २ | प्रदेश वन ऐन २०७८ | |
| ३ | वातावरण संरक्षण नियमावली २०७७ | |
| ४ | प्रदेश वन नियमावली २०७९ | |
| ५ | नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५, | |
| ६ | वार्षिक कार्यक्रम संचालन कार्यविधी | |
| ७ | जगदिशपुर बर्ड स्याङ्चुरी व्यवस्थापन योजना २०७९ | |
| ८ | वन पैदावार आपूर्ति समिति सञ्चालन कार्यविधि २०७९ | |

## ११.९ नीति तथा कार्यक्रमको प्रगति

| निति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४६ र १४७ | वनको हैसियत तुलनात्मक रुपमा अब्बल रहेको यस प्रदेशमा उत्पादनशील सामुदायिक वन, साझेदारी वन, सरकारद्वारा व्यवस्थित र चक्ला वनको उत्पादन र उत्पादकत्व बढाई वन पैदावारमा आत्मनिर्भर हुन वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ । वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा निजी क्षेत्रको लगानी भित्र्याउन निजी क्षेत्रलाई सहभागी गराउँदै लगिनेछ। वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरू सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । | वन सम्वर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रममा रु ९ करोड ८७ लाख रकमबाट १००० हेक्टर वनमा थिनिङ कार्य अगाडी बढेकोमा वार्षिक १००० हेक्टर लक्ष्यमा ६२९ हेक्टर वनक्षेत्रमा थिनिङ कार्य सम्पन्न । थिनिङ कार्यबाट ५६१६४ पोल, २९१ चट्टा दाउरा, ४१७ क्यु.फिट काठ संकलन भई ९९११ घरधुरी लाभान्वित । ८ वटा साझेदारी र २ वटा चकला वनमा ९४ हेक्टरमा वन व्यवस्थापनको कार्य सम्मपन्न भईरहेको। वनमा आधारित वन उद्यम विकास तथा पर्यापर्यटनमा आधारित पर्यटन प्रबर्धनका लागी आवश्यक सहयोग तथा सवलिकरणका लागी मन्त्रालयले २६ वटा उद्यमहरुलाई सहयोग । |
| १४८ र १४९ | प्रदेशको एकल अधिकारको सूचीमा रहेका राष्ट्रिय वनको व्यवस्थापन सम्बन्धमा प्रदेशको अधिकार स्थापना हुने गरी वन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ। कबुलियती वन प्राप्त गर्ने प्रक्रियालाई सरलीकरण गरी वन, वन उद्यम तथा पर्यापर्यटनको विकासमा निजी क्षेत्रको लगानी अभिवृद्धि गरिनेछ । साथै बाँकै राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्जलाई पर्यापर्यटनको प्रमुख गन्तव्यका रुपमा विकास गर्दै लगिनेछ । वन व्यवस्थापनमा सामुदायिक वनले पुयाएको योगदानलाई थप प्रोत्साहन गरिनेछ। सामुदायिक वनको सक्रिय व्यवस्थापनका लागि उपभोक्ता समूहको क्षमता अभिवृद्धि, सुशासन र अन्य तहसंगको समन्वयलाई थप परिष्कृत र व्यवस्थित गरिनेछ। | प्रदेशको वन व्यवस्थापनको महत्वपुर्ण कानुन वन ऐन २०७९ तथा प्रदेश वन नियमावली २०७९ सुचीकृत भई कार्यन्वयनमा गएको । २९०० सामुदायिक वनहरुको अनुगमन कार्य सम्पन्न भई प्राप्त तथ्यांकको अध्यावधिक भईरहेको तथा ९६ वटा सामुदायिक वनहरुमा सुशासन, लेखा तथा कार्यालय व्यवस्थापनको तालिम समन्न भएको। पहिलो पटक सव डिभिजनहरुमा शुसासन सदृढिकरण कार्यक्रम सञ्चालन भईरहेको । ३२० वटा कबुलियती वन समुहहरुमा बिपन्नमुखी कार्यक्रमहरु सञ्चालन भईरहेको । |
| १५० | कृषि क्षेत्र भित्र रहेका आली, कान्ला, किनारा तथा बाँझो जग्गामा वृक्षारोपण मार्फत कृषकको | तराइका ६ जिल्लाका ४३ वटा स्थानीय तहमा नमुना कृषि वन कार्यक्रम सम्पन्न भई ४५० |

| | | |
|---|---|---|
| | आम्दानी अभिवृद्धि गर्न तराई तथा भित्री मधेशका ६ जिल्लाहरूमा अभियान के रुपमा "एक पालिकाः एक नमुना कृषि वन कार्यक्रम" सञ्चालन गरिनेछ। कृषकलाई निःशुल्क विरुवा उपलब्ध गराउने उद्देश्यले गत वर्षबाट प्रारम्भ गरिएको बहुवर्षीय बिरुवा उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ। | हेक्टरमा वृक्षारोपण कार्य सम्पन्न भएको ।<br>प्रदेशमा ३० लाख ७७ हजार पहिलोपटक बहुवर्षीय बिरुवा उत्पादनको काम भईरहेको ।<br>६ जिल्लाले "एक पालिकाः एक नमुना कृषि वन कार्यक्रम" कार्यन्वयनका लागी कृषि वन सहजकर्ता नियुक्त गरी तालिम दिइएको । |
| १५१ | 'मालागिरी", टिमुर' र 'तेजपात'लाई प्रदेशको मुख्य चिनारी जडीबुटीको रुपमा विकास, विस्तार र प्रवर्द्धन गरिनेछ। प्रदेशका पहाडी जिल्लाहरूमा जडीबुटी पकेट क्षेत्रको विकास गरी "एक जिल्ला एक नमुना जडीबुटी उत्पादन" कार्यक्रम सञ्चालन गरिनेछ। जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो संकलन, व्यवस्थापन, बजारीकरण र उद्यम विकासबाट स्थानीय रोजगारी र प्रादेशिक अर्थतन्त्रमा योगदान पुयाइनेछ। चराहरूको संरक्षण र पर्यापर्यटन मार्फत स्थानीय रोजगारी सिर्जना र जीविकोपार्जनमा सहयोग गर्न जगदिशपुर ताल र आसपासका क्षेत्र समेटी चरा शिकार गर्न निषेध (Bird Sanctuary) घोषणा गरी विभिन्न संरक्षणमुखी तथा पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। | पाल्पामा तेजपात ,दाङमा मालगिरी तथा रोल्पा र प्यूठानमा टिमुरको विकास, विस्तार र प्रवर्द्धनका लागि बृहत विरुवा उत्पादन कार्य भईरहेको ।<br>विशेष महत्वका ३ लाख २० हजार जडिबुटी तथा गहृकाष्ठ वन पैदावार जन्य बिरुवा उत्पादनको काम भएको ।<br><br>चराहरूको संरक्षण र पर्यापर्यटन विकासका लागि जगदिशपुर ताल र आसपासका क्षेत्र लाई (Bird Sanctuary) घोषणा कार्य सम्पन्न भएको । |
| १५२र१५३ | प्रदेशमा वन डढेलो र यसबाट हुने जीउधनको क्षतिमा उल्लेखनीय रूपमा नियन्त्रण गरी वनको क्षयीकरण, जैविक विविधतामा ह्रास तथा प्राकृतिक प्रकोपलाई न्यून गरिनेछ। जमीनको उर्वराशक्ति वृद्धिका लागि प्रत्येक जिल्ला समेट्ने गरी कम्तीमा १०० स्थानमा वन उपभोक्ता वा कृषक समूहहरू मार्फत प्राङ्गारिक मल उद्यम स्थापना गरी सञ्चालन गरिनेछ।<br>प्रदेशका भित्रीमधेश र मध्य पहाडका वन बाक्लो हुदै जाँदा रुख बिरुवा वृद्धिमा प्रतिकूल असर पर्दै गएको एवं डढेलो र मानव-वन्यजन्तु द्वन्द्वका घटना बढ्दै गएको अवस्थालाई कम गर्न थिनिङ (वन पत्लाउने) अभियान सञ्चालन गरी प्राप्त वन पैदावरलाई उद्यम विकास र प्रवर्द्धनसँग जोड्दै लगिनेछ। | वन डढेलो नियन्त्रणका लागी **वन डढेलो नियन्त्रण अभियान** कार्यक्रम १४ वटा डिभिजन वन कार्यालयमा सञ्चालनमा आई १४१ कि.मि. अग्निरेखा निर्माण भएको ।<br>वनमा हुने पातपतिङ्गरबाट प्राङ्गारिक मल उद्यम बनाउने कार्य १४ वटै डिभिजन वन कार्यालयमा<br>१०० वटा उद्यम सञ्चालन गर्ने लक्ष्यमा ८८ वटा सञ्चालन भई १५९९० हेक्टर वन क्षेत्रको पत्कर व्यवस्थापनबाट करिब १७६५० घनमिटर प्राङ्गारिक मल उत्पादन हुने गरी कार्यक्रम सम्पन्न भएको।<br>प्रदेशभरका घना १००० हेक्टर वनक्षेत्रमा थिनिङ (वन पत्लाउने) कार्य गर्नु पर्नेमा २ डिभिजन वन कार्यालयहरु बाहेक ६२९ हेक्टर वनक्षेत्रमा काम सम्पन्न भएको । |

| | | |
|---|---|---|
| १५४ र १५५ | रणनीतिक वृक्षारोपण योजना बनाई बगर तथा नदी उकास जग्गा स्थानीय समुदायको आम्दानी संग जोडी बहुआयामिक कृषि वन एवं वन क्षेत्रभित्र रहेका खाली र अनुत्पादित क्षेत्रमा चक्लाको रुपमा वृक्षारोपण गरिनेछ।<br>वन अतिक्रमण पूर्णरुपमा निषेध गरिनेछ। वन सम्पदाको संरक्षण सबैको साझा दायित्वको रुपमा स्थापित गरिनेछ । वासस्थानको दिगो र महत्तम व्यवस्थापन गरी मानव वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरण गर्न प्रदेश र स्थानीय तहहरूबिच सहकार्य गरी विगतका वर्षहरूमा भन्दा कम्तीमा दुई गुणाले लगानी अभिवृद्धि गरिनेछ। | ५०० हेक्टर खालि वनक्षेत्र, २० हेक्टर अतिक्रमित वन क्षेत्र र १५० हेक्टर नदीउकास जग्गा तथा ३.३ किमि सडक सौदर्यकरणको काम सम्पन्न भएको । |
| १५६ | प्रचलित कानून बमोजिम संरक्षित वन्यजन्तुको सूचीमा नरहेका बँदेल, दुम्सी, निलगाई जस्ता वन्यजन्तुहरूको मानवसँगको द्वन्द्व कम गर्न वासस्थान व्यवस्थापन र संख्यालाई नियमन गर्ने उपायहरू अवलम्बन गरिनेछ। "पीडित सँग प्रदेश सरकार" भन्ने भावनाका साथ विभिन्न वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाएका व्यक्तिको हकमा विद्यमान प्रक्रियालाई सरलीकृत गरी सङ्घीय निकायहरूबाट प्रदान गर्ने राहतका अलावा प्रदेश सरकारबाट पीडित परिवारलाई राहत उपलब्ध गराउने व्यवस्था मिलाईनेछ। | मानवसँगको द्वन्द्व कम गर्न "पीडित सँग प्रदेश सरकार" कार्यक्रम सबै जिल्लामा सुरु भई बाँकि जिल्लामा बाघको आक्रमणबाट मृत्यु हुने ३ जनालाई सङ्घीय निकायहरूबाट प्रदान गर्ने राहतका अलावा तत्काल जनहि रु १ लाख राहत र पाल्पामा चितुवाको अक्रमणबाट भएको पशुचौपायाको क्षतिको रु ५० हजार राहत वितरण भएको । साथै बर्दिया जिल्लामा हात्तीको क्षति कम गर्न आरसीसी हात्तीबार निर्माण भएको । |
| १५७ र १५८ | यस प्रदेशमा रहेका महत्वपूर्ण जलाधार क्षेत्रहरू राप्ती, बबई, तिनाउ, बाणगंगा, रोहिणी जस्ता नदी प्रणालीहरूको संरक्षण, व्यवस्थापन, सदुपयोगको माध्यमबाट जलसंचय वृद्धि, प्राकृतिक विपद् तथा जलवायु परिवर्तन न्यूनीकरण गर्न वृहत रुपमा कार्यक्रम विस्तार गरी लागु गरिनेछ। राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, प्रदेश सरकार र स्थानीय तहहरूको सहयोग र समन्वयमा रूपन्देहीको रोहिणी नदीमा एकीकृत संरक्षण, संवर्द्धन र पर्यापर्यटनको कार्य सञ्चालन गरिनेछ।<br>प्रदेशको भित्री मधेश र मध्य पहाडी भेगमा पूर्खाहरूको कठोर मेहनतले रोपी हुर्काई संरक्षण | यस प्रदेशमा रहेका महत्वपूर्ण जलाधार क्षेत्रहरू राप्ती, बबई, तिनाउ नदीको १० वर्षे व्यवस्थापन योजना निर्माण भएको तथा बाणगंगा नदीप्रणालीहरूको व्यवस्थापकीय योजना निर्माणको काम अगाडी बढेको।<br>५ वटा जिल्लामा परम्परागत रैथाने आँप बगैंचाहरुको अभिलेखीकण र संरक्षण कार्यक्रम लागु भई पाल्पा र अर्घाखाची जिल्लाका सार्वजनिक क्षेत्रका "आँप" बगैचाको अभिलेखीकरण र दिगो संरक्षणका कामहरु सम्पन्न भएको । |

| | | |
|---|---|---|
| | गरेका नमूना कै रुपमा रहेका सार्वजनिक क्षेत्रका "आँप", "वर", "पिपल"का बगैंचा जस्ता सम्पदा र वंशाणु स्रोतको अभिलेखीकरण र दिगो संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। | |
| १५९,१६० र १६१ | प्लाष्टिकको झोलालाई निरुत्साहित गर्दै वैकल्पिक झोलाहरूको प्रयोगलाई प्रेरित गरिनेछ। प्रयोग भएका वस्तुहरूको पुनःप्रयोगका लागि एकीकृत फोहोरमैला प्रशोधन केन्द्र र फोहोर पानी प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन भएका क्षेत्रहरूमा निर्माण कार्यका लागि स्थानीय तहसँग सहकार्य गरी काम अगाडि बढाइनेछ।<br>वातावरणीय अध्ययन गरी सञ्चालनमा रहेका उद्योगहरूको वातावरणीय सूचकहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनबाट औद्योगिक वातावरणीय अनुशासन कायम गर्न प्रेरित गरिनेछ।<br>क्षेत्रीयरुपमा वायुमण्डलमा फैलिने धुंवा तथा तुवाँलो नियन्त्रण सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ। प्रदूषण मापन तथा वातावरणीय अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने उपकरणहरूको समेत व्यवस्था गरी कार्यालयको क्षमता अभिवृद्धि गरिने छ। | मन्त्रालयले प्लाष्टिकको झोलाको विकल्पका रुपमा वैकल्पिक झोलाहरूको निर्माण र अनुसन्धानमा काम गरिरहेको ।<br>वातावरणीय अध्ययन गरी सञ्चालनमा रहेका उद्योगहरूको वातावरणीय व्यवस्थापन योजनाको कार्यन्वयनको अवस्थाको अनुगमन गर्न स्थलगत परीक्षण शुरु भई १० वटा उद्योगको परीक्षण गरिएको । |

## ११.१० बजेट वक्तव्यको असार मसान्तसम्मको प्रगति

| बजेट वक्तव्य बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ५४ | पूर्व-पश्चिम राजमार्गमा पर्ने सुरई नाका, धानखोला र रिहारमा जलाशय निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। साथै पहाडी एवम् चुरे क्षेत्रमा रहेका खोचहरूमा वर्षे पानी भण्डार गरी सिँचाई तथा खानेपानी आपूर्ती गर्नुका साथै जैविक विविधता प्रवर्द्धन गर्ने कार्य अगाडि बढाउने | पूर्व-पश्चिम राजमार्गमा पर्ने सुरई नाका, धानखोलामा जलाशय निर्माण सम्पन्न भएको । |

| | | |
|---|---|---|
| | प्रवन्ध गरेको छु। | |
| ५५ | जल उत्पन्न प्रकोपलाई नियन्त्रण गर्ने कार्य गर्दा बस्ती तथा सदरमुकामको संरक्षणलाई प्राथमिकता दिई विगत आर्थिक वर्षदेखि सञ्चालित नदी नियन्त्रण, पहिरो व्यवस्थापन जस्ता प्रकोप न्यूनीकरणको कार्यलाई माग र प्राथमिकताको आधारमा चालु आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ । यस कार्यक्रमका लागि रू. ५३ करोड १० लाख विनियोजन गरेको छु। | मुहान संरक्षण १४ वटा, पोखरी निर्माण ३४ वटा, नदी तथा खोला किनारा व्यवस्थापन ९.४१ कि.मि मा, गल्छि पहिरो नियन्त्रण ५४ स्थान, आकस्मिक पहिरो नियन्त्रण ४८ स्थानमा गरी संवेदनशील क्षेत्रमा बायोइन्जिनेरीङ र बिरुवा उत्पादन ६० हजार भएको ।<br>नदीउकास जग्गामा रोपण गर्न तथा नीजि जग्गामा प्रकोप पिडित उपभोक्ताहरुलाई ५८७४७ फलफूलका बिरुवाहरु वितरण भएको। |
| ७७(छ) | राष्ट्रिय वन प्रदेशको एकल अधिकार भएको सन्दर्भमा वनक्षेत्रलाई प्रदेश सरकारको आयश्रोतको प्रमुख क्षेत्र बनाउने गरी चालु आर्थिक वर्षमा वन सम्बन्धी विधेयक प्रदेश सभामा पेश भएकोले यसै अधिवेशनमा स्वीकृत हुने व्यवस्था मिलाएको छ। खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम समेतबाट थप आय प्राप्त हुने व्यवस्था मिलाईएको छ। | प्रदेश वन ऐन २०७८ पारित भई लागु भएको तथा वन नियमावलीको समेत कार्यन्वयनमा गएको<br>खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम लागु भई कपिलवस्तुले उपभोक्ता समुह मार्फत खोला खोल्सी व्यवस्थापन गरेको । |

## ११.११ आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रमको प्रगति

**(रु.हजारमा)**

| सि.नं. | वार्षिक कार्यक्रम | वार्षिक कुल बजेट | प्रगती | |
|---|---|---|---|---|
| | | | कुल खर्च | खर्च प्रतिशत |
| १ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | २६४३५५ | २२२५२० | ८४.१७ |
| २ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | ५८६८० | ३९८१३ | ६७.८५ |
| ३ | भु-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | १८८२४३ | १७३४८० | ९२.१६ |
| ४ | वन क्षेत्र भित्रका खोलाखोल्सि व्यवस्थापन कार्यक्रम | ४०००० | ७६९४ | १९.२४ |
| ५ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | १४३४७ | ३६७६ | २५.६२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | ७०७०० | ५७७२२ | ८१.६४ |
| ७ | कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम | १८७००० | १५३११७ | ८१.८८ |
| ८ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) | १२४०० | ६७२३ | ५४.२२ |
| ९ | सम्वृद्धिका लागि वन (संघ सशर्त अनुदान) | ६०००० | ९४१७ | १५.७० |
| १० | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान) | ८७००० | ५५६७५ | ६३.९९ |
| ११ | जलाधार संरक्षण तथा ब्यबस्थापन(संघ सशर्त अनुदान) | ५०५०० | ४४२३२ | ८७.५९ |
| १२ | जडिवुटी  विकास कार्यक्रम(संघ सशर्त अनुदान) | २१८०० | २०७१० | ९५.०० |
| १३ | वातावरण (संघ सशर्त अनुदान) | २५००० | २०९४२ | ८३.७७ |
| १४ | वन तथा भूसंरक्षण(संघ सशर्त अनुदान) | ९७९९८ | ९१४०६ | ९३.२७ |
| १५ | वन निर्देशनालय | १९६५४ | १४८२८ | ७५.४५ |
| १६ | डिभिजन वन कार्यालयहरु | ६०५६१८ | ४८८९७९ | ८०.७ |
| १७ | भु-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालयहरु | २२७०६ | १९३८० | ८५.३५ |
| १८ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ८५११ | ७६६४ | ९०.०५ |
| १९ | वन वातावरण तथा भूसंरक्षण मन्त्रालय | ३७१३२ | २५३२० | ६८.१९ |
| | **कुल जम्मा** | **१८७१६४४** | **१४६२६८४** | **७८.१५** |

## ११.१२ आ.व.२०७८/०७९ को बिनियोजित बजेट तथा प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ८२७६२६ | ६५३४७९ | ७८.९६ |
| पुजिगत | १०४४०१८ | ८०९२०५ | ७७.५१ |
| जम्मा | १८७१६४४ | १४६२६८४ | ७८.१५ |

## ११.१३ राजश्व संकलनको विवरण

| सि.नं. | विवरण | काठ | दाउरा | NTFP | खोटो | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | अल्या परिमाण | ६८०५७६.९७ | १५४९.३ | १०३१५५ | ० | |
| २ | उत्पादन परिमाण | २७३३८३.७८ | ७८२.९७ | २२८६४० | १२७२४०४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | विक्री वितरण परिमाण | ५९७७११.१९ | ३१८७.०६ | १९६३४१७ | १२०१३४९ | |
| ४ | विक्री वितरणबाट प्राप्त समूहको कोषमा जम्मा भएको आम्दानी रु. | ३४४४८६४३१.३ | ३४६७९२.७१ | १३५४३३६ | १०९८३३७५ | ३५,७१,७०,९३५ |
| ५ | राजश्व (सङ्घीय सञ्चित कोष) रु. | १७५६५४४७०.२ | ० | २५५७५० | ० | १७,५९,१०,२२० |
| ६ | प्रदेश सञ्चित कोषमा जम्मा भएको रकम रु. | ७७९१९००८ | २२६१०.४३ | १४११०२९ | २९६३३३२ | ८,२३,१५,९७९ |
| ७ | VAT रकम रु. | ३५६२४९ | ० | ३०९४० | १९८५८४६ | ६,४२,९९,६१० |
| मौज्दात परिमाण | | ३५६२४९.५६ | ३८३.७५ | ५३३२८ | ० | |

## ११.१४ विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण

| | |
|---|---|
| वन व्यवस्थापन कार्यबाट | १,१६,००० |
| काठ दाउरा उत्पादनबाट | २०,००० |
| सामुदायिक वन हेरालु तथा कर्मचारी | ५,३०,००० |
| साझेदारी वनको हेरालु तथा कर्मचारी | २०,००० |
| विरूवा उत्पादनबाट | ९४०,००० |
| वृक्षारोपण | ४१,००० |
| गैरकाष्ठ वन पैदावार सदुपयोग | ७०,००० |
| व्यापारिक निजी वनको सदुपयोग | ५०,००० |
| वनजन्य उद्यम | १,५०,००० |
| **जम्मा** | **१४१०,००० श्रमदिन** |

## ११.१५ समस्याहरु

- संघीय वन ऐन २०७६ अनुरुप मुद्दा हेर्ने अधिकारीको विषयमा दुविधा रहेको हुँदा मुद्दाको निरुपण समयमा नहुँदा न्याय निरुपणको कार्यमा ढिलाई भई रहेको ।
- वन ऐन, २०७६ बमोजिमको वन अपराधहरु नियन्त्रणको लागि सशस्त्र वन रक्षकहरुको परिचालनको कार्य विद्यमान डिभिजन वन कार्यालयहरुको प्रमुख डिभिजनल वन अधिकृतहरुबाट कानूनी रुपमा चेन अफ कमाण्ड प्रणालीमा नभएको ।
- संघीय वन ऐन २०७६ र प्रदेश वन ऐन २०७८ बीचका वाझिएका विषयहरुको कार्यान्वयनमा व्यवहारिक कठिनाइ रहेको ।
- ८६ जना फरेष्टरहरु फाजिलमा रहेको तर पदस्थापन हुन नसकेको ।

- १२ जिल्लाहरुमा केवल ४ वटा मात्र भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेको छ । सेवा विस्तार तथा गुणस्तरीय सेवाको लागि उपयुक्त माग बमोजिमको सेवा प्रवाह गर्न नसकिएको ।
- वन व्यवस्थापनको कार्य प्राविधिक विषय भएकोले प्राविधिक जनशक्तिको पुनर्ताजगी अभिमुखीकरण हुन नसक्दा वन व्यवस्थापन कार्ययोजनाहरुको गुणस्तरमा अपेक्षित सुधार हुन नसकेको ।
- ३ वटा डिभिजन वन कार्यालयको आफ्नै भवन नभएको, ५ वटा डिभिजन वन कार्यालयको भवन जिर्ण रहेको । २९ वटा सव डिभिजनको आफ्नै भवन नभएको, ४० वटा सव डिभिजन कार्यालयको भवन जिर्ण रहेको।
- मानव वन्यजन्तु द्धन्द व्यवस्थापनमा प्रदेश तहका कार्यालयहरुको संरचना नभएको तथा क्षमता पनि नभएको
- भू स्खलन ठुला पहिरो नियन्त्रणको बजेट र क्षमताको अभाव ।
- वन डढेलो व्यवस्थापन तथा नियन्त्रणको लागि आवश्यक प्रविधि तथा क्षमता उपभोक्ता स्तरमा नहुँदा वन डढेलो व्यवस्थापनको कार्य व्यवस्थित हुन नसकेको ।
- वन उद्यमको विकासको लागि सहजिकरण गर्न वन क्षेत्रको कर्मचारीहरुमा क्षमताको विकास नभएको।
- भूमि समस्या सामाधान आयोगले भूमिहीन दलित भुमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुलाई पुर्जा दिने भनि लगत संकलन गरीरहेकोले वन क्षेत्र अतिक्रमण र फडानीको चपेटामा परेको ।

**११.१६ समस्या समधानका उपायहरु**

- मुद्दा हेर्ने अधिकारीको विषयमा संघीय ऐन र प्रदेश कानुनमा दुविधा रहेको हुँदा सो को निकासका लागि संघीय सरकारसग प्रदेश सरकारले पहल गर्नुपर्ने ।
- वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन मार्फत वनहरुको उत्पादकत्व वृद्धि गरी काष्ठजन्य वन पैदावारको आन्तरिक मागलाई पूर्ति गर्दै विदेशबाट हुने काठ आयातलाई प्रतिस्थापन गर्न वनको वैज्ञानिक व्यवस्थापन गरि प्रदेश पूँजि निर्माणको हिस्सा बनाउन वन कर्मचारीहरुको हौसला र भावना उच्च राख्न विशेष प्रोत्साहनको व्यवस्था नीतिगतरुपमा हुनु पर्ने ।
- वनक्षेत्रको संस्थागत सुधारका लागि प्रदेशले लगानी बढाउनु पर्ने ।
- वन प्रशासन र वन समूहहरु दुबैमा सुशासन सुदृढ बनाउने तथा आवश्यक ऐन नियम कार्यविधि तथा निर्देशिका तयार पार्ने ।
- वन डढेलोलाई रोक्न तथा यसको व्यवस्थापन गर्ने काम उच्च प्राथामिकतामा राख्ने ।
- तीन तहका सरकार (संघ, प्रदेश र स्थानीय तह), वन समूहहरु र निजी क्षेत्र बीच प्रभावकारी समन्वय र सहकार्यमा वनको उचित व्यवस्थापन गर्ने ।

- मानव वन्यजन्तु द्धन्द न्यूनीकरणको लागी कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा प्राथमिकता दिने ।

**११.१७ अन्य**

**आ.व. २०७८/०७९ मा मन्त्रालयले शुरु गरीएका नया तथा नविनतम कार्यक्रमहरू**

- वन सम्वर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन
- वर्ड स्यांनचुरी घोषणा
- विषालु सर्प उद्धार
- संरक्षित वन व्यवस्थापन
- मौवा, आँपको रैथाने वगैचा संरक्षण
- एक पालिका एक नमुना कृषि वन
- सडक किनारा तथा बृहत्तर हरियाली प्रवर्धन कार्यक्रम
- पिडितसँग प्रदेश सरकार
- वन डढेलोको प्रकोप रोक्न तथा वनमा खेर गइरहेको पात पतिंगरबाट कम्पोष्ट मल निर्माण
- कबुलियती वन विकास कार्यक्रम
- हिमाली क्षेत्रमा ओखर विकास कार्यक्रम

**वन क्षेत्रको अवसर**

प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुले लिएका नीति, रणनीति, कार्यनीति, लक्ष्य, योजना तथा कार्यक्रमहरुलाई मध्यनजर गर्दै हालसम्मको उपलब्धी समेतलाई विचार गर्दा यस क्षेत्रको अवसर र मन्त्रालयको आगामी कार्यदिशा संक्षिप्त रुपमा निम्न बमोजिम रहेका छन।

**अवसर**

- वन उद्यम विकासबाट रोजगारी सृजना गर्ने तथा दिगो वन व्यवस्थापनमा टेवा पुर्याउने ।
- प्रदेश स्तरमा प्राकृतिक स्रोतको सदुपयोग तथा प्रदेश आत्मनिर्भरको अवसरमा वन क्षेत्रको योगदान अभिवृद्धि गर्ने ।
- जलवायू परिवर्तन अनुकुलनमा योगदान तथा कार्बन उत्सर्जन न्यूनिकरणमा योगदान गर्नुको साथै वातावरणीय सेवाको गुणस्तरमा अभिवृद्धि गर्ने ।
- जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको उत्पादकत्व वृद्धि तथा व्यवसायिकरण
- जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापनबाट भौतिक पूर्वाधारहरुको दिगो संरक्षणमा योगदान गर्ने अवसर ।
- पर्यापर्यटनको विकास र स्थानीय रोजगारीको सृजना

## ११.१८ निष्कर्ष

यो अवधिमा मन्त्रालयका महत्वपूर्ण कानुनका रुपमा रहेका वन ऐन तथा वन नियमावली निर्माण भई कार्यन्वयनमा आएका छन । ऐन तथा नियमावली कार्यन्वयनका लागि चाहिने प्रयाप्त बजेट तथा कार्यक्रमहरुको व्यवस्था हुनुपर्ने देखिन्छ । प्रदेशको प्रमुख क्षेत्रका रुपमा रहेको वन क्षेत्रलाई कुशल व्यवस्थापन गरी प्रदेशलाई आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम तथा अन्य नीतिगत व्यवस्थामा जोड दिन पर्ने देखिन्छ ।

## ११.१९ कार्यक्रम सम्बन्धी केही तस्वीरहरु



वृक्षारोपण कार्य









वन्यजन्तुका लागि सिमसार पोखरी, पारीजात सा.व. लमही-४



# परिच्छेद-१२
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## १२.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशमा उद्योग तथा वाणिज्य क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी रहेको यो मन्त्रालय वि.सं. २०७४ माघ देखि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय नाम बाट कार्य संचालन हुदै आएकोमा प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।०५।१३ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ मा भएको हेरफेर अनुसार मन्त्रालयको पुनर्गठन भई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालयको मुख्य कार्यक्षेत्रमा स्वरोजगारका लागि उद्यमशिलता विकास, औद्योगिक प्रवर्द्धन र नियमन, वाणिज्य तथा आपूर्ति, खानी तथा खनिज पदार्थ अन्वेषण, उपभोक्ता हक अधिकार संरक्षण रहेका छन् । यस मन्त्रालय अन्तर्गत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र १२ वटा घरेलु तथा साना उद्योग कार्यालयहरु रहेका छन् ।

## १२.२ दीर्घकालिन सोचः

उद्योग, वाणिज्य तथा पर्यटन प्रवर्द्धन र दिगो व्यवस्थापनबाट समावेशी सम्वृद्धि हासिल गर्दै "समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश" प्रादेशिक लक्ष्य पूरा गर्न योगदान पुऱ्याउने ।

## १२.३ उद्देश्य

- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल ग्राहस्थ उत्पादनमा योगदान बढाउनु,
- उद्योगको विकास प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नु,
- औद्योगिक वस्तुहरुको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु ,
- रोजगारको संख्या र गुणस्तरमा अभिवृद्धि गर्नु,
- आन्तरिक व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चापदार्थ र सिप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई स्थानीय तहसम्म विस्तार गर्नु ,
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु ,
- उपभोक्ताको हक हित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनु ।

## १२.४ रणनीति

- उद्योगलाई आवश्यक पर्ने पूर्वाधार तयार नीति निर्माण र कार्यान्वयनमा जोड दिने ।

- स्थानीय स्रोत सिपको उपयोग गरी लघु, घरेलु, साना, मझौला र ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।
- लगानी मैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानूनी तथा प्रक्रियागत सुधार गर्ने ।
- गुणस्तरयुक्त एवं प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवालाई सुलभ बनाउन नियमित रुपमा बजार अनुगमन तथा बजार नियमन गर्ने ।

## १२.५ कार्यक्षेत्र

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | व्यापार/ वाणिज्य र प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण । |
| २. | प्रादेशिक व्यापार सम्बन्धी पुर्वाधार निर्माण, प्रवर्द्धन, सहजिकरण, वजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन । |
| ३. | ढुवानी / परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन । |
| ४. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता । |
| ५. | व्यापारिक फर्महरुको दर्ता, नविकरण, खारेजी र नियमन । |
| ६. | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना तथा संचालन र संघसँग समन्वय । |
| ७. | भौगोलिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी । |
| ८. | कलकारखाना र औद्योगिकरण सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन । |
| ९. | उद्योग दर्ता, अनुमति, नविकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन । |
| १०. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, संचालन र विस्तार । |
| ११. | औद्यगिक वस्तुको निर्यात प्रवर्द्धन । |
| १२. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन । |
| १३. | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रर्वद्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन । |

| | |
|---|---|
| १४. | मुल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन । |
| १५. | संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गिकरण, गुणस्तर परिक्षण र नियमन । |
| १६. | अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहवीच समन्वय । |
| १७. | उपभोक्ता अदालत र संचालन । |
| १८. | लक्षित क्षेत्र र वर्गका लागि एजेन्सी सम्बन्धी प्रादेशिक नीति, मापदण्ड, कार्यान्वयन र नियमन । |
| १९. | संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन । |
| २०. | दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति मापदण्ड, कार्यान्वयन र नियमन । |
| २१. | प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन । |
| २२. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन । |
| २३. | प्रदेश भित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन । |
| २४. | औद्योगिक तथा व्यापार प्रदर्शनी आयोजना तथा व्यवस्थापन । |
| २५. | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग । |
| २६. | संघीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी । |
| २७. | पर्यटकीय होटल, रिसोट लज ट्राभल तथा ट्रेकिङ ऐजेन्सी, गाईड, र्‍याफ्टिङ आदिको दर्ता, अनुमति, नविकरण र नियमन । |
| २८. | स्वरोजगारको लागि उद्यमशिलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन तथा सहायता । |

## १२.६ संगठन संरचना तथा जनशक्ति विवरण

**मन्त्रालयको संगठन संरचना**

**तालिका नं. १ दरबन्दी र पदपूर्तिको अवस्था (मातहत कार्यालय समेत)**

| क्र. सं. | पद | सेवा | समुह | श्रेणी तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | सचिव | प्रशासन | सा.प्र. | रा.प. प्रथम | १ | १ | ० | |
| २. | उप सचिव | प्रशासन | सा.प्र. | रा.प. द्धितिय | ३ | १ | २ | संघबाट कामकाज |
| ३. | निर्देशक नवौ/ दशौ | प्रशासन | सा.प्र. | रा.प. द्धितिय | १ | १ | ० | |

| क्र. सं. | पद | सेवा | समुह | श्रेणी तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४. | प्रमुख उद्योग अधिकृत नवौं/दशौं | प्रशासन | सा.प्र. | रा.प. द्धितिय | ३ | २ | १ | संघबाट कामकाज |
| ५. | शाखा अधिकृत/अधिकृतस्तर सातौं/आठौं | प्रशासन | सा.प्र. | रा.प.तृतिय/ अधिकृत सातौं/आठौं | ९ | ५ | ४ | संघबाट २ जना कामकाज |
| ६. | उद्योग अधिकृत/अधिकृतस्तर सातौं/आठौं | प्रशासन | सा.प्र. | रा.प.तृतिय/ अधिकृत सातौं/आठौं | १२ | ९ | ३ | |
| ७. | कानून अधिकृत | कानुन | न्याय | रा.प.तृतिय/ अधिकृत सातौं/आठौं | १ | ० | १ | |
| ८. | लेखा अधिकृत सातौं/आठौं | प्रशासन | लेखा | रा.प.तृतिय/ अधिकृत सातौं/आठौं | २ | १ | १ | |
| ९. | मेकानिकल इन्जिनियर अधिकृत सातौं/आठौं | इन्जिनियरिङ | मे.इ. | रा.प.तृतिय/ अधिकृत सातौं/आठौं | १ | ० | १ | |
| १०. | खानी अधिकृत | इन्जिनियरिङ | माइनिङ | रा.प.तृतिय/ अधिकृत सातौं/आठौं | १ | ० | १ | |
| ११. | प्रशिक्षण अधिकृत | विविध | विविध | रा.प.तृतिय/ अधिकृत सातौं/आठौं | २ | ० | २ | |
| १२ | लेखापाल / सहायक पाचौं/छैठौं | प्रशासन | लेखा | सहायक पाँचौं/छैठौं | ११ | ५ | ६ | |
| १३. | नायव सुब्बा सहायक पाँचौं/ छैठौं | प्रशासन | सा.प्र. | सहायक पाँचौं/छैठौं | ३८ | १९ | १९ | |
| १४. | नायव सुब्बा प्राविधिक पाँचौं/ छैठौं | इन्जिनियरिङ | माइनिङ | सहायक पाँचौं/छैठौं | २ | ० | २ | |

| क्र. सं. | पद | सेवा | समुह | श्रेणी तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १५. | प्रमुख शिक्षक प्राविधिक | विविध | | सहायक पाँचौ/छैठौ | १० | ० | १० | |
| १६ | शिक्षक | विविध | | सहायक पाँचौं | ३ | ० | ३ | |
| १७ | सहायक चौथो/पाँचौ (खरिदार) | प्रशासन | सा.प्र. | सहायक चौथो/पाँचौ | २ | १ | १ | |
| १८ | सहलेखापाल सहायक चौथो/पाँचौ | प्रशासन | लेखा | सहायक चौथो/पाँचौ | २ | १ | १ | |
| १९ | उद्यम विकास सहजकर्ता | | | सहायक चौथो/पाँचौ | १४ | १२ | २ | |
| २० | कम्प्यूटर अपरेटर पाचौ/छैठौं | | विविध | सहायक पाँचौ/छैठौं | १२ | १२ | ० | |
| २१ | टाइपिष्ट | | विविध | वेग अनुसार | २ | १ | १ | |
| २२ | हलुका सवारी चालक | प्रशासन | | श्रेणीविहिन | ८ | ७ | १ | |
| २३ | का. सहयोगी | प्रशासन | | श्रेणीविहिन | ३६ | ३६ | ० | |
| | जम्मा | | | | १७६ | ११४ | ६२ | |

## १२.७ तयार भएका नीति, ऐन, नियमावली, गठन, आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सूचि

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| १ | खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५ | |
| २ | औद्योगिक व्यवसाय ऐन, २०७५ | |
| ३ | प्रदेश पर्यटन ऐन, २०७६ | |
| ४ | प्राइभेट फर्म दर्ता ऐन, २०७६ | |
| ५ | साझेदारी ऐन, २०७६ | |
| ६ | बजार नियमन तथा प्रतिर्ष्पधा प्रर्वद्धन ऐन, २०७७ | |
| ७ | प्राइभेट फर्म दर्ता नियमावली, २०७६ | |
| ८ | साझेदारी नियमावली, २०७६ | |
| ९ | उद्यम विकास कोष संचालन नियमावली, २०७७ | |

## १२.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२५ | प्रदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगको उत्पादनलाई प्रोत्सान गर्ने । | १२ वटै जिल्लामा कोसेली घर संचालनमा सहयोगका लागि बजेट विनियोजन भई कार्य सम्पन्न भएको । |
| १२६ | चन्द्रौटा —कृष्णनगर कोरिडोरमा औद्योगिक क्षेत्रको संभाब्यता अध्ययन गरिनेछ । | अध्ययन सम्पन्न भएको । |
| १२७ | नेपाल सरकारसँगको समन्वय र सहकार्यमा रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता र दाङको लक्ष्मीपुरमा औद्योगिक क्षेत्र निर्माण कार्यलाई तिब्रता दिने । | नेपाल सरकारसँग समन्वय भई रहेको । |
| १२८ | संभाव्यता अध्ययन भई घोषणा भएका १० पालिकामा औद्योगिक पूर्वाधार निर्माण गर्न प्रोत्सान गरिने । | वार्षिक बजेटमा ६ वटा औद्योगिक ग्रामको पूर्वाधार निर्माणमा सहयोगका लागि बजेट विनियोजन भएको र अर्घाखाँची र नवलपरासी जिल्लामा पूर्वाधार निर्माण भएको । |
| १२९ | विपन्न, महिला, दलित, मुक्त कमैया, कम्लरी तथा सीमान्तकृत वर्ग, जाती र समुदायहरुमा उद्यमशिलताको विकास मार्फत स्वरोजगार सिर्जना गर्ने । उद्योग दर्ता गर्दा लाग्ने शुल्क मिनाहा गर्ने । | विपन्न परिवारका लागी सिप विकास तालिम भएको तथा उद्योग दर्ता गर्दा लाग्ने शुल्क मिनाहा गरिएको । |
| १३० | दाङ जिल्लालाई अल्लो र खुकुरी, गुल्मीलाई कफी, पाल्पालाई ढाका तथा करुवा उत्पादन र वर्दियालाई वेतवाँस उद्योग, रुकुमपूर्वलाई ऊनीको कम्वल हवको रुपमा विकास गर्दै लगिनेछ। प्रदेशमा कागज उद्योगको स्थापनाका लागी निजी क्षेत्रलाई प्रोत्साहन गरिने । | दाङमा अल्लो र खुकुरी, गुल्मीलाई कफी, पाल्पालाई ढाका तथा करुवा उत्पादन, बर्दियालाई बेतबाँस उद्योग, रुकुमपूर्वलाई ऊनी कम्वल हवको रुपमा विकास गर्न बजेट विनियोजन भई कार्यक्रम संचालन भएको । कागज उद्योगको सहयोगका लागि प्यूठान जिल्लामा सम्पन्न भएको । |
| १३१ | बुद्धकालिन र बुद्ध संस्कृतिमा आधारित काष्ठकला, ललितकला र मुर्तिकला सम्बन्धी शिल्पकार उत्पादन गर्न छात्रवृति उपलब्ध गराइने । | निर्देशनालयबाट कार्य सम्पन्न भएको । |
| १३२ | उद्यम विकास कोषको परिचालन गरी उद्योगको विकास र विस्तारका लागि सरल कर्जा तथा व्याजमा अनुदान दिने नीति अवलम्बन गरिनेछ । | ९७ वटा उद्यमलाई प्रवाह भएको कर्जाको व्याज भुक्तानी भएको। |
| १३३ | प्रदेशमा उद्योग, पर्यटन, खानी तथा खनिजजन्य | |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | क्षेत्रवाट रणनीतिकि हिसावले लाभ अभिवृद्धि गर्न अध्ययन अनुसन्धान र व्यवस्थापन गरिनेछ । | |
| १३४ | उपभोक्ताहरुले गुणस्तरीय, सर्वसुलभ सामान प्राप्त गर्ने व्यवस्थाका लागि प्रदेशका सबै जिल्लाहरुमा द्वैमासिक रुपमा बजार गरिनेछ । | वजार अनुगमन ९६ पटक भएको, रु.१४१४७६८।— वरावर मुल्यको सामान नष्ट तथा रु.४३७००।— जरिवाना गरिएको । |
| १३५ | रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकामा खाद्य तथा व्यापार कम्पनी लिमिटेडसँगको सहकार्यमा गोदाम भवन निर्माण गरी चामल, दाल, नुन, खाने तेल सहुलियत दरमा उपलब्ध गराइनेछ । | |

## १२.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २२ | हरेक जिल्लाका एक पालिका छनौट गरी विपन्न घर परिवार लक्षित सस्तो मूल्यमा चामल, दाल, नुन, गहुँ र तेल जस्ता अत्यावश्यक खाद्यवस्तु उपलब्ध गराउन सार्वजनिक सुलभ पसल संचालन गरिनेछ । | ७ वटा जिल्लामा कार्य सम्पन्न भएको । |
| २७ | विपन्न घरपरिवार, मुक्त कम्लरी, कमैया, हलिया, जनजाति तथा भूमिहिन लगायतका लक्षित वर्गलाई सीपमुलक तालिम सहित उद्यम कार्यक्रम संचालन गरिनेछ । | १२ वटै जिल्लामा बजेट विनियोजन भई कार्य सम्पन्न भएको । |
| ३४ | कोभिडवाट प्रभावित लघु, घरेलु तथा साना उद्यमीहरुलाई राहत उपलब्ध गराईने । | कोभिडले पारेको प्रभावका वारेमा छलफल अन्तरक्रिया भएको । |
| ३५ | लुम्बिनी तथा स्वर्गद्वारी क्षेत्रमा स्थानीय समुदायको सहकारी वा सामूहिक कम्पनी मार्फत स्थानीय हस्तकलामा आधारित चिनो उद्योग स्थापना गर्न सहयोग गरिनेछ । | |

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ३६ | कपिलवस्तुमा कागज उद्योगको संभाव्यता अध्ययन गरी उद्योग स्थापनाको कार्य अघि वढाइनेछ । | गत आ.व.मा कागज उद्योग स्थापनाको संभाव्यता अध्ययन भएको । |
| ३७ | अनुचित मूल्यवृद्धि कालोबजारी तथा कृतिम अभाव सिर्जना गर्नेमाथि कानून वमोजिम कारवाही गरिनेछ । | १२ वटै जिल्लामा नियमित रुपमा बजार अनुगमन हुँदै आएको । बजार अनुगमन ९६ पटक भएको, रु.१४१४७६८।— बराबर मुल्यको सामान नष्ट तथा रु.४३७००।— जरिवाना गरिएको । |

## १२.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको विवरण

| ७७ | बिउ भण्डार गृह स्थापना | स्वदेशी उन्नत तथा हाईब्रिड जात तथा नश्लको विस्तार गर्न र अन्य प्रदेशहरुमा समेत बिउ विजन निर्यात गर्न बिउ बजारीकरणमा टेवा पुऱ्याउने उद्देश्यले गत आ.व. मा १० वटा बिउ भण्डार गृह स्थापना भएको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ७८ | सिंचाई विस्तार कार्यक्रम | कृषि उत्पान सामग्री (मल, बिउ, सिंचाई) मध्ये बालीवस्तु उत्पादन तथा उत्पादकत्वमा अहम् भूमिका निर्वाह गर्ने सिंचाईलाई प्रवर्द्धन गर्ने उद्देश्यले ३३३० मिटर कच्ची कुलो, १०५२६ मिटर पक्की कुलो, ११७ वटा सिमेन्टेड ट्याङ्की, १९५ वटा प्लास्टिक ट्याङ्की, १४३ वटा पोखरी, ७ वटा लिफ्ट सिंचाई २९४ वटा स्यालो ट्युब वेल, १५ वटा डिप बोरिङ्ग निर्माण हुनुका साथै २५५९७९ मिटर पाइप, ११४२ वटा पम्प सेट, ३०५ वटा थोपा सिंचाई सेट, ७७९ वटा स्प्रिङ्कलर सिँचाई सेट, ४७६ वटा मोटर, १२०११ के.जी. डेलिभरी पाइप वितरण गरी थप २७९५ हेक्टरमा सिंचाई सुविधा विस्तार गरिएको छ। |
| ८० | बायोग्यास सहित भकारो सुधार कार्यक्रम/ गौशालामा आयमूलक कार्यक्रम | गुईठा बाल्ने प्रवृत्तिलाई निरुत्साहित गरी भकारो सुधार गर्ने उद्देश्यले विभिन्न जिल्लाहरुमा संचालित कार्यक्रमबाट १७६ वटा बायोग्यास निर्माण सहितको भकारो सुधार कार्यक्रम सम्पन्न भएको। त्यसैगरी तराईको ६ जिल्ला र पहाडी ४ जिल्ला (रुकूम-पूर्व र रोल्पा बाहेक) मा संचालित कार्यक्रमबाट १३ वटा गौशालामा गड्यौली मल ट्रस निर्माण ९, गोठ ट्रस निर्माण ८, गोठ मर्मत तथा सुधार १, गोदाम घर निर्माण १ कार्य सम्पन्न हुनुका साथै मोही पार्ने मेशिन १, गौ अर्क प्रशोधन मेसिन ३, सावुन बनाउने ड्राई ३५ सेट लगायतका अन्य आवश्यक उपकरणमा सहयोग गरिएको। |
| ८३ | स्मार्ट कृषि गाउँ कार्यक्रम | स्मार्ट कृषि गाउँ कार्यक्रमलाई महत्वकांक्षी योजनाको रुपमा लिई शिक्षा, प्रसार र अनुसन्धानलाई एकीकृत गर्दै आ.व. २०७८/०७९ मा ५१७० घरधुरीलाई समेट्दै हालसम्म करिब ८२०० घरधुरीमा सेवा पुर्‍याई कार्यक्रम संचालन भएको। गत आ.व. २०७८/०७९ को अन्त्यमा संचालित कार्यक्रमबाट विभिन्न बालीको ७०७ हेक्टर क्षेत्रफल विस्तार भएको, थप ९२२.५ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा विस्तार भएको। त्यसैगरी संचालित कार्यक्रमबाट कृषि सूचना केन्द्रहरुको स्थापना हुनुका साथै कृषि यान्त्रिकरणमा वृद्धि भएको, बजार पूर्वाधारहरु विकास भएको र उन्नत प्रविधि र नश्लहरुको प्रयोग बढेको। |
| ८४ | सुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | अनुदान कार्यक्रमलाई थप प्रभावकारी गराउनका लागि सुलभ दरमा कृषि ऋण प्रदान गर्न र सोको सहजीकरण गर्न थालनी भएको सुलभकर्जा सहजीकरण तथा ब्याज अनुदान कार्यक्रमका लागि प्रदेशका सबै जिल्लामा कर्जा सहजकर्ता परिचालन गरिएको छ। यस कार्यक्रम अन्तर्गत कूल ११० आयोजना मार्फत २२ करोड ७० लाख ३५ हजार रकम ऋण स्वीकृत भएको छ। उक्त ११० आयोजनाका लागि ब्याज अनुदान वापत १ करोड २० लाख ५६ हजार १७ रुपियाँ रकम उपलब्ध गराइएको छ। त्यसैगरी प्रतिफलमा आधारित कार्यक्रम अन्तर्गत १० जिल्ला (रुकूम-पूर्व र रोल्पा बाहेक) का ६२ वटा सहकारी संस्था मार्फत करिब ६२०० दुध र मासु |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | उत्पादनमा संलग्न कृषक घरधुरी लाभान्वित भएको। |
| ८५ | बजार संरचना निर्माण/भण्डारण पूर्वाधार विकास | प्रदेश भित्रको उत्पादनलाई बजार सम्मको पहुँच तथा उत्पादक र उपभोक्ता बीचको मूल्य कम गर्ने उद्देश्यले गत आ.व. २०७८/०७९ मा ११ वटा ट्रस, ७ वटा पक्की बजार, ३ संकलन केन्द्र, २ वटा प्रशोधन केन्द्र निर्माण तथा सुधारका कार्यक्रम समपन्न भएका छन्। त्यसैगरी कृषि जन्य वस्तुको भण्डारण, मूल्य र बजारीकरणको हालको समस्यालाई दीर्घकालीन समाधान गर्ने गरी आ.व. २०७५/७६ बाट सुरु भएका करिब १९ वटा शित भण्डार मध्ये हालसम्म ९०२५ मे.ट. क्षमताका १२ वटा आयोजना सम्पन्न भएकोमा बाँकी १४०० मे.टन. क्षमताका ५ वटा आयोजनाको अन्तिम भुक्तानी बाँकी भएको। |
| ८७ | प्रयोगशालाको स्तरोन्नती तथा सुदृढीकरण कार्यक्रम | पशु स्वास्थ्य सेवा तथा नियमन कार्यक्रमलाई प्रभावकारी बनाउने उद्देश्यले नवलपरासीमा प्रदेशस्तरीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाको सुदृढीकरण भएको। |
| ८८ | मिल्क पार्लर स्थापना कार्यक्रम | कृषि व्यवसायलाई विस्तार गर्दै संजालहरुको सहकार्यमा मूल्य श्रृंखलामा आधारित प्रवर्द्धन कार्यक्रम अन्तर्गत रुपन्देही र नवलपरासीको पूर्व-पश्चिम राजमार्ग तथा हुलाकी मार्ग लक्षित ४ वटा स्थानमा मिल्क पार्लर स्थापना भएको। |
| ८९ | बाली तथा पशुवस्तुहरुको उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यक्रम | मल र बिउ खरिदमा अनुदान कार्यक्रम अन्तर्गत १४९.२६४ मे.टन. खाद्यान्न बिउ, ११५.३६८ मे.टन. तरकारी (आलु सहित), ५.११५ मे.टन. दलहन, ८५ केजी तेलहन, २२०.८३६ मे.टन. मसलाबाली, १३६.२९२ मे.टन. आलु, १६० केजी च्याउ बिउ, २.२५० मे.टन. ढैंचा बिउ, ५० हजार अलैची विरुवा, ७० प्याकेट पुष्प बिउ, १७.०६९ हजार हिँउदे फलफूल, ६९.१९५ वर्षे फलफूल, १०२.७६० हजार सुन्तलाजात फलफूल, १००८.७५२ मे.टन. भर्मिकम्पोष्ट/प्राङ्गारिक मल, ४९.३६९ मे.टन. जैविक मल वितरण गरिएको छ। साथै पशुपन्छी तर्फ बजारीकरण कार्यका लागि चिलिङ्ग भ्याट तथा मिल्क एनालाईजर वितरण १७, डेरी पसल, मासु पसल, जिउँदो माछा पसल ४१ सुधार कार्यक्रम सम्पन्न भएको। |
| ९१ | स्थानीय तहमा करार सेवामा प्राविधिक कर्मचारी परिचालन | यस प्रदेशका सबै स्थानीय तहहरुमा १०९ जना कृषि/पशु/मत्स्य अधिकृत र प्रत्येक स्थानीय तहमा २ जना कृषि र २ जना पशु सेवा प्राविधिक गरी जम्मा ४३६ जना कृषि/पशु सेवा प्राविधिक परिचालन गरी स्थानीयस्तरमा कृषि प्रविधि सेवा प्रसार र विस्तार गर्नुका साथै कृषकको प्रविधि सेवामा पहुँच वृद्धि गरिएको। |
| ९२ | व्यावसायिक/क्षमता विकास/मागमा आधारित तालिम | कृषक, कर्मचारी तथा सहकारीमा आवद्ध जनताहरुको विषय सम्बन्धित क्षमता विकासका विभिन्न तालिम कार्यक्रम मार्फत हालसम्म २३१ महिला र ७३७ पुरुष गरी जम्मा ९६८ जना भन्दा बढीलाई सिपमुलक व्यवहारिक |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | तालिम प्रदान गरिएको छ। |
| ९३ | सेवा निवृत्त कर्मचारी परिचालन कार्यक्रम | कृषि/पशुपन्छी क्षेत्रमा नीतिगत सहजीकरण. कार्यक्रमको स्थलगत अनुगमन र कृषकस्तरको समस्या समाधानका लागि कर्मचारीको सम्बन्धित सेवामा भएको पूरानो अनुभवलाई उपयोग गर्ने उद्देश्यले २६ जना सेवा निवृत्त कर्मचारीहरु परिचालन गरिएको। |
| ९४ | | भमि बैंक मार्फत जग्गा उपयोग गर्ने किसानलाई प्रोत्साहन सहायता सम्बन्धी कार्यविधि, २०७८ तयार गरी अर्थको सहमति लिई आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयको सहमतीको लागी पठाइएको। |
| ९५ | | सरकारी वा सार्वजनिक उपयोगमा रहेका जग्गाको लगतकट्टा सम्बन्धी कार्यविधि, २०७८ तयार गरी अर्थको सहमति लिई आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयको सहमतीको लागी पठाइएको। |
| ९६ | क्षमता अभिवृद्धि तालिम/अभिमूखिकरण | भूमिहिन सुकुम्वासी सम्बन्धी समस्या समाधान र भू उपयोग कार्यान्वयनको लागि स्थानीय तहको क्षमता अभिवृद्धी गरिएको। |
| ९७ | भूमि नक्साङ्कनको लागि आवश्यक उपकरण खरिद | भूमि श्रोत नक्साङ्कनको लागि आवश्यक DGSP, Total Station उपकरण खरिद गरी पूर्वाधार तयार गरिएको। |

## १४.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ३१ | कोभिड विशेष मागमा आधारित कृषि तथा पशुपन्छी विकास कार्यक्रम | कोभिड-१९ का कारण प्रभावित प्रदेशका कृषकहरुको लागि मागमा आधारित व्यवसाय संचालन गर्नका लागि यन्त्र तथा उपकरण, उत्पादन सामग्री र पूर्वाधार तर्फ मोटर, पम्पसेट, स्प्रेयर, क्रेट, च्याफकटर, प्लाष्टिक मल्च, मौरी घार, बिउ विजन, विरुवा, नश्ल, पाइप, प्लाष्टिक पोखरी, विषादी, गोठ/खोर सुधारमा सहयोग गरिएको। |
| ३२ | स्थानीय तहमा करार सेवामा प्राविधिक कर्मचारी परिचालन | यस प्रदेशका सबै स्थानीय तहहरुमा १०९ जना कृषि/पशु/मत्स्य अधिकृत र प्रत्येक स्थानीय तहमा २ जना कृषि र २ जना पशु सेवा प्राविधिक गरी जम्मा ४३६ जना कृषि/पशु सेवा प्राविधिक परिचालन गरी स्थानीयस्तरमा कृषि प्रविधि सेवा प्रसार र विस्तार गर्नुका साथै कृषकको प्रविधि सेवामा पहुँच वृद्धि गरिएको। |
| ५३ | सिंचाई विस्तार कार्यक्रम | कृषि उत्पान सामग्री (मल, बिउ, सिंचाई) मध्ये बालीवस्तु उत्पादन तथा उत्पादकत्वमा अहम् भूमिका निर्वाह गर्ने सिंचाईलाई प्रवर्द्धन गर्ने उद्देश्यले ३३३० मिटर कच्ची कुलो, १०५२६ मिटर पक्की कुलो, ११७ |

| | | |
|---|---|---|
| | | वटा सिमेन्टेड ट्याङ्की, १९५ वटा प्लाष्टिक ट्याङ्की, १४३ वटा पोखरी, ७ वटा लिफ्ट सिंचाई २९४ वटा स्यालो ट्युब वेल, १५ वटा डिप बोरिङ्ग निर्माण हुनुका साथै २५५९७९ मिटर पाइप, ११४२ वटा पम्प सेट, ३०५ वटा थोपा सिंचाई सेट, ७७९ वटा स्प्रिङ्कलर सिँचाई सेट, ४७६ वटा मोटर, १२०११ के.जी. डेलिभरी पाइप वितरण गरी थप २७९५ हेक्टरमा सिंचाई सुविधा विस्तार गरिएको छ। |
| ६२ | किसान सूचीकरण कार्यक्रम/ नमुना तथ्याङ्क पाइलटिङ्ग कार्यक्रम | स्थानीय तहको सहकार्यमा कृषि तथ्याङ्कलाई तथ्यपरक बनाउने र सोही आधारमा नीति तथा योजना निर्माणलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थानीय तहका कृषि/पशु सेवा प्राविधिक र गणकहरुलाई किसान सूचीकरण सम्बन्धी अभिमुखिकरण गरिएको साथै पूर्वी रुकूमको १०३७३ कृषक घरधुरी र नवलपरासी जिल्लाको ६५९०२ कृषक घरधुरीबाट कृषि तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको। |
| ६३ | महामारी विपद व्यवस्थापन कार्यक्रम | प्राकृतिक रुपमा हुने बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, डढेलो, आगलागी, चट्याङ्ग आदिबाट भएको क्षतिको राहत स्वरुप कूल २१७ कृषक घरधुरीलाई रु.४९ लाख १ हजार ६ सय २० रुपियाँ रकम सहयोग गरिएको। |

## १४.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ४७३५०० | १९६७२० |
| २ | नेपाल सरकार सशर्त अनुदान | ३६६००० | १८३२१६ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड) | २५६३५८५ | १३८५४७९ |

## १४.११ बेरुजु फछ्र्यौटको विवरण

| बेरुजूको अवस्था (रु. हजारमा) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०७५/७६ | | | | | आ.व. २०७६/७७ | | | | | आ.व. २०७७/७८ | | | | |
| असुल | अनियमित | प्रमाण पेश नभएको | पेश्की | जम्मा | असुल | अनियमित | प्रमाण पेश नभएको | पेश्की | जम्मा | असुल | अनियमित | प्रमाण पेश नभएको | पेश्की | जम्मा |
| २५९१.३१ | ५६७.६० | ११४१६.४५ | ०.०० | १४५७५.३६ | ८५५२.६९ | १६३६७.४९ | १२१२०.६६ | ०.०० | ३७०४०.८४ | १०२० | १८९१ | ७४९५ | ७५ | १०४८१ |
| हालसम्मको जम्मा बेरुजूको अवस्था (रु. हजारमा) | | | | | | | | | | | | | | |
| असुल | अनियमित | प्रमाण पेश नभएको | पेश्की | जम्मा | | | | | | | | | | |
| १२१६३.९९ | १८८२६.१ | ३१०३२.११४ | ७५ | ६२०९७.२ | | | | | | | | | | |
| फर्छ्यौटको अवस्था (रु. हजारमा) | | | | | | | | | | | | | | |
| असुल गरिएको | नियमित गरिएको | प्रमाण पेश गरिएको | पेश्की | जम्मा | | | | | | | | | | |
| २५३५.२६ | ५३१४.५० | ६६९४.८६ | ०.०० | १४५४४.६२ | | | | | | | | | | |
| २०.८४ % | २८.२३ % | २१.५७ % | | २३.४२ % | | | | | | | | | | |
| आ.व. २०७८/०७९ मा ८९ लाख ९६ हजार बेरुजू रकम नियमित गरी महालेखा नियन्त्रक कार्यालयमा सम्परीक्षणका लागि पठाइएको | | | | | | | | | | | | | | |

## १४.१२ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति

**(रु. हजारमा)**

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ३१५९०१४ | १६१८९६५ | ५१.२५ |
| पुँजीगत | २४४०७१ | १४६६८४ | ६०.०९ |
| **जम्मा** | **३४०३०८५** | **१७६५६४९** | **५१.८८** |

## १४.१३ आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु. हजारमा)

| क्र.सं. | कार्यक्रम शिर्षक | बजेट | जम्मा खर्च | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| १ | कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ५६६०५३ | २७०२७५ | ४७.७५ | ७८.२० |
| २ | स्मार्ट कृषि गाँउ कार्यक्रम | ३५१७८६ | १८९८७३ | ५३.९७ | ८१.१२ |
| ३ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | ३१७७१ | १९९७२ | ६२.८६ | ८८.४६ |
| ४ | भुमि तथा गुठी व्यवस्थापन कार्यक्रम | ४६०६० | २६५६२ | ५७.६७ | ७९.४० |
| ५ | अभियानमुखि (मिसन) कृषि/पशुपन्छी विकास कार्यक्रम | १४७४७५ | ७७७६० | ५२.७३ | ७२.७६ |
| ६ | कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार | ५८८४६२ | २८०११८ | ४७.६० | ६९.४४ |
| ७ | कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र पूर्वाधार विकास | ३९५३०७ | १०३४९१ | २६.१८ | ६१.६८ |
| ८ | युवा लक्षित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | ७९७०६ | २२१६९ | २७.८१ | ६४.२२ |
| ९ | पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | ९१४४१ | ३६५४९ | ३९.९७ | ७०.५३ |
| १० | कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम | २५३८८ | २२७५३ | ८९.६२ | ९२.१२ |
| ११ | संघ सशर्त कार्यक्रम | ३६६००० | १८३६३३ | ५०.१७ | ८९.७६ |
| १२ | साधारण कार्यक्रम | ७१३६३६ | ५३२८४६ | ७४.६७ | ८६.४५ |
| **जम्मा** | | **३४०३०८५** | **१७६६००१** | **५१.८८** | **७२.००** |

## १४.१४ आ.व. २०७८/०७९ को राजश्व संकलनको विवरण

| क्र.स. | कार्यालयको नाम | रकम रु. हजारमा |
|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र, रुपन्देही | १७.५ |
| २ | कृषि ज्ञान केन्द्र,बाँके | ४७८.०९ |
| ३ | कृषि ज्ञान केन्द्र,कपिलबस्तु | १८९.५ |
| ४ | कृषि ज्ञान केन्द्र,नवलपरासी | १४१ |
| ५ | कृषि ज्ञान केन्द्र,गुल्मी | ११८४.१ |
| ६ | कृषि ज्ञान केन्द्र,पाल्पा | २८१.२१९ |
| ७ | कृषि ज्ञान केन्द्र,रोल्पा | २४० |
| ८ | बिउ विजन प्रयोगशाला, बाँके | ५३७.७१७ |
| ९ | बिउ विजन प्रयोगशाला, भैरहवा | ८५६.५६६ |
| १० | माटो तथा मल परीक्षण प्रयोगशाला,बाँके | १७८.५३ |
| ११ | कृषि ब्यवसाय प्रवर्द्धन तथा सहयोग तालिम केन्द्र बाँके | ५६९.४५ |
| १२ | कुखुरा विकास फार्म खजुरा वाँके | ११००५.९५७ |
| १३ | मत्स्य विकास केन्द्र शम्सेरगञ्ज वाँके | २२१२.७६४ |
| १४ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्ग | १५७.८४४ |
| १५ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वाँके | ५४ |
| १६ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा | १०१.९ |
| १७ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान | १३१.९२५ |
| १८ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, पुर्वि रुकुम | १,०२७ |
| १९ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, वर्दिया | ३६३.३०५ |
| २० | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मी | २३ |
| २१ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँची | २६ |
| २२ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपरासी | ६१.०७५ |
| २३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा | ६२२.३२१ |
| २४ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कपिलवस्तु | ६२.२७ |
| २५ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रुपन्देही | ५३३.३४९ |
| २६ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | १८ |
| | जम्मा | २१०७३.१ |

## १४.१५ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

| क्र.सं. | कार्यक्रम | लाभान्वित संख्या | लाभान्वित घरधुरी संख्या |
|---|---|---|---|
| १ | कृषि तर्फ | २१९ सहकारी, ४१५ समूह र १६८८ निजी फर्म/कम्पनी/अन्य | |
| २ | पशुपन्छी तर्फ | २१५ सहकारी, २०२ समूह र ४१४७ निजी फर्म/कम्पनी/अन्य | |
| **जम्मा** | | ४५६४ | २५५७० |

## १४.१६ समस्या तथा चुनौतीहरु

- सार्वजनिक खरीद ऐन २०६३/नियमावली २०६४ अनुसार अनुदानका कार्यक्रमहरु सञ्चालन गर्न कृषकहरुलाई व्यवहारिक कठिनाइ भएको।
- आ.व. २०७८/०७९ मा दायित्व श्रृजना भई भुक्तानीका बखतमा CGAS प्रणाली सर्भर नचली करिब रु. १५ करोड भुक्तानी हुन नसकेकोमा दायित्व स्थापित भएको ।
- सहुलियत विद्युत मिटरः कृषि कार्यका लागि सहुलियत मिटर उपलब्ध भएको तर बिउविजन, पशुपन्छी तथा मत्स्य पालनका लागि सहुलियत मिटर उपलब्ध नभएको।
- रासायनिक मल वितरण प्रणालीः संघीय मन्त्रालयले खरिद गरी कोटा तोकि प्रदेशलाई वितरण गर्न जिल्लाका लागि कोटा तोक्ने दायित्व मात्र रहेकाले प्रदेशस्तरमा आवश्यक रासायनिक मल खरिद तथा वितरण गर्न नसकिएको।
- सुलभ कर्जा सहजिकरण तथा ब्याज अनुदान कार्यविधिमा ब्याज अनुदान भुक्तानी प्रक्रिया लामो र झन्झटिलो भएका कारण अपेक्षाकृत रुपमा लक्षित गरिए बमोजिम ब्याज अनुदान वितरण हुन नसकेको।
- प्राकृतिक रुपमा हुने बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, डढेलो, आगलागी, चट्याङ्ग आदिबाट हुने विपदको राहत वितरण प्रणाली एकद्वार मार्फत नभएको।
- दुध उत्पादनमा २० प्रतिशत वृद्धि भएमा प्रोत्साहन अनुदान दिने भनिएकोमा कोभिडका कारण हालसम्म पनि उत्पादन सोचे अनुरुप बढ्न नसक्दा कृषकहरु बंचितमा परेको।
- छाडा गाईवस्तु व्यवस्थापनमा समस्या
- बाँदर, दुम्सी लगायतका वन्यजन्तुको समस्या

- रासायनिक मलको अभाव

### १४.१७ समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- कृषि अनुदान ऐन निर्माण गरी लागु गर्नु पर्ने।
- दायित्व श्रृजना भई भुक्तानीका बखतमा CGAS प्रणाली सर्भर नचली भुक्तानी दिन बाँकि रकमको लागि अर्थ तथा सहकारी मन्त्रालयमा भुक्तानी दिन बाँकी रहेको विवरण पठाइएको।
- कृषि मिटर समस्याको जानकारी समय समयमा सरोकारवाला निकायमा गराइएको।
- समस्या समाधानका लागि पहिचान गरिएका उपायहरुलाई समेत समावेश गरी सरल र प्रभावकारी कार्यविधि बनाउने वा सबै मन्त्रालयको कार्य समेटिने गरी एकिकृत सुलभकर्जा ब्याज अनुदान कार्यविधि तयार गर्नुपर्ने।
- मन्त्रालयको विपद् व्यवस्थापन समितिको बैठकमा आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयका प्रतिनिधिलाई वितरण प्रणालीको एकरुपता गर्नका लागि सुझाव दिइएको र विपदका कारण सिर्जित क्षतिमा राहत वितरण सम्बन्धी कार्य एकद्वार प्रणालीबाट हुने प्रबन्ध गरिनु पर्ने।
- दुधको हकमा कोभिडका कारण दुग्ध ब्यवसाय धरासायी भएकोले उक्त २० प्रतिशतको सट्टा ५ प्रतिशत वृद्धि कायम गर्ने नीति बनाउने।
- कृषि बालीका लागि तेस्रो बालीको खेती क्षेत्रफलका आधारमा प्रोत्साहन अनुदान दिने नीति बनाउने।

### १४.१८ आगामी कार्यदिशा

- जनशक्ति र कार्यबोझको तादम्यता मिलाउनु पर्ने ।
- कम लोकप्रिय तथा माग नभएका कार्यक्रमहरु हटाउनु पर्ने र राम्रा कार्यक्रमहरुलाई निरन्तरता दिने।
- जिल्ला अनुसार फरकफरक प्रकारका कार्यक्रम तर्जुमा गर्ने ।
- तथ्याङ्क अद्यावधिकरणलाई प्राथमिकता दिने।
- अनुदानका कार्यक्रम संख्यामा व्यापक कटौती गर्ने र राहत वितरणमा पनि संलग्न नहुने।
- अनुदान माग गर्ने प्रकृयालाई सरलीकृत गर्ने।
- जनशक्ति विकास तथा प्राविधिक सेवामा केन्द्रित हुने।
- एक प्राविधिक एक विशेषज्ञतालाई संस्थागत निर्णय मार्फत् कार्यान्वयनमा ल्याउने।
- प्रयोगशालाहरुमा जनशक्ति (lab. assistant) सहित थप गरी स्तरोन्नति समेत गर्ने।
- दैनिक कार्य सम्पादनमा समेत प्रबिधिको अधिकतम उपयोग गर्ने ।
- नियमनका लागि निरीक्षक तोक्ने र जिम्मेवारी दिई नियमन गर्ने/गराउने।
- कागजको प्रयोग अति न्यून गर्ने।

- सुशासन अवलम्बनलाई निरन्तरता दिने।
- थप श्रोत केन्द्रहरु विस्तार गर्ने।
- संघ प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने कृयाकलापहरुमा थप स्पष्टता हुन आवश्यक।
- प्रयोगशालाहरुमा जनशक्ति (lab. assistant) सहित थप गरी स्तरोन्नति समेत गर्ने।
- दैनिक कार्य सम्पादनमा समेत प्रबिधिको अधिकतम उपयोग गर्ने ।
- नियमनका लागि निरीक्षक तोक्ने र जिम्मेवारी दिई नियमन गर्ने/गराउने।
- कागजको प्रयोग अति न्यून गर्ने।
- सुशासन अवलम्बनलाई निरन्तरता दिने।
- थप श्रोत केन्द्रहरु विस्तार गर्ने।
- संघ प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने कृयाकलापहरुमा थप स्पष्टता हुन आवश्यक।

# परिच्छेद-१५
# श्रम तथा यातायात व्यवस्था मन्त्रालय

## १५.१ पृष्ठभूमि

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०७८/०१/०६ को निर्णयानुसार स्वीकृत प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७८ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ भदौ १८ गते प्रदेश राजपत्र खण्ड ५ संख्या ८ मा प्रकाशन भए बमोजिम साविकको शिक्षा तथा सामाजिक विकास मन्त्रालय अर्न्तगतको श्रम तथा रोजगार शाखा र आन्तरिक मामिला तथा कानुन मन्त्रालयअर्न्तगत रहेका यातायात व्यवस्था कार्यालयहरु र सेवा कार्यालयहरु समेत समावेश गरी मन्त्रालय स्थापना भई कार्यारम्भ भएको छ। प्रदेशस्तरीय श्रम, रोजगार, सामाजिक सुरक्षा, यातायात व्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, नियमन लगायतका कार्य मन्त्रालयको कार्यक्षेत्रमा रहेका छन् । प्रदेशभित्र श्रम, रोजगार तथा यातायात क्षेत्रको व्यवस्थापन र नियमन गरी सुशासन कायम गर्न गराउन मन्त्रालय प्रतिबद्ध रहेको छ। यसै बीचमा लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/०३/३१ निर्णय अनुसार मन्त्रालयको नाम परिवर्तन गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम गरिएको छ ।

## १५.२ दीर्घकालीन सोच

मर्यादित श्रम र रोजगारको सिर्जना र प्रभावकारी यातायात व्यवस्थापन गर्ने।

## १५.३ लक्ष्य

प्रदेशभित्रको श्रमशक्ति, व्यवस्थापन र सुरक्षित रोजगारीको सिर्जना, सामाजिक सुरक्षा सहितको उन्नत जीवनयापन तथा सहुलियतपूर्ण सार्वजनिक यातायात सेवा र अनुशासित यातायात प्रणालीको स्थापना गर्ने।

## १५.४ उद्देश्य

प्रदेशभित्रै रोजगारीको वातावरण सिर्जना गरी श्रमशक्तिको सहज व्यवस्थापन गर्दै सामाजिक सुरक्षालाई प्रभावकारी बनाउने र सार्वजनिक यातायातलाई व्यवस्थित गर्दै यातायात क्षेत्रको सुरक्षा, व्यवस्थापन र नियमन मार्फत यातायात क्षेत्रलाई चुस्त बनाउने।

## १५.५ कार्यक्षेत्र

(क) **यातायात व्यवस्था, चालक अनुमतिपत्र, श्रमबजार, श्रमिक तथा श्रमप्रदायक निकाय सम्बन्धी**

- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य

- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,
- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन ।
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन

**(ख) मन्त्रालय अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालय र सेवा कार्यालयहरु**

- यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र, बुटवल, रुपन्देही
- यातायात व्यवस्था कार्यालय, सवारी, मणिग्राम, रुपन्देही
- यातायात व्यवस्था कार्यालय, दाङ्ग
- यातायात व्यवस्था कार्यालय, नेपालगंज, बाँके
- यातायात व्यवस्था सेवा कार्यालय, पाल्पा
- यातायात व्यवस्था सेवा कार्यालय, भैरहवा
- यातायात व्यवस्था सेवा कार्यालय, भालुवाङ्ग
- यातायात व्यवस्था सेवा कार्यालय, नवलपरासी (ब.सु.प.)
- यातायात व्यवस्था सेवा कार्यालय, कपिलवस्तु

## १५.६ संगठन संरचना तथा जनशक्ति विवरण

तालिका नं.-१ दरबन्दी र पदपूर्तिको अवस्था (मातहत कार्यालयसमेत)

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० |
| २ | उपसचिव | प्रशासन | सा.प्र. | नवौं/दशौं | ६ | ३ | ३ |
| ३ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | सातौं/अठौं | २३ | १७ | ६ |
| ४ | लेखा अधिकृत | प्रशासन | लेखा | सातौं/अठौं | २ | ० | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | मेकानिकल इन्जिनियर | इन्जिनियरिङ | मेकानिकल | सातौं/अठौं | ४ | १ | ३ |
| ६ | आइटी इन्जिनियर | विविध | | सातौं/अठौं | १ | ० | १ |
| ७ | अधिकृत/ सहायक | प्रशासन | सा.प्र. | पाँचौं/छैटौं | ३५ | ३४ | १ |
| ८ | लेखा अधिकृत/ सहायक | प्रशासन | लेखा | पाँचौं/छैटौं | ६ | ४ | २ |
| ९ | मेकानिकल सुपरभाइजर | इन्जिनियरिङ | मेकानिकल | पाँचौं/छैटौं | ११ | ९ | २ |
| १० | कम्प्युटर अपरेटर | विविध | | पाँचौं/छैटौं | ११ | ११ | ० |
| ११ | खरिदार | प्रशासन | सा.प्र. | चौथो/पाँचौं | २१ | २१ | ० |
| १२ | सहलेखापाल | प्रशासन | लेखा | चौथो/पाँचौं | ९ | ९ | ० |
| १३ | सहायक कम्प्युटर अपरेटर | विविध | | चौथो/पाँचौं | ६ | ६ | ० |
| १४ | हलुका सवारी चालक | इन्जिनियरिङ | मेकानिकल | श्रेणीविहीन | ११ | १० | १ |
| १५ | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणीविहीन | ३० | ३० | ० |
| | | | | **जम्मा** | **१७७** | **१५६** | **२१** |

*(श्रोतः श्रम तथा यातायात व्यवस्था मन्त्रालय)*

## १५.७ तयार भएका निति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सुची

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| १ | सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ | |
| २ | व्यावसायिक तथा सीपमूलक तालीम संचालन सम्बन्धी कार्यविधि, २०७८ | |
| ३ | श्रम बजार अध्ययन, कार्यस्थल सुरक्षा तथा कारखाना निरीक्षण सम्बन्धी कार्यविधि, २०७८ | |

## १५.८ आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित बजेट तथा असार मसान्तसम्मको वित्तीय प्रगति

**(रु. हजारमा)**

| बजेट शीर्षक | विनियोजित बजेट | २०७९ असार मसान्त सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| ३७१०००११३ | २९५९२०००.० | १६७२१८७७.२१ | ५६.५१ |
| ३७१०००१२३ | १४२८७५०००.० | ११७७९८४०५.०७ | ८२.४५ |
| ३७१०००१३३ | ७२१५०००.० | ६९२६५५८.० | ९६.० |
| ३७१०००१४३ | ३७२०००००.० | २४७८४८७०.२८ | ६६.६५ |
| ३७१०००१८३ | १६००००.० | ६४९३३.३३ | ४०.५८ |
| ३७१९११२७३ | १००००००.० | ९४०००.० | ९.४ |
| ३७१०००११४ | ९९२०००००.० | २४०१४१५८.० | २४.२१ |

| | | | |
|---|---|---|---|
| ३७१०००१२४ | १७३६००००.० | १२८९७२५१.० | ७४.२९ |
| ३७१०००१३४ | ८४५००००.० | ५१३३५९.० | ६.०७ |
| जम्मा | **३४३०५२०००.०** | **२०३८१५४१२.०** | **५९.४१** |

*(श्रोतः श्रम तथा यातायात व्यवस्था मन्त्रालय)*

## १५.९ बेरुजु फछ्यौंटको विवरण

| क्र. सं. | मन्त्रालय/ कार्यालयको नाम | बेरुजुको प्रकृति | बेरुजु रहेको आ.व. | बेरुजु रकम | आ.व.२०७८ / ०७९मा फछ्यौंट भएको रकम | फछ्यौंट प्रतिशत | फछ्यौंट हुन बाँकी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| १. | यातायात व्यवस्था कार्यालय, सवारी रुपन्देही | असुल उपर | आ.व.२०७४ /०७५ अघिको | ७५६८८ | ०.० | ०.० | ७५६८८ |
| | | नियमित / प्रमाण पेश गर्नुपर्ने | | १६२७४६६ | ०.० | ०.० | १६२७४६६ |
| २. | यातायात व्यवस्था सेवा कार्यालय, भैरहवा रुपन्देही | असुल उपर | आ.व.२०७५ /०७६ को | १२९५० | ०.० | ०.० | १२९५० |

## १५.१० आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति मातहत कार्यालयहरु समेत

**(रु. हजारमा )**

| बजेट शिर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २१८०४२.० | १६६३९०.६४ | ७६.३१ |
| पुँजीगत | १२५०१०.० | ३७४२४.७७ | २९.९४ |
| जम्मा | ३४३०५२.० | २०३८१५.४१ | ५९.४१ |

## १५.११ आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्म मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | — | — |
| २ | नेपाल सरकार सशर्त अनुदान | १००००००.० | ९४०००.० |
| ३ | नेपाल सरकार समपूरक अनुदान | — | — |
| ४ | नेपाल सरकार विशेष अनुदान | — | — |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | ३४२०५२०००.० | २०३७२१४११.९ |
| | **जम्मा बजेट** | **३४३०५२०००.०** | **२०३८१५४११.९०** |

## १५.१२ नीति तथा कार्यक्रमको वार्षिक प्रगति विवरण

| ब. व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| बजेटको बुँदा नं. ३ (ख. शी. नं. २२५२१) | इलेक्ट्रिक बस सञ्चालनमा निजी क्षेत्रसँग सहकार्य | -विद्युतीय बस सञ्चालन सम्बन्धमा लुम्बिनी प्रदेश यातायात लिमिटेड स्थापना गर्न मुख्यमन्त्री कार्यालयबाट सैद्धान्तिक सहमति प्राप्त भएको र प्रबन्धपत्र र नियमावलीको मस्यौदा तयार गर्ने काम अन्तिम चरणमा रहेको। |

## १५.१३ बजेट वक्तव्यको असार मसान्तसम्मको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| **ब.उ.शी.नं. ३७१०००१४ श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम** | | |
| बजेटको बुँदा नं. १ (ख. शी. नं. २२५१२) | युवाहरुलाई स्वरोजगार तुल्याउन सीपमूलक प्रशिक्षण सञ्चालन (३ महिने) | "व्यावसायिक तथा सीपमूलक तालिम सम्बन्धी कार्यविधि, २०७८" स्वीकृति भई लुम्बिनी प्रदेशका १२ जिल्लामा सीपमुलक तालिम संचालनको लागि प्रस्ताव आव्हान गरिएकोमा छनौट भएका तालिम प्रदायक संस्था सँग सम्झौता भई ३ महिने तालिम २५ स्थानीय तहमा, १ महिने तालिम १८ स्थानीय तहमा सम्पन्न भएको । |
| बजेटको बुँदा नं. २ (ख. शी. नं. २२५१२) | विपन्न घरपरिवार, मुक्त कमलरी, कमैया, हलिया, दलित, जनजाति तथा भूमिहिन र मुस्लिम लगायतका लक्षित वर्गलाई सीपमूलक तालिमसहित उद्यम शुरु गर्न सहयोग (३ महिने ६ महिने) | |
| बजेटको बुँदा नं. २ (ख. शी. नं. २२५१२) | जनयुद्ध, जनआन्दोलन तथा मधेश आन्दोलनका शहिद, घाइते, बेपत्ता परिवारका लागि व्यवसायिक तथा प्राविधिक तालिम सहितको उद्यमशीलता विकास गर्न द्वन्द प्रभावित परिवार रोजगार कार्यक्रम सञ्चालन | |
| बजेटको बुँदा नं. ४ (ख. शी. नं. २२५१२) | ३ महिने प्लम्बिङ्ग तालिम दिई तालिम पश्चात न्युनतम पारिश्रमिक सहित ३ महिना कार्यस्थलमा खटाउने । | "व्यावसायिक तथा सीपमूलक तालिम सम्बन्धी कार्यविधि, २०७८" स्वीकृति भई लुम्बिनी प्रदेशका १२ जिल्लामा सीपमुलक तालिम संचालनको लागि प्रस्ताव आव्हान गरिएकोमा छनौट भएका तालिम प्रदायक संस्था सँग सम्झौता भई<br>३ महिने तालिम २५ स्थानीय तहमा<br>१ महिने तालिम १८ स्थानीय तहमा सम्पन्न भएको । |
| बजेटको बुँदा नं. ३ (ख. शी. नं. २२५१२) | व्यवसायिक तथा प्राविधिक तालिम सहितको उद्यमशीलता विकास गर्न द्वन्द प्रभावित परिवार रोजगार कार्यक्रम सञ्चालन | |
| बजेटको बुँदा नं. | श्रम तथा सामाजिक सुरक्षा सम्बन्धी | • श्रम नीतिको मस्यौदा तयार भई चरणगत रुपमा |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ५ (ख. शी. नं. २२५२२) | प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन | छलफल भईसकेको।<br>• यातायात नियमावलीको मस्यौदा तयार भएको। |
| बजेटको बुँदा नं. ६ (ख. शी. नं. २२५२२) | श्रमिक र रोजगारदाताबीच सामाजिक सुरक्षा तथा श्रम सम्बन्धी कार्यक्रम संचालन | • नवलपरासी पश्चिम, रुपन्देही, गुल्मी, कपिलवस्तु, पाल्पा, रुकुम पूर्व, बाँके र प्युठान गरी ८ जिल्लामा कार्यक्रम सम्पन्न भएको । |
| बजेटको बुँदा नं. ७ (ख. शी. नं. २२५२२) | श्रम बजार सम्बन्धी अध्ययन, कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन | • कार्यस्थल सुरक्षा कार्यविधि स्वीकृत भई अनुगमन शुरु गरिएको ।<br>• कार्यस्थल सुरक्षा अध्ययन गर्न रुपन्देही जिल्लाका ओमसतिया र रोहिणी गा.पा.मा रहेका र नवलपरासी जिल्लाका १२ उद्योग तथा कारखानामा अनुगमन, निरिक्षण गरिएको |
| **ब.उ.शी.नं. ३७१०००११ श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम** | | |
| बजेटको बुँदा नं. १ (ख. शी. नं. २२५२२) | सवारी दुर्घटना न्यूनीकरण र सवारी व्यवस्थापन | • ३ कार्यक्रममा १ कार्यक्रम सम्पन्न।(३३% प्रगति) |
| बजेटको बुँदा नं.२ (ख. शी. नं. २२५२२) | डिजिटल ट्रायल सेन्टर निर्माण गरी प्रयोगात्मक परीक्षा | • रुपन्देहीको बेलवासमा सवै किसिमका सवारी साधनको आफ्नै ट्रायल सेन्टरमा संचालन भईरहेको ।<br>• डिजिटल ट्रायल सेन्टर निर्माणको लागि डिपिआर निर्माण अध्ययनको चरणमा रहेको । |
| बजेटको बुँदा नं.३ (ख. शी. नं. २२५२१) | इलेक्ट्रिक बस सञ्चालनमा निजी क्षेत्रसँग सहकार्य | • विद्युतीय बस सञ्चालन सम्बन्धमा लुम्बिनी प्रदेश यातायात लिमिटेड स्थापना गर्न सैद्धान्तिक सहमति प्राप्त भएको र प्रवन्धपत्र र नियमावलीको मस्यौदा तयार गर्ने काम अन्तिम चरणमा रहेको |
| **ब.उ.शी.नं. ३७१०००१२ यातायात व्यवस्था कार्यालयहरु** | | |
| बजेटको बुँदा नं. १ (ख. शी. नं. २२५२२) | यातायात व्यवस्था कार्यालयहरुको अभिलेख व्यवस्थापन । | यातायात व्यवस्था कार्यालय (स.चा.अ.) बुटवलबाट ढड्डा व्यवस्थापनको लागी **(Paper Card Entry)** स्वीकृत गरिएको। |
| बजेटको बुँदा नं. २ (ख. शी. नं. २२५२२) | अभिलेख व्यवस्थापन (कम्प्यूटर इन्ट्री) | यातायात व्यवस्था विभागसँग समन्वय भईरहेको। Software हस्तान्तरण हुनासाथ सुरु गरिने। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| **ब.उ.शी.नं. ३७१०००१३ यातायात व्यवस्था तथा सुदृढीकरण कार्यक्रम** | | |
| बजेटको बुँदा नं. २ (ख. शी. नं. २२५२२) | चालक सचेतना अभिवृद्धि कार्यक्रम | नवलपरासी पश्चिम, रुपन्देही, गुल्मी, कपिलवस्तु, पाल्पा, र रोल्पा गरी ६ जिल्लामा कार्यक्रम सम्पन्न भएको । |

*(श्रोतः श्रम तथा यातायात व्यवस्था मन्त्रालय)*

## १५.१४ आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिणाम | परिणाम % | बजेट खर्च | बजेट खर्च % |
| १. | श्रम बजार अध्ययन | नियमित कार्यक्रमको रुपमा | ६०० | - | - | - | - |
| २. | युवाहरुलाई स्वरोजगार तुल्याउन सीपमूलक प्रशिक्षण सञ्चालन (३ महिने) | १५ | १५००० | १५ | १००% | ११२०२.० | **७४.६८%** |
| ३. | विपन्न घरपरिवार, मुक्त कमलरी, कमैया, हलिया, दलित, जनजाति तथा भूमिहिन र मुस्लिम लगायतका लक्षित वर्गलाई सीपमूलक तालिमसहित उद्यम शुरु गर्न सहयोग (३ महिने ६ महिने) | ३ महिने ७ वटा | ९००० | ७ | १००% | ६५३४.० | **७२.६%** |
| ४. | जनयुद्ध, जनआन्दोलन तथा मधेश आन्दोलनका शहिद, घाइते, बेपत्ता परिवारका लागि व्यवसायिक तथा प्राविधिक तालिम सहितको उद्यमशीलता विकास गर्न द्वन्द प्रभावित परिवार रोजगार कार्यक्रम सञ्चालन | १ महिने २० वटा | ९००० | १७ | ८५% | ५२४३.० | **५८.२५%** |
| ५. | ३ महिने प्लम्बिङ्ग तालिम दिई तालिम पश्चात न्युनतम पारिश्रमिक सहित कार्यस्थालमा ३ महिना कार्यस्थलमा खटाउने । | १ वटा | १००० | १ | १००% | ८४८.० | **८४.८%** |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिणाम | परिणाम % | बजेट खर्च | बजेट खर्च % |
| ६. | श्रम तथा सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन | ४ वटा (श्रम नीति, ऐन तथा नियमावली तयार गर्ने) | १००० | २ | ५०% | २३०.० | **२३%** |
| ७. | श्रमिक र रोजगारदाताबीच सामाजिक सुरक्षा तथा श्रम सम्बन्धी समन्वयत्मक कार्यक्रम | ५ वटा | १५०० | ५ | ८०% | ६३६.० | **४२.४%** |
| ८. | श्रम बजार सम्बन्धी अध्ययन, कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन | कार्यविधि -१, निरीक्षण- १५ | १०० | १ | ९०% | ८८.७५ | **८८.७५%** |
| ९. | सवारी दुर्घटना न्यूनीकरण र सवारी व्यवस्थापन | ३ पटक | २००० | २ | १००% | २००० | **१००%** |
| १०. | डिजिटल ट्रायल सेन्टर निर्माण गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने | नियमित कार्यक्रमको रुपमा | २४४ | - | - | - | - |
| ११. | इलेक्ट्रिक बस सञ्चालनमा निजी क्षेत्रसँग सहकार्य | भैरहवा-बुटबल, कोहलपुर-नेपालगंज, घोराही- तुल्सीपुर तथा लमही- भालुबाङ खण्ड | ७०००० | - | - | - | - |
| १२. | Local server सहित Data Entry का लागि आवश्यक मेसिनरी औजार खरिद | कार्यालयहरु/ सेवा कार्यालयहरु मार्फत नियमित रुपमा | २००० | - | - | - | - |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिणाम | परिणाम % | बजेट खर्च | बजेट खर्च % |
| १३. | अभिलेख व्यवस्थापनका लागि Data Entry software निर्माण तथा खरिद खर्च | कार्यालयहरु/ सेवा कार्यालयहरुमार्फत नियमित | १५०० | - | - | - | - |
| १४. | चालक सचेतना अभिवृदि कार्यक्रम | ५ पटक (नियमित रुपमा गर्न सकिने) | १००० | ५ | १००% | ७११.० | ७१.१% |
| १५. | ब्लु बुक तथा अन्य छपाई | नियमित रुपमा | ६२१५.० | २ लाख | १००% | ६२१५.० | १००% |
| १६. | अन्य विविध उपकरण तथा मेशिनरी औजार | नियमित कार्यक्रमको रुपमा | १२०० | १ | ५०% | ५१३.० | ४२.७५% |
| १७. | प्रदेश तहमा निर्वाचित प्रतिनिधि तथा प्रशासनिक कर्मचारीलाई बैदेशिक रोजगारी सम्बन्धी प्रशिक्षण/अभिमुखीकरण तथा नीति, नियमावली, निर्देशिका र कार्यविधि निर्माण सम्बन्धी कार्य | नियमित कार्यक्रमको रुपमा | ७५० | - | - | - | - |
| १८. | प्रदेश परियोजना समन्वय समितिको नियमित बैठक | नियमित रुपमा | १०० | - | - | - | - |
| १९. | परियोजना अनुगमन मुल्यांकन | नियमित रुपमा | १५० | - | - | - | - |
| २०. | यातायात व्यवस्था कार्यालय, पाल्पा भवन निर्माण | १ | ५००० | - | - | - | - |
| २१. | यातायात व्यवस्था सेवा कार्यालय, पाल्पा भवन निर्माण डिपीआर | १ | ५०० | - | - | - | - |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिणाम | परिणाम % | बजेट खर्च | बजेट खर्च % |
| २२. | यातायात व्यवस्था तथा सेवा कार्यालयहरुमा पुंजीगत सुधार | | १७५० | - | - | - | - |
| २३ | VRS संचालनका लागि जनशक्ति करार | | २००० | - | - | - | - |
| २४. | सवारी दुर्घटना न्युनीकरण र सवारी व्यवस्थापन | ४ | २००० | १ | २५% | ५४५.७ | २७.२८% |
| २५. | सवारी चालक अनुमतिपत्रका लागि लिइने परिक्षाका लागि डिजिटल ट्रायल सेन्टर निर्माण गरि प्रयोगात्मक परिक्षा संचालन गर्ने | १ | २४४ | - | - | - | - |
| २६. | चारपांग्रे सवारी साधन खरिद | ३ | १७५०० | ३ | १००% | १७५०० | १००% |
| २७. | मोटरसाईकल/स्कुटर खरिद | ५ | २१०० | ५ | ८५% | १७४५.० | ८३% |
| २८. | मोटरसाईकल खरिद | ३ | ६०० | ३ | १००% | ६०० | १००% |
| २९. | मेशिनरी तथा औजार खरिद | | १५०० | | १००% | १४८० | ९८.६% |
| ३०. | फर्निचर तथा फिक्चर्स खरिद | | १५०० | | १००% | १५०० | १००% |
| ३१. | मन्त्रालयका लागि आवश्यक फर्निचरहरु खरिद | | ३०० | | ६०% | १७६ | ५८.६% |
| ३२. | सफ्टवेयर संचालन खर्च | १ | २०० | - | - | - | - |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिणाम | परिणाम % | बजेट खर्च | बजेट खर्च % |
| ३३. | यातायात व्यवस्था सेवा कार्यालय पाल्पामा २ पाङ्ग्रे ट्रायल सेन्टर निर्माणका लागि डिपिआर | १ | २०० | १ | १००% | १९८ | ९९% |
| ३४. | यातायात व्यवस्था सेवा कार्यालय पाल्पामा ४ पाङ्ग्रे ट्रायल सेन्टर निर्माणका लागि डिपिआर | १ | ३०० | १ | ६०% | २३३ | ७७.६६% |
| ३५. | ट्रायल सेन्टर निर्माण पाल्पा | १ | ५००० | १ | २५% | ५७९ | ११.५८% |

## १५.१५ आर्थिक वर्ष २०७८/०७९ को असार मसान्तसम्म प्रदेशमा जम्मा भएको राजस्व संकलनको विवरण

| क्र. सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | सवारी साधन कर/ ३३३४१ | | २५६७५८०६६५.० | |
| २ | दर्ता,नामसारी,नविकरण,प्रतिलिपि,जाँचापास,पञ्जीकरण/१४२५६ | | ६४६४८३३२३.० | |
| ३ | रुट परमिट, पटके, प्रदुषण/१४२२५ | | ७८६२७१३१.० | |
| ४ | सरकारी सम्पति बिक्री बाट प्राप्त रकम/१४३१२ | | १२६१०१.० | |
| ५ | प्रशासनिक दण्ड, जरिवाना र जफत/१४३१२ | | १२४३५०.० | |
| ६ | बेरुजु/१५१११ | | ६६६२९८.० | |
| ७ | अन्य प्रशासनिक सेवा शुल्क/१४२२९ | | ४८००.० | |
| | **जम्मा राजश्व संकलन** | | **३२९३६१२६६८.०** | |

## १५.१६ विकास आयोजना तथा कार्यक्रमहरु बाट सिर्जित रोजगारीको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | लाभान्वित संख्या | रोजगारी संख्या |
|---|---|---|---|
| १. | सिपमुलक तालिम कार्यक्रम (१ महिने) | ३६० | - |
| २. | सिपमुलक तालिम कार्यक्रम (३ महिने) | ५०० | - |
| **जम्मा** | | ८६० | - |

## १५.१७ आर्थिक वर्ष २०७८/०७९ मा असार मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

(क)महत्वपूर्ण कार्यहरुको विवरण (बुँदागत रुपमा)

- नवलपरासी पश्चिम (ब.सु.प) र कपिलवस्तु जिल्लामा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरी सेवा प्रवाह सुचारु गरिएको।
- यातायात व्यवस्था सेवा कार्यालय पाल्पा मार्फत ट्रायल सेन्टर स्थापनाका लागि जग्गा प्राप्तिको काम सम्पन्न गरी २ पांग्रे सवारी साधनको ट्रायल सेन्टर निर्माण भई रहेको।
- "व्यावसायिक तथा सीपमूलक तालिम सम्बन्धी कार्यविधि, २०७८" स्वीकृति भई लुम्बिनी प्रदेशका १२ जिल्लाका ३ महिने २५ र १ महिने १८ गरी ४३ स्थानीय तहमा सिपमुलक तालिम कार्यक्रम सम्पन्न भएको।
- श्रमिक र रोजगारदाता बीच सामाजिक सुरक्षा तथा श्रम सम्बन्धी कार्यक्रम ८ जिल्लामा र चालक सचेतना अधिवृद्धि कार्यक्रम ६ जिल्लामा सम्पन्न।
- प्रदेश श्रम सल्लाहकार परिषदको बैठक बसी प्रदेशस्तरीय श्रम नीति, कानून, कार्यविधि तयार गर्ने निर्णय भए बमोजिम प्रदेशस्तरीय श्रम नीति तयारीको चरणमा रहेको।
- सार्वजनिक सवारी व्यवस्थापन र सवारी दुर्घटना न्यूनीकरण सम्बन्धमा सरोकारवालासँग २ दिवसीय अन्तर्क्रिया कार्यक्रम सञ्चालन।
- विद्युतीय बस सञ्चालन सम्बन्धमा सरोकारवालासँग छलफल भएको।
- यातायात व्यवस्था कार्यालय (स.चा.अ.) बुटवलबाट ढड्डा व्यवस्थापनको लागी **Paper Card Entry** को काम भएको ।

(ख)खण्ड (क) मा उल्लेखित कार्यक्रमले प्रदेश अर्थतन्त्रमा पुर्‍याएको योगदान (तथ्य/तथ्याङ्कसहित)

## १५.१८ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु

**प्रमुख समस्या**

**मन्त्रालयसँग सम्बन्धित समस्या**

- मन्त्रालय बसेको भवन साँघुरो भएकोले भौतिक तथा प्रशासनिक व्यवस्थापन सहज हुन नसकेको ।

### ख) यातायात तथा सवारी क्षेत्रमा देखिएका समस्याहरु

**१. नीतिगत तथा कानूनी समस्या**

- प्रदेशको यातायात सम्बन्धी ऐनलाई पूर्ण कार्यान्वयनमा ल्याउन प्रदेशको आफ्नै नियमावली तथा कार्यविधि नहुनु ।
- कानूनहरुमा समसामयिक सुधार हुन नसक्नु ।
- प्रदेशको यातायात कानूनमा भएका व्यवस्था अनुकूल यातायात सम्बन्धी सेवा प्रवाहमा प्रयोग हुने सफ्टवेयर नभएको।

**२. सवारी चालक अनुमतिपत्र सँग सम्बन्धित समस्या**

- सवारीचालक अनुमतिपत्रको Software Operating system मा प्रदेशको Access नभएकोले कार्यालयबाट सामान्य प्राविधिक समस्या पनि समाधान गर्न नसकिएको ।
- लामो समयसम्म पनि लाईसेन्स प्रिन्ट भएर नआउनु ।
- EDLVRS System मा प्रदेश सरकारको कानून/निर्णय बमोजिम स.चा.अ.प. सम्बन्धी शुल्क तथा दस्तुरहरु निर्धारण गर्न नसक्दा प्रदेश सरकारका कानून तथा निर्णयहरु कार्यान्वयनमा जटिलता भएको।
- प्रयोगात्मक परीक्षा सञ्चालन सम्बन्धी जारी भएको नयाँ निर्देशिका बमोजिम परीक्षा गर्न जनशक्ति अभाव रहेको।

**३. सवारीसँग सम्बन्धित समस्याहरु**

- EDLRS मा जस्तो VRS प्रणालीमा शुल्क तथा सवारी करको निर्धारण प्रचलित कानूनहरुको आधारमा System बाट Automatically गणना हुने गरी प्रणालीको विकास नहुँदा यातायात कार्यालयहरुद्धारा निर्धारण गरिएको कर तथा दस्तुरको सम्बन्धमा सेवाग्राहीको विश्वसनियता कम भएको तथा शुल्क तथा कर निर्धारण गर्न समय बढी लाग्दा कार्यसम्पादनमा बढी समय लाग्ने गरेको ।
- सवारी दर्ताको अभिलेख प्रणाली व्यवस्थित हुन नसकेको
- VRS लाई अनलाईनमा रुपान्तरण गर्न नसक्नु ।
- यातायात सम्बन्धी सेवा प्रवाह VRS प्रविधिमा आधारित रहेको तथा सबै कर्मचारीहरु प्रविधिमैत्री नहुँदा कार्यसम्पादनमा प्रभावकारी हुन नसकेको।

**४. सार्वजनिक यातायातसँग सम्बन्धित**

- विद्युतीय सवारी साधनको प्रयोग बढाउन नसक्नु ।
- सार्वजनिक यातायात जनमैत्री, सुरक्षित र भरपर्दो नहुनु ।
- रात्रीकालिन प्रदेशस्तरीय सार्वजनिक यातायात संचालन गर्न नसक्नु ।
- ट्राफिक व्यवस्थापन प्रभावकारी नहुनु ।
- सार्वजनिक सडकमा छाडा गाई वस्तु चौपाया नियन्त्रण गर्न नसक्दा दुर्घटना बढ्दै जानु।
- ट्याक्सीहरुमा मिटर जडान नभएको तथा कुनै निश्चित भाडा कायम नभएको ।
- मालवाहक सवारीले तोकिएको भन्दा अधिक भार बहन गरी यात्रा गर्ने गरेको ।
- भारतबाट आउने भारतीय यातायातका साधनको नेपालमा हुने निर्वाध प्रवेश रोक्न नसकिएको ।
- ई रिक्सा तथा टेम्पो आदिलाई व्यवस्थित गर्न नसकिएको।

**चुनौतीहरु**

१. **श्रम तथा सामाजिक सुरक्षातर्फ**

क) श्रम क्षेत्रसँग सम्बन्धित प्रदेश नीति, ऐन, कानुन तथा कार्यविधिहरु तयार गरी कार्यान्वयन गर्नु गराउनु।

ख) सामाजिक सुरक्षा सम्बन्धी नीति, मापदण्ड तथा कार्याविधि तयार गरी सामाजिक सुरक्षाको विषयमा रोजगारदाता, श्रमिक र सरकारबीच सुमधुर श्रम सम्बन्ध कायम गर्नु।

ग) प्रदेशभित्रै रोजगारी सिर्जना गर्ने गरी श्रम तथा सीपमूलक व्यवसायिक तालीम, स्वरोजगार सिर्जना लगायतका विषयमा युवाहरुलाई जागरुक बनाई आन्तरिक श्रममा विश्वस्त गराउनु।

घ) वैदेशिक रोजगारीमा जाने क्रम घटाउनुका साथै वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता भएका जनशक्तिको सीप प्रयोग गरी उत्पादनमुलक क्षेत्रमा क्रियाशिल गराउनु।

ङ) उद्योगधन्दा, कलकारखाना लगायतका क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै कार्यस्थल सुरक्षामा प्रभावकारिता कायम गर्नु।

च) अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमशक्तिलाई अद्यावधिक गरी उनीहरुको श्रमको मूल प्रवाहीकरण गर्दै सामाजिक सुरक्षासँग आवद्ध गराउनु।

२. **यातायात व्यवस्थापन तर्फ**

क) प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन गर्नु।

ख) प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण गर्नु।

ग) प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन गर्नु।

घ) वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्नु।

ङ) प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन गर्नु।

**अवसर**

१. श्रम, रोजगार र यातायात व्यवस्थापन सम्बन्धी विषयमा विभिन्न नीतिहरु तर्जुमा गरी कानूनी प्रक्रिया मार्फत यस प्रदेशको श्रम व्यवस्थापन, आन्तरिक रोजगारी सिर्जना, वैदेशिक रोजगारीलाई क्रमश न्यूनीकरण गर्दै स्वदेशमै श्रमशक्तिको व्यवस्थापन गर्ने।

२. श्रम सम्बन्ध, सामाजिक सुरक्षा, कार्यस्थल सुरक्षा समेतलाई व्यवस्थित गर्दै प्रभावकारी श्रम व्यवस्थापन गर्ने।

३. प्रदेशमा यातायात सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा गर्ने तथा सवारी दर्ता र नवीकरण, रुट व्यवस्थापनका कार्यलाई व्यवस्थित गर्ने।

४. सार्वजनिक यातायातलाई व्यवस्थापन र नियमन गर्दै यातायात क्षेत्रमा रहेका समस्याहरुको समाधान गरी चुस्त र वातावरणमैत्री सवारी व्यवस्थापन गर्ने।

५. सवारीचालक अनुमति पत्र वितरण प्रणालीलाई सरल पारदर्शी र समय सापेक्ष बनाउँदै व्यवस्थित गर्ने।

<u>भावी कार्यदिशा</u>

क) प्रदेशस्तरीय श्रम नीति, कानून तथा मापदण्डहरुको तर्जुमा गर्ने।

ख) श्रम तथा सीपमूलक तालिममार्फत व्यवसायिक, उद्यमशीलता तथा स्वरोजगारी सिर्जना गर्न जोड दिने।

ग) आन्तरिक रोजगारी सिर्जनाका लागि युवाहरुमा सचेतना जगाउँदै स्वालम्बनमा प्रोत्साहन गर्ने।

घ) मन्त्रालय अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालय तथा सेवा कार्यालयहरुलाई स्तरोन्नति तथा आधुनिक प्रविधिक युक्त बनाउँदै यातायात क्षेत्रको सेवाप्रवाह चुस्त र प्रविधिमैत्री बनाउने।

ङ) यातायात क्षेत्रमा देखिएका समस्या तथा चुनौतिको छिटो छरितो रुपमा सम्बोधन गरी सेवाग्राहीबाट प्राप्त गुनासोहरुको यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था मिलाउने।

## १५.१९ निष्कर्ष

प्रदेश सरकार स्थापना भएको पाँच वर्ष पुग्नै लाग्दा मन्त्रालय स्थापना भएको र मन्त्रालयले संस्थागत र प्रशासनिक व्यवस्थापनमा बढी समय लगाउनु परेको बाध्यात्मक अवस्थाका बीच केही सृजनशील र उद्यमशीलता प्रवर्द्धन गर्ने खालका कार्यक्रम संचालन गर्न सकेको छ । सीपमुलक तालिम सम्बन्धी कार्यविधि निर्माण र तालिम संचालन, प्रदेशमा रहेका औद्योगिक क्षेत्रहरुको अनुगमन, निरीक्षण, नवलपरासी पश्चिम र कपिलवस्तु जिल्लामा सेवा कार्यालय स्थापना गरी कार्य संचालन, सार्वजनिक सवारी साधनका चालकहरुलाई सचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन तथा रोजगारदाता, श्रमिक र ट्रेड युनियन क्षेत्रका सबै पक्षलाई सँगै राखी प्रदेश सरकारले सो क्षेत्रको सुधारका लागि समन्वय गर्न गरेका प्रयास प्रभावकारी छन् ।

विद्युतीय बस संचालन गर्नका लागि प्रदेश सरकारको नीति स्पष्ट गरी लुम्बिनी प्रदेशमा विद्युतीय सवारी साधन संचालन गरी पेट्रोलियमको भार कम गर्ने, आन्तरिक विद्युत खपतमा जोड दिने र वातावरणीय उर्जा प्रर्वद्धन मार्फत स्वच्छ वातावरण सिर्जना गर्न मन्त्रालय प्रतिबद्धि छ । साथै यातायात व्यवस्था तथा सेवा कार्यालयहरुमा टोकन प्रणालीको व्यवस्था गरी सेवा प्रवाहमा सहजता तथा पारदर्शिता कायम गर्न र सेवा प्रदायक कार्यालयहरुको व्यवस्थापकीय कार्यमा सुधार गर्न समेत प्रतिबद्ध रहेको छ ।

## १५.२० केही तस्वीरहरुः



**यातायात व्यवस्था सेवा कार्यालय, नवलपरासी (ब.सु.प.) को उद्‌घाटन कार्यक्रम, २०७८/११/०१**








यातायात व्यवस्था सेवा कार्यालय पाल्पाको सवारीचालक प्रशिक्षण केन्द्र (Trial Centre) शिलान्यास कार्यक्रम




कपिलवस्तु जिल्लामा सञ्चालित कम्प्यूटर आधारभूत तालिमको अनुगमनमा श्रीमान् सचिवज्यू।




प्रशिक्षार्थीहरु हाते कडाई सिक्दै। सीपमूलक तालिम अनुगमनका क्रममा लिइएको तस्बीर।

# परिच्छेद-१६
# शिक्षा तथा खेलकुद मन्त्रालय

## १६.१ पृष्ठभूमि

संघीयता कार्यान्वयन सँगै २०७४ सालमा स्थापना भएको प्रदेश सरकारको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, समाजकल्याण, महिला बालबालिका तथा जेष्ठ नागरिक, श्रम तथा रोजगार, भाषा, कला, संस्कृति, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुमा काम गर्नको लागि सामाजिक विकास मन्त्रालयको गठन भएको हो । २०७८ साल बैशाख ६ गते लुम्बिनी प्रदेश सरकारको संशोधित कार्य विभाजन अनुसार यस मन्त्रालयसको नाम शिक्षा तथा सामाजिक विकास मन्त्रालय भएको तथा २०७८ साल श्रावण २६ गते संशोधित कार्य विभाजन अनुसार यस मन्त्रालयलको नाम शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयको हुन गएको थियो । २०७९।०३।३१ गतेको प्रदेश सरकारको संशोधित कार्यविभाजन नियमावली अनुसार यस मन्त्रालयलाई शिक्षा तथा खेलकुद मन्त्रालय नामाकरण गरियो।

## १६.२ दीर्घकालीन सोच

स्वस्थ, शिक्षित, सुसंस्कृत, सुरक्षित, अनुशासित, कर्मशील युवा, समृद्ध र आत्मनिर्भर प्रदेश ।

## १६.३ उद्देश्य

- समावेशी, समतामूलक, प्रबिधियुक्त जीवन पर्यन्त गुणस्तरीय शिक्षा र उच्च शिक्षा प्रदान गर्नु ।
- सक्षम, सीपयुक्त, अनुशासित र कर्मशील युवा शक्तिको विकास गर्नु ।
- स्वस्थ्य, अनुशासित र खेल प्रेमी युवाको विकासबाट स्वस्थ्य समाजको विकास गर्नु ।
- विज्ञान र प्रविधिको विकास गरी वैज्ञानिक सोंचयुक्त जनशक्तिको विकास गर्नु ।

## १६.४ रणनीतिहरु

- गुणस्तरीय प्राविधिक तथा उच्च शिक्षाको लागि प्रदेश विश्वविद्यालयको स्थापना र संचालन गर्ने ।
- विज्ञान, प्रविधि र प्राविधिक शिक्षाको विकासबाट उद्यमशिल र स्वरोजगार नागरिक उत्पादन गरी आत्मनिर्भर प्रदेश बनाउने ।
- विद्यालयहरुमा पूर्वाधारको विकास गरी तालिम प्राप्त सक्षम शिक्षकबाट प्रभावकारी सिकाइ सुनिश्चित गर्ने।
- धार्मिक तथा विशेष शिक्षालाई मूलप्रवाहीकरण गर्ने र मदरसामा अध्ययनरत छात्राहरुको लागि छात्रावासको विस्तार गर्दै जाने।

- खेलकुद संरचनाहरुको निर्माण गर्ने र खेलकूदलाई वृत्ति विकाससँग समेत जोड्ने ।
- विभिन्न कार्यक्रमहरु मार्फत युवा विकास सम्बन्धी कार्यहरू अगाडी बढाउने ।

## १६.५ कार्यक्षेत्र

यस मन्त्रालयको कार्य विभाजन यस प्रकार रहेको छ:

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन ।
- प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्यसामाग्री निर्माण, उत्पादन र वितरण ।
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन ।
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन ।
- माध्यामिक तहको परिक्षा व्यवस्थापन ।
- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन ।
- युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन।
- खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन ।
- खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन ।
- राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता ।
- प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग
- वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास
- विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन

## १६.६ संगठन संरचना तथा जनशक्ति विवरण

तालिका नं.-१ दरबन्दी र पदपूर्तिको अवस्था (मातहत कार्यालय समेत )

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | प्रशासन | राप प्रथम | १ | १ | ० |
| २ | निर्देशक | शिक्षा | शिक्षा प्रशासन | अधिकृत एघारौ | १ | ० | १ |
| ३ | उपसचिव | शिक्षा | शिक्षा प्रशासन | अधिकृत नवौ/दशौ | ३ | ३ | ० |
| ४ | उपनिर्देशक | शिक्षा | शिक्षा प्रशासन | अधिकृत नवौ/दशौ | ४ | ३ | १ |
| ५ | तालिम प्रमुख | शिक्षा | शिक्षा प्रशासन | अधिकृत नवौ/दशौ | १ | १ | |
| ६ | उपसचिव | प्रशासन | प्रशासन | अधिकृत नवौ/दशौ | १ | ० | ० |
| ७ | डिभिजन प्रमुख | शिक्षा/प्रशासन | शिक्षा प्रशासन | अधिकृत नवौ/दशौ | ६ | २ | २ काज |
| ८ | शाखा अधिकृत | प्रशासन | प्रशासन | सातौ/आठौ | ३ | १ | २ |
| ९ | प्रशिक्षाक | शिक्षा | शिक्षा प्रशासन | सातौ/आठौ | ६ | ३ | ३ |
| ९ | शाखा अधिकृत | शिक्षा | शिक्षा प्रशासन | सातौ/आठौ | १४ | १२ | २ |
| १० | शाखा अधिकृत | शिक्षा | शिक्षा प्रशासन | सातौ/आठौ | ६ | ५ | ५ जना काजमा |
| ११ | प्राविधिक सहायक | शिक्षा | शिक्षा प्रशासन | पाचौ/छैठौ | १६ | ३ | १३ |
| १२ | प्राविधिक सहायक | शिक्षा | शिक्षा प्रशासन | पाचौ/छैठौ | ६ | ० | अस्थायी दरबन्दी |
| १३ | नायव सुब्बा | प्रशासन | प्रशासन | पाचौ/छैठौ | ३ | १ | २ |
| १४ | ड्राइभर | प्रशासन | | श्रेणी विहिन | ८ | ८ | ० |
| १५ | पियन | प्रशासन | | श्रेणी विहिन | ११ | ११ | |
| १६ | ड्राइभर | प्रशासन | | श्रेणी विहिन | ६ | ६ | अस्थायी दरबन्दी |
| १७ | पियन | प्रशासन | | श्रेणी विहिन | ६ | ६ | अस्थायी दरबन्दी |

*(श्रोतः शिक्षा तथा खेलकुद मन्त्रालय)*

### १६.७ तयार भएका नीति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि मापदण्डको सूचि

| क्र.स. | नाम | कैफियत |
|---|---|---|
| १ | प्रदेश खेलकूद विकास (पहिलो संशोधन २०७९) ऐन, २०७६ | |
| २ | प्रदेश विश्वविद्यालय ऐन २०७८ | |
| ३ | प्रदेश खेलकूद विकास नियमावली, २०७८ | |
| ४ | विश्वविद्यालय नियमावली, २०७८ | |
| ५ | विश्वविद्यालयको विधान, २०७९ | |
| ६ | प्रदेश युवा परिषद् विकास समिति गठन आदेश, २०७८ | |
| ७ | खेल सम्बन्धी इन्डोर तथा आउटडोर संरचना निर्माण साझेदारी कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७५ | |
| ८ | रंगशाला मर्मत अनुदान कार्यविधि, २०७५ | |
| ९ | रंगशाला मर्मत कार्यक्रम व्यवस्थापन निर्देशिका,२०७५ | |
| १० | मुख्यमन्त्री रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७५ | |
| ११ | प्रदेश स्तरमा यूवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७६ | |
| १२ | उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका ,२०७६ | |
| १३ | विद्यालयका लागि मेरो एक दिन अभियान | |
| १४ | उत्कृष्ट शिक्षक पुरस्कार सम्बन्धी निर्देशिका, २०७६ | |
| १५ | प्रदेश भित्रका उत्कृष्ट खेलाडी प्रोत्साहन गर्न निर्देशिका, २०७६ | |
| १६ | सामुदायिक क्याम्पस गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग निर्देशिका, २०७६ | |
| १७ | धार्मिक विद्यालय तथा उच्च शिक्षा हासिल गर्ने धार्मिक संस्थाहरुलाई शैक्षिक व्यवस्थापन तथा गुणस्तर वृद्धि कार्यक्रम संचालन निर्देशिका, २०७६ | |
| १८ | आय आर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पूँजिगत अनुदान निर्देशिका, | |
| १९ | विशेष शिक्षा तथा स्रोत कक्षा संचालन भएका विद्यालयहरुमा सहयोग व्यवस्थापन निर्देशिका, २०७६ | |
| २० | पाठ्यक्रम तथा पाठ्यसामग्री विकास कार्यविधि, २०७६ | |
| २१ | खेलकूद प्रवर्द्धनका लागि साझेदारी व्यवस्थापन निर्देशिका २०७६ | |
| २२ | स्टेम शिक्षा व्यवस्थापन निर्देशिका, २०७७ | |
| २३ | लुम्बिनी प्रदेश स्वयंसेवक परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७८ | |

| | | |
|---|---|---|
| २४ | प्रदेशस्तरीय मदरसा शिक्षा व्यस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८ | |
| २५ | व्यावसायिक तथा सीपमूलक तालिम संचालन सम्बन्धी मापदण्ड, २०७७ | |
| २६ | युवा, खेलकुद, भाषा तथा लिपी सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन | |
| २७ | स्थानीय तहमार्फत उपलब्ध गराइने अनुदान रकमको प्रभावकारी कार्यान्वयन गर्न बनाइएको संक्षिप्त मार्गदर्शन, २०७७ | |
| २८ | उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन, २०७८ | |

## १६.८ वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ३१ | प्रदेश शिक्षा नीति तर्जुमा गर्नुका साथै प्रादेशिक शिक्षाका लागि आवश्यक मापदण्ड र कार्यविधि निर्माण | प्रदशे शिक्षा नीतिको ड्राफ्ट तयारी, वालविकास रणनीति ड्राफ्ट, कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरी कार्यक्रम कार्यान्वयन गरिएको। |
| ३२ | विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित (STEM) सम्बन्धी परियोजना सञ्चालन | प्रत्येक जिल्लामा स्टेमका १० वटा कृयाकलापहरु सञ्चालन भएको। |
| ३३ | कक्षा ११ र १२ मा विज्ञान विषय पठनपाठन गर्ने सामुदायिक विद्यालयहरूलाई नमूना विद्यालय कार्यक्रम | विज्ञान विषयको पठनपाठन सञ्चलनमा रहेका विद्यालयहरुमा तालिम तथा प्रयोगशाला सामग्री सहयोग भएको। |
| ३४ | • कक्षा १० को परीक्षा सञ्चालन, व्यवस्थापन<br>• पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास | • कक्षा १० को परीक्षा व्यवस्थापन तथा संचालन गरिएको<br>• विज्ञ तथा रोष्टरहरुको सूची तयारी |
| ३५ | • मातृ भाषामा पाठ्यसामग्री विकास<br>• मुस्लिम महिला छात्रावास निर्माण | • सामग्री विकासका लागि रोष्टर तयारी<br>• २ वटा छात्रावास निर्माण गरिएको |
| ३६ | प्रदेश प्राविधिक विश्वविद्यालय स्थापना गरी प्राविधिक विषयमा पठनपाठन सञ्चालन | • उच्च शिक्षाको छाता ऐनको रुपमा विश्वविद्यालय ऐन, २०७८ निर्माण<br>• उच्च शिक्षा सम्बन्धी विश्वविद्यालय नियमावली, २०७८ निर्माण<br>• लुम्बिनी प्राविधिक विश्वविद्यालयको विधान २०७९ सवीकृत भई लागु भएको<br>• लुम्बिनी प्राविधिक विश्वविद्यालय स्थापना भएको। |
| ३७ | आवासीय सुविधासहितको विशेष विद्यालय (सुस्तःमनस्थिति) निर्माण | डीपीआर पुनरावलोकन गरिएको । |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ३८ | • प्रदेश विज्ञान प्रविधि प्रतिष्ठान स्थापना<br>• भुमेमा प्राविधिक शिक्षालय स्थापना | • विज्ञान, प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठान विधेयक प्रदेश सभामा विचाराधिन रहेको<br>• विज्ञान, प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठानको भवन निर्माण कार्य सम्पन्न<br>• प्राविधिक शिक्षालय निर्माणाधिन रहेको |
| ३९ | रासी प्राविधिक शिक्षालयलाई थप पुर्वाधारको व्यवस्था सहित गढवा गाउँपालिकामा स्थानान्तरण, विस्तार, विकास र व्यवस्थापन | स्थानान्तरण सम्बन्धी विभिन्न कामको टेण्डर आह्वान भई काम शुरु भएको। |
| ४० | बैज्ञानिक अनुसन्धान र नवप्रवर्द्धन | विज्ञान, प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठान विधेयक प्रदेश सभामा विचाराधिन रहेको |
| ४१ | युवा स्वरोजगार कार्यक्रम | प्रदेश युवा परिषद् गठन भई कार्यक्रम संचालनको तयारी हुदै गरेको |
| ४२ | • खेलकुद पूर्वाधारको निर्माण<br>• रङ्गशालाहरुको निर्माण<br>• मुख्यमन्त्री रनिङसिल्ड | • खेलकुद पुर्वाधारहरु निर्माण<br>• उजिरसिंह रङ्गशालाको जग्गा प्राप्तिको कार्य अगाडी बढाइएको।<br>• मुख्यमन्त्री रनिङसिल्ड खेलहरु सञ्चालन हुन नसकेको। |
| ४३ | नेत्रलाल अभागी रङ्गशाला | रङ्गशालाको रिटेनीङ्गवालको काम गरेको। |
| ४५ | नमुना बालविकास केन्द्र निर्माण | १२ वालविकास केन्द्रहरु निर्माण र २वटा स्रोत केन्द्रहरु निर्माण गरेको । |
| ४७ | विद्यालयहरुको पुर्वाधार निर्माण र स्वच्छ खानेपानी | विद्यालयहरुको पुर्वाधार निर्माण र स्वच्छ खानेपानीका कार्यक्रमहरु सम्पन्न भएको। |
| ५५ | स्काउट तालिमहरु | स्काउटका तालिमहरु सञ्चालन भएको। |

*(श्रोतः शिक्षा तथा खेलकुद मन्त्रालय)*

## १६.९ वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब.व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७ | प्रदेशमा अध्ययन-अनुसन्धान तथा व्यावहारिक सीपमा आधारित गुणस्तरीय उच्चशिक्षा प्रदान गर्नको लागि लुम्बिनी विश्वविद्यालय स्थापना र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन | • विश्वविद्यालय ऐन, २०७८ र विश्वविद्यालय नियमावली, २०७८ निर्माण भएको र लुम्बिनी प्राविधिक विश्वविद्यालयको विधान, २०७९ निर्माण भई लुम्बिनी प्राविधिक विश्वविद्यालय |

| ब.व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | स्थापना र सञ्चालनको तयारी भएको। |
| १८ | प्राविधिक तथा व्यावसायिक विषयमा प्रशिक्षण तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्न प्युठान जिल्लामा लुम्बिनी सीप विकास प्रतिष्ठानको स्थापना र सञ्चालन | • विज्ञान, प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठान विधेयक प्रदेश सभामा विचाराधिन रहेको |
| १९ | युवाहरूलाई खेलकुद तथा शारीरिक सुगठन सम्बन्धी तालिम सञ्चालनका लागि बजेट विनियोजन | युवाहरूलाई खेलकुद तथा शारीरिक सुगठन सम्बन्धी तालिम सञ्चालन हुन नसकेको । |
| २० | विद्यालय खेलकुद संरचना र खेलमैदान निर्माण, मर्मत तथा स्तरोन्नतिको लागि बजेट व्यवस्था । क्यानसँगको सहकार्यमा क्रिकेट एकेडेमी र एन्फासँगको सहकार्यमा फुटवल एकेडेमी सञ्चालन गर्न बजेट व्यवस्था । | • विद्यालय खेलकुद संरचना र खेलमैदान निर्माण, मर्मत तथा स्तरोन्नतिको कार्यहरु सम्पन्न भएको ।<br>• क्यानसँगको सहकार्यमा क्रिकेट एकेडेमी र एन्फासँगको सहकार्यमा फुटवल एकेडेमी सञ्चालन हुन नसकेको |
| २१ | मुक्त कमलरी तथा मुस्लिम छात्राहरूलाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्तिको लागि बजेट विनियोजन । | • निवेदन माग गरी छात्रबृति वितरण गरिएको। |
| २६ | युवाहरूलाई स्वरोजगार तुल्याउन विभिन्न विषयका सीपमूलक प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन । | • प्रदेश युवा परिषद्को गठन भएको<br>• सीपमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन हुन नसकेको । |

*(श्रोतः शिक्षा तथा खेलकुद मन्त्रालय)*

## १६.१० आर्थिक वर्ष २०७८/०७९ मा श्रोतगत आय र ब्ययको विवरण

(रु. हजारमा)

| क्र.स. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार सामान्यीकरण अनुदान | २७१६७६ | |
| २ | नेपाल सरकार सशर्त अनुदान | ८९९१५३ | ७३२३०८ |
| ३ | नेपाल सरकार समपुरक अनुदान | ४१५०० | |
| ४ | नेपाल सरकार विशेष अनुदान | १९५००० | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत ) | १६००१८३ | |

## १६.११ बेरुजु फछ्र्यौटको विवरण

(रु हजारमा)

| क्र.स. | बेरुजुको प्रकृति | बेरुजु रकम | आ.व. २०७८/०७९ मा फछ्र्यौट भएको रकम | फछ्र्यौट प्रतिशत | फछ्र्यौट हुन बाँकी भएको रकम |
|---|---|---|---|---|---|
| १ | असुल उपर गर्ने | ५६५२.५२२ | २९८४.५७२ | ५२.८० | २६६७.९५० |
| २ | नियमित गर्ने | ६३६२९.१०६ | ८२३४.५७८ | १२.९४ | ५५३९४.५२९ |
| ३ | पेश्की बाँकी | ४२९४३.००७ | १५०६१.९११ | ३५.०७ | २७८८१.०९६ |
| | जम्मा | ११२२२४.६३५ | २६२८१.६१ | २३.४२ | ८५९४३.५७५ |

*(श्रोतः शिक्षा तथा खेलकुद मन्त्रालय)*

## १६.१२ आर्थिक वर्ष २०७८/०७९ को बिनियोजित बजेट तथा वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | बिनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १९८४९८२ | १४६५१२१ | ७३.८१ |
| पुँजीगत | १०२२५३० | ६७३२३१ | ६५.८४ |
| जम्मा | ३००७५१२ | २१३८३५२ | ७१.१० |

*(श्रोतः शिक्षा तथा खेलकुद मन्त्रालय)*

## १६.१३ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

(रु हजारमा )

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | खर्च | खर्च % |
| ३५००००११३ | शिक्षा,विज्ञान,युवा तथा खेलकुद मन्त्रालय | ५ | ५४६१५ | ४ | ८० | ३१८८७ | ५८.४ |
| ३५००००११४ | शिक्षा,विज्ञान,युवा तथा खेलकुद मन्त्रालय | १ | ९८०० | १ | ९९ | ८८९१ | ९०.७ |
| ३५००००१४३ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा | १५९ | ७१७१५० | १४३ | ९० | ५४१७११ | ७५.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५००००१४४ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा | १२२ | ५६४४०० | ९२ | ७५ | ३६६४६६ | ६४.९ |
| ३५००००१८३ | युवा तथा खेलकुद कार्यक्रम | ४९ | १५४१०० | २७ | ५५ | ५३६८७ | ३४.८ |
| ३५००००१८४ | युवा तथा खेलकुद कार्यक्रम | ५६ | २३९९५० | ३९ | ७० | १४०४९३ | ५८.६ |
| ३५००००१९३ | उच्च शिक्षा | १६ | १६५३०० | १३. | ८२ | १२०९४४ | ७३.२ |
| ३५००००१९४ | उच्च शिक्षा | १ | १५००० | ०.५८ | ५८ | ७९१९ | ५२.८ |
| ३५००००२२३ | नमुना विद्यालय तथा विशेष शिक्षा | २९ | ८३४०० | २२ | ७५ | ६१५२१ | ७३.८ |
| ३५००००२२४ | नमुना विद्यालय तथा विशेष शिक्षा | १ | ५०० | १ | १०० | ४८० | ९६ |
| ३५००००२३३ | विज्ञान तथा प्रविधि विकास | ६ | ५००० | २. | ३३ | ९९१ | १९.८ |
| ३५००००२३४ | विज्ञान तथा प्रविधि विकास | १ | ७६०० | १. | १०० | ६२०९ | ८१.७ |
| ३५००१०११३ | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | १ | १९८९९ | १ | १०० | १२६७३ | ६३.७ |
| ३५००१०११४ | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | १ | ३९८० | १ | १०० | १५७७ | ३९.६ |
| ३५००१०१२३ | सामाजिक विकास कार्यालयहरु | ६ | ३९९३६ | ६ | १०० | २७७२५ | ६९.४ |
| ३५००१०१२४ | सामाजिक विकास कार्यालयहरु | ६ | ४६०० | ६ | १०० | ४२१८ | ९१.७ |
| ३५००५०११३ | शिक्षा तालिम केन्द्र | १ | २१६२९ | १. | १०० | १७२७५ | ७९.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५००५०११४ | शिक्षा तालिम केन्द्र | १ | १५०० | १. | १०० | १३७६ | ९१.७ |
| ३५०९११२०३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम सशर्त | १०० | ३२४०० | १००. | १०० | १८५७१ | ५७.३ |
| ३५०९११२१३ | राष्ट्रिय खेलकुद परिषद सशर्त | ७ | ७३०० | ६.८ | ९७ | ६७९९ | ९३.१ |
| ३५०९११२१४ | राष्ट्रिय खेलकुद परिषद सशर्त | १७ | १७५०० | १५. | ८९ | १३९१२ | ७९.५ |
| ३५०९११२२३ | राष्ट्रिय युवा परिषद सशर्त | ५ | १९०० | ० | ० | ० | ० |
| ३५०९११२३३ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम संघ सशर्त | १ | २२०० | ० | ० | ० | ० |
| ३५०९११२४३ | विद्यालय क्षेत्र विकास कार्यक्रम सशर्त | ११ | १०८९५३ | ८.८ | ८० | ५५९८८ | ५१.४ |
| ३५०९११२४४ | विद्यालय क्षेत्र विकास कार्यक्रम सशर्त | १ | २०००० | ०. | ० | | |
| ३५०९११२५३ | राष्ट्रिय परीक्षा बोर्ड सशर्त | १ | ४१२०० | १. | १०० | ३५९७६ | ८७.३ |
| ३५०९११२५४ | राष्ट्रिय परीक्षा बोर्ड सशर्त | १ | ७०० | १. | १०० | ६९५ | ९९.३ |
| ३५०९११२६३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सशर्त | ९ | ५३०००० | ८.८ | ९७ | ४७९३७२ | ९०.४ |
| ३५०९११२६४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सशर्त | ९ | १३७००० | ८.८ | ९७ | १२०९९५ | ८८.३ |
| | जम्मा | ६२४ | ३००७५१२ | ५१२ | ८२.५ | २१३८३५२ | ७१.१० |

## १६.१४ आर्थिक वर्ष २०७८/०७९ को राजश्व संकलनको विवरण

(रु हजारमा )

| क्र.सं. | राजश्व शिर्षक | प्राप्त रकम |
|---|---|---|
| १ | १४२२३ शिक्षा क्षेत्रको आय | १७ |
| २ | १५१११ बेरुजु | ७६८.१०० |
| | जम्मा | ७८५.१०० |

## १६.१५ विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण

शिक्षा तथा खेलकुद क्षेत्रमा गरेको लगानीले तत्काल प्रदेश अर्थतन्त्रमा योगदान दिएको नदेखिने भए पनि यी क्षेत्रहरु लगानीका क्षेत्रहरु भएकोले भविष्यमा समृद्ध र आत्म निर्भर प्रदेश बनाउन सहयोग गर्दछन । मन्त्रालयबाट संचालित विकास आयोजनाहरुबाट श्रृजित रोजगारीमा १७१ जना स्वयमसेवकहरु, २० जना स्कुल नर्स, १२ जना खेलकूद प्रशिक्षकहरुले प्रत्यक्ष रोजगारीमा छन् । सामाजिक विकास डिभिजन कार्यालयहरुले शिक्षालयहरुका पूर्वाधारहरुको निर्माण गर्दा कामको समयमा प्रसस्त रोजगारहरु सिर्जना हुने गर्दछन । यी रोजगारीका अवसरहरु प्रदेशका दुरदराजका ठाउहरुमा सञ्चालन हुन्छ । करिब डेढ अरब रुपैयाको विकास निर्माण हुदा कम्तिमा ३५ करोड देखि ४० करोड जनशक्तिमा खर्च हुने र यसबाट ३५ लाख दिन बराबरको रोजगारी सिर्जना हुने अनुमान गर्न सकिन्छ । यो मोटामोटी रुपमा १०००० मानिसलाई वर्षभर दिन सकिने रोजगारी हो । प्राविधिक तथा व्यावसायिक तालिम परिषद मार्फत दिइने ८००० भन्दा बढीलाई तालिम प्राप्त गरी स्वरोजगार हुन सहयोग पुराएको छ ।

## १६.१६ समस्या तथा चुनौतीहरु

- निर्माण गरिने संरचनाको जग्गा प्राप्तिमा समस्या देखिएको ।
- सङ्घिय सरकारले निर्माण गर्नुपर्ने ऐन नियमहरु नबन्दा प्रदेशले आफ्ना कानुन बनाउन नपाउँदा कतिपय कार्यक्रमहरु सञ्चालन गर्न कठिनाइ भएको । जस्तैः शिक्षा ऐन,
- खरिद प्रक्रिया, परामर्श सेवा, अनुसन्धान जस्ता विषयको प्रक्रिया लामो हुँदा काम सम्पन्न गर्न बढी समय लागेको ।
- कतिपय मन्त्रालयको कार्य क्षेत्र भन्दा बाहिरका कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्दा कार्यक्रम संचालनमा कठिनाई भएको ।
- कार्यक्रम सञ्चालनको मानक (नर्मस्) न्यून हुँदा कार्यक्रम संचालनमा कठिनाई भएको ।
- कार्यक्रमहरु कार्यान्वयन गर्ने तहमा प्राविधिक कर्मचारीको अभाव रहेको तथा लेखा समुहका कर्मचारी व्यवस्थापनमा समस्या देखिएको ।
- लेखा प्रणाली (सफ्टवेयर) मा देखिएको समस्या ।

### १६.१७ समस्या समाधानका लागि चाल्नु पर्ने कदमहरु

- सङ्घिय सरकारले निर्माण गर्नुपर्ने ऐन नियमहरु समयमा नै निर्माणको लागि संघीय सरकारलाई अनुरोध गर्ने।
- खरिद प्रक्रिया परामर्श सेवा अनुसन्धान जस्ता विषयको प्रक्रिया लामो हुदा समयमा काम गर्न कठिन भएकोले समयानुकुल परिमार्जनका लागि अनुरोध गर्ने।
- कार्यान्वयन गर्ने निकायमा प्राविधिक कर्मचारीको दरबन्दी सृजना गरी पदपुर्ति गर्ने र रिक्त दरबन्दीमा पदपुर्ति गर्ने।
- कार्यक्रम सञ्चालनको मानक समय अनुसार अद्यावधिक गर्ने।
- जग्गा प्राप्ति बिना आयोजनाहरुमा बजेट विनियोजन नगर्ने।
- लेखा प्रणाली संचालनमा एकिकृत सफ्टवेयरको र PLMBIS मा सबै खाले पहुँच मन्त्रालयहरुलाई दिने।

### १६.१८ आगामी कार्य दिशा

- शिक्षालाई गुणस्तरीय बनाउनको लागि भौतिक पूर्वाधारमा सुधार गर्दै शिक्षक तालिमका माध्यमबाट कक्षाकोठामा शिक्षक र विद्यार्थीबीचको अन्तरक्रियालाई सिकारु मैत्री बनाउने।
- उद्यमशील/स्वरोजगार उन्मुख नागरिकको विकासबाट प्रदेशलाई आत्मनिर्भर बनाउन सकिने हुनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्थापनलाई सहयोग पुग्ने संरचनाको निर्माण र विकास गर्ने ।
- प्राविधिक विश्वविद्यालयबाट समाजलाई आवश्यक पर्ने उच्च स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक विश्वविद्यालयलाई अनुसन्धान र ज्ञान निर्माणको केन्द्र बनाउने ।
- लुम्बिनी प्राविधिक विश्वविद्यालयबाट बौद्धिक सम्पत्तिको पेटेन्ट सुरक्षित गर्न आवश्यक कार्यक्रम अगाडी बढाउने ।
- विज्ञान प्रविधिको क्षेत्रको समुचित विकास गरी प्रदेशमा नै नवप्रवर्तन केन्द्रको स्थापना गरी नवप्रवर्तन केन्द्र र उद्योगी बीच सहकार्य गरी उद्योगहरुको विकास गर्दै जाने ।
- बालबालिकाहरुलाई विद्यालय तहदेखि नै रुची र क्षमता अनुरूपको खेलमा अभ्यास गर्ने अवसर प्रदान गर्न विद्यालयको साझेदारीमा खेल संरचनाको निर्माण गर्ने र स्थानीय तह, जिल्ला तह र प्रदेश तहमा आवश्यक खेल संरचनाहरुको निर्माण तथा स्तरवृद्धि गर्दै उत्कृष्ट खेलाडी उत्पादन गर्ने ।
- युवाहरुलाई आफ्नो भविष्यका पेशा तथा ब्यवसायका बारेमा जानकार गराई संभावित कुलतबाट जोगाउँदै इच्छित पेशा व्यवसायमा संलग्न हुने वातावरण तयार गर्न विद्यालयबाट नै बृत्ति मार्गनिर्देशन

(Carrier Councelling ) कार्यक्रम सञ्चालन गरी आवश्यकता अनुरुप सीप विकास सम्बन्धी तालिम सञ्चालन गर्ने ।

## १६.१९ निष्कर्ष

आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनबाट विभिन्न महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन् । यसै आर्थिक वर्षमा लुम्बिनी प्राविधिक विश्व विद्यालयको स्थापना, खेलकुद परिषदको पुनर्गठन र प्रदेश युवा परिषदको गठन भएको छ । राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा यस प्रदेशबाट राम्रो खेल प्रदर्शन गरि स्वर्ण पदक १६ रजत पदक ११ र कास्य पदक १२ गरी जम्मा ३९ पदक प्राप्त गरी प्रथम स्थान प्राप्त गर्न सफल भएको र सो राष्ट्रिय प्रतियोगितामा ४ वटा राष्ट्रिय नयाँ कीर्तिमान (१०० मीटर दौड छात्रा, लङ जम्प छात्र, लङ जम्प छात्रा र ४x १०० मीटर रिले दौड ) कायम गर्न सफल भएको छ । विभिन्न कार्यक्रमहरुको कार्यान्वयनबाट समुदायमा १५० खेलमैदान/ खेलकुद पुर्वाधार विकास भएको, ९७ विद्यालय खेलसंरचना निर्माण/मर्मत/स्तरोन्नति १४७ कम्पाउण्डवाल/तारवार/घेरावार भएको, २२ वटा विद्यालयमा शौचालय निर्माण भएको, २५ विद्यालयमा विशेष शिक्षा सहयोग र १२ विद्यालयमा नमुना विद्यालय विकास दोस्रो वर्षको कार्यक्रम कार्यान्वयन भएको छ। त्यस्तै २५ वटा विद्यालयको पहिरो नियन्त्रणमा सहयोग पुगेको, ५९ विद्यालयमा पुस्तकालय सहयोग पुगेको तथा १९ सामुदायिक पुस्तकालयमा पुस्तकालय सहयोग पुगेको, ४९० वटा कक्षाकोठाहरु निर्माण भएको, ३ वटा मुस्लिम छात्राहरुका लागि छात्रावासहरु निर्माण भएको, २१ वटा अधुरो भवन निर्माण भएको, ९ वटा विद्यालय भवनहरु मर्मत गरिएको, १७ वटा वालविकास केन्द्रहरुमा सहयोग गरिएको र ८० विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना तथा सुदृढीकरणका लागि सहयोग उपलब्ध भएकोछ ।

साथै ३७ वटा सामुदायिक/सार्वजनिक भवनहरु निर्माण र ७ विद्यालयमा आईसीटी सहयोग गरिएको, १०९ धार्मिक विद्यालयहरुलाई सहयोग गरिएको, १३० सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीका लागि अनुदान सहयोग उपलब्ध गरिएको, ३२ वटा सामुदायिक क्याम्पस भवन निर्माण भएको ६ वटा क्याम्पसमा सुचना प्रविधि सहयोग गरिएको, ५ वटा सामुदायिक क्याम्पसमा फर्निचर/उपकरण सहयोग गरिएको, ११ वटा क्याम्पसमा कम्पाउण्डवाल निर्माण गरिएको, ६ वटा क्याम्पसमा शौचालय निर्माण गरिएको, २ वटा क्याम्पसमा बस खरिद गरिएको, ५ वटा क्याम्पसमा पुस्तकालय सहयोग गरिएको र २ वटा क्याम्पसको भवन मर्मत गरिएको छ ।१३० जना भन्दा बढी स्वयमसेवकहरु विभिन्न क्षेत्रमा परिचालन गरिएको, २०७ जना उत्कृष्ट शिक्षक/कर्मचारी र २० वटा उत्कृष्ट विद्यालय पुरस्कृत गरिएको, २२८५ शिक्षकहरुको विभिन्न मोडुलका तालिमहरु सञ्चालन गरिएको, १६७२ शिक्षकहरुको २५ प्रतिशत बढुवा परीक्षा संचालन र अन्तरवार्ता सम्पन्न गरिएको, ३३९८ शिक्षकहरुको ७५ प्रतिशत बढुवाको कार्य सम्पादन भैरहेको तथा ८६६२४ विद्यार्थीहरुको एसईई परीक्षा व्यवस्थापन र संचालन गरिएको छ ।

## १६.२० केही तस्बीरहरु



पद्मोदय क्याम्पस दाङमा भवन निर्माण




१२औं राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगितामा प्रथम पुरस्कार ग्रहण गर्दै



नव नेपाल क्याम्पस दाङमा भवन निर्माण



आयशा मदरसा वुल बनात बालिका मा वि नेपालगञ्जमा महिला छात्राबास निर्माण

# परिच्छेद-१७
# मुख्य न्यायाधिवक्ताको कार्यालय

## १७.१ पृष्ठभुमि

नेपालको संविधान भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ । मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने छ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु पर्ने कानुनी व्यवस्था रहेको छ । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने व्यवस्था रहेको छ । उक्त संवैधानिक व्यवस्था बमोजिम लुम्बिनी प्रदेशमा मिति २०७४ चैत्र २ गतेबाट मुख्य न्यायाधिवक्ताको नियुक्ति भए देखि मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई कार्य संचालन भई रहेको छ ।

नेपालको संविधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुबिधा उच्च अदालतको न्यायाधीश सरह हुने र मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था छ । सोही अनुसार लुम्बिनी प्रदेशको प्रदेश सभाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ मिति २०७५/०४/२८ मा प्रमाणिकरण भई लागु भएको अवस्था विद्यमान छ ।

## १७.२ दीर्घकालीन सोच

स्वच्छ, निश्पक्ष, न्यायापूर्ण समाजको निर्माण गरि कानूनी राज्यको अवधारणलाई व्यवहारमा लागु गर्नु।

## १७.३ उद्देश्य

व्यवसायिक कानूनी राय प्रदान गरि प्रदेश सरकार प्रतिको जनविश्वास बडाउने । प्रभावकारी रुपमा प्रदेश सरकारको प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गर्ने ।

## १७.४ रणनितिहरु

- प्रदेश सरकार र यस मातहतका निकायबाट माग भएमा व्यवसायिक कानूनी राय प्रदान गर्ने ।
- ऐन नियम र कार्यविधि बडाउने कार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालय
- लाई राय सुझाव दिने ।
- प्रदेश सरकारलाई प्रतिपक्षी बनाई दायर भएका मुद्दा एवं रिटको प्रभावकारी प्रतिरक्षा एवं

- मुद्दा दायर गर्ने ।
- फैसलाको प्रभावकारी कार्यन्वयन गर्ने गराउने ।
- मानव अधिकारको रक्षाको लागि आवश्यक कार्य गर्ने ।
- हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गर्ने ।
- पुस्ताकालय व्यवस्थापन गर्ने ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकिल तथा कर्मचारीहरुको आचार
- संहिता बनाई लागु गर्ने ।
- जनशक्ति व्यवस्थापन गर्ने ।

**१७.५ कार्यक्षेत्र**

मुख्य न्यायाधिवक्ताको कार्यालयको मुख्य कार्यक्षेत्र भनेको प्रदेश सरकार र यस मातहतमा रहेका कार्यालयहरुलाई विपक्षी बनाएर दायर भएका मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा तथा बहस पैरवी गर्ने साथै प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने रहेको छ । सोही अनुरुप प्रदेश सरकार र यस मातहतका निकायलाई विपक्षी बनाएका मुद्दामा सर्बोच्च अदालत, उच्च अदालत तुलसीपुर, उच्च अदालत तुलसीपुर बुटवल इजलास, उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास, प्रशासकीय अदालत लगायत अन्य जिल्ला अदालतहरुमा समेत उपस्थित भई बहस पैरवी गर्ने गरिएको ।

**१७.६ संगठन संरचना तथा जनशक्ति विवरण**

**मन्त्रालयको संगठन संरचना**

तालिका नं. १ दरबन्दी र पदपुर्तिको अवस्था (मातहात कार्यालय समेत)

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरबन्दी | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | उप न्यायाधिवक्ता | न्याय | सरकारी वकिल | रा.प. द्वितीय | १ | १ | - |
| २ | सहायक न्यायाधिवक्ता | न्याय | सरकारी वकिल | रा.प.तृतीय | ३ | २ | १ |
| ३ | ना.सु. | प्रशासन | सा.प्र. | रा.प.अनं.प्रथम | २ | १ | १ |
| ४ | लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.प्रथम | १ | १ | - |
| ५ | कम्प्युटर अपरेटर | विविध | | | १ | ० | १ |
| ६ | ह.स.चा. | इन्जिनिरिङ्ग | मे./ज.मे. | | १ | १ | - |
| ७ | का. स. | प्रशासन | सा.प्र. | श्रेणी विहिन | २ | २ | - |
| जम्मा | | | | | ११ | ८ | ३ |

## १७.७ आर्थिक वर्ष २०७८/०७९ को विनियोजित बजेट तथा वित्तीय प्रगति

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १४,६१३।- | १२,७९१.३६।- | ८७.५३ |
| पूँजीगत | ३५०।- | ३४५.४१।- | ९८.६८ |
| जम्मा | १४,९६३।- | १३,१३६.७७।- | ८७.८० |

## १७.८ आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | खर्च | खर्च% | |
| चालु तर्फ | | | | | | | | |
| १ | रिट प्रतिरक्षा लिखित जवाफको स्तारियता तथा कानुनी राय विषयमा प्राथमिकता विषय गोष्टी | २ | १६० | १ | ५० | ५६.६४ | ३५.४० | |
| २ | हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम । | १ | १०० | १ | १०० | ७४.८० | ७४.८० | |
| ३ | अन्तर प्रदेश स्तारिय अध्ययन, अनुगमन तथा अनुभव आदान प्रदान | ३ | ३०० | २ | ६६.६६ | १४२.७६ | ४७.५८ | |
| ४ | पुस्ताकालय स्थापना (आवश्यक पुस्तक खरिद, पुस्ताकालय व्यवस्थापन खर्च लगायत अन्य आवश्यक क्रियाकलप) | १ | २०० | १ | १०० | १३३.०४ | ६६.५२ | |
| पुँजिगत तर्फ | | | | | | | | |
| १ | मेशिनरी औजार खरिद | १ | २०० | १ | १०० | १९९.७६ | ९९.८८ | |
| २ | फर्निचर तथा फिक्चर्स | १ | १५० | १ | १०० | १४५.६५ | ९७.१० | |

## १७.९ समस्या तथा चुनौतीहरु

- प्रदेश सरकार अन्तर्गतका निकायहरुले कानूनी पक्ष संग जोडिएको महत्वपूर्ण विषयहरुमा निर्णय लिनु अगाडि सरोकारवाला निकायहरु संग प्रभावकारी समन्वय, राय, सल्लाह लिने नगरिएकोले प्रदेश सरकार विरुद्धका मुद्दाहरुको चाप दिनप्रतिदिन बढ्दै गएको ।

- प्रदेश सरकारका विभिन्न निकायहरुले लिखित जवाफ तयारी रिट प्रतिरक्षाको सिलसिलमा यस कार्यालय संग प्रभावकारी समन्वय नगर्दा प्रतिरक्षामा कठिनाई हुने गरेको ।
- प्रदेश सरकार अन्तगर्तका निकायमा कार्यरत जनशक्तिलाई लिखित जवाफ तयारी कानूनी राय माग गर्दा अवलम्बन गरिनु पर्ने प्रक्रिया लगायतका विषयमा दक्षता अभिवृद्धि गर्नुपर्ने ।

**१७.१० समस्या समाधानका लागि चल्नु पर्ने कदमहरु**

- प्रदेश सरकार विरुद्द परेका मुद्दाहरु उपर प्रभावकारी रुपमा प्रतिरक्षा गर्नका लागि आवश्यक कार्ययोजना बनाउने ।
- प्रदेश मातहतमा रहेका कार्यालयहरुलाई रिट प्रतिरक्षा, लिखित जवाफ लेखन कार्यालाई बस्तुनिष्ठ बनाउन आवश्यक तालिम, अन्तरक्रिया, गोष्टि जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने ।
- मुख्य न्यायाधिवक्ताहरुको सम्मेलन गरी यसको काम, कर्तव्य, भूमिका, एवं कार्यक्षेत्रका सम्बन्धमा कार्यादिशा लाई थप प्रभावकारी बनाउने ।
- विभिन्न सचेतना मूलक कार्यक्रम मार्फत मुख्य न्यायाधिवक्ताको पहिचानलाई अभिवृद्धि गर्ने ।

**१७.११ अगामी कार्यदिशा**

- बढ्दो मुद्दाहरुको चाप सँगै आइपरेका समस्याहरुलाई समाधानार्थ काठमाण्डौंमा शाखा कार्यालय स्थापना गरी समयमै प्रतिरक्षा गर्ने संयन्त्रको विकास गर्नुपर्ने ।

**१७.१२ निष्कर्ष**

बदलिदो समय परिस्थिति अनुसार प्रदेश सरकार बिरुद्धमा दर्ता हुने रिटको संख्यमा भएको बढोत्तरी र कार्यालयको कर्मचारीहरुको दरबन्दी संख्याको कमीको कारण बहस पैरवी प्रतिरक्षालाई अझ मजबुत बनाउँदै लैजानको लागि यस कार्यालयको कार्यबोझ बिश्लेषण सहितको संगठन तथा व्यवस्थापन सर्बेक्षण प्रतिवेदन तयार गरि महान्यायाधिवक्ताको कार्यालयमा पेश गरिएको छ ।

कार्यालय संचालनको दौरानमा आइपरेका विविध समस्याहरुलाई अगामी दिनहरुमा महान्यायाधिवक्ताको कार्यालयका निर्देशनहरु, प्रदेश सरकारका निर्णयहरु, मौजुदा ऐन कानूनहरुमा हुने संशोधनहरु र प्रभावकारी कर्मचारी व्यवस्थापन समेतबाट समाधान गर्दै जाने अवस्था देखिन्छ ।

# परिच्छेद-१८
# प्रदेश योजना आयोग

## १८.१ पृष्ठभूमि

प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७४ चैत्र ६ गतेको निर्णय अनुसार प्रदेश नं. ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत भई सोही मितिको निर्णयाअनुसार प्रदेश योजना आयोगको गठन गरिएको हो ।

प्रदेश योजना आयोग विकासमा आधारित संस्था हो । प्रदेशको दुरगामी सोच सहित विकासको अवधारणा तयार गर्ने, योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालिन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रुपमा प्रदेश योजना आयोग गठन भएको हो ।

## १८.२ कार्यक्षेत्र

**आयोगको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

**दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा**

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने

(ग) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने

(घ) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने

(ङ) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने

(च) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने

(छ) प्रदेशको स्थिती पत्र, श्वेतपत्र तयार गर्ने,

(ज) वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

## १८.३ संगठन संरचना तथा जनशक्ति विवरण

प्रदेश योजना आयोगको सचिवालयको संगठन संरचना र कर्मचारीको दरबन्दी देहाय अनुसार रहेको छ

**संगठन संरचनाः**




**तालिका नं.-१ दरबन्दी र पदपूर्तीको अवस्थाः**

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरबन्दी | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय प्रमुख | प्रशासन | सा.प्र. | अधिकृत नवौ/दशौं | १ | ० | १ |
| २ | सहायक प्रशासकीय प्रमुख | प्रशासन | सा.प्र. | अधिकृत सातौं/आठौं | १ | १ | ० |
| ३ | सहायक पाँचौ/अ.छैठौं(प्र/सा.प्र) | प्रशासन | सामान्य प्रशासन | पाँचौ/अ.छैठौं | २ | २ | ० |
| ४ | लेखापाल | प्रशासन | लेखा | पाँचौ/अ.छैठौं | १ | १ | ० |
| ५ | कम्प्यूटर(विविध) | | | पाँचौ/अ.छैठौं | १ | १ | ० |
| ६ | ह.स.चा. | | | श्रेणीविहीन | ३ | ३ | ० |
| ७ | का.स. | | | श्रेणीविहीन | २ | २ | ० |
| | जम्मा | | | | ११ | १० | १ |

### १८.४ तयार भएका नीति, ऐन,नियमावली, गठन आदेश, निर्देशिका/कार्यविधि र मापदण्डको सूचि

| क्र.सं. | नाम |
|---|---|
| १ | प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७४ |
| २ | प्रदेश अनुगमन तथा मूल्याङकन दिग्दर्शन -२०७५ |
| ३ | शोधबृति सम्बन्धी कार्यविधि, २०७८ |
| ४ | प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड, २०७६ |

### १८.५ आ.ब २०७८/०७९ को वार्षिक बजेट तथा नीति तथा कार्यक्रममा उल्लेखित बुँदाहरुको प्रगति

| बजेट बक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रसिको बिद्यमान अवस्था |
|---|---|---|---|
| | - | परियोजना बैंक निर्माण | परियोजना बैंक अन्तरगत १४ वटा आयोजनाको अबधारणापत्र तयार भएको |
| | | प्रदेश योजना आयोग लाई थिङ्क टयाङ्कको रुपमा विकास गर्ने | परियोजना बैंक स्थापना शुरु गरेको, स्थानीय तहको योजना निर्माण सम्बन्धी क्षमता विकासमा सहयोग गरेको ५(पाँच) विभिन्न विषयममा सम्भाब्यता अध्ययन तथा १(एक) विषयको प्रभाव मुल्याङ्कन सम्पन्न गरिएको। आयोगका पदाधिकारीबाट प्रदेश सरकारको सल्लाहकारको रुपमा भुमिका निर्वाह भएको । |

### १८.६ आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | | |
| ३ | नेपाल सरकार समपुरक अनुदान | | |
| ४ | नेपाल सरकार विषेश अनुदान | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँड समेत) | ४ करोड ४ लाख ९७ हजार | २ करोड ७ लाख २१ हजार |

(स्रोत प्रदेश लेखा नियन्त्रक कार्यालय)

### १८.७ बेरुजु फछ्र्यौंटको विवरण

| क्र.सं. | बेरुजुको प्रकृति | बेरुजु रकम | आ.व. २०७८/०७९ मा फछ्यौट भएको रकम | फछ्यौंट प्रतिशत | फछ्यौंट हुन बाँकी भएको रकम |
|---|---|---|---|---|---|
| | | रु २९५४९६/- | ० | ० | रु २९५४९६/- |

### १८.८ आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेट तथा असार मसान्तसम्मको वित्तीय प्रगति

(रु हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | २०७९ असार मसान्त सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २ करोड ३३ लाख ९७ हजार | १ करोड ३१ लाख २ हजार | ४९.६३ |
| पुँजिगत | १ करोड ४१ लाख | ७६लाख १९ हजार | ५४.०५ |
| जम्मा | ४ करोड ४ लाख ९७ हजार | २ करोड ०७ लाख २१ हजार | ५१.१६ |

### १८.९ आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

पुँजिगत तर्फ (रु हजारमा)

| क्र. सं. | कार्यक्रम, क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट खर्च | बजेट खर्च% | |
| १ | शोध अनुसन्धान वृत्ति | १० | १००० | १० | १०० | १०००० | १००% | |
| २ | लुम्बिनी प्रदेशको दशवर्षे रणनीतिक गुरुयोजना निर्माण | १ | २००० | | १०० | १९८२ | ९९% | |
| ३ | लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको मध्यावधि समिक्षा | १ | १००० | | १०० | ९८९ | ९८% | |
| ४ | कृषि,पर्यटन र जलस्रोतको एकिकृत विकास सम्बन्धी अध्ययन | १ | ७५० | | १०० | ६९९ | ९३.२ % | |
| ५ | अन्तराष्ट्रिय ब्यापार प्रवर्दनका लागि प्रदेश भित्रकाका सिमा नाकामा व्यवसायिक भवन | १ | १००० | १ | १०० | ९४९ | ९४.९ % | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माणको सम्भाव्यता र वित्तीय बिश्लेषण अध्ययन | | | | | | | |
| ६ | तिनाउ नदी संरक्षण र स्टिमर संचालन सम्बन्धी सम्भाब्यता अध्ययन | १ | ७५० | १ | १०० | ७०५ | ९४% | |

चालु तर्फः

| क्र. सं. | कार्यक्रम, क्रियाकलाप | वार्षिकलक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट खर्च | बजेट खर्च% | |
| १ | अन्तर प्रदेश समन्वयात्मक कार्यक्रम | १ | ६०० | १ | १०० | ५२० | ८६% | |
| २ | चौमासिक तथा वार्षिक समिक्षा | ३ | ६०० | ३ | १०० | २६४ | ४४% | |

## १८.१० आ.व.२०७८/७९ सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- प्रदेश स्तरिय विकास समस्या समाधान समिति (PDAC) को बैठक बाट राष्ट्रिय स्तरिय विकास समस्या समाधान समिति (NDAC) मा ७ बुँदे सुझावहरु पेश गरिएको।
- योजना बुलेटिन हाल (३२ पेजको) प्रकाशन । जसमा विषयगत विज्ञहरु तथा स्थानीय निकायबाट प्राप्त २६ वटा लेखहरु प्रकाशन गरिएको।
- प्रदेश सरकार मातहतका मन्त्रालय/केन्द्रिय निकायहरुको वार्षिक विकास कार्यक्रम कार्यान्वयन पुस्तिका निर्माण गरी प्रकाशन गरिएको
- आ.व. २०७७/७८ को प्रदेश योजना आयोगको वार्षिक प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू समक्ष पेश गरिएको
- सरोकारवाला निकायसँग विभिन्न विषयमा २६ वटा बैठक सम्पन्न।
- प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश परिमार्जन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको।
- मिति २०७८ माघ १८ र १९ गते राष्ट्रिय योजना आयोग र लुम्बिनी प्रदेश योजना आयोगको आयोजनामा सातै प्रदेशका योजना आयोगका पदाधिकारी र सदस्य सचिव सम्मिलित बृहत सम्मेलनमा सहभागी भई लुम्बिनी प्रदेशको योजना निर्माण सम्बन्धी प्रगति प्रतिवेदन प्रस्तुत गरीएको । यसै कार्यक्रममा राष्ट्रिय योजना आयोगबाट प्रदेश सरकारलाई MTEF, Project Bank र वित्तीय हस्तान्तरण सम्बन्धी विद्युतीय प्रणाली हस्तान्तरण गरिएको।

- मिति २०७९ जेठ गते प्रदेश सरकार मातहतका सबै मन्त्रालय/ केन्द्रिय निकायहरुलाई आ.व.२०७९/८० का लागि २७ बुँदे बजेट तथा योजना निर्माण मार्गदर्शन पठाइएको।
- अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग संगको सहकार्यमा MTEF र बजेट निर्माण सम्बन्धी ६ वटा अन्तरक्रिया/गोष्ठी आयोजना गरिएको
- प्रदेश योजना आयोगको नियमित बैठकबाट गत आ.व.हरुमा अवधारणापत्र निर्माण गरिएका १४ वटा र चालु आ.व. मा विभिन्न ३२ वटा आयोजनाहरुलाई परियोजना बैंकमा समावेश गर्ने गरी मुख्यमन्त्री तथा मंन्त्रिपरिषद्को कार्यालयमार्फत लगानी बोर्डको कार्यालयमा पठाइएको।
- चालु आ.व.०७८/७९ मा थप ५८ भन्दा बढी वटा आयोजनाहरुलाई स्रोत सुनिश्चितता प्रदान गरिएको

## १८.११ नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा कठिनाईहरु

- प्रदेश सरकार अन्तरगतका मन्त्रालयहरुका बीचमा कार्यक्रम छनौट सम्बन्धी समन्वयको अभाव देखिएको जसका कारण मन्त्रालयहरु बिचमा कार्यक्रमहरुको दोहोरोपना देखिएको ।
- विभिन्न आयोजनाहरुमा संघ, प्रदेश र स्थानीय तह गरी तिनैवटा सरकारहरुबाट बजेट लगानी हुने गरेकाले एउटै आयोजनामा लगानीको दोहोरोपना देखिएको ।
- प्रदेश सरकारको लगानी रहेका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रभाव मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभाव रहेको ।
- "बहुवर्षीय आयोजना स्विकृती तथा ठेक्का बन्दोवस्त सम्बन्धी मापदण्ड, २०७६" र प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्डनिर्माण भैसकेको सन्दर्भमा सम्बन्धित मन्त्रालयहरुबाट उल्लेखित मापदण्डहरुको आवश्यक अध्ययन बिना नै आयोजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गरिएको ।
- परियोजनाको प्रकृति अनुरुप DPR निर्माणमा एकरुपता कायम गर्नुपर्नेमा त्यस्तो नगरिएकोले DPR को संरचनामा आवश्यक सुधार गर्नुपर्ने देखिएको ।
- संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार र प्रदेश सरकारबीच औपचारिक सम्बन्ध स्थापना गर्ने संरचना/ईकाईको अभाव । जस्तै राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगबीच औपचारिक सम्बन्ध स्थापना गर्ने कानूनी संरचनाको अभाव ।

## १८.१२ माथि उल्लेखित समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- प्रदेश सरकार अन्तरगतका मन्त्रालयहरुका बीचमा योजना छनौट सम्बन्धी समन्वय स्थापित गर्ने।
- संघ, प्रदेश र स्थानीय तह गरि तिनैवटा सरकारहरुबाट विच योजना छनौट सम्बन्धी नीतिगत व्यवस्था गरि कार्यान्वयन गर्ने ।
- कर्मचारी व्यवस्थापन कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउने ।
- संघ, प्रदेश र स्थानीय तह गरि तिनैवटा सरकारहरुबाट विच योजना छनौट सम्बन्धी नीतिगत व्यवस्था गरि कार्यान्वयन गर्ने ।
- कर्मचारी व्यवस्थापन कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउने ।

### १८.१३ निष्कर्ष

प्रदेश सरकारको विकास निर्माण सम्बन्धी नीति, कानून निर्माणमा सल्लाहकारी भूमिका निर्वाह गर्ने र उक्त विकास निर्माणको प्रत्यक्ष अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने कार्यदिश सहित प्रदेश योजना आयोगको स्थापना भएको हो । स्थापनाकालदेखि नै यसै विषयलाई हृदयङ्गम गर्दै आयोग आफ्नो कार्यमा दत्तचित्त भएर कार्यरत रहेको छ । उल्लेखित विषयहरुमा कार्य गर्नका लागि लुम्बिनी प्रदेश सरकारका तर्फबाट प्राप्त सहयोगका कारण पनि आयोगको कार्यक्षेत्रका विषयमा यथेष्ट अवसरहरु निर्माण भएका छन् ।

### १८.१४ अनुगमनका तस्वीरहरुः







# परिच्छेद-१९
# निष्कर्ष

## १९.१ निष्कर्ष

लुम्बिनी प्रदेश आफैंमा विकासका प्रचुर सम्भावना रहेको प्रदेश हो । यहाँ उद्योग, पर्यटन, कृषि, वन लगायतका क्षेत्रमा विकास गरी प्रशस्त मात्रामा आम्दानीको स्रोत वृद्धि गर्न सकिन्छ । लुम्बिनी प्रदेशमा रहेका विषयगत मन्त्रालयहरुले विकासका सबै क्षेत्रलाई समेटेर अगाडि बढिरहेको अवस्था छ । प्रदेश सरकार स्थापनाको करिब ५ वर्ष पुग्नै लाग्दा विकास निर्माण र सेवा प्रवाह थप परिस्कृत हुँदै गएको छ ।

प्रदेश सरकार सञ्चालनको लागि आवश्यक कानून निर्माणको कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ । जनशक्ति व्यवस्थापन र विकासको लागि संस्थागत संरचना तय भएका छन् । तथापि यस प्रदेशमा विविध प्रकारका समस्याहरु पनि रहेका छन् । विशेषगरी संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र स्पष्ट हुन नसक्नुबाट तीन तहको काम कारवाहीमा दोहोरोपन देखिएको छ ।

कानुनी प्रक्रिया पूरा गरी नेपालमा नै पहिलो पटक कपिलवस्तुको जगदिशपुर ताललाई चरा संरक्षित क्षेत्र घोषणा गरिएको छ । प्रदेशको राजधानी राप्ती उपत्यकाको लालमटियामा प्रदेश सभा भवन निर्माण भएको छ । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम घोषणा भई प्रदेशका १०९ वटै स्थानीय तहमा लागू भई कार्यान्वयनमा आएको छ । प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत चार वटा प्रदेश गौरवका आयोजनाको रुपमा राप्ती उपत्यकामा राजधानी निर्माण, लुम्बिनी प्रादेशिक अस्पताल, लुम्बिनी प्रादेशिक विश्वविद्यालय र रामपुर पाल्पा देखि पातिहाल्ना रोल्पा सडक आयोजना घोषणा गरिएको छ । लुम्बिनी प्रादेशिक विश्वविद्यालयका स्थापनाका लागि ऐन, नियम, कानुनको तर्जुमा गरी उपकुलपतीको नियुक्ती गरिसकिएको छ । मुटु, मृगौला र क्यान्सर रोगको उपचारार्थ विपन्न नागरिक उपचारमा थप सहयोग रू २ लाख सम्म प्रति व्यक्ति उपचार सहायता उपलब्ध गराउने कार्यक्रम अन्तरगत कार्यविधि तर्जुमा गरी २७६ जनाले सहायता प्राप्त गर्नुभएको अवस्था छ ।

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन आर्थिक वर्ष २०७७।७८ मा पाँचौ स्थानमा रही प्रदेश आर्थिक वर्ष २०७८।७९ मा दोस्रो स्थानमा स्तरउन्नती भएको अवस्थामा छ । विपद् व्यवस्थापन तर्फ ७५३ घर परिवारलाई थप राहत प्रदान गरी १५३ क्षतिग्रस्त घरको पुनर्निर्माण सहायता उपलब्ध गराइएको छ । प्रदेश राजधानी राप्ती उपत्यका भालुवाङ देखि लमहीसम्म पूर्व पश्चिम राजमार्ग खण्डमा सडक सुरक्षा तथा अपराध नियन्त्रणका लागि CCTV जडान गरी सञ्चालनमा ल्याइएको छ । पर्यटन प्रवर्द्धनका लागि प्रदेश पर्यटन परिषद्को स्थापना गरिएको छ । प्रदेश राजधानी भालुवाङमा सहकारी दर्ता अधिकारी कार्यालयको स्थापना गरी कार्यालय सञ्चालनमा आएको छ । मध्यकालिन खर्च संरचना प्रणाली, समपूरक तथा विशेष अनुदान व्यवस्थापन सूचना प्रणाली र प्रदेश परियोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालनका लागि स्वीकृत भई कार्यान्वयनमा रहेको अवस्था छ ।

प्रदेशका तराईका ६ वटा जिल्लामा ८ वटा सिकलसेल कर्नर स्थापना गरिएको छ । क्याथ ल्याब र एम आर आई मेसिन लुम्बिनी प्रादेशिक अस्पतालमा जडान भई सुचारु भएको छ । नारायणी पारी

सुस्ता क्षेत्रका नागरिकको सहज आवतजावतका लागि फेरी खरिद तथा सञ्चालन कार्यलाई अगाडि बढाइएको छ । यातायात व्यवस्था सेवा कार्यालय थप दुई जिल्लामा विस्तार गरिएको छ। यस अवधिमा २२२ कि.मि. सडक कालोपत्रे, २६५ किमि ग्राभेल र १२१ कि.मि. नयाँ ट्र्याक खोलिएको छ । प्रदेश स्थापना पश्चात हालसम्म ७२ वटा सडक पुल निर्माण भएकोमा ४० वटा यसै वर्ष सम्पन्न भएका छन् भने २३ वटा झोलुङ्गे पुलमध्ये ११ वटा यस वर्ष सम्पन्न भएको छ । सिँचाई तर्फ थप २६५८ हेक्टर कृषि योग्य जमिनमा सिँचाई सुविधा विस्तार भएको छ भने ३७० हेक्टर जमिन तटबन्ध मार्फत जमिन उकास गरिएको अवस्था छ ।

प्रदेशको आन्तरिक आम्दानीको स्रोत अत्यन्त कम हुनाले संघबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँडबाट प्राप्त रकममा निर्भर रहनु परेको अवस्था छ ।सीमित आयवाट प्रदेश संचालनमा कठिनाई उत्पन्न हुने देखिन्छ । साथै चालु खर्चमा भएको निरन्तर वृद्धिबाट समेत थप चुनौतीपूर्ण अवस्था आउने देखिन्छ ।

समग्रमा संघ र स्थानीय तहबीच समन्वयात्मक भूमिकामा रहेको प्रदेश तहबाट गरिने काम कारवाहीलाई थप प्रभावकारी बनाउनको लागि प्रदेशको कार्यक्षेत्र स्पष्ट गरी आफ्नै आयस्रोत बढाउने र स्रोतको न्यायिक परिचालन गर्नेतर्फ सोच्नुपर्ने आवश्यकता देखिन्छ ।

समाप्त